# हाम्रो तानसेन

त्रैमासिक बुलेटिन

# Our Tansen

Quarterly Bulletin

(Published by Tansen Municipality)

वर्ष १, पूर्णाङ्क १, २०७५ बैशाख ( Vol.-1, May 2018 )

('हाम्रो तानसेन'मा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारसँग प्रकाशक र सम्पादकको सहमति अनिवार्य छैन। )

सल्लाहकार

लक्ष्मीदेवी पाठक

(उप प्रमुख)

दामोदरप्रसाद घिमिरे

(प्रवक्ता)

(प्रमुख प्रशासकीय अधिकृत)

प्रकाशक

तानसेन नगरपालिका

संरक्षक

अशोककुमार शाही

(नगर प्रमुख)

प्रधान सम्पादक

गोविन्द भट्टराई

(प्रेस सल्लाहकार)

सम्पादन सहयोग

लोचनप्रसाद तिमिल्सिना

(वडाअध्यक्ष,तानसेन-१०)

कमल राना

(वडाअध्यक्ष,तानसेन-१४)

कमला भण्डारी

(नगरसभा सदस्य,तानसेन-१३

सुनिता वैंजू श्रेष्ठ

(नगरसभा सदस्य,तानसेन-३)

व्यवस्थापन सहयोगः

दीपक विश्वकर्मा (कार्यपालिका सदस्य), विष्णु पौडेल (योजना तथा प्रशासकीय अधिकृत), भरतप्रसाद आचार्य (शाखा अधिकृत)

कम्प्युटर टाइपः माया सारू, कम्प्युटर डिजाइनः नूरिशा सिं

कला निर्देशकः अशोकमान सिं

मुद्रकः मिलेनियम प्रेस, हात्तीबन, ललितपुर, काठमाडौं।

सम्पर्क ठेगानाः 'हाम्रो तानसेन',**तानसेन नगरपालिका**,पाल्पा **इमेलः** **hamrotansenbu@gmail.com** सम्पर्क मोबाइलः ९८५७०६०७९९,९८४७३२६७६०

# राष्ट्रपतिको स्वकीय सचिवालय

पत्र संख्या :- २०७४/०७५
चलानी नं :- २६

राष्ट्रपति भवन
शीतलनिवास, महाराजगञ्ज
काठमाडौं, नेपाल

२०७५।०१।२५

## सम्माननीय राष्ट्रपतिज्यूको शुभकामना सन्देश

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले हाम्रो देशको पुरानो नगरपालिकामध्येको एक तानसेन नगरपालिकाले नगरसंग सम्बन्धित इतिहास, कला, संस्कृति, पर्यटन, कृषि, शिक्षा, सञ्चारलगायत नगरका गतिविधि समेटेर **'हाम्रो तानसेन'** नामक प्रकाशन आरम्भ गरेकोमा शुभकामना व्यक्त गर्दै नगरपालिकाको उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको छ।

मुलुकको शैक्षिक विकास एवं सामाजिक चेतना एवं जागरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल तानसेन पाल्पाले आफ्नो विरासतलाई जोगाउँदै थप मेहनतका साथ यस क्षेत्रको चौतर्फी विकासमा सक्रिय हुनुपर्नेतर्फ सम्माननीय राष्ट्रपतिज्यूले सम्बद्ध सबै पक्षको ध्यानाकर्षण गराउनु भएको छ। सांस्कृतिक विविधताबीच एकता, समन्वय र सहकार्यको अनुपम उदाहरण प्रस्तुत गरी समृद्ध पहिचान कायम राख्न सफल रमणीय क्षेत्रमा अवस्थित तानसेनले ऐतिहासिक एवं पुरातात्विक सम्पदाको संरक्षण, सम्बर्द्धन र प्रचारप्रसारबाट पर्यटनको विकास गर्नसक्ने ठूलो संभावना रहेको कुरा राष्ट्रपतिज्यूले औंल्याउनु भएको छ।

मुलुकमा ठूलो राजनीतिक परिवर्तनपछि महत्वपूर्ण अधिकारसहित गहन जिम्मेवारी सम्हाल्नुपर्ने अवस्थामा आइपुगेको स्थानीय सरकारको रुपमा रहेको नगरपालिकाले स्थानीय स्रोत एवं साधनको अधिकतम सदुपयोग गर्दै विकास निर्माणमा नगरवासीलाई परिचालित गर्न अग्रसर हुनुपर्ने खाँचो सम्माननीयज्यूले औंल्याउँदै सचेतना अभिबृद्धि गर्दै जागरुक नागरिक तयार गर्न नगरको प्रकाशनले महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल हुने अपेक्षा राख्नुभएको छ।

मुलुक आर्थिक समृद्धिको अभियानमा होमिएको वर्तमान परिवेशमा सबै तहका जननिर्वाचित संस्थाले आफूलाई राज्यले लिएको संकल्प पूरा गर्न जागरुक, सक्रिय, उत्साही र मेहनती हुनुपर्ने कुरा सम्माननीय राष्ट्रपतिज्यूले बताउँदै तानसेन नगरपालिका यस पुनीत कार्यमा सफल हुने बिश्वास व्यक्त गर्नुभएको छ।

विभिन्न संघसंस्थाले ठूलो परिश्रम र लगानी गरी अनेकौं सामग्रीहरु प्रकाशन गर्ने तर लक्षित समूहमा त्यो नपुग्ने र पुगेपनि त्यसमा अध्ययन र छलफल नहुने प्रवृत्तिबाट बच्दै प्रस्तुत प्रकाशनले त्यसलाई तोड्दै सम्माननीय राष्ट्रपतिज्यूले प्रस्तुत प्रकाशनको सफलताको समीक्षा गर्न सम्बद्ध पक्षले ध्यानदिनेछ भन्ने अपेक्षा गर्दै नगपालिकामार्फत सबै नगरवासीहरुको उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको छ।

भेषराज अधिकारी
प्रमुख स्वकीय सचिव

काठमाडौं, नेपाल

प्रधानमन्त्री



## शुभकामना

पाल्पाको तानसेन नगरपालिकाले **हाम्रो तानसेन** नामक त्रैमासिक नगर बुलेटिन प्रकाशन गर्न लागेको खबर पाउँदा मलाई खुसी लागेको छ ।

नगरपालिका एउटा स्थानीय तह मात्र नभएर एउटा सरकार हो । त्यस कारण यसले गर्ने हरेक गतिविधि सबैका चासोका बिषय हुन्छन् । नगरपालिकाले आफ्नै प्रकाशन मार्फत विकास निर्माण लगायत अन्य गतिविधि नगरबासी समक्ष पुऱ्याउनु खुसीको कुरा हो । यस बुलेटिनमा प्रकाशन हुने गतिविधिहरु तथ्यमा आधारित हुनेछन् ।

तानसेन एउटा इतिहास,कला, संस्कृति,पर्यटन,कृषि, शिक्षा लगायतका लागि महत्वपूर्ण नगरपालिका हो । यस ऐतिहासिक नगरलाई नमूना नगर बनाउन जनप्रतिनिधिहरुको महत्वपूर्ण भूमिका हुन्छ । जनप्रतिनिधिहरुले व्यक्तिगत स्वार्थका काम भन्दा जनताका कामलाई प्राथमिकतामा राखेर काम गर्नुपर्दछ । जनप्रतिनिधिका लागि चुनाबका बेला घोषणा पत्रमा गरिएका प्रतिबद्धतालाई व्यबहारमा उतारेर आफूलाई लोकप्रिय बनाउने अवसर र चुनौति दुबै छन् । तानसेन नगरपालिकाका जनप्रतिनिधिले यसलाई अवसर कै रुपमा लिनेछन् भन्ने मेरो विश्वास छ ।

**हाम्रो तानसेन**को प्रकाशनले नगरभित्रका सबै गतिबिधिलाई पारदर्शी बनाउन एउटा बडापत्रको भूमिका पनि निर्वाह गर्ने छ भन्ने मलाई लागेको छ ।

२२ बैशाख,२०७५

**के.पी.शर्मा ओली**

**मा. लालबाबु पण्डित**
**मन्त्री**
**संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**नेपाल सरकार**
**सिंहदरवार, काठमाडौं**
**नेपाल**

प.सं. ०७४/०७५

च.नं. १९६

मिति २०७५/०१/०४



विषय:- शुभकामना ।

पाल्पा जिल्लाको ऐतिहासिक सुन्दर नगरी तानसेनले आफ्नो नगरसँग सम्बन्धित इतिहास, पर्यटन, कृषि, शिक्षा, संचार लगायतका विविध गतिविधिलाई समेटेर **"हाम्रो तानसेन"** नगर बुलेटीन प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ ।

यो वुलेटिनको माध्यमले नगरमा हुने गतिविधिहरु तथा महत्वपूर्ण विषयका सूचनाहरुबाट नगरवासीहरु सुसूचित हुनेछन् । बौद्धिक तथा समय सान्दर्भिक लेख रचनाले बौद्धिक समाज स्थापना गर्नेछ र सूचना प्रवाहले प्रशासनिक पारदर्शिता एवम् सुशासनमा समेत टेवा पुऱ्याउने छ भन्ने विश्वास लिएको छु । नगर वुलेटिन **"हाम्रो तानसेन"** को प्रकाशनको निरन्तरताको लागि शुभकामना पनि व्यक्त गर्दछु ।

.....................

लालबाबु पण्डित
(माननीय मन्त्री)

निजी सचिवालय
माननीय शंकर पोखरेल
मुख्य मन्त्री
बुटवल, नेपाल

# प्रदेश सरकार

**प्रदेश नं. ५**

मिति :- २०७५।०१।०५



**पत्र संख्या :-**
**चलानी नं. :-**

**शुभकामना**

तानसेन नगरपालिकाले नगरको इतिहास, कला, संस्कृति, पर्यटन, कृषि र शिक्षा लगायतका विषय समेटेर "हाम्रो तानसेन" नगर बुलेटिन प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ ।

ऐतिहासिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण तानसेनमा पर्यटन प्रवर्द्धनका प्रशस्त संभावना छन् । ती संभावनाको पहिचान गरी पर्यटन प्रवर्द्धनका योजना र कार्यक्रम अघि बढाउन तानसेन नगरपालिकाले ध्यान दिने मैले अपेक्षा गरेको छु ।

संविधाननले एकात्मक र केन्द्रिकृत राज्यव्यवस्थाको अन्त्य गरी संघात्मक राज्यव्यवस्थाको व्यवस्था गरेको र त्यसको व्यवहारिक प्रयोगको शुरुवात तीन तहको चुनाव सम्पन्न भई जनप्रतिनिधिमुलक शासन व्यवस्था शुभारम्भबाट भएको छ । शून्यबाट काम थाल्दै प्रदेशको सबै संरचना तयार गरी समृद्ध प्रदेश बनाउर्ने अभियानमा प्रदेश सरकार जुटेको छ । पर्यटन विकास नै समृद्ध प्रदेशको आधारको रुपमा हामीले लिएका छौं ।

तानसेन नगरपालिकाले प्रकाशन गर्ने "हाम्रो तानसेन" बुलेटिनले पनि पर्यटन विकासमा टेवा पुऱ्याउने विश्वास मैले लिएको छु । "हाम्रो तानसेन" बुलेटिन पठनीय र उपयोगी बन्न सकोस्, यही शुभकामना व्यक्त गर्दछु ।

मुख्यमन्त्री
शंकर पोखरेल

"MAKING CITIES AUTONOMOUS, PROSPEROUS AND SELF-RELIANT" DAO Regd. No. 2/054/55 NDA-2018

# Municipal Association of Nepal (MuAN)
# नेपाल नगरपालिका संघ

530 Pandol Marg, Lazimpat
**PO Box** 14286, Kathmandu, Nepal
**Tel** (977-1) 4425692, 4420559
**Fax** (977-1) 4418671
**Email** muan@ntc.net.np
info@muannepal.org.np

*Ref.* १५५
०७४/७५

मिति : २०७५/०१/१६



श्रीमान नगर प्रमुखज्यू
तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

**बिषय : हार्दिक शुभकामना ।**

नेपालको तेस्रो नगरपालिका तानसेन नगरपालिका पाल्पाले नगरसँग संम्बन्धित इतिहास, कला संस्कृति पर्यटन, कृषि, शिक्षा सञ्चारलगायत नगर गतिबिधि समेटेर २०७५ बैशाखदेखि **"हाम्रो तानसेन"** नगर बुलेटिन प्रकाशन गर्न लागेको जानकारी पाउँदा हामी हर्षित छौं । यस उपलक्ष्यमा नेपालका सम्पूर्ण नगरपालिकाहरुको प्रतिनिधिमूलक संस्था नेपाल नगरपालिकासंघको तर्फबाट यस बुलेटिनको निरन्तरता प्रभावकारीता एवं नगरवासीहरुको भावनालाई समेटेर अगाडि बढ्न हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

....................
अशोक ब्याञ्जु
संयोजक
अधिबेशन आयोजक समिति

तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तानसेन,पाल्पा जिल्ला

**५ नम्बर प्रदेश, नेपाल**

☎ ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९

२०७५/०१/२१

पत्र संख्या :

## शुभकामना

चलानी नं. :

मिति.........................

नेपालकै तेस्रो पुरानो नगरपालिका तानसेनले समयानुकूल विकासमा फड्को मार्नका लागि नागरिकको साथ र सहयोगको खाँचो छ, तसर्थ हाम्रो नगरपालिका राम्रो नगरपालिका बनाउन तानसेनबासीको समेत उत्तिकै भूमिका रहन्छ। तानसेन इतिहासमा जति समृद्ध थियो वर्तमानमा ओझेल परेको चर्चा परिचर्चा हुने गरेको छ, जुन यथार्थ पनि हो। विगतमा काठमाडौंको भाइ शहर भनिने तानसेन पछिल्ला वर्षहरूमा पछि पर्नुमा हामी सबैको कमी कमजोरी रहेको तथ्य मनन गर्दै निश्चित योजना र अभियानसहित अगाडिको यात्रा तय गरिएन भने हामी ओझेल पर्ने निश्चित छ।

बलिदानिपूर्ण संघर्षबाट प्राप्त उपलब्धि संस्थागत गर्नेक्रममा नेपाली नागरिकका चुनिएका प्रतिनिधिबाट लेखिएको नेपालको संविधान कार्यान्वयन भएमात्र संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल समृद्ध र सवल बन्न सक्छ। स्थानीय, प्रदेश, संघ तीनै तहको निर्वाचन सम्पन्न भएको छ। यद्यपि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले समेत स्थानीय सरकारलाई सहजढंगले कार्यक्रम सञ्चालन गर्ने वातावरण निर्माण गर्न सक्ने अवस्था देखिदैन। स्थानीय सरकारको मर्मलाई संकुचित ढंगले अपब्याख्या गर्ने र अनावश्यक रूपमा नियन्त्रण गर्ने गरी कानूनहरु निर्माण नगरियोस् भन्ने तथ्य सरोकारवालालाई अवगत गराउन चाहान्छौं। मौजुदा कानूनी अवरोधहरु सहज पार्ने काम शीघ्र होस्।

राजनैतिक आरोह अवरोह, दक्ष जनशक्ति अभाव, विभिन्न निर्वाचन लगायतका कारणले स्थानीय तहमा हुनुपर्ने जति काम नभएको पक्का हो। कृषि, स्वास्थ्य, शिक्षा, फोहरमैला व्यवस्थापन, पर्यटन, सडक निर्माण तथा सवारी व्यवस्थापन, खानेपानी जस्ता सवाल तानसेनका लागि आधारभूत महत्वका क्षेत्र हुन्। सिमित आयस्रोत, दक्ष जनशक्तिको अभाव, कानूनी उल्झन र नागरिक चेतको कमीका कारण समयानुकूल हाम्रा विकास योजनाले गति लिन सकेका छैनन्।

विविध जटिलता र चुनौतीसँग जुझ्दै कार्यभार सम्हालेको पहिलो वर्ष सडक पूर्वाधार निर्माण वर्षको रूपमा हामीले यथासक्य योजना सम्पन्न गर्दैछौं। समृद्ध र सवल तानसेन निर्माणका लागि आदरणीय नगरवासी, राजनैतिक दल, निजी क्षेत्र, मिडिया, सम्पूर्ण जनप्रतिनिधि र कर्मचारी वर्गको उत्तिकै भूमिका रहन्छ। प्रदेश र केन्द्र सरकारले पाल्पा, तानसेनलाई उपेक्षा गरेको अनुभूति हामीले गर्नुपर्ने अवस्था नआवस भन्नेतर्फ ध्यानाकर्षण गराउनु सान्दर्भिक ठानेको छु।

अन्त्यमा नववर्ष २०७५ को अवसरमा शुभकामना प्रकट गर्दै तानसेन नगरपालिकालाई स्वच्छ, स्वस्थ र पर्यटकीय नगरको रूपमा परिचित र स्थापित गराउन विकास, निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्णमा "हाम्रो तानसेन" मार्फत् हार्दिक धन्यवाद प्रकट गर्दछु।

अशोककुमार शाही
प्रमुख

## प्रकाशकीय

# हाम्रो तानसेनबारे केही कुरा

धार्मिक तथा ऐतिहासिक वैभवको खानी, प्राकृतिक सौन्दर्यको अनुपम नमूना पाल्पा-तानसेनसँग प्रचुर पर्यटकीय विकासको सम्भावना रहेको भए पनि आर्थिक स्रोत साधनको न्यूनता अनि व्यवस्थापकीय कमी जस्ता मूल कारणले गर्दा नै अपेक्षित कार्यक्रम आयोजनामा हामी पछाडि परेका छौं।

पाल्पासँग सम्बन्धित विविध पक्षलाई समेटेर 'हाम्रो तानसेन' प्रकाशित गरिएको छ। पाल्पाका ऐतिहासिक, धार्मिक, प्राकृतिक दृष्टिकोणले महत्वपूर्ण पर्यटकीय सम्पदा र स्थलहरू, मौलिक घरेलु उद्यम-कला, संस्कृति बारे संक्षेपमा भए पनि यसमा प्रकाश पार्ने कोसिस गरिएको छ। यस्तै तानसेन पाल्पाका जीव-जन्तु, वनस्पति र तानसेनमा धार्मिक पर्यटनको सम्भाव्यताबारे खोतल्ने प्रयास गरिने छ।

यहाँनिर भन्नै पर्ने कुरा छ कि अपेक्षित समयमा वरिष्ठ लेखकहरु सबैबाट लेख रचना संकलन गर्ने सोचमा विविध कारणले असमर्थ भयौँ। जे-जति रचना जुटाउन सक्यौँ, समेटेर कोसेलीको रूपमा हाम्रो तानसेन प्रकाशन गरेका छौँ। तत्काललाई त्रैमासिक रूपमा यसलाई निरन्तरता दिइने छ।

हाम्रो तानसेन प्रकाशनार्थ अमूल्य सुझाव, लेख रचना दिनुहुने आदरणीय लेखकहरू, मुद्रणमा सहयो ग पुऱ्याउनेहरू, फोटोग्राफर, आवरण डिजाइनर अशोकमान सिं र शुभकामना मार्फत् प्रोत्साहित गर्नुहुने विशिष्ट महानुभावहरु सबैमा हार्दिकतापूर्वक कृतज्ञता व्यक्त गर्दछौँ।

अन्त्यमा, हाम्रो तानसेन प्रकाशन गर्न सक्रिय सहयोग गर्नुहुने मूल समिति र उपसमितिका सम्पूर्ण सदस्यहरु र नगरपालिका परिवार सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौँ। नियमित प्रकाशन हुनाले नगरका गतिविधि, सुझाव र सान्दर्भिक विविध सामग्री समयमै उपलब्ध गराइदिनु हुन सरोकारवाला जनप्रतिनिधि, नागरिक लगायत सबैमा सादर अनुरोध गर्दछौं।

'तानसेनको गौरव, स्वास्थ्य, शिक्षा, पर्यटन, कला हाम्रो पौरख' नारालाई साकार पारौँ।

धन्यवाद

सम्पादकीय

# अब तानसेन बोल्दछ



-गोविन्द भट्टराई

स्थापनाका आधारमा तानसेन नेपालकै तेस्रो नगरपालिका हो। प्राकृतिक सौन्दर्य अनि स्वच्छताका हिसाबले पहिलो हुन सक्छ। शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि क्षेत्रको विकासमा बामे सर्दै गरेको तानसेनलाई राम्रो बनाउन स्थानीय नागरिकको चासो, जनप्रतिनिधिको पहल र तत्परता अनि कर्मचारीको सहयोग महत्वपूर्ण सवाल हो। नागरिक सहभागिता अभिन्न पक्ष हो।

तानसेनमा के छैन र? समृद्ध इतिहास, कला, संस्कार संस्कृति, मनमोहक प्रकृति, स्वच्छ हावापानी यहीं छ। सहनशीलता, धैर्यता, भद्रता छ तानसेनवासीसँग। कृषि र वन संरक्षणका क्षेत्रमा देशमै अब्बल ठहरिएको मदनपोखरा छ। ग्रामीण तथा सामुदायिक सञ्चारको नमूना अभ्यासका धरोहर तानसेनमै छ। शिक्षाको उर्बरथलो रूरूक्षेत्र तानसेनमै छ। मगर समुदायको संस्कृतिको प्रतीक थलो बौघागुम्हा तानसेनमै छ। नेवार समुदायको इतिहास, गाथा तानसेनसँगै सुरक्षित छ। बहुधर्म, बहुजाति सम्प्रदायको साझा बस्ती, सहकर्म, सहिष्णुताको अब्बल उदाहरण तानसेनमै छ। पाल्पाली ढाका, करूवाको मौलिक उत्पादन थलो हो तानसेन।

जातजातिको कुरामा, धर्मसम्प्रदायको कुरामा तानसेनवासीको मन कहिल्यै फाटेन। तानसेनलाई धेरैले उन्नति प्रगतिको आधार बनाए। तानसेनकै आँगनमा जन्मे, हुर्के, खेले र कति पलायन भए। कतिले तानसेनलाई भुल्दै गए, कतिलाई तानसेनले कदर गर्न सकेन। यो पाटोको समीक्षा अलग्गै गर्नु बेस हुन्छ।

अब तानसेन शीतलपाटीदेखि नारायणस्थान, बसपार्कदेखि टुँडिखेल, वसन्तपुरदेखि हुलाकघरको सेरोफेरो मात्र होइन। अर्गली, छेर्लुङ, मदनपोखरा, बराङ्दी, बौघागुम्हा,, बौघापोखराथोक, तेल्घा, बन्दीपोखरा लगायतको बृहत भूगोल र सेरोफेरो अनि समुदायसमेत तानसेनमा समाहित भएको छ। तानसेनलाई समृद्ध, हराभरा र सबल बनाउने योजनाभित्र यी सबै क्षेत्र अट्नु पर्छ। यी सबै क्षेत्रमा बसोबास गर्ने नागरिकको चाहना, भावना समेटिनु पर्छ। समस्या सम्बोधन गरिनु पर्दछ।

तानसेनलाई सिद्धार्थ लोकमार्गसँग जोडिनुको औचित्य हामीले खोज्नुपर्छ। प्रदेश नं. ५ को राजधानी बुटवल (हाल अस्थायी) हुँदा तानसेनलाई विकासनिर्माणसँगै पर्यटन यो जनामा जोडिनुपर्छ। लुम्बिनी आउने पाहुनालाई तानसेन हुँदै पोखरा पुऱ्याउने अनि पोखराबाट लुम्विनी जाने पाहुनाको गन्तब्य तानसेनसमेत बनाइनुपर्छ। तानसेन आउने पाहुनालाई हो मस्टे, होटल व्यवसायीहरूले गर्नुपर्ने आदर, सत्कारमा कमी हुन दिनु हुँदैन। यसबारे प्रष्ट भएर आआफ्नो ढंगले क्रियाशील हुन जरूरी छ।

तानसेनलाई सफा र समृद्ध बनाउन सबै नगरवासीले सहयोग गरौँ। नगरपालिकाले अगाडि सारेका विकास निर्माणका योजनालाई समयमै सम्पन्न गर्न नगरवासीले सक्रिय सहयोग गरौँ। कमी कमजोरी ओल्याउँदै जनप्रतिनिधि र कर्मचारीलाई साथ दिऔँ। सबैको साझा प्रयासले मात्र तानसेनको मुहार फेर्न सकिन्छ।

तानसेनको विकासनिर्माण अभियानलाई सघाउँदै नगरपालिकाको तर्फबाट भएगरेका गतिविधि, तानसेनसँग सम्बन्धित इतिहास, कला, संस्कृति, पर्यटन, शिक्षा, स्वास्थ्य, कृषि, सञ्चारलगायतका सवालमा सम्भावना उजागर गर्दै नगर गतिविधिबारे सुसूचित गर्ने उद्देश्यअनुरूप नियमित सम्पर्क माध्यमको रूपमा "हाम्रो तानसेन" त्रैमासिक प्रकाशन आरम्भ भएको छ। यी सवालमा आम नगरवासीको रचना, सल्लाह, सुझावका लागि आग्रह गर्दछौँ। विविध कारणले बुलेटिन प्रकाशनमा विलम्व भएकोमा क्षमा चाहन्छु। साथै कमिकमजोरी सुधार्न प्रेरित गर्नेखालका सुझावको लागि आग्रह गर्दछु ।

यो अंक प्रकाशनमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण र चनादाता, नगरप्रमुख, उपप्रमुख लगायत जनप्रतिनिधि, कर्मचारी, आदरणीय कलाकार अशोकमान सिं लगायत प्रत्यक्षअप्रत्यक्ष ढंगले सहयोग गर्नुहुने सबैप्रति आभार प्रकट गर्दछु। नव वर्ष २०७५ को अवसरमा सबैमा हार्दिक शुभकामना !

# बिषयसूची


| शीर्षक | लेखक | पेज |
|---|---|---|
| सीमित साधन, स्रोतबीच पनि जनमुखी कार्यक्रम प्राथमिकतामा परेका छन– | अशोककुमार शाही | १२ |
| तानसेनको विकास प्रयास शुरू– | लक्ष्मीदेवी पाठक | १५ |
| तानसेन सरकार सफल बनाउने अभियानमा जुट्दै– | जीवन ज्ञवाली | १६ |
| दलित अल्प संख्यकको स्वास्थ्य उपचारका लागि नगरपालिकाको चासो– | दीपक विश्वकर्मा | १७ |
| तानसेन नगरपालिकाको विकास र स्थानीय सरकारको भूमिका– | डा. गोविन्द नेपाल | १८ |
| यो हो तानसेन (कविता) – | नीलकण्ठ न्यौपान | १९ |
| तानसेनलाई कता लैजाने ? – | विनयकुमार कसजू | २१ |
| तानसेनको भगवती, नारायण र फूलबारी – | जगतबहादुर जोशी | २२ |
| तानसेनमा बौद्ध पर्यटन विकासको सम्भावना– | छत्रराज शाक्य | २६ |
| तानसेनको विकास (कविता) – | पुष्करराज रेग्मी | २९ |
| तानसेन विगतदेखि वर्तमानसम्म–१ (सेनकालीन तानसेन) – | निर्मल श्रेष्ठ | ३० |
| तानसेन पाल्पाको ऐतिहासिक र धार्मिक स्थलबारे संक्षिप्त चर्चा | | ३४ |
| तानसेनको विकासमा सञ्चारको भूमिका र उपयोग – | राजेशकुमार अर्याल | ४० |
| पाल्पाको पत्रकारिताको विकासमा तानसेन नगरपालिकाको भूमिका – | मेघराज शर्मा | ४३ |
| स्थानीय सरकार र विद्यालय शिक्षा – | गोपालप्रसाद बस्याल | ४५ |
| United Mission Hospital - | Dr. Rachel Karrach | ४८ |
| आत्मनिर्भरताको बाटो : तानसेन सरकारको मार्गदर्शन, नगरवासीको सक्रिया सहभागिता – | झपेन्द्र जीसी | ५१ |
| पाल्पा संग्रहालय नै किन – | राजेन्द्र गोपाल सिंह | ५५ |
| झण्डै सय वर्ष अघिको तानसेनः मेरो सम्झनामा – | कविराज दशरथमान सिंह | ५६ |
| पाल्पा जाऔं, तानसेन जाऔँ – | बुद्धिप्रसाद शर्मा | ५८ |
| पाल्पा तानसेन घुम्न किन जाने – | शम्भु श्रेष्ठ | ६२ |
| तानसेन बजार भित्रका नेवारहरूले मनाउने जात्रा तथा चाडपर्वहरु – | मदन देउराली | ६४ |
| नगरपालिका र उद्योग बाणिज्य संघ तानसेन विकासका लागि हातेमालो गरौं – | मोहनप्रसाद श्रेष्ठ | ६७ |
| तानसेन खानेपानी एक झलक – | भीमसेन कार्की | ७० |
| पाल्पामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना – | रामप्रसाद पाण्डे | ७२ |
| तानसेनको समृद्धिमा पर्यटन विकास र होटेल व्यवसाय – | केशवराज नेपाल | ७४ |
| पाल्पा तानसेनको खेलकुद गतिविधि विगतदेखि वर्तमानसम्म – | भरत शर्मा | ७७ |
| साख गुमाउँदै पाल्पाली ढाका,संकटमा करूवा – | देव पचभैया | ८० |
| तानसेन नगर क्षेत्रमा लघु तथा साना उद्योगको अवस्था – | बालकृष्ण गैरे | ८२ |
| आर्थिक वर्ष २०७४/७५ को बजेट तथा कार्यक्रमःसङ्क्षिप्त विश्लेषण – | विष्णु पौडेल | ८४ |
| संख्यामा तानसेनका शैक्षिक संख्या – | मीनप्रसाद ढकाल | ८५ |
| आर्थिक कारोवारको व्यवस्थापन – | दिवाकर अर्याल | ८६ |
| सूचना प्रविधि र तानसेन नगरपालिका – | प्रकाश गैरे | ८८ |
| समाज विकासका प्रसङ्ग र तानसेन नगरपालिका – | भरतप्रसाद आचार्य | ९० |
| सीमित साधन र स्रोतका बावजुद प्रभावकारी नतिजाको लागि खट्दै – | शंकर भण्डारी | ९२ |
| तानसेन नगरपालिकाका विविध गतिविधि | | ९३ |
| तानसेन नगरपालिकाका अन्य गतिविधिहरू | | १०९ |
| तानसेनमा सडक खानेपानी पर्यटन र रोजगारीलाई प्राथमिकता (रिपोर्ट) | | ११५ |


(पूनश्च्व : हाम्रो तानसेनमा प्रकाशित लेख रचनामा अभिव्यक्त बिचारहरूसंग प्रकाशक र सम्पादकको सहमति अनिवार्य छैन।)

# सीमित साधन,स्रोतबीच पनि जनमुखी कार्यक्रम प्राथमिकतामा परेका छन्।



-अशोककुमार शाही

(अशोककुमार शाही शुरूमा तानसेनको सुकुम्वासी समस्या समाधानका कारण चर्चामा आउनु भयो । त्यसलगत्तै बि.सं. २०५४ मा तानसेन नगरपालिकाको मेयरमा निर्वाचित भएपछि सडक विस्तार, खानेपानी व्यवस्थापन लगायतका कामका कारण लोकप्रिय हुनु भयो। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपछि स्थानीय तहको निर्वाचन २०७४ बाट शाही तानसेन नगरप्रमुखमा पुनः निर्वाचित हुनु भयो। बदलिदो परिवेश, नागरिक चाहना र चुनौतीहरूबारे केन्द्रित कुराकानीमा आधारित लेखको सार प्रस्तुत गरिएको छ- (प्रधान सम्पादक)

पहिले भन्दा मुलुकको संरचना नै फरक भएको सन्दर्भमा हाम्रो जिम्मेवारी र दायित्व फेरिएको छ। घरदैलोको सरकार अर्थात् स्थानीय सरकारबाट अब केही हुन्छ भन्ने आशा र भरोसा नगरवासीमा हुने नै भयो। निर्वाचित जनप्रतिनिधिमा पनि एकात्मक व्यवस्थामा भन्दा विकास निर्माण सहज ढंगले अघि बढाउन सकिएला भन्ने सोच थियो। यस्तै परिवेशमा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको पदस्थापन भयो। हामीले पद ग्रहण गर्दा स्थानीय तह सम्बन्धी विधेयक प्रस्तुत मात्र भएको थियो।

तत्काल कुन ऐन, कानून समाएर काम गर्ने भन्ने असहज परिस्थितिमा यस पटक हामीले जिम्मेवारी बहन शुरु गऱ्यौ। विषयगत कार्यालय समायोजनमा ढिला सुस्ती, स्थानीय तहमा आउन कर्मचारीहरूमा रहेको अनिच्छा अनि सम्बन्धित माथिल्लो तहको विभागमा रहेकाहरूमा समेत समायोजनप्रति उदासिनता भाव प्रष्ट देखियो। यी विविध जटिलताका कारण बजेट निर्माणमा अवरोध हुँदाहुँदै पनि बदलिदो राजनैतिक परिस्थिति अनुसार जनस्तरका योजना अर्थात् नागरिकहरूको अपेक्षा सम्बोधन गर्नुपर्ने अवस्था थियो।

कामका लागि आवश्यक हुँदाहुँदै पनि संघीय सरकारको निर्देशनका कारण नयाँ कर्मचारी भर्ना तत्काल गर्न सकिएन। विषयगत कार्यालयका लागि बजेट समेत नेपाल सरकारबाट नआएपछि स्थानीय तहबाटै मिलाएर जानु पऱ्यो। अनुभवको कमी, संस्थागत संरचना अपूरो, स्थानीय तहले बनाउनु पर्ने ऐन, कानून बनाउन नसकेको अवस्था र विविध कारणका बीच हामीले अपेक्षा गरेअनुरूप योजनाका कामलाई गति दिन नसकेको कुरा इमान्दारीसाथ स्वीकार्न तयार छौं। तथापि योजना बनाउने, बिकास निर्माणका काम, नागरिकले अपनत्व महसुस गर्ने खालका केही कामहरूको शुरूवात गर्न हामी सफल भयौं। बजेट निर्माण गर्दा भौतिक निर्माणमात्र प्रमुख पक्ष होइन, मानवीय संशाधन, समुदायको चासो र न्यूनतम आवश्यकताका कुरालाई हामीले महत्व दिएका छौं। आन्तरिक स्रोत र विगत आर्थिक वर्षमा खर्च हुन नसकेको वजेटमा आधारित भएर हामीले शुरूमा ६९ करोड चानचुनको बिकास बजेट निर्माण गऱ्यौं।

नागरिक सरोकारलाई प्राथमिकता,

वातावरणीय पक्ष, समग्र समावेशिता, सामाजिक न्याय, स्वास्थ्य, कृषि, रोजगारी, खेलकुद, सञ्चार जस्ता सवाललाई यथाशक्य बजेटले सम्बोधन गर्दै समेट्ने प्रयास गर्‍यौं। सूचना प्रविधिको विकास, पारदर्शिता र पत्रकारितालाई केही हदसम्म सहयोग पुग्ने गरेर बजेट निर्माण गरेकै हो। कार्यक्रम, नीति, योजना निर्माणमा समग्र नगरवासीको सरोकारलाई समेट्ने जमर्को गरेको तथ्य बजेट संरचनाले पनि पुष्टि गर्दछ।

तानसेन नगरपालिकाका दलित र अल्पसंख्यक परिवारलाई निशुल्क स्वास्थ्य बीमा गर्ने निर्णय अनुसार काम भैरहेको छ। यस्तै नगरका जेष्ठ नागरिक आश्रित परिवारलाई समेत स्वास्थ्य बीमा गरिदिने काम वार्ड नं. ११ बाट शुरु शुरू भएको छ। मातृ शिशु जीवन रक्षाका लागि स्वास्थ्य संस्थामा सुत्केरी गराउन महिलालाई प्रोत्साहित गर्ने उद्देश्यअनुरूप नेपाल सरकारले जति नै सुत्केरी पोषण भत्ता उपलब्ध गराउने व्यवस्था गरिएको छ। महिलाहरूलाई सीपयुक्त बनाएर आयआर्जनका लागि सक्षम बनाउने उद्देश्यले सीपमूलक (सिलाइ कटाइ, ढाका र मखमलको जुत्ता बनाउने, ब्याग बनाउने, हस्तकला, तरकारी खेती लगायत) तालिम सञ्चालन गरेका छौँ। उत्पादित सामग्री बेचबिखनमा सहयोग पुगोस् भनेर मागमा आधारित कोशेलीघर निर्माणका लागि बजेट व्यवस्था गरेका छौँ।

युवाहरूलाई आफ्नै जन्मस्थानमा बसेर आय आर्जन गर्न सक्ने बनाउने उद्देश्यले कृषि उद्यममा लाग्न प्रेरित गर्दैछौँ। विशेषत युवाहरूको लागि व्यवसायिक शिक्षा, सीप विकास हाम्रो चासो हो। विषादी निरूत्साहित, अर्गानिक उत्पादन बृद्धि, कृषिको परम्परागत पद्धतिमा सुधारका लागि काम गरेका छौँ। कारीतास नेपालसँग सहकार्यमा कृषि पाठशाला शुरू भएको छ।

तानसेन नगरपालिकाबाट तरकारी निर्यात गर्न अर्गानिक तरकारी उत्पादनमा किसानलाई प्रोत्साहित गर्न काम थालिएको छ। कृषकहरूलाई उन्नत बीउ, पशु, माहुरी उपलब्ध गराउने काम भएको छ। विशेषत विषादीयुक्त तरकारी खान नपरोस साथै आयआर्जन गर्न सकियोस् भनेर कौषी खेती, व्यवसायिक तरकारी खेतीलाई प्रवर्द्धन गर्दैछौँ। किसानलाई आवश्यक तालिम दिने, तालिम प्राप्त व्यक्तिलाई समूहमा आबद्ध गर्दै आवश्यक ऋण, बीउ पूँजी उपलब्ध गराउने, बजारीकरणमा सहयोग गर्ने कामका लागि बजेटमा सम्बोधन गरिएअनुसार काम हुँदैछ।

नगरवासीको आर्थिक उन्नतिसँगै समाज समृद्ध बनाउने कार्यक्रममा हामीले जोड दिएका छौँ। कृषि, पशु स्वास्थ्य र स्वास्थ्य कार्यालय नगर पालिकामा समायोजन भएको सन्दर्भमा कृषि र स्वास्थ्य सेवालाई समय सापेक्ष ढंगले प्रभावकारी बनाउँदै लगिने छ। स्वास्थ्यमा सबैको पहुँच र कृषिमा आधुनिकीकरणसँगै व्यवसायीकरण गर्ने उद्देश्य अनुरूप कार्यक्रम अगाडि बढाएका छौँ। यस क्षेत्रमा सरोकारवाला संघ संस्थालाई समेत समन्वय र सहकार्य मार्फत उद्देश्य अनुसार काम गर्न निर्देश गरेका छौँ।

पत्रकारिताको संस्थागत विकासमा टेवा पुगोस् भनेर नगरस्थित स्थानीय सञ्चार गृह सवल बनाउन यथासक्य आर्थिक सहयोग गर्ने कामलाई निरन्तरता दिएका छौं। पत्रकारहरूको मनोबल उकास्न नगरपालिकाको सहयोगमा उत्कृष्ट पत्रकारिता कोष स्थापनाका लागि विगतमा नेपाल पत्रकार महासंघ पाल्पालाई सघायौँ भने यस पटक राष्ट्रिय पत्रकारिता पुरस्कार कोष स्थापना गर्दैछौँ। महासंघको शाखालाई संस्थागत तथा संरचनागत विकासमा टेवा पुर्‍याउन बजेट विनियोजन गरेका छौँ।

नगरवासीलाई सुसूचित गर्न स्थानीय एफएमहरु मार्फत "जनतासँग मेयर" रेडियो कार्यक्रम शुरु भएको छ। नागरिकहरूलाई नगरपालिकाबारे सुसूचित गराउने साथै तानसेन नगरपालिकाको इतिहास, कला, संस्कृति, पर्यटन क्षेत्रको विकास, नगरगतिविधि, विकास निर्माण, वजेटबारे रचना प्रकाशनको उद्देश्य अनुरूप 'हाम्रो तानसेन' बुलेटिन नियमित प्रकाशन आरम्भ गरेका छौँ। तत्काल त्रैमासिक रूपमा प्रकाशित हाम्रो तानसेन' समय सापेक्ष रूपम परिमार्जन र परिष्कृत गर्दै आवश्यकता अनुसार निरन्तर प्रकाशन गरिने सोच छ। नगरपालिकाको आफ्नै वेभसाइट समेत सञ्चालनमा छ।

यो आर्थिक वर्ष (चालु आव) समाप्त हुन केही महिना मात्र बाँकी छ। देखिने काम चाहेर पनि धेरै सम्पन्न गर्न नसकेको कुरा हामीले स्वीकारेका छौँ। यो आर्थिक वर्षलाई तानसेन नगरपालिकाले सडक विस्तार वर्षको रूपमा अगाडि बढाउने उद्देश्य अनुरूप सीमित जनशक्तिका बाबजुद बजेट तर्जुमा तथा कार्यान्वयनमा लाग्यौँ हामी। जस अनुसार करीब ६५ किलोमिटर सडक (जहाँ ठूलो सवारी साधन चल्न सक्छ) निर्माण सम्पन्न गर्दैछौँ। जसमध्ये तानसेन-१२ को सीमल बोटदेखि वार्ड नं. १३ को बौघागुम्हा हुँदै छेर्लुङस्थित कालीगण्डकी करिडोरमा जोडिने द्रूतमार्ग (Fast Track)

महत्वपूर्ण सडक समेत रहेको छ। यो सडकले तानसेन नगर पालिका क्षेत्रको समग्र व्यवसायिक र आर्थिक क्रियाकलापमा सकारात्मक प्रभाव पार्ने छ।

यस्तै नगरभित्रका केही सडकहरु कालोपत्रे गर्नका लागि टेण्डर प्रक्रिया अगाडि बढिसकेको छ। शीतलपाटी देखि नारायणस्थान र शीतलपाटीदेखि हुलाकसम्म परम्परागत सडक निर्माण अर्थात् ढुंगा छाप्ने कामको लागि प्रक्रिया अगाडि बढेको छ। अमरनारायण फूलबारीमा रहेको हाटबजार सुचारू गर्नका निमित्त बजेट बिनियोजन भएअनुसार काम शुरु हुँदैछ। हाटबजार सञ्चालनका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई (जोन) पाल्पा, पाल्पा उद्योग वाणिज्य संघ, पाल्पा व्यापारसंघ लगायतसँग पनि समन्वय र सहकार्यको प्रक्रिया अगाडि बढाइएको छ।

तानसेन नगरको इतिहास, कला, संस्कृति जगेर्नामा सक्दो सहयोग गर्ने उद्देश्य अनुरुप बजेट विनियोजन गरिएको छ। जस्तै रणउजिरेश्वरी भगवती मन्दिर परिसरको गुरूयोजना बनाउने काम अन्तिम चरणमा पुगेको छ। अन्य काम भैरहेको स्मरण गराउन चाहन्छु। रिडी ह्रषिकेश, माण्डब्य सरोबर, गुफाचौर गणेशधाम लगायतका गुरुयोजना बनाएर बजेट विनियोजन गरिएको छ। नगरमा बसोबास गर्ने सबै धर्म सम्प्रदायका नगरवासीलाई यथोचित प्रोत्साहन स्वरुप धर्म संस्कृतिस सम्बन्धित कार्यमा सक्दो सहयोग गरेका छौँ। चुनौती बहर तथा ढल निकास र व्यवस्थापनको दिगो समाधानका लागि सोच बनाएका छौँ। तत्कालका लागि आवश्यक व्यवस्थापन प्रक्रिया अगाडि बढेको छ।

हरियाली पार्क, उद्यान निर्माणका लागि बजेट विनियोजन, नगर शौन्दर्यकरणका लागि वजेट विनियोजनसँगै निजी तथा संस्थागत क्षेत्रसँग समन्वय, सहकार्यमा काम शुरु भएका छन्। निजी क्षेत्रले सहभागिता जनाउन चाहे उद्योग ग्राम स्थापनाको काममा सहकार्य गरिनेछ।

भूसंरक्षण, जलाधार संरक्षण, तटबन्ध निर्माणका काम थालिएको छ। सवारी पार्किङको लागि विकल्प खोज्ने प्रक्रिया अगाडि बढेको छ। टुँडिखेललाई नगरवासीको साझा सम्पत्तिको रुपमा संरक्षण गर्दैछौँ। आगामी वर्षदेखि महोत्सव लगायतका व्यापारिक क्रियाकलाप अन्यत्र आयोजना गर्न व्यबस्था मिलाइने छ।

गरिबी निवारणका लागि युवा कृषि तथा पशु उद्यम व्यवसायमा आधारित बहुवर्षे स्वरोजगार कार्यक्रम सञ्चालन प्रक्रिया अगाडि बढेको छ। शिक्षालाई टेवा पुगोस् भनेर विभिन्न विद्यालयलाई सहयोग गरेका छौँ।

नगरका निश्चित ठाउँमा सार्वजनिक तथा घुम्ती शौचालय निर्माणको योजना राखेका छौँ।

सबै धर्म सम्प्रदायको मृत्यु संस्कारमा सहयोग पुऱ्याउने सोच अनुसार शवदाहस्थल, समाधिस्थल निर्माण, व्यवस्थापनका लागि सहयोग गरेका छौँ।

किशोर तथा युवा पुस्तालाई सिर्जनशील बनाउन तथा खेललाई प्रोत्साहित गर्न बजेट बिनियोजन गरेका छौँ। नगरभित्र आवश्यकता र सम्भावनाअनुसार खेल मैदानहरुको निर्माण तथा स्तरोन्नति मागका आधारमा प्रारम्भ भएको छ। वार्ड नं. १४ र ९ मा काम अगाडि बढेको छ।

क्षेत्रीय अध्ययन केन्द्र स्थापना, धार्मिक ताल, कुण्ड, सरोबर संरक्षणका लागि आवश्यक पहल गरिएको छ। तानसेनलाई पहाडको सुन्दर नगरको रुपमा विकास गर्ने सोच अनुसार विज्ञ तय गरेर यो वर्ष योजना बनाएर आगामी आर्थिक वर्षबाट कार्यान्वयन गर्ने गरी प्रक्रिया अगाडि बढाएका छौँ। साविक तानसेन नगरपालिकाको वार्ड नं. १२ र १३ अर्थात् हालको वार्ड नं. ५ र साविक मदनपोखरा हाल वार्ड नं. ९ दमकडामा स्मार्ट सिटी बनाउने सोच अनुसार प्रक्रिया अघि बढेको छ।

हामीले सिटीनेट लगायत अन्तर्राष्ट्रिय संघ संस्था, निकायसँग समन्वय, सहकार्यलाई समेत उत्तिकै महत्व दिएका छौँ। आवश्यकता अनुसार व्यवस्थित र व्यवहारिक ढंगले सकेसम्म संघ, प्रदेशसँग नबाझिने गरेर ऐन, कानून निर्माणलाई जोड दिएका छौँ। कतिपय नगरसभाबाट पारित गरेका छौँ।

सोच अनुसार सबै काम गर्न सकिएको छैन। यसका कारणहरु छन्। स्थानीय तहको निर्वाचन लगत्तै प्रदेश र प्रतिनिधिसभा, राष्ट्रिय सभा लगायतका निर्वाचनमा केही समय खर्च भएको छ। हामीले भनिसक्यौ कि- स्थानीय तह सञ्चालनका लागि आवश्यक ऐन, कानून बनिसकेको थिएन। संविधान अनुसार संस्थागत संरचना जस्तै आवश्यक जनशक्ति, भौतिक पूर्वाधार र स्रोत व्यवस्थापन हुन नसक्नु अर्को कारण हो। नयाँ संरचनालाई आत्मसात गर्न नसक्ने मनस्थिति, शंका उपशंका, स्वेच्छाचारिता प्रवृत्ति पनि बाधक बन्न पुग्यो। औपचारिक कार्यक्रमको चाप र समय व्यवस्थापनमा चुनौती समेत योजना कार्यान्वयनका लागि अवरोध बन्न पुगेको तथ्य हामीले महसुस गरेका छौँ।

अन्त्यमा, 'हाम्रो तानसेन' प्रकाशन मार्फत नगरवासीहरुमा तानसेन नगरपालिकालाई सफा, स्वच्छ र हराभरा बनाउन आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न सादर अनुरोध गर्दछौँ। कर समयमै चुक्ता गरेर नगरपालिकाको विकास निर्माणमा सहयोग गर्न, फोहर व्यवस्थापन, सार्वजनिक सम्पत्ति संरक्षणमा सबैको सहयोगको लागि समेत सम्पूर्ण तानसेन नगरबासीहरूमा आग्रह गर्दछौं।

# तानसेनको विकास प्रयास शुरू

लक्ष्मी पाठक





## धन्यवाद ज्ञापनः

नेपालको संविधान अनुसार स्थानीय सरकारको निर्वाचनका क्रममा तानसेन नगरपालिकाका मतदाताहरूको उल्लेख्य सहभागितामा हामीलाई आफ्नो अमूल्य मतदान गरी सेवा गर्ने अवसर प्रदान गर्नुभएकोमा सबै नगरबासीहरूप्रति धन्यवाद एवम् आभार प्रकट गर्दछु। उपलब्ध साधन स्रोतको समुचित उपयोग र थप स्रोतको खोजी गरी हाम्रा घोषणापत्र र आवश्यकताका आधारमा विकास निर्माणका कार्य गर्दै समृद्धि र नगरको गौरब बढाउन हाम्रो क्रियाशीलता अनुभूति गरी साझेदार बन्नुहुनेछ भन्ने अपेक्षा गर्दछु।

## हाम्रा प्रयासहरूः

लामो समय अन्तरालपछि निर्वाचित जनप्रतिनिधिहरूबाट प्रवाहित हुने सेवा जनअपेक्षित गतिमा हुनुपर्दछ भन्ने चेतनाका साथ तानसेन नगरपालिकाले कार्य शुरुवात गरेको छ। तिनका लागि नगर परिषदबाट निम्न कामका लागि बजेट विनियोजन समेत गरिएको छ।

- पर्यटकीय विकासलाई समेत ध्यान दिदै सबै वडाका मुख्य वस्तीहरूमा सडक पुऱ्याउने।
- पौराणिक मठ मन्दिर, विहार, मस्जिद, चर्च आदिको संरक्षण र प्रचारप्रसार गर्ने। सोलार बत्तीको जडान गर्ने।
- कृषि विकासका लागि प्लाष्टिक पोखरी, बीउ खरिद, फलफूलका बिरूवा खरिद, कृषि उपज भण्डारण, एक घर एक करेसाबारी, कम्पोष्ट मल निर्माण सीप विकास, मासु, अण्डा, दुग्ध पदार्थ उत्पादनमा लगानी जस्ता कार्यक्रम सञ्चालन।
- युवा स्वरोजगार कार्यक्रम सञ्चालन
- आमा र बच्चाको स्वास्थ्य सम्बन्धमा केन्द्र सरकारको सहयोगका अतिरिक्त तानसेन नगरपालिका भित्रका मान्यता प्राप्त अस्पतालबाट सुत्केरी भएका अवस्थामा थप रू. १०००।– सहयोग प्रदान । युनाइटेड मिसन अस्पताल र लुम्बिनी मेडिकल कलेजमा सुत्केरी सेवा विस्तार।
- दलित र अल्पसंख्यकहरूलाई स्वास्थ्य बीमाको व्यवस्था।
- थप सामुदायिक भवनहरु निर्माण।
- चिल्ड्रेन पार्क निर्माण।
- बृद्धाश्रम निर्माण।
- हिंसा पीडित महिलाहरूका लागि सेफ हाउस निर्माण।
- युवाहरूका लागि खेल मैदान, खेल प्रतियोगिताहरूमा सहयोग।
- लक्षित वर्ग कार्यक्रमहरू वडाबाटै सञ्चालन गर्ने।
- तानसेननगरपालिकाको प्रोफाइल विकास गर्ने कामको शुरूवात।

## प्रतिबद्धताः

स्थानीय सरकारको निर्वाचन पश्चात तत्काल नगर सभा सम्पन्न गर्नुपरेको र प्रतिनिधि तथा प्रदेश सभाका निर्वाचनमा समेत ध्यान तानिएका, केही नीतिगत तथा कानूनी सहजीकरणका पक्ष बाँकी रहेका कारण सबै टोल टोलका बासिन्दाका आवश्यकताहरूलाई अहिल्यै सम्बोधन गर्न नसकिएको वा अपेक्षित सेवा प्राप्त भैनसकेको हुन सक्छ। हरेक वडाका जनप्रतिनिधिहरू र नागरिकहरूका सल्लाह सुझाव र आवश्यकताको प्राथमिकताका आधारमा विकास निर्माण तथा समृद्धिका कार्यहरू अगाडि बढ्नेछन् । भौतिक विकासको पक्ष एकातिर छ भने अर्कातिर मानिसहरूको जीवनशैली, संस्कार, व्यवहार र सांस्कृतिक विकास गरी आन्तरिक जीवन तथा बाह्य समुदायसँगको सम्वन्धमा तानसेन नगरवासीको उच्चता बृद्धिका लागि हाम्रो प्रयास र प्रतिबद्धता दोहोऱ्याउन चाहन्छु।

(उपप्रमुख, तानसेन नगरपालिका)

◆

# तानसेन सरकार सफल बनाउने अभियानमा जुट्दै



–जीवन झवाली

बि.सं. २००७ सालमा स्थापना भएको तानसेन नगर पालिका नेपालको इतिहासमा तेस्रो पुरानो नगरपालिकाको रूपमा चिन्न सकिन्छ । ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्व बोको स्थानको रूपमा परिचित तानसेन पाल्पा जिल्लाको सदरमुकाम समेत हो। विगतमा व्यापारिक तथा शैक्षिक हिसाबले महत्वपूर्ण केन्द्र विन्दुको रूपमा नेपाल मै परिचित तानसेन केही समययताको पूर्वाधार तथा अन्य सामाजिक क्षेत्रमा आएको विकासको लहरसँगै केही छाँयामा परेको आभास हुन थालेको छ।

बि.सं. २००७ सालदेखि २०७३ सालसम्म स्थानीय निकायको रूपमा रहेको तानसेन नगरपालिकाको बि.सं. २०७४ मा संघीयताको कार्यान्वयनका सन्दर्भमा भएको पुर्न संरचनासँगै पुरानो स्वरूप र संरचनामा परिवर्तन भई हाल स्थानीय सरकारको प्रारूपमा स्थापित भएको छ। कुल क्षेत्रफल १०९.८वर्ग कि.मि.मा फैलिएको तानसेनको सदरमुकाम समुद्र सतहदेखि करीब १ हजार ३ सय मिटरको उचाइमा अवस्थित छ। ५० हजार ४ सय ५२ जनसंख्या रहेको यस नगरपालिकाका साविकका १५ वटा वडा र मदनपोखरा, तेल्धा, बन्दीपोखरा, बौघागुम्हा, बौघा पोखराथोक र अर्गली गरि ६ वटा गाविस अनि बराङ्दीका केही वार्ड समेत समाहित गरि हाल १४ वटा वडाहरु कायम गरिएका छन्। हाल बि.सं. २०७४ साल असार मा सम्पन्न स्थानीय तहको दोस्रो चरणको निर्वाचन पश्चात निर्वाचित जनप्रतिनिधिहरूले नगरपालिकाको नेतृत्व गरिरहनु भएको छ ।

नेपालको संविधान (२०७२) ले संघीय, प्रादेशिक र स्थानीय तह गरि तीन तहका सरकारको व्यवस्था गरि सबै तहका सरकारहरूको काम कर्तव्य र अधिकार क्षेत्र किटान गरेको छ भने स्थानीय  सरकार  सञ्चालन सरकार संचालन ऐन २०७४ जारी भै सोही बमोजिम स्थानीय सरकारहरु सञ्चालनमा रहेको सन्दर्भमा तानसेन नगरपालिकाले पनि आफूलाई सवल र सक्षम स्थानीय सरकारको रूपमा अगाडि बढाउने प्रयत्न गरि रहेको छ। स्थानीय सरकारको कार्यपालिका, व्यवस्थापीका र न्यायपालिकामा कामको अभ्यास सुरू भएको छ। स्थानीय सरकार संचालनका लागि अत्यावश्यक ऐन, कानूनहरूको निर्माण क्रम अगाडि बढेको छ भने नगर सभाका दुई वटा अधिवेशन सम्पन्न भइसकेका छन्। न्यायीक समितिले पूर्णता पाएको छ भने समितिले उजुरी तथा गुनासाहरूको किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ दोस्रो नगरसभाबाट स्वीकृत भइसकेको छ।

जुनसुकै सरकार सञ्चालनका लागि महत्वपूर्ण पक्ष कर्मचारी एवम् जनशक्ति नै रहेको सन्दर्भमा हाल नगर पालिकाको साविककै संगठन संरचना र जनशक्तिबाट कार्यसम्पादन गर्न परेकोले सेवा प्रवाह तथा कार्य सम्पादन अशातित रूपमा प्रभावकारी बनाउन सकिएको अवस्था छैन। संविधानतः केन्द्रीय सरकार, स्थानीय निकाय तथा अन्य सरकारी निकायका कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहमा समायोजन गर्ने व्यवस्था रहेको र हाल कर्मचारी समायोजनको प्रक्रिया पूरा नभएकोले जनशक्तिको न्यूनता हुँदा संविधानतः स्थानीय सरकारले गर्नु पर्ने काम सम्पादन गर्न कठिनाई महसुस भएको छ। हालसालै केन्द्रीय सरकारले स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था २०७४ जारी गर्दै स्थानीय तहको अन्तरिम संगठन संरचना र जनशक्तिको खाका उपलब्ध गराएपनि उक्त खाका अनुसार जनशक्ति उपलब्ध भैसकेको अवस्था छैन। आशा छ शिघ्रातिशिघ्र जनशक्तिको उपलब्धता हुने नै छ।

अन्तमा, जे जस्ता बाधा, व्यवधान तथा जटिलता देखिएपनि जनउत्तरदायी तानसेन नगर सरकार बनाउने साझा अभियानमासबै जुट्नु पर्ने यो समयमा सम्पूर्ण जनप्रतिनिधि र हामी उपलब्ध कर्मचारीले आफ्नो बल, बुद्धि र क्षमताले भ्याएसम्म कार्यसम्पादन गरी जनविश्वास कायम गर्नु नै पर्दछ । नागरिकलाई नागरिक कर्तव्य बोध गराई हामी पनि इमान्दारिताका साथ जुटेमा छिट्टै नै संविधानले परिकल्पना गरेको संघीय सरकारलाई साकार पार्न सकिन्छ। यही दृढ विश्वासका साथ सबै सधै कर्मपथमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

(पूर्व प्रमुख प्रशासकीय अधिकृत, तानसेन नगरपालिका)

◆

# दलित र अल्पसंख्यक समुदायको स्वास्थ्य उपचारमा नगरपालिकाको चासो



–दीपक विश्वकर्मा

दलित र अल्पसंख्यक समुदायको स्वास्थ्य बीमा तानसेन नगरपालिकाको मौलिक कार्यक्रम भएपनि पछिल्ला दिनमा अन्य स्थानीय तहले समेत अनुकरण गरेको पाइयो। यो कार्यक्रमको औचित्य केलाएर हेरौं। हाम्रो नेपाली समाजमा सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य सेवा लगायताका क्षेत्रमा पछाडी पारिएका, राज्यको मुलधारमा प्रतिस्पर्धाबाट आउन नसेकेका हाम्रो समुदाय : खासगरी दलित, अल्पसंख्यक र थप लैङ्कि हिसावले पछि परेका समुदाय महिला आज पनि कुनै न कुनै हिसावले अरू समुदाय भन्दा पछाडि रहेको छ। विभिन्न माध्यमबाट समानरूपले बाच्न पाउने अधिकारको सुनिश्चितताको लागि यो समुदायले आज सम्म भएका सबै परिवर्तनका आन्दोलनहरूमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भएता पनि सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य सेवा लगायताका क्षेत्रमा आज सम्म पनि समान र सहज पहुँच स्थापित हुन सकिरहेको छैन्।

आज हाम्रो नयाँ संविधानले सम्पूर्ण नेपालीहरूको आफ्नो घर आगनमा राज्यसँगको पहुँचका लागि स्थानीय सरकारको परिकल्पना गरी स्थानीय तहको निर्वाचन पश्चात जनप्रतिनिधिहरूको माध्यमबाट स्थानीय सरकारको रूपमा काम भइरहेका छन्। हाम्रो संविधानले राज्यका तीनवटै सरकारः संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारमा समावेशितालाई स्वीकार गरेको छ। जसले गर्दा स्थानीय तहहरूमा महिला, दलित र अल्पसंख्यकको समेत उपस्थिति अनिवार्य गरेको छ। यो हाम्रो लागि खुसीको विषय हो। यसलाई हामीले उपलब्धिका रूपमा लिएका छौं।

हाम्रो स्थानीय सरकार तानसेन नगरपालिकाले सामर्थ्यले सम्भव भएसम्म विकास निमाणलाई तिव्रता दिनुका साथै आफ्ना जनतालाई धेरै भन्दा धेरै सेवा सुविधा उपलब्ध गराउन र जीवन स्तरलाई माथी उठाउनका लागि विभिन्न कार्यक्रमहरू अगाडि बढाएको छ। तानसेन नगरपालिका पुरानो र ऐतिहासिक नगरको रूपमा परिचित छ। यस नगरलाई सेवा सुविधाको हिसावले समान र समतामुलक नगर बनाउनका लागि सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य सेवा लगायताका क्षेत्रमा पछाडि रहेका समुदायलाई विशेष सहयोग गर्नु पर्दछ। यसका लागि आ.व. २०७४/७५ मा स्वास्थ्य सेवामा प्रत्यक्ष पहुँच पुऱ्याउन तानसेन नगर सरकारले यस नगर भित्र बसोवास गर्ने दलित, अल्पसंख्यक र महिलाहरूको स्वास्थ्यलाई ध्यानमा राखी दलित र अल्पसंख्यक एक हजार परिवारलाई निशुल्क स्वास्थ्य बीमा गर्ने कार्यका लागि रू. २५ लाख रूपैयाँ र सुत्केरी महिलालाई सुत्केरी पोषण भत्ताका लागि रू. दश लाख (अस्पतालमा सुत्केरी सेवा लिएको न्यूनतम २ बच्चाका आमालाई) विनियोजन गरि कार्यक्रम कार्यान्वयन गर्दैछ। माथिका दुवै कार्यक्रम सामाजिक न्याय सहितको कार्यक्रम हो। यस कार्यक्रमले विपन्न वर्गको रूपमा रहेको हाम्रो समुदाय प्रति तानसेन नगर सरकारले आफ्ना नागरिक प्रतिको दायित्व वहन गरेको महशुस भएको छ। हुनतः तानसेनका सबै परिवारलाई आफ्नो स्वास्थ्य सेवामा पहुँच राख्ने बनाउनु पदर्छ तर जुन समुदाय विगत देखि नै सबै हिसावले पिछडिएको छ, त्यो समुदायलाई माथि उठाउनु र सबै क्षेत्रमा समान बनाउनु पहिलो कर्तव्यको रूपमा तानसेन नगर सरकारले लिएको छ। यस वर्ष स्वास्थ्य सेवाको पहुँचलाई स्थापित गराउन निशुल्क स्वास्थ्य बीमा कार्यक्रम अगाडि बढाएको हो। तानसेन नगरमा बसोबास गर्ने दलित र अल्पसंख्यक समुदायको स्वास्थ्य सेवामा प्रत्यक्ष पहुँच पुऱ्याउने यस कार्यक्रमको मूल लक्ष्य हो। यस्ता कार्यक्रमहरूले हाम्रो समुदायको जीवनस्तर वृद्धि गर्न र स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन थप टेवा पुगेको छ।

| वडा नं. | अल्पसंख्यक परिवार | दलित परिवार | जम्मा परिवार |
|---|---|---|---|
| १ | ० | ३६ | ३६ |
| २ | ० | १० | १० |
| ३ | ० | ४४ | ४४ |
| ४ | ० | १६ | १६ |
| ५ | १ | ७५ | ७६ |
| ६ | २८ | ७३ | १०१ |
| ७ | ३४ | ६० | ९४ |
| ८ | ४ | १०२ | १०६ |
| ९ | १७ | ६१ | ७८ |
| १० | ७ | ६६ | ७३ |
| ११ | ० | ११७ | ११७ |
| १२ | ० | ६३ | ६३ |
| १३ | ५० | १५ | ६५ |
| १४ | ५ | ६४ | ६९ |

परिवार संख्या १४६ ८०२ ९४८

(२०७४।१२।२९ सम्मको विवरण)

बाँकी पृष्ठ ६९

# तानसेन नगरपालिकाको विकास र स्थानीय सरकारको भूमिका



-डा. गोविन्द नेपाल

संवैधानिक र कानूनीरूपमा स्थानीय सरकारको मान्यताप्राप्त तानसेन नगरपालिकाको वर्तमान राजनैतिक नेतृत्व ऐतिहासिक रूपमा प्रतिष्ठित तानसेन नगरीको खुम्चिएको प्रतिष्ठा पुनः विस्तार गर्दै समस्त नगरवासीको विकास र सम्बृध्दिको सपना साकार पार्न प्रतिवध्द छ। यो अभियानलाई सघाउ पुगोस् भन्ने हेतुले यो पंक्तिकार संक्षेपमा केही सुझाव दिन चाहन्छु।

१. नगरवासीको सहयोगविना विकासनिर्माण संभव छैन। निर्मित संरचनाको संचालन र मर्मत संभार हुन सक्दैन। विकासको पूर्वशर्त भनेको नगरवासीको विश्वास जित्नु हो, काम गरेर त्यो विश्वास कायम राख्नु हो र प्रतिफल दिएर त्यस विश्वासलाई सुदृढ गर्नु हो। विश्वास बोलेर जितिदैन, केही गरेर मात्रै जितिन्छ। सरकारले विना पैसा गर्नसक्ने काम थुप्रै छ। जस्तैः

० आफ्नै कार्यालयबाट प्रदान गर्ने सेवा ससम्मान छिटो दिएर।

० सार्वजनिक सेवाप्रदायक संस्थाहरू (बिजुली, पानी, टेलिफोन आदि) को सेवा चुस्त र स्वच्छ बनाएर।

० आफ्नो क्षेत्रका सार्वजनिक र निजी शैक्षिक तथा स्वास्थ संस्थाहरूको सेवा सहज, सुपथ र गुणस्तरीय वनाएर। यी गर्न स्थानीय सरकार सक्षम छ। यो सरकारले विद्यमान ऐन, कानून, नियम, निर्देशकहरूको पालना गराउन सक्नुपर्छ।

२. तानसेन नगरपालिकालाई सामाजिक क्षेत्र विकास सहितको सांस्कृतिक शहरको रूपमा विकास गर्नु उपयुक्त देखिन्छ। प्राचीन दरबार संग्रहालय र दरवार परिसर, प्रसिध्द मठमन्दिर, सेन वंशीय भग्नावशेष, राणाकालीन इतिहास, नेवारी संस्कृति र जात्राका प्रचलन, टोलका नामाकरण र ऐतिहासिकता, मिनी काठमाडौंका झलकहरू सबै सांस्कृतिक शहर विकासका आधार बन्न सक्दछन्। पर्यटनको आकर्षण प्राकृतिक सौन्दर्य, हावापनी र सांस्कृतिक सम्पदाहरू नै हुन्। सामाजिक क्षेत्रमा खासगरेर गुणस्तरीय स्वास्थ्य र शिक्षा तानसेनको व्यापार र सीमाक्षेत्रका कृषि विकासका आधार हुन्।

ऐतिहासिक रूपमा तानसेनको शिक्षा र स्वास्थ्यसेवा नेपाल भित्रमात्र हैन, भारतीय सीमा क्षेत्रका बस्तीहरूमा पनि चर्चित थियो। अहिले त्यो हैसियत छैन। यसो हुनुमा चारैतिर प्रतिस्पर्धा बढ्नुमात्र कारण हैन । पहिलेको तुलनामा तानसेनको सेवाको गुणस्तर उत्कृष्ट नहुनु प्रमुख कारण हो। यस सम्वन्धमा नगरपालिकाले निम्न कार्य अगाडि बढाउन पर्दछः

० सांस्कृतिक सम्पदाको संरक्षण र विकासका निम्ति आफैले सक्ने काम आफैले र प्रदेश वा केन्द्रले सहयोग गर्नु पर्ने भएमा त्यहाँबाट सहयोग लिने गरी योजनासहित अगाडि बढ्ने काम हुनु पर्छ।

० गुठीका काम र मठमन्दिर परिसरको स्वच्छताको निरन्तर अनुगमन।

० श्री नगरमा सेन वंशीय दरवारको निर्माण र तत्कालीन इतिहास र संस्कृतिको संरक्षण

० गुणस्तरीय शिक्षा, स्वास्थ्यका मापदण्डअनुसार शैक्षिक तथा स्वास्थ्य प्रतिष्ठानको कडा नियम, अनुगमन र नियन्त्रण

० शिक्षा र स्वास्थ्य सेवाग्राहीहरूको गुनासो सुन्ने र

कारवाही गर्ने निकायको नगरपालिकामा स्थापना। सम्वन्धित प्रतिष्ठित व्यक्तिहरूको सल्लाहकार समूह गठन।

० पूर्वाधार नभएका र गुणस्तरहीन संस्थाहरूको खारेजी सरकार सेवाग्राही ठग्नेहरूप्रति निर्मम रूपमा प्रस्तुत नभै सुशासन र विकासको युग प्रारम्भ भएको जनतामा अनुभूति हुँदैन।

३. व्यवस्थित शहरी विकास तानसेनको निम्ति प्रमुख चुनौति रहेको छ। बजार केन्द्रमा र अझ त्यसका छेउछाउ अत्यन्त अव्यवस्थित रूपले घरनिर्माण भएका छन्। जसले गर्दा तानसेनको ऐतिहासिक सुन्दरता गुमेको छ, प्रकृतिको सुन्दर उपहारको दुरूपयोग भएको छ। भत्काएर अब निर्माण सम्भव छैन। केवल ढल, पानी र सडकको यथासम्भव पहुँच मिलाउने मात्रै हो। शहरी विकासका सम्बन्धमा निम्न काम गर्नु आवश्यक देखिन्छः

० प्रवेशविन्दुमा रहेको बसपार्क तुरून्त स्थानान्तरण गर्ने

० तानसेन बजारभित्र बजार प्रयोजनका सवारी साधनमात्रै प्रवेश गर्न दिने र सिधै पश्चिम जाने यातायातका साधनहरूलाई बजार प्रवेश नगराई पठाउने। जसबाट प्रदूषण, भीडभाड, दुर्घटना नियन्त्रण हुन्छ।

० स्वस्थ र स्वच्छ शहरको भावना विकास गर्ने।

० तानसेनले एउटा सानो स्याटलाइटसिटी बनाउन पर्ने नै भएकोछ, जहाँ योजनाबध्द रूपमा ठूला लगानीमा राम्रा होटलहरू, एउटा विशेष हस्पिटल, एउटा विश्व विद्यालय, कन्फरेन्स हल, खेल मैदानहरू हुनेछन्। सानो ट्र्याक पिच हुनेछ र पैदल मार्ग ढुंगा छापिएका हुनेछन्। पानी परेको ठाउँमा नै रिचार्ज होस् केही मात्रामा भएपनि। पुरानै शहरमा यी संभव छैनन्।

० प्रदूषणमुक्त तानसेन आकर्षण हो। हरियो शहर, पुराना धाराबाट पानी आउने शहर, पुरानो पोखरीमा पानी हुने शहर हाम्रो लक्ष्य।


प्रकृतिसम्मत विकास पध्दतिको यथासम्भव प्रयोगले दीगो विकासलाई सुनिश्चित गर्ने भएकाले विकास योजनाहरूको मूल्यांकन यो दृष्टीबाट गर्नैपर्छ।

उपर्युक्त सुझावहरू कति अल्पकालीन र कति बढी समय लाग्ने होलान् तर त्यसको थालनी आजै हुनु अनिवार्य छ। यो स्थानीय सरकार सावधिक हो। दिन वित्दै जान्छ। गर्न नसके अवसर गुम्छ। कठोर निर्णय गर्न सहज छैन तर योबिना विग्रेको बानी सपार्न सकिदैन, नतिजा दिन सकिदैन। विश्वका सफल नेताहरूका निर्णयहरूले हामीलाई यही कुरा सिकाएको छ। (योजना विज्ञ)

◆

# यो हो तानसेन

– नीलकण्ठ न्यौपाने



पाल्पा थियो पश्चिम राज्य सेन
निकै पुरानो इतिहास देन ।
नेपालकै तागत वीर सेन
प्रशिद्ध प्रख्यात छ तानसेन ॥ १

थियो पुरानो स्थल राजधानी
दिने कडा शासनको निशानी ।
आतिथ्यमा तत्पर तानसेन
गर्ने सधै स्वागत तानसेन ॥ २

हो वीरताको अधिको निशान
साँची रहेको स्थल स्वाभिमान ।
माया मितेरी गहिरो छ प्रेम
पाल्पा चिनो सम्झिनु तानसेन ॥ ३

चिसो हावा शीतल नाम पाटी
विशाल ढोका नगिचै छ साथी
पाल्पा चिनारी इतिहास देन
दर्बार हो संग्रह तानसेन ॥ ४

कैलाश झै श्रीनगरै छ शोभा
देखिन्छ चारैतिर दृश्य–आभा ।
जहाँ सदा उद्यमको छ देन
प्रसिद्ध निक्कै प्रिय तानसेन ॥ ५

व्यापार शिक्षा अनि स्वास्थ्यसेवा
पर्यटकीय आर्थिकको छ टेवा ।
किसान गर्छन् पौरख लेन देन
उद्योगमा चर्चित तानसेन ॥ ६

दिन्छन् चिनारी सब टोल बस्ती
गल्ली घुमी रक्षक गर्छ गस्ती ।
विशाल मैदान छ टुँडिखेल
बजार यो सुन्दर तानसेन ॥ ७


दाजिन्छ तारा–गण दीप सारा
झरे कि जस्ता नभका सिताँर।
देखिन्छ चारै तिर दीप देन
झल्किन्छ चारैतिर तानसेन ॥८

काया बढ्यो कैरन तानसेन
बजारमा गाउँ न गै भएन ।
पहाडिया सुन्दरता छ देन
घुमौं पुगेरै अब तानसेन ॥ ९

(साहित्यकार)

# तानसेनलाई कता लैजाने?

## (छोटो टिप्पणी)



-विनय कुमार कसजू

इतिहासले वर्तमान बनाउँछ र बर्तमानले भविष्य निर्माण गर्छ। तर यो कुरा पाल्पाको सम्बन्धमा लागू भएको देखिँदैन। नेपाल संघीय ढाँचामा जाँदा पाल्पाले जुन महत्व पाउनु पर्ने हो त्यो पाउन सकेन।

नेपालको इतिहास हेर्ने हो भने गोरखा राज्य विस्तार हुनु भन्दा पहिले पाल्पा राज्यको विस्तार भएको देखिन्छ। गोरखा राज्यको विस्तार भएर सिंगो नेपाल बन्ने मेसोमा पनि पाल्पाको भूमिका महत्वपूर्ण थियो।

पाल्पा राज्य भन्नाले अहिलेको पाल्पा जिल्लाको भूगोललाई सम्झनु हुँदैन। पाल्पा राज्यको सीमाले उत्तरमा तिब्बत / चीन र दक्षिणमा गोरखपुर / भारतलाई छुन्थ्यो। राणाकालमा काठमाडौँबाट विद्रोहीको रूपमा वा धपाइएर आएका राणा प्रशासकहरु पाल्पामा बेग्लै राज्यको राजाजस्तै गरी बस्थे। न्याय सम्पादनमा उनीहरूको ज्यान लिनेसम्मको अधिकार हुन्थ्यो। पश्चिम नेपालको सीमान्तसम्मका जिल्लाका प्रशासकहरूको भन्दा पाल्पाका राणा प्रशासकको अधिकार धेरै थियो।

पाल्पा दरबारमा गद्दी बैठक थियो र त्यहाँ गद्दीमा काठमाडौँका सरकार प्रमुख श्री ३ महाराजको तस्बिर राखिएको हुन्थ्यो। वास्तविक राजा म हुँ भन्ने कुरा थाहा दिनका लागि यस्तो गरिएको भनिन्थ्यो। तर खड्ग शमसेरले भने गद्दीमाथि राखिएको बीरशमसेरको तसविरलाई मखमलको पर्दा हालेर छोपेर राखेका थिए। यो कुरा गुप्तचरले काठमाडौँमा जाहेर गरेछ। अनि श्री ३ महाराजले खड्ग शमसेरसँग किन तसबिर छोपेको भनेर सोधे छ। खड्गले पनि रमाइलै र तर्कपूर्ण जवाफ दिएछ। धूलोबाट जोगाउन छोपेको भनेछ। गद्दी बैठकलाई बसन्त पंचमीको दिनमा बसन्त श्रवण गराउने चलन पछिसम्म थियो। अहिले छ कि छैन थाहा भएन।

नेपालमा प्रजातन्त्र आएपछि पनि, जिल्ला नटुक्रिँदासम्म, पाल्पा जिल्लाको सीमा र यहाँका प्रशासकको अधिकार क्षेत्र धेरै थियो। पंचायत कालमा विश्व पर्यटन संघबाट पाल्पाको पर्यटनको गुरू योजना बनाउन निरीक्षण गर्न आएका विशेषज्ञसँग पाल्पाको उही पुरानो नक्सा थियो जसमा मुस्ताङदेखि रूपन्देहीसम्मका जिल्ला पाल्पाभित्रै देखाइएको थियो। पाल्पाको पछिल्लो वास्तविक भूगोल / आकार थाहा पाएर उनी छक्कै परेका थिए।

यी भए उहिलेका कुरा जो खुइलिन थालिसकेका छन्। संघीय संरचनामा पाल्पाको गरिमा अलिकति भए पनि फर्कन्छ कि भन्ने आश अहिलेको लागि मेटिएको जस्तो छ। त्यसैले अब इतिहासमुखी वा भूतमुखी नभएर भविष्यमुखी नभई सुखै छैन। अहिलेको युग व्यापारको युग हो। व्यापारको लागि चाहिने मुख्य कुरा हुन्ः सडक, बिजुली र संचार सम्पर्क (कनेक्टिभिटी) सिद्धार्थ राजमार्ग बन्दा तानसेन ठगिएकै हो।

यसले तानसेनको विकासलाई धेरै पछि पार्‍यो। त्यसमाथि दोभानको भीरमा चल्ने निरन्तरको पहिरोले तानसेनको यातायात र बिजुलीलाई हरेक वर्ष दुःख दिइरहेको छ। २००७ साल अघि नै मोहन आकाशवाणी मार्फत काठमाडौँ सम्पर्क गर्ने तानसेनमा आधुनिक टेलिफोन सुविधा आउन पनि धेरै ढिला भयो।

भारत र चीनको तिब्बतलाई जोड्ने, प्रस्तावित विभिन्न सडकहरूमध्ये सुनौली देखि मुस्ताङ हुँदै तिब्बत जाने सडकले पनि तानसेनलाई पाखा पार्ला जस्तो छ। यो पटक पनि सडकले तानसेनलाई पाखा नपारोस् भन्ने कुरामा जनप्रतिनिधिहरु चनाखो हुनु आवश्यक छ।

पाल्पामा शिक्षा, स्वास्थ्य र पर्यटनको विकासको अवधारणा संभवतः तत्कालीन बडाहाकिम कृष्णबहादुर बर्माको पालामा, वि.सं. २०२० तिर प्रकाशित 'यो हो पाल्पा' पुस्तकमा पहिलो पटक निस्केको थियो। त्यसबेला काठमाडौँ उपत्यका बाहिर सहर भन्न लायकका एक दर्जन बस्ती पनि थिएनन्। यसैले त्यस बेला तानसेनले आफ्नै विकासको सम्भावना शिक्षा, स्वास्थ्य र पर्यटनमा देख्नु अस्वाभाविक थिएन। तर अहिले शुक्लाफाँटादेखि कोशीटप्पुसम्म र लुम्बिनीदेखि सोलुखुम्बुसम्म पर्यटनको नारा दिने हजारौँ ठाउँ निस्किसकेका छन्। चेतना, जिम्मेवारी, सुस्वाभाव, संस्कृतिको दृष्टिले पाल्पा धेरै अगाडि भए पनि प्रचारमा अरूहरूले नै बाजी मारिरहेका छन्।

अब तानसेनले विकासको लागि नयाँ सोच अगाडि ल्याउनु पर्छ। विकासको सबैभन्दा महत्वपूर्ण कुरा सडक नै हो। बुटवलबाट तानसेन आधा घन्टामा आउन सकिने आंशिक रूपमा सुरूङ सहितको द्रुतमार्गलाई पहिलो प्राथमिकता दिनु आवश्यक देख्छु। माडी फाँट छिचोलेर बुटवल निस्कने पुरानो बाटो, सम्भवत जगाते भएर, छोटो र सुरक्षित हुन्छ भन्ने सुनेको थिएँ। चार लेनको द्रुतमार्ग बन्यो भने बुटवल, सिद्धार्थनगर र लुम्बिनीका मात्रै हैन भारतको उत्तरप्रदेशका मानिसहरूको रमणीय रात बिताउने ठाउँ तानसेन हुनसक्छ। भारतीय तीर्थ यात्रीहरु रिडी र मुक्तिनाथ जाँदा आउँदा बस्ने ठाउँ बन्न सक्छ। सिद्धार्थनगरमा अन्तर्राष्ट्रिय विमानस्थल बने पछि तानसेनमा स्तरीय होटलको विकास हुन सक्छ। पर्यटनको महत्व अहिले पनि नभएको हैन तर कस्तो खालको पर्यटन, हिमाल र मन्दिरहरु हेर्ने कि, ट्रेकिङ गर्ने कि, अथवा पर्यटकलाई आवास र मनोरंजन दिने? यसबारे बहस छलफल र सम्भावनाको खोजी हुनुपर्छ।

विकासको योजना बनाउँदा जनसांख्यिकीय संरचना र चरित्र (डेमोग्राफिक स्ट्रक्चर र क्यारेक्ट) लाई बिर्सनु हुँदैन। हिँजो एउटा जाति र उमेरका मानिसहरूको बाहुल्य भएको अवस्थामा विकासका चाहना र आधारहरु जे थिए तिनै कुरा अहिलेको नयाँ डेमोग्राफिक स्ट्रक्चरमा पनि यथावत छ भन्न सकिन्न। अहिले आधाभन्दा बढी जनसंख्या युवाहरूको भएको हुनाले तथा अर्थतन्त्रमा युवाहरूको भूमिका बढिरहेको हुनाले नयाँ पुस्ताका चाहना र आवश्यकतालाई पनि ध्यान दिनै पर्छ। सबै युवाहरूले देशभित्र उपयुक्त रोजगारी पाउने सम्भावना नभएको अहिलेको अवस्थामा विदेशमा जाने युवा जनशक्तिलाई सीपयुक्त बनाएर पठाउनु अहिलेको हाँक हो। परम्परागत शिक्षा र सर्टिफिकेट अहिले विश्व रोजगारीको बजारमा अर्थहीन छ। यसैले किशोर तथा नवयुवाहरूलाई उपयुक्त शिक्षा दिनु आवश्यक छ।

टेक्निकल एजुकेसन अर्थात् प्राविधिक शिक्षामा पनि पाल्पा ठगिएको हो। नर्वेजियन नागरिक हप्टनले तानसेनमा उहिलेनै टेक्निकल स्कूल खोल्न खोजेका थिए। तर त्यसबेला उनले स्थानीयहरूबाट सहयोग पाएनन भनिन्छ। फलस्वरूप त्यो स्कूल बुटवलमा खुल्यो। अहिले तानसेनमा टेक्निकल स्कूल वा ट्रेड स्कूलको आवश्यकता छ। तर अहिलेको प्राविधिक शिक्षालय भनेको सिकर्मी देखि सूचना प्रविधि (आईटी) को जनशक्ति उत्पादन गर्ने विद्यालय हो।

आईटी अहिलेको हरेक क्षेत्रमा चाहिने सीप र शिक्षा भएकोले स्थानीय सरकारले विद्यालयहरूमा तल्लो तहदेखि नै कम्प्युटर शिक्षामा जोड दिनु आवश्यक छ। यसको लागि हरेक विद्यालयमा कम्प्युटर क्लास र कनेक्टिभिटीको लागि स्थानीय सरकारले सहयोग गर्नु पर्ने हुन्छ। कनेक्टिभिटीको लागि स्याटेलाइट भन्दा ल्याण्डलाइन सस्तो र भरपर्दो हुने हुँदा अतिद्रुत गतिले सेवा दिन सक्ने अप्टिकल फाइबरको लाइन उपयुक्त हुन्छ। बुटवलसम्म अप्टिकल फाइबर आइसकेको छ। अब बुटवलदेखि तानसेनसम्म ल्याउनु पर्छ। यसको लागि नेपाल दुरसंचार प्राधिकरणको ग्रामीण संचार कोषबाट सहयोग पाउन सकिन्छ।

कनेक्टिभिटी सरल र सस्तो भएपछि मानिसहरूले सरकारी सेवा, स्वास्थ, शिक्षा, व्यापार, बैंकिङ लगायतका सबै सेवाहरू घरमै बसीबसी सस्तो र सजिलोसँग पाउन सक्छन्। भ्रष्टाचार उल्लेखनीय मात्रामा घट्छ। समृद्धि र अवसरका सबै ढोका खुल्छन्।

चर्च, मस्जिद, गुम्बा र मन्दिर बनाएर, बृद्धबृद्धाहरूलाई तीर्थस्थलमा घुमाएर अनि यज्ञ र होम गरेर परलोक सुधार्ने कि विकासका पूर्वाधारहरु खडा गरेर, पुस्तकालय, स्कूल, कलेज, प्रविधिक शिक्षालयमा सहयोग गरेर युवाहरूलाई सीप दिएर यो लोक सुधार्ने भन्ने कुरा अहिले जनप्रतिनिधिहरूको हातमा छ। धन्यवाद।

(सूचना आयोगका पूर्व प्रमुख आयुक्त)

◆



# कीर्ति कसको ? बनेको कहिले ?
# तानसेनको भगवती,

-जगत बहादुर जोशी

## शिलाको अष्टभुजा भगवती

पाल्पा तानसेनकी भगवती रण उजीरेश्वरी भगवतीको नाऊने विख्यात छन्। बि.सं. १८७१-७२ को नेपाल-अंग्रेज युद्धपछि मात्र यस भगवतीको नाऊँ रणउजीरेश्वरी हुन गएको थियो। तत्कालीन पाल्पाका तैनाथवाला कर्णेल उजीर सिंहको नेतृत्वमा नेपाली फौजलाई अंग्रेजहरूसँग आफ्नो देशको स्वतन्त्रताको रक्षाको लागि युद्ध गर्नु परेको थियो। हिन्दू धर्मको आस्था अनुसार भगवतीलाई जगत् जननी जगन्माताको रूपमा मात्र होइन अन्याय, अत्याचार पापाचारलाई नाश गर्ने रणचण्डी, कालिका र महाशक्तिकी देवीको रूपमा पनि उपासना, आराधना गरिन्छ।

साम्राज्यवादी अंग्रेजहरूको विशाल फौज सुरसाको जस्तै मुख फैलाएर सम्पूर्ण नेपाल अधिराज्यलाई निल्न जतातत्तैबाट नेपालमाथि अरिङ्गाल झैं खनिएको थियो। यस्तो संकटको घडीमा पाल्पाका तैनाथवाला कर्णेल उजीरसिंहले युद्धमा जानुभन्दा अगाडि जुन शिलाको अष्टभुजा भगवतीको आराधना र प्रार्थना गरेका थिए, जुनशक्तिकी देवीका सामु युद्धमा विजय हासिल भएपछि भववतीको सिन्धुर यात्रा गर्ने उनले वाचा र भाकल गरेका थिए, उनी भगवतीको नाऊँ के थियो? त्यसको स्थापना कसले गरेका थिए? कहिले भएको थियो। निश्चय पनि त्यसको स्थापना उजीरसिंहबाट भएको थिएन। उनी पाल्पा आउनु भन्दा अगाडि देखिनै त्यहाँ शिलाको अष्टभुजा भगवतीको मूर्ति थियो। यसबाट पनि यस मूर्तिको स्थापना सेन शासनकालमा भएको देखिन आउँछ।


## नारायण स्थानको फूलबारी र ढुंगे परखालः

पाल्पा तानसेनको नारायणस्थान, नारायणस्थानको फूलबारी त्यसको चारैतिरको विशाल चप्लेटी ढुंगे परखाललाई अमरसिंह थापाको नाऊँमा अमरनारायण, अमरनारायणको फूलबारी र अमरनारायणको फूलबारीको परखाल भनिने गरिन्छ। वास्तवमा यी सबै अमरसिंह थापाका कीर्ति होइनन्। अष्टभुजा शिलाको भगवतीको नाऊँपछि 'रण उजीरेश्वरी' रहन गए जस्तै नारायण, नारायणको फूलबारी र परखालको नाऊँ पनि पछि जनरल अमरसिंह थापाको नाऊँसँग जोडिन गएको थियो।

१) अमरनारायण मन्दिरभित्रको ताम्रपत्रमा नारायणको मन्दिर निर्माण कार्य पूरा भएको मात्र उल्लेख भएको छ। मूर्ति स्थापना, फूलबारी, पोखरी निर्माण गरी प्रतिष्ठान गरिएको कुरा कतै पनि उल्लेख गरिएको छैन। तदनुसार मन्दिर निर्माण कार्य शाके संवत् १७२८ अर्थात् बि.सं. १८६३ मा पूरा भएको उल्लेख गरिएको छ। तर मन्दिरको माथिल्लो छानाको टुँडाल मुसीमा शाके १७३४ अर्थात् बि.सं. १८६९ कुँदिएको छ।

द्रष्टव्यः "पाल्पाको सेरोफेरो संस्कृति" लेखक कवीन्द्रमान सिंह पहिलो संस्करण पृष्ठ ४६ को पाद टिप्पणी) पाद टिप्पणीको मितिले पहिलेदेखि स्थापित नारायणको मन्दिर लाई प्यागोडा शैलीको वर्तमान मन्दिरको स्वरूप दिन करीब ५-६ वर्ष (बि.सं. १८६३ देखि बि.सं. १८६९) लागेको थाहा हुन आउछ।

२) बि.सं. १८६३ बैशाख १४ गते श्री ५ रणबहादुर शाह र




# नारायण र फूलबारी

पाल्पाका अन्तिम सेन राजा पृथ्वीपाल सेनको काठमाडौंमा हत्या भएपछि बि.सं. १८६३ जेष्ठ सुदि १५ रोज १ को मितिमा पाल्पाली राजाले काजी अमरसिंह थापालाई दिएको पाल्पाको रामपुरमा भएको बोदबाहन खेत र त्यसको घडेरीलगायत नवलपुरको गिधा गाउँ श्री ५ गीर्वाणयुद्ध विक्रम शाहको रूक्का (पत्र) बाट थमौती गरिएको छ।

(द्रष्टव्यः (क) योगी नरहरिनाथ-इतिहास प्रकाशन अंक १ बि.सं. २०१२ पृष्ठ ३६ (ख) विष्णुप्रसाद घिमिरे पाल्पा राज्यको इतिहास भाग १ पृष्ठ २३६)

यस अवस्थामा बि.सं. १८६३ भन्दा अगाडि अमर नारायणको फूलबारी फूलबारी वरिपरिका विशाल चप्लेटी ढुंगाका परखाल, पोखरी र नारायणको विधिपूर्वक स्थापना गर्न पाउने अनुकूल समय र परिस्थिति नै अमरसिंह थापाले पाउन सकेका थिएनन्। अतः यी सबै उनका कीर्ति होइनन् भन्ने कुरा प्रष्ट हुन जान्छ।



३) बि.सं. १८६८/५/१ को मितिसम्म पनि मन्दिर बनाउने, देवमूर्ति, पाटीपौवा स्थापना गर्ने, गुठी राख्ने, मन्दिरमा भजन गर्नेलाई चौध पाई, झारा, बेठबेगारी माफ गर्ने, सारा काम श्री ५ गीर्वाणयुद्धविक्रम शाहदेवको लालमोहरबाट हुने गरेको थियो। त्यस बेला (बि.सं. १८६८) सम्म पनि पाल्पाको भूभाग अमरसिंह थापाको निजी स्वामित्वमा आइनसकेको प्रष्ट हुन्छ।

(द्रष्टव्यः रजिष्टर भएको संस्था "अमरनारायण गुठी कार्य सञ्चालन समिति" को विधान २०५१ को प्रस्तावना)

४) पाल्पाका आदिवासी किराँती तथा मगरहरूले शैव र वैष्णवमत सकारेर शिव र विष्णुलाई आफ्ना कुलदेवता मान्दै आए जस्तै सेन शासकहरूले मगरहरूसँग पनि वैबाहिक सम्वन्ध कायम गरेका थिए र उनीहरूको धार्मिक मत सम्प्रदाय र संस्कृतिलाई पनि उनीहरूले आत्मसाथ गर्दै लगेका थिए।

५) किराँतीहरूको जस्तै मगरहरूको कुलदेवता पनि शिव हुनुहुन्थ्यो। पृथ्वीनारायण शाहको सेनामा विभिन्न जातिका सिपाही थिए। तिनका विभिन्न भेषभूषा पोशाक हुने गर्दथ्यो। दरबारी कवि शक्ति वल्लभले " रातो वर्ण भएका, आँखा छेउसम्म खरानी लगाएका, घाँटीमा रूद्राक्षमाला लगाएका मगर सिपाही" भनी मगरहरूको चित्रण गरेका छन्।

(द्रष्टब्यः 'नेपालको सैनिक इतिहास' – पृष्ठ २१४ सम्पादक सहायकरथी शिवप्रसाद शर्मा, डा. तुलसीराम वैद्य, डा. त्रिरत्न मानन्धर बि.सं. २०४९ (सन् १९९२)

६) किराँती तथा मगरहरूले जस्तै सेन राजाहरूले पनि शिवको सौम्य र रौद्ररूप दुबैको उपासना गर्दथें।

सौम्यरूपमा शिवलाई उनीहरूले विष्णु नारायण, सूर्य बालगोपालमा पाए भने, शिवको रौद्र रूपलाई उनीहरूले भैरवमा पाए। विष्णुको शक्तिको स्रोत उनीहरूले लक्ष्मी, गंगा, यमुना, सरस्वती, गायत्रीमा देखे भने, भैरवको शक्तिको स्रोत उनीहरूले भैरवी, कालिका, भवानी, भगवतीमा देखे। जहाँ भैरव मुर्तिसँगै राखिएकी देवीलाई कालिका अथवा भवानी स्वरूप मानिने गरिएको थियो त्यहाँ भैरवीको रूपमा पशु बलि दिइन्थ्यो, जहाँ विष्णु, सरस्वती, गायत्री, लक्ष्मी आदिको सात्विक पूजा गरिन्थ्यो, त्यस्ता ठाउँमा पशुबलि दिइन्नथ्यो।



अमरसिंह थापा

पाल्पाका आदिवासी मगर जातिको अमरनारायण मन्दिरको नारायण र पाल्पा भैरवस्थानको भैरवप्रति ऐतिहासिक परम्पराका रूपमा सेनकाल अथवा त्यसभन्दा अगाडि मगर शासनकालदेखि चलिआएको अखण्ड श्रद्धा भक्तिको विशेष रूप नै यसको साँस्कृतिक प्रमाण हो।

७) हृषिकेश र भवानी भगवतीलाई कुलदेवताकी देवी मानी सेन राजाहरूले जारी गरेका स्याहमोहरका सिरानीमा "श्री भवानी हृषिकेशौ जयत" भनी सर्वप्रथम स्थान दिएको देखिन्छ। यो चलन गन्धर्व सेन (बि.सं. १७५०-१८०९) पाल्पाका अन्तिम सेन राजा पृथ्वीपाल सेनका पालासम्म निरन्तर चलिआएका देखिन्छ।

८.) गुल्मी पुरकोटका श्री धनबहादुर सेनका पुर्ख्यौली आख्यानअनुसार वीरबल सेनका २ जम्ल्याहा छोरा जसु सेन र जगदीश सेनमध्ये जसु सेनले पुरकोटमा भवगतीको स्थापना गरेका थिए।

(द्रष्टव्यः विष्णुप्रसाद घिमिरे पाल्पा राज्यको इतिहास भाग १ पृष्ठ २५९)

महादत्त सेन भन्दा करीब दुई सय वर्ष अगाडिको सेनकालीन इतिहास ऐतिहासिक प्रमाणको अभावमा अन्धारमै रहन गएको छ। महादेव सेनका पालादेखि त्यसबेलाका ऐतिहासिक सांस्कृतिक तथा धार्मिक क्षेत्रमा थोरैथोरै मात्रामा भए पनि मिर्मिरे प्रकाश पर्न थालेको देखिन्छ।

(क) प्रभासको मुकुन्देश्वर लिङ्गको स्थापना (ख) प्रभासको वंशगोपालको स्थापना (ग) रिडीको मणि मुकुन्देश्वर लिङ्गको स्थापना (घ) श्रीनगरमा नगरको स्थापना (ङ) अमरगञ्ज भैरवको स्थापना (च) तानसेनमा सर्वप्रथम सदरमुकामको स्थापनाः महादत्त सेनबाट भएका थिए। अतः अष्टभुजा भवगती र नारायणको स्थापना, नगरबीचको फूलबारी, ढुंगे परखाल र ढुंगे परखालको ठूलो पोखरी पनि उनैको कालमा बनेका उनकै कीर्ति देखिन आउँछन्। विश्वास गर्न सकिने केही आधारहरू यस्ता छन्-

सहजानन्द स्वामी नीलकण्ठ वर्णी श्रीहरिको संसर्ग र सत्संगतमा रहेर महादत्त सेनले "शुद्ध अद्वैत मत"को "पुष्टिमार्ग" नामले विख्यात वैष्णव मतको शिक्षादीक्षा पाएका थिए।

"बुटोल नगर प्राप्ताङ महादत्तभिधोनृपः ।
माया राज्ञी स्वसा राज्ञो दृष्टवेशं विस्मय ययौ।"

(द्रष्टव्यः "श्री हरिविचरण काव्यम्" लेखक श्री गोपाल चरणदासजी स्वामीः अंग्रेजी संस्करण, एकादश सर्गको २९ औं श्लोक पृष्ठ १६९५)

अर्थात्ः श्रीहरि बुटवल नगरमा पुग्नु भयो। त्यहाँहरू राजा महादत्तसेन र उनकी बहिनी माया उहाँको दर्शन पाएर आनन्दले अत्यन्त आल्हादित भए।

उही ग्रनथ, उही सर्ग २१ औं श्लोक पृष्ठ १५९ मा यस्तो भनिएको छ।

"एकादशे बल्लभ पुष्टि वर्णनम्।
बुट्टोल राजाधिगमोपदेशनम्।।"

अर्थात श्री हरिले बल्लभाचार्य मतको व्याख्या गर्नु भई बुटवलका राजालाई उपदेश दिनु भयो।

उही ग्रन्थ, उही सर्गको ३४ औं श्लोक पृष्ठ १६६ मा भनिएको छ।

"चक्राते सेवन प्रेम्णा बासयित्वा स्वमन्दिरे।
बहुवासरमीशस्य तामया ज्ञानमदाद्धरि।।"

अर्थात्? आफ्ना अनन्य भक्ति, प्रेमले महादत्त सेन र उनकी बहिनी मायाले श्री हरिलाई हाफ्ना दरबारमा धेरै दिनसम्म बास गराए र श्री हरिले उनीहरूलाई ज्ञानको मार्ग छर्लङ्ग देखाइदिनुभयो।

१. यस मार्गमा बालकृष्णको उपासनामा निकै जोड दिइन्छ त्यसैले पनि महादत्त सेनबाट नारायण स्थानको नारायण बालगोपालको रूपमा स्थापना भएको देखिन आउँछ।

२. "नगर निर्माण गर्दा प्रति हरा विष्णु मन्दिर पनि शहरभित्र बनाउनु पर्छ " भनी कौटिल्यले भनेका छन्।

(द्रष्टव्यः "कौटिल्यको अर्थशास्त्र" ले सोमनाथ शर्मा प्रकाशकः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, प्रथम संस्करण, पृष्ठ ९२ बि.सं. २०२४) ३. इ.पू. प्रथम शताब्दीको (भारतको) घोषाण्डी अभिलेखमा

पारासारी पुत्र भागवत सर्वतातले संकर्षण वासुदेवको पूजा स्थानमो वरिपरि ढुङ्गाको परखाल लगाई नारायण बाटिका निर्माण गरेको कुराको उल्लेख गरिएको छ।

(द्रष्टव्य : वैष्णव धर्मका उद्‌गम और विकास"

लेखक सुविरा जयसवाल-अनुवाद संस्करण पृष्ठ ६४) ऐतिहासिक देवता सात्वत तथा वृष्णि नायक कृष्णको संयो जनको परवर्ती विकसित रूप नै वैष्णव धर्म हो।"

(द्रष्टव्य : वैष्णव शैव, और अन्य धार्मिक मत" लेखक : आर.जी. भण्डारकर अनुवादक महेश्वरीप्रसाद प्रथम संस्करण सन् १९७७ पृष्ठ ४०)

वल्लभाचार्य मतानुसार अमर नारायणको रथयात्रामा बालगोपालको मूर्ति राखी रथयात्रा गराइने परम्परा र शहरमा विधिवत् नारायणको स्थापना गरिने क्रममा नारायणको वरिपरि फूलबारी ढुङ्गे पोखरी आदिको निर्माण गरिने कार्य महादत्त सेनबाटै भएको देखिन आउँछ।

वर्तमान तानसेन बजार त्यसबेला जंगलले ढाकिएको थियो। श्रीनगर र तानसेनलाई नगर रूपमा विस्तार गरी सदरमुकाम बनाइने क्रममा जंगलको माझमा अमर नारायणको स्थापना गर्नुभन्दा अगाडि विघ्नहर्ता गणेशको स्थापना भयो। त्यही गणेशलाई आजकाल तहबिल गणेश भनिन्छ। कालान्तरमा नारायणको गुठी स्थापना हुन जाँदा तहबिल गणेशको गुठी नारायण गुठीसँग सम्बद्ध रहेको यथार्थले यसको पुष्टि गर्दछ। उजीर सिंहले रण उजीरेश्वरी भगवतीको मन्दिर निर्माण गर्ने बेलामा तहबिल गणेशको स्थापना गरेको भए भवतीको गुठीसँग नजिक रहेको तहबिल गणेशको गुठी सम्बद्ध हुनुपर्ने थियो, तर यस्तो देखिदैन। शिलाकी अष्टभुजा भगवतीको स्थापना कर्णेल उजीर सिंह पाल्पामा आउनुभन्दा पहिले नै भइसकेको थियो। सर्वसाधारणले आज दर्शन गर्ने भवगतीको वर्तमान स्वरूप र प्यागोडाशैलीको कलात्मक भगवतीको मन्दिर (जो आज धराशायी भइसकेको छ। मन्दिर कर्णेल उजीरसिंहका अगाध भक्ति, श्रद्धा र अमर कीर्ति हुन्।)

नेपाल-अंग्रेजको युद्धमा उजीरसिंहले शानदार सफलता हासिल गरेपछि ३ तले प्यागोडाशैलीको मन्दिर भगवतीलाई बनाई दिए। आफ्नो उचाई बराबरको गजुर मन्दिरमा जडान गरे। १८ हातको चाँदीको छत्र बनाई वर्तमान चाँदीका कलात्मक मूर्तिको स्थापना गरेका थिए।

(द्रष्टव्य : नेपालको सैनिक इतिहास पृष्ठ ४९६-९७)

बाल्यावस्थामै पिताविहीन हुन पुगेका उजीर सिंहको लालनपालन, तालिम, शिक्षादीक्षाको व्यवस्थाको सम्पूर्ण अभिभारा उनी की माता रणकुमारीले बडो दक्षतापूर्व लिएकी थिइन्। उनै माताको दूधको भारा तिर्न पनि आफ्नी आमाको नाउँका साथसाथ आफ्नो नाऊँ समेत संलग्न गराई संलग्न




उजीरसिंह थापा

गराई भगवतीको नयाँ नाऊँका साथसाथ आफ्नो नाऊँ समेत संलग्न गराई भगवतीको नयाँ नाऊँ "श्री रणउजीरेश्वरी भगवती" भनी नामाकरण गरियो।

(द्रष्टव्य : "पाल्पाको भगवती जात्रा" लेखक-कर्णबहादुर बानियाँ- 'सन्दर्भ भीम मुक्तेश्वर शिलालेख' पृष्ठ १०)

पाल्पाका अन्तिम सेन राजा पृथ्वीपाल सेनको शासनकाल राजनैतिक दृष्टिले साह्रै नै अशान्तिको काल थियो। कुनै बखत पनि ठूलाठूला षडयन्त्र, धोखा र आघात हुन सक्ने जग्जगी थियो। त्यस्तो अवस्थामा नारायणस्थानको विशाल परखाल, नारायणस्थान फूलबारी, ठूलो ढुंगे पोखरी निर्माण गर्ने जस्ता निर्माण कार्य सम्भवनै थिएन। त्यस्तै भर्खरभर्खर श्री ५ रणबहादुर शाह र पृथ्वीपाल सेनको हत्या भएको अवस्थामा शंका आशंका, षडयन्त्र धोखा, शत्रुता र वैमनष्यको विषले सम्पूर्ण राजनैतिक तथा सामाजिक वातावरण विषाक्त भइरहेको बखतमा अमर सिंह थापाबाट पनि निर्माण कार्य हुन सक्ने सम्भावना थिए। अतः उपरोक्त कुराहरूमा विचार गर्दा यी सारा कीर्तिहरूको स्थापना र निर्माण कार्य महादत्त सेनकै कालमा भएको देखिन आउछ।

(द्रष्टव्यः लेखक जीवित छँदै उपलब्ध प्रस्तुत विषयवस्तु लेखकको पाण्डुलिपिको रूपमा रहेको "पाल्पा बोल्दछ" कृतिको परिष्कृत र संक्षेपीकरणको एउटा अंश हो– प्रधान सम्पादक)

◆

# तानसेनमा बौद्ध पर्यटन



-छत्रराज शाक्य

## १. विषय प्रवेश

नेपालको विदेशी मुद्रा आर्जन गर्ने स्रोतहरूमध्ये पर्यटन उद्योग पनि एउटा प्रमुख स्रोत मानिन्छ। वर्षेनी लाखौँ पर्यटकहरू भित्रिने हुँदा विदेशी मुद्रा आर्जनमा यो उद्योगले महत्वपूर्ण भूमिका खेलेको छ। नेपालको पर्यटन उद्योगमा धार्मिक पर्यटन अन्तर्गत बौद्ध पर्यटनको महत्वपूर्ण स्थान रहेको पाइन्छ ।

भगवान बुद्धको जन्मस्थल लुम्बिनी विश्वका सम्पूर्ण बौद्धहरूको पावन तीर्थस्थल भएकोले मुख्य गरेर दक्षिण पूर्वी एशियाली देशहरूबाट वर्षेनी लाखौँ बौद्ध तीर्थयात्रीहरू लुम्बिनी दर्शनार्थ आउने गर्दछन्। पाल्पा जिल्लाको सदरमुकाम प्राकृतिक सुन्दर तानसेन नगरी, लुम्बिनीबाट नजिक मनोरम जलवायु, पर्याप्त बौद्ध विहारहरू एवम् बौद्धहरू भएको हुनाले यहाँ बौद्ध पर्यटन (Buddhist Tourism) को विकासको सम्भावना प्रचुर मात्रामा रहेको छ। तानसेन पाल्पाको विकास शिक्षा, स्वास्थ्य र पर्यटन विकासबाट नै सम्भव हुने हुँदा यसै अन्तर्गत बौद्ध पर्यटनको विकास गर्नुपर्ने आजको आवश्यकता भएको छ।

## २. तानसेनमा बौद्ध पर्यटन विकासको सम्भावना

### (क) पर्यटन उद्योगको विकास सम्भावना र स्थिति

तानसेन, मनोरम श्रीनगर डाँडाको दक्षिणी काखमा समुद्र सतहबाट ४५०० फिट उचाइमा अवस्थित ऐतिहासिक मनोरम नगर हो। यहाँको जलवायु मनोरम छ। न बढी जाडो न बढी गर्मी नै हुन्छ। प्राकृतिक वातावरण हराभरा एवम् प्रदूषणरहित र स्वच्छ रहेको छ। नेपाली शैलीका घरहरू अझै पनि पर्याप्त देखिन्छन्। बौद्ध विहार, मन्दिर, दरबार, प्राचीन स्मारकहरूले गर्दा नगर सुन्दर देखिन्छ। उच्च शिक्षा र स्वास्थ्य उपचार सुविधा स्तरीय र निकै राम्रो छ। यी विभिन्न कारणहरूले गर्दा तानसेनमा पर्यटन उद्योग विकासको सम्भावना पर्याप्त मात्रामा रहेको छ। यस सम्वन्धी आधारभूत भौतिक सुविधाहरू विस्तार हुँदैछन्। वर्तमानमा आन्तरिक र बाह्य देशबाट बौद्ध एवम् अन्य पर्यटकहरू बढी आउन थालेका छन्। पर्यटन व्यवसायिक गतिविधिहरू विस्तारै विकसित हुँदैछन्।



तानसेन श्रीनगर स्थित पारिलेय्क वनमा प्रतिष्थापित बुद्ध मूर्ति




तानसेन टक्सार स्थित महाचैत्य विहार

# विकासको सम्भावना

(ख) बौद्ध पर्यटन विकासको सम्भावना

तानसेन नगरीमा बौद्ध पर्यटकहरूलाई आकर्षित गर्न सक्ने धेरै कुराहरु विद्यमान भएकोले बौद्ध पर्यटन उद्योग विकासको प्रचुर सम्भावना यहाँ रहेको छ। तीमध्ये केही प्रमुख कुराहरूको चर्चा यहाँ गरिएको छ।

पहिलो त काठमाडौं, ललितपुरबाट बसाइँ सरिआएका शाक्य र बज्राचार्य बौद्धहरूको संख्या प्रशस्त छन्। यहाँका बौद्धहरु श्रद्धावान् एवम् सहनशील देखिन्छन्। भगवान बुद्धको वंशजको रूपमा शाक्यहरूलाई लिइने हुँदा खास गरेर श्रीलंका, वर्मा (म्यानमार) र थाइल्याण्डका बौद्धहरूले सम्मानको दृष्टिले हेर्दछन् र यी शाक्यहरूको घरमा केही दिन बस्न पाए, आफूलाई भाग्यशाली ठान्दछन्।

दोस्रो, तानसेनमा ५ वटा थेरवादी र बज्रयानी बौद्ध विहारहरु छन्। बौद्ध भिक्षु एवम् तीर्थयात्रीहरु यहाँ आनन्दसाथ बस्न सक्दछन्।

तेस्रो, बौद्ध परम्परा अनुसार बुद्ध जयन्ती महोत्सव, प्रत्येक अष्टमी, पूर्णिमा, औंसी र संक्रान्तिमा विभिन्न विहारहरूमा नियमित बुद्ध पूजा, भजन, धार्मिक कार्यक्रमहरु सञ्चालन भइराख्दछन्। सबै पर्यटकहरु विहारमा प्रवेश गरी धार्मिक कार्यक्रममा सरिक भई यसको अवलोकन गर्न सक्दछन्।

चौथो, बौद्ध परम्परागत दाफा (डाफा) भजन र ज्ञानमाला भजन विहारहरूमा सञ्चालन भइरहन्छन्। हारमोनियम र तबलाको ताल, सुर र लयमा गाइने भजनहरु पर्यटकहरूलाई रमाइलो र आकर्षक विषय हुन्छ।


पाँचौ, श्रीनगर डाँडामा बुद्धकालीन पारिलेयकको नमूनास्वरूप भगवान बुद्धको ध्यानमग्न मूर्ति र सेवारत हात्ती र बाँदरका प्रतिमा स्थापना गरी निर्माण गरिएको छ। सो स्थल रमणीय र मनमोहक रहेको छ।

छैठौं, बौद्ध पर्यटकहरूले श्रीनगर डाँडाको उत्तरी भागमा रहेको शान्त वन क्षेत्रमा ध्यान अभ्यास गर्न सक्दछन्। सातौँ, लुम्बिनीमा वर्षेनी लाखौँ बौद्ध तीर्थयात्री आउने गर्दछन् । तीमध्ये १० प्रतिशतलाई मात्र आकर्षित गर्न सकेमा तानसेनमा बौद्ध पर्यटन उद्योग फस्टाउन सक्दछ।

आठौं, बुद्ध धर्मसम्वन्धी गहन अनुसन्धान गर्न चाहने बौद्ध बिद्वान एवम् अनुसन्धानकर्ता पर्यटकहरूलाई करूणा बौद्ध पुस्तकालय बुद्ध विहार, होलाङ्दीले आवश्यक सुविधासहित सो अवसर उपलब्ध गराउदै आएको छ।

## ३. लुम्बिनीदेखि तानसेनसम्म

तानसेन पाल्पाका तत्कालीन तैनाथवाला प्रशासक जनरल खड्ग शमशेरले बि.सं. १९५३ (सन् १८९६) मा लुम्बिनीको घना जंगलमा गई सिपाहीहरूको सहयोग लिइ उत्खनन् गरी २ हजार २५० वर्षअघि सम्राट अशोकले खडा




तानसेन टुँडिखेल स्थित आनन्द विहार



तानसेन होलाङ्दी विहार

गरेको 'अशोक स्तम्भ' जो जमिनमुनि हराएको थियो, पत्ता लगाए। यसरी विश्वको पुरातात्विक इतिहासमा अतुलनीय योगदान पाल्पाबाट नै हुन गएको निर्विवाद छ। खड्ग शमशेरले उत्खनन् गरी ३ फुटसम्म अशोक स्तम्भ फेला परिसकेको अवस्थामा जर्मनीको पुरातत्ववेत्ता डा. फ्युहरर उनलाई भेट्न आएका थिए। त्यसपछि डा. फुहरर्ले स्तम्भको फोटो खिची लुम्बिनी पत्ता लागेको कुरा विश्वमा प्रचार गरे।

जापानी वास्तुकलाविद् डा. केन्जो टाङ्गेको 'लुम्विनी गुरू योजना' अनुसार लुम्विनीमा निर्माण कार्य अगाडि बढ्दै करीब ८० प्रतिशत कार्य पूरा भएको छ। वर्मा सरकारले रंगुन अवस्थित विश्व प्रसिद्ध स्वर्ण महाचैत्य श्वेदागौँ (Swedago) को नमुना अनुसार चैत्य र विहार निर्माण गरिसकेको छ। त्यस्तै अन्तराष्ट्रिय भिक्षुणी विहार, धर्मोदय सभा, नेपालको सक्रियतामा स्वयम्भू चैत्य र नेपाल परम्परागत बौद्ध समाजको नेतृत्वमा नेपाली शैलीको बौद्ध विहार तथा अखिल नेपाल भिक्षु महासंघको नेतृत्वमा थेरवादी बुद्ध विहार निर्माण भएका छन्। जापानको फुजी गुरूबाट स्थापित संस्था 'निप्योजान म्याहोजी' ले सबैभन्दा अग्लो 'विश्व शान्ति स्तुप' निर्माण गरिसकेको छ। त्यस्तै विश्वका अन्य बौद्ध देशहरु थाइल्याण्ड, श्रीलंका, चीन, कोरिया, भियतनाम, कम्बोडिया र अन्य भारत, जमर्नी आदि देशहरूबाट आ-आफ्नो देशका शैलीहरूमा बौद्ध विहारहरूको निर्माण पूरा भएको छ।

भगवान् बुद्धको पवित्र जन्मस्थल लुम्बिनी दर्शनार्थ वर्षेनी श्रीलंका, वर्मा, थाइल्याण्ड, भियतनाम, कम्बोडिया, ताइवान्, जापान, कोरिया, चीन, मंगोलिया आदि मुलुकबाट लाखौं बौद्ध तीर्थयात्री पर्यटकहरु आउने गर्दछन्। ती तीर्थयात्री, पर्यटकहरु, तानसेनप्रति माथि उल्लिखित कुराहरूले गर्दा आकर्षित भइरहेका छन्। लुम्बिनीको हावापानी साह्रै गर्मी भएकोले लुम्बिनी दर्शन गरिसकेपछि शीतल हावापानी भएको तानसेनमा रात बिताउन मन पराउँदछन् पर्यटकहरू।

लुम्बिनीबाट सिद्धार्थनगर २१ कि.मी., सिद्धार्थ नगरबाट बुटवल २५ कि.मी. र त्यहाँबाट तानसेन ३९ कि.मी. गरी जम्मा ८५ कि.मी. टाढा पर्दछ। अतः निजी बाहनबाट २ घण्टा र अरूबाट ३-४ घण्टाभित्र तानसेन पुग्न सकिन्छ।

## ४. बौद्ध पर्यटन विकास गर्ने केही सुझावहरु

माथि उल्लिखित कुराहरूबाट स्पष्ट छ कि, तानसेन पाल्पामा बौद्ध पर्यटन विकासको सम्भावना रहेको र ती गतिविधिहरूमा पनि विस्तारै वृद्धि भइरहेको छ। यस क्षेत्रमा बौद्ध पर्यटन उद्योगको विकास र विस्तार गर्नका लागि केही सुझावहरु निम्नानुसार प्रस्तुत गरिएका छन्।

(१) तानसेन बौद्ध पर्यटनस्थलको रूपमा रहेको कुरा चर्चा गरी नेपाल साथै भारतको बुद्धगया, सारनाथ र मठापरि निर्वाणस्थल कुशीनगरमा विभिन्न माधयमबाट प्रचार प्रसार गर्नुपर्दछ।

(२) लुम्बिनीबाट तानसेन सीधा राम्रो बस सेवा (Deluxe Coach Service) सञ्चालन गर्नुपर्दछ। लुम्बिनी तानसेन हेलिकोप्टर चार्टर्ड सेवा सुरु गर्नुपर्दछ। तानसेनमा यात्रु विमानस्थल (Airport) बनाउने दीर्घकालीन योजना तर्जुमा गर्नुपर्दछ।

(३) लुम्बिनीमा तानसेनको बारेमा 'सूचना एवम् सम्पर्क केन्द्र' को स्थापना गर्ने।

(४) तानसेनका विहारहरूमा भिक्षु एवम् तीर्थयात्रीको लागि आवास तथा सुविधाको विस्तार एवम् विकास गर्ने।

(५) शाक्यहरूको घरमा बौद्ध तीर्थयात्री 'गृह अतिथि' (Home stay) को रूपमा राख्ने व्यवस्था मिलाउने।

(६) तानसेनका पाँचवटै विहारहरूमा बौद्ध कार्यक्रम, ज्ञानमाला भजन बराबर व्यवस्थित ढंगबाट सञ्चालन गर्ने।

(७) स्थानीय धातु उद्योगबाट बुद्ध मूर्ति र अरू उपहार सामाग्री (Souvenir) को उत्पादन गर्ने।

(८) अन्तर्राष्ट्रिय ख्यातिप्राप्त बौद्ध विद्वान महानायक आचार्य भिक्षु अमृतानन्द महास्थविरको गुण स्मरण गरी 'भिक्षु अमृतानन्त स्मृति बौद्ध संग्रहालय' उहाँकै नेतृत्वमा निर्माण भएको बुद्ध विहार, होलाङ्दीमा सबैको सहयोगबाट स्थापना गर्न सके तानसेनमा बौद्ध पर्यटन उद्योग विकास गर्ने एउटा दरिलो आधार हुनेछ। करूणा बौद्ध संघले उक्त विहारको संरक्षण र मर्मत गर्नुको साथै भिक्षु अमृतानन्दको शालिक स्थापना गरिसकेको छ र अन्य योजना तर्जुमा गर्दै कार्यान्वयन हुँदैछ।

(९) संघनायक स्व. भिक्षु शाक्यानन्द महास्थविर आनन्द विहारमा करीब ५४ वर्ष बस्नु भएको थियो। उहाँ भन्तेज्यूको स्मरणमा 'भिक्षु शाक्यानन्द स्मृति संग्रहालय' आनन्द विहारमा स्थापना गर्न सके राम्रो हुनेछ।

(१०) विपथ्यना ध्यान शिविर र ध्यान अभ्यास कार्यक्रममा बौद्ध तीर्थयात्री एवम् पर्यटकहरूलाई पनि समावेश गर्ने गरी बराबर आयोजना गर्न सकेमा राम्रो हुनेछ।


अन्त्यमा, उपरोक्त प्रस्तुत सुझाव अनुसार कार्यान्वयन गर्न सकेमा तानसेनमा बौद्ध पर्यटनको विकास हुने कुरामा विश्वस्त हुन सकिन्छ।

(बौद्ध विज्ञ)

◆

# तानसेनको विकास

पुष्करराज रेग्मी



रिब्दिकोट उत्पत्ति हो राजा धर्मपाल सेन
रुद्रसेन शक्तिशाली श्री मणिमुकुण्द सेन
महादत्त सेनको सपना सुन्दर श्रीनगर
भव्य सभ्य अनि दिव्य त्यो तानसेन शहर

यहिंबाट शुरुहुन्छ विकासको अभियान
अभ्युदय भाषा, कला, संस्कृति र स्वाभिमान
अंग्रेजमाथि विजय भो कर्णेल जिन्दावाद
रणउजिरेश्वरी देवीको सदा आशीर्वाद

मूलढोका तानसेनको मुटु शीतलपाटी
देशमै पहिलो बत्ती बल्यो झिलिमिलि राती
शाहवंशी बैभव र राणाकालीन विकास
प्रजातन्त्र,लोकतन्त्र र गणतन्त्र निकास

दरबार राम्रो प्रतापको पानी कलधारा
शिक्षा स्वास्थ्य पर्यटन कुटीर उद्योग नारा
कालीको त्यो जल पिउन घरघरमा पाऔँ
करुवा ढाका चोली टोपी उपहारमा लाऔँ

प्राचीन तानसेन शहर काठमाण्डौँको भाइ
अर्गलीदेखि माडीसम्म नगर राज्य हाई
प्रेमप्रतीक रानीमहल ताजमहल हाम्रो
समावेशी भाषा भेष वर्ग सबै अति राम्रो

सुसाएका ती सल्लादेखि पारि हिमाल झुल्यो
सम्पदा संरक्षणमा पाल्पा संग्रहालय खुल्यो
बजार मात्र विकास होइन गाँउपनि हेर
चौध वडाकै साधन स्रोत नजाओस है खेर

बृक्षारोपण मात्र होइन संरक्षण नि गर
अदुवा कृषि फलफूल खाली जमिन भर
मलजलले सिंचित भै तिमी उर्वर बन
सबै कुरा यहि मिलोस आत्मनिर्भर बन

घर बाटो फोहर मैला ढल व्यवस्थित गर
सडकका दुबै किनारा फूललगाई भर
समेटेर नगरवासीको भावनाको कुरा
आधारभूत आवश्यकता पहिले गर्नु पूरा

विद्यालय शिक्षालयमा गुणस्तर पाउनु
अस्पताल दिनचर्या स्वास्थ्य सुधार ल्याउनु
पर्यटकीय धार्मिक क्षेत्र यहिनै हो मान
स्वरोजगार नै उद्यम हो सत्य कुरा जान

तानसेन नगर पनि हीरक वर्ष पुग्यो
हिजो आज र भोलि पनि यहि गति मै रह्यो
मैले पनि गरिहाले दिगो विकासको कुरा
तानसेनको स्वर्ण भविष्य अब कसो होला

टुँडिखेल साक्षी राखी नगरपालिका भित्र
उठजाग जनप्रतिनिधि होस्टे हैँसे मित्र
कुरा चर्को र भाषण भन्दा गर्नु हातेमालो
तिमीहरु नभइदेऊ न माकुराको जालो

पक्ष र विपक्ष भजाएर केहीहुन्न हेर
सर्वपक्षीय योजना ल्याउ किन गर्छौ बेर
परिकल्पना लागू भएमा स्मार्ट सिटी बन्छ
दार्जिलिङ्गभन्दा स्वर्ग सुन्दर तानसेन हुन्छ


विचार अनि सिद्धान्त भन्दा माथि उठेपछि
शोधखोज साँचले जित्छ मनले आँटेपछि
इतिहास वर्तमान भविष्य सबै छुनु पर्छ
अस्तित्वको रक्षा सहित विकास हुनु पर्छ

(अध्यक्ष, पाल्पा नागरिक समाज)

ऐतिहासिक पृष्ठभूमि

# तानसेन, विगतदेखि वर्तमानसम्म

(सेनकालीन तानसेन)



-निर्मल श्रेष्ठ

नेपालको नयाँ राज्यसंरचना अर्न्तगत पाँच नम्वर प्रदेशको पाल्पा जिल्लाको दशवटा स्थानीय तहमध्ये तानसेन नगरपालिका एक हो। कालीगण्डकीको किनारमा अवस्थित हृषीकेशव भगवानको पाउदेखि माण्डव्य ऋषिको विचरणस्थल तिलोत्तमा नदीको शिरसम्म फैलिएको तानसेन प्राकृतिक मनोरम छटाले जति सुन्दर छ उत्तिनै मानव निर्मित दोश्रो प्रकृतिले पनि धनी छ। ऐतिहासिक, धार्मिक एवम् साँस्कृतिक धरोहरहरू तानसेनको थप गहनाहरू हुन्। यी धरोहरहरूको उपस्थितिले तानसेन पर्यटकीय गन्तव्य बनेको छ। सेनकालदेखि तानसेन नामबाट यस ठाउँ परिचित हुँदै आएको छ। तानसेनलाई सिगार्ने काम सेनकाल, शाहकाल र राणाकालका शासकहरूबाट भएको थियो भने सातसालको परिवर्तन पछि संधीय लोकतान्त्रिक गणतन्त्र नेपालसम्म आई पुग्दासम्मका जनप्रतिनिधिहरूबाट तानसेनको विकास, निर्माण र यसको सुन्दरता थप्ने काममा कुनै कमी रहेको छैन्। तानसेनलाई अहिलेको आँखाले मात्र हेर्दा तानसेनको विगत र वर्तमानलाई सहमेल गर्न सकिदैन। तानसेनलाई सेनकालीन राजा रूद्रसेनदेखि संघीय लोकतान्त्रिक गणतन्त्रसम्मका धरालेहरूका काम कुरालाई तानसेनसँग जोड्नु पर्ने हुन्छ।

## नामाकरणः

"मगरात' खास गरेर 'बाह्र मगरात'को भू-भाग भित्र समेटिएको यस तानसेन, प्राचीनकालमा कुन नामले चिनिन्थ्यो, यसको इतिहास के थियो, ती कुराहरू इतिहासको महाविष्मरण सागरमा विलिन हुन पुगेको छ। नेपालको मध्यकालीन इतिहासमा अहम भूमिका खेलेका चरितनायकहरू सेनवंशीय पाल्पाली सेनराजाले जारी गरेको स्याहामोह तानसिंघ' भनेर उल्लेख भएको पाइन्छ। यस कुराले सेनकालदेखि नै यस ठाउँ तानसेनको नामबाट परि चित थियो भन्ने पुष्टि हुन आउँदछ। तर यस ठाउँको नाम तानसेन, कसरी रहन गयो भन्ने कुरामा जिज्ञासा उठनु स्वभाविक हो। अघि यस भेकमा मगरहरूले शासन गरेकोले 'मगर ात राज्य' भन्ने गरिन्थ्यो। मगरहरूले राज्य संञ्चालन गरेकाले यस भेकमा मगर भाषा र संस्कृतिको बेसनी प्रभाव थियो। अहिलेसम्म पनि मगर भाषा र मगर संस्कृति कुनै न कुनै रूपमा यस भेकमा जीवन्त रही आएको छ। पाल्पा र पाल्पाको सेरोफेरोका धेरै जसो स्थानहरूको नामाकरण मगर भाषामा रहेको पाइन्छ। सोमाडी, केराडी, केलाडी (घाट), कुसुमडी (कुसुमखोला), बाहुनडी (छेर्लुङ), पाखण्डी (नायर नम्तलेस), बैराडी (छेर्लुङ), धर्मनडी (छेर्लुङ), बराङ्डी, लेकाडी (कुरूङखोला), मैनाडी, होलाङडी, धोवाडी (हुमीन), खुल्लकडी (चिडीपानी), सपनडी (चुत्राभञ्ज्याङ), रिडी, रामडी, रिपडी (रिप्दीकोट), रिपडी (बराङदी अर्चले), धुवाडी, रिड्डी र पागडी (गल्धा), लामडी (यम्घा), करौडी (ख्याहा), गुरूङ्डी (साविकको श्रीकृष्ण गा.वि.स., स्याङ्जा), फरूङ्डी (ताहूँ), धाराडी (बौघा पोखराथोक), भुटुकडी, जबगाडी, क्वाडी, ग्वाडी, व्याडी, पाँडी (विर्घा), कँराडी, बजाडी, निमडी (तानसिङघल) जस्ता ठाउँहरूको नाम मगर भाषाको 'डी' याने 'पानी'सँग जोडिएर नामाकरण भएको पाइन्छ।

यसै गरी मगर भाषामा 'टुङ' जसले 'नजिक' वा 'सँगै', भन्ने बुझाउँछ। त्यस 'टुङ' शब्दसँग जोडिएर खयरटुङ, मिगरटुङ, मिजारटुङ (अर्तुङगा), वर्तुङ(तानसेन), वीरतुङ (छर्लेङ), धुसटुङ (पालुङ), चिर्तुङ (चिर्तुङधारा), रिटुङ (ठिमुरे), अर्टङ (अर्टुङा), छाङटुङ (खानीगाउँ), ताकाटुङ (बहादुरपुर), फुकटुङ, मुनटुङ (देवीनगर), भरेकटुङ (यम्घा) आदि ठाउँहरूको नामाकरण भएको पाइन्छ भने मगर भाषा 'लुङ' जसले 'ढुङ्गा' भनेर अर्थाउँछ। 'लुङ' शब्दसँग जोडिएर लुङ (बौघा पोखराथोक), छेर्लुङ (बौघा गुम्हा), जन्तिलुङ (मस्याम), भकारलुङ (फेक) आदि ठाउँहरूको नामाकरण भएको छ। मगर भाषामा 'सिङ' भन्नाले 'काठ' भन्ने जनाउँछ।



चित्र– मुकुन्दसेन प्रथम

'सिङ' शब्दसँग जोडिएर विभिन्न काठहरू जस्तै गुमानसिङ (उत्तीस), टाकापसिङ (काब्रो), मासिङ (कुकाठ), सार गान सिङ (कोईरालो), चाङसिङ (गुहेलो), छाङसिङ (चिलाउने), ठानसूटसिङ (चुल्हेलो), भानिकसिङ (पैयू), डानसिङ (एक प्रकारको सल्ला), फोकसिङ (साल), छानसिङ (एक प्रकारको सल्ला), ठानसिङ (सल्लाको प्रजाति) नामाकरण भएको पाइन्छ। साथै यस ठाउमा प्रसस्त पाइने सल्लाको प्रजातिमध्ये 'टानसिङ' पनि एक हो। 'टानसिङ' सल्ला प्रजातिको काठलाई कपडा बुन्ने तान बनाउने काठको रूपमा प्रयोग गर्ने गरिन्थ्यो। यहाँका रैथाने मगरहरूले पहिलेदेखि नै आफैले बुनेका कपडा लगाउने गर्दथे, जसलाई 'घरबुना' याने 'घरमा बुनेको कपडा' भनेर भन्ने गरिन्थ्यो। कपडा बुन्न अरू काठभन्दा 'टानसिङ' प्रजातिको सल्लाको काठ असल र उत्तम हुने र उक्त 'टानसिङ' प्रजातिको सल्लाका रूखहरू यस ठाउँमा प्रसस्त पाइने हुनाले यस ठाउँको नाउँ 'टानसिङ' रहन गएको देखिन्छ । मगर भाषामा 'ण', 'त', 'थ', 'द', 'ध', 'ष', 'श', 'क्ष', 'त्र', 'ज्ञ' अक्षरको प्रयोग हुँदैन 'ण' को ठाउँमा 'न', 'त' को ठाउँमा 'ट', 'थ' को ठाउँमा 'ठ', 'द' को ठाउँमा 'ड', 'ध' को ठाउँमा 'ढ', 'ष' र 'श' को ठाउँमा 'स', 'क्ष' को ठाउँमा 'छे', 'त्र' को ठाउँमा 'टर', 'ज्ञ' को ठाउँमा 'ग्या' प्रयो ग हुने गर्छ । यसरी मगर भाषाको प्रकृतिलाई नियाँल्दा मगर भाषाबाट 'टानसिङ' भनि नामाकरण हुन गएको यस ठाउँको नाउँ समयको अन्तरालसँगै 'टानसिङ'को बोलीचाली फेरिदै 'तानसिङ' हुँदै 'तानसेन' रहन गएको देखिन्छ ।

गंगाको तटियक्षेत्र प्रयागको सेरोफेरोमा धेरै पुस्तासम्म सेनहरूले राज्य गरेका थिए। उनै सेनवंशका सन्तान तुथा (तुला) राय सेनले मुसलमानहरूको आक्रमण भएपछि राजपुरमा आई 'राजपुर राज्य' खडा गरी राज्य संञ्चालन गरेका थिए। 'राजपुर राज्य' चुरेको तलहट्टिको तराईको ठूलो भागलाई ओगट्नुका साथै पहाडको रिब्दीकोटसम्म फैलिएको थियो। उनले तराई र पहाडमा एकिकृत राज्य वि.सं. १३०६ देखि वि.सं. १३४६ सम्म संञ्चालन गरेका थिए। उनका सन्तान रूद्रसेन (वि.सं.१५५०-१५७५) पाल्पाका राजा भएका थिए। पाल्पाराज्यलाई सुव्यवस्थित बनाउन रूद्रसेनले यस ठाउँमा रहेको घना जंगललाई फडानी गरी 'तानसेन' नामको बस्ती बसाएका थिए। तानसेन नगरपालिका वडा नं. ७ प्रभासमा रहेको शिवालयमा शाके सम्वत् १४१४(+१३५= वि.सं.१५४९) मिति उल्लेख भएको शिलालेखमा राजा रूद्रसेनको नाम सहित 'उभय शिवाय मनुमिन्द्र गते कि १४१४ शाक उदैई सू त्र-ा दा धर्मे ण रू द्री विर सेन राजा ये' भनि उत्कीर्ण गरिएकोले 'प्रभास क्षेत्र' जुन समग्र तानसेनको स्थापनासँग गाँसिएको छ, सेनराजा रूद्रसेनले गरेका देखिन्छ। तानसेन नामको बस्ती रूद्रसेनले बसाएका हुन भन्ने थप पुष्टि उनका सन्तान मुकुन्दसेन द्वीतीयको जारिगरेको स्याहामोहरले नजिक ल्याएको छ।



मुकुन्देश्वर शिवालय, प्रभास

श्री रामः
पत्र सही
१. स्वस्ति श्री श्वरश्र्चरणपूर्वकरूपनारायणेत्यादि विविधविरूदावलि
२. विराजमानमानोन्नत श्रीमहाराजाधिराज श्री श्री श्रीमन्मुकुन्द सेन
३. देवानां सदा समरविजयिनाम्.......................
४. आगे. विश्वेश्वर पाध्याकै तानसिंघ से सिषन विर्ति रहल सेसदर्थि
५. दिहल तेकन सिवान पुर्व वोर पैडा सांध दषिन वोर वौघाकै पैडा
६. सांध पछिम वोर तिवारिकै विर्ति सांध उत्रर वोरषोला
७. सिवान कै दिहल कुशदिय निहा समेत मरमामिला मिति सनि
८. साहि समत १८१८ साल मिति कार्तिक वदि ११ मुकाम पाल्पा
९. शुभम्..............................................

उक्त मुकुन्दसेन द्वीतीयको स्याहामोहरमा विश्वश्वर उपाध्या नाम उल्लेख रहेको छ भने निजको ठेगाना 'तानसिंघ' भनि जनाइएको छ। मगर भाषामा 'घ' वा 'घा' ले 'बस्ती' भन्ने जनाउँछ। 'तानसिंघ' याने 'तानसेन नामको बस्ती'मा बस्ने विश्वेशवर पाध्यालाई गरिदिएको स्याहामोहर बाट मुकुन्दसेन द्वितीयभन्दा पहिलेदेखि नै यस ठाउँलाई 'तानसेन' भनिदो रहेछ भन्ने कुरा बोध हुन्छ। तानसेन नामको बस्ती बसाउनुका साथै राजा रूद्रसेनले प्रभासमा शिवालय लगायत तानसेनको मध्यभाग जहाँ अहिले प्रख्यात रणउजीरेश्वरी भगवती माइको मन्दिर रहेको छ, त्यस स्थानमा प्रस्तरको महिषासुर मर्दिनी भगवतीको मूर्ति स्थापना गरी 'दुर्गा पञ्चायन' मन्दिर निर्माण गरेका थिए। रूद्रसेन पछि उनका छोरा मणि मकुन्दसेन प्रथम पाल्पाराज्यको राजा भएपछि उनका पालामा पाल-सेन शैलीका मूर्तिहरूको निर्माण गरेका थिए। शिखर शैलीका हृषीकेश मन्दिर र मुकुन्देश्वर शिवालय एवम् राजपूतानाको माउण्टेन टेम्पल प्यालेस शैलीबाट पाल्पा भैरबको मन्दिरको निर्माण पनि उनले गरेका थिए। पाल-सेन शैलीका मूर्तिहरूमा रिडी, कालीगण्डकीको तटमा रहेको हृषीकेश मन्दिर भित्र रहेको हृषीकेश भगवानको मूर्ति, प्रभासको वंशगोपाल र हरिहरका मूर्तिहरूको निर्माण मुकुन्दसेन प्रथमको पालामा भएको थियो।


हृषीकेश रिडी

राजा मणि मुकुन्दसेन प्रथमले यस प्रभासमा शिवालय बनाइ नुहाउने पोखरी, सूर्यकुण्ड निर्माण गरी उक्त पोखरीमा गुजरातको कठियावादमा अवस्थित श्री सोमनाथको मन्दिर जो 'प्रभास क्षेत्र' भनेर प्रसिद्ध हुनुका साथै द्वादश ज्योतिर्लिंगमध्ये प्रथम ज्योतिर्लिंग मानिन्छ, त्यस ठाउँबाट पवित्र जल ल्याई सो जललाई यस कुण्डमा मिसाई यस क्षेत्रलाई पावन 'प्रभास क्षेत्र' नामाकरण गरिएका थिए। उनको पालामा शैवमतको प्रधानता थियो। सेनराजाहरू शैवमार्गी र शिवभक्तको रूपमा प्रसिद्ध थिए। सेनराजाहरूले विभिन्न स्थलहरूमा शिव प्रतिमाहरू स्थापना गरेको पाइन्छ। मुकुन्दसेनको पालामा जमिन दान गर्नु, तीर्थयात्रा गर्नु आदि सामाजिक प्रतिष्ठा वृद्धि गर्ने मापदण्डको रूपमा लिने गरिन्थ्यो। भारतमा मुगल साम्राज्यमा हिन्दूहरूको लागि दुई प्रकारको कर लगाउने गरिन्थ्यो। हिन्दू तीर्थ यात्रीहरूलाई तीर्थ यात्रा कर अर्थात' कर्मी' र हिन्दूहरूलाई तीन तहमा वर्ग कायम गरी 'जजिया' कर लिने गरिन्थ्यो। एकातिर तीर्थयात्रा कर 'कर्मी' को भार थियो भने अर्कोतिर सेनवंशीय राजाहरू शैवमार्गी भएर प्रसिद्ध भएका हुनाले धार्मिक कार्य र तीर्थयात्रा जस्तो पुण्यकार्यलाई आफ्नो जीवनशैली बनाएका थिए। उमेर एवम् त्यसबखतको यातायातको असुविधालाई ध्यानमा राखी कठियावादको 'प्रभास क्षेत्र'बाट जल ल्याई सूर्यकुण्डमा मिसाउनुका साथै सोमनाथ मन्दिरको शिखरशैली ढाँचाको शिखरशैलीमा शिवालय निर्माण गराई यो क्षेत्रलाई 'प्रभास क्षेत्र' नामाकरण गरेका थिए भन्ने जनश्रुति रहेको छ।

मणि मुकुन्दसेन प्रथमका सन्तान मुकुन्दसेन द्वीतीयका छोरा महादत्तसेनले गोर्खालीहरूको राज्यविस्तार अभियानलाई सघाए बापत अर्घा, खाँची र गुल्मी राज्यहरू उपहार स्वरूप

प्राप्त गरेका थिए। पाल्पाराज्यलाई सुव्यवस्थित बनाउन र राज्य संञ्चालनलाई सहज बनाउने हेतुले महादत्तसेनले 'श्रीनगर शहर' बसाइ श्रीनगरलाई पाल्पाराज्यको नयाँ राजधानीको रूप दिएका थिए । यस ठाउँको नामाकरण 'श्रीनगर' हुनुमा यस 'श्रीनगर शहर' अति नै सुन्दर भएको अनुमान गर्न सकिन्छ। 'श्री'अक्षरले 'प्राचुर्य' 'समृद्धि'लाई अर्थ्याउँछ। यसरी नै 'श्रीनगर'लाई 'तजभ अष्तथ या बदगलमबलअभ' पनि भन्ने गरिन्छ। महादत्तसेनले 'श्रीनगर शहर' बसाल्दा तानसेनको टुनिखेल मुनि अमरगञ्जको बगलमा वटुक भैरवको मूर्ति स्थापना गरी सुन्दर मन्दिर निर्माण गरेका थिए। उक्त मन्दिर विभिन्न समयकालमा पुनर्निर्माण हुँदै अहिलेको अवस्थामा आई पुगेको छ। तर मन्दिरमा सुनको मोलम्बो चढाइएको अजङ्गको गजुरलाई हेर्दा अतीतमा यो मन्दिर कति सुन्दर थियो होला? अनुमान गर्न गाह्रो पर्दैन। मन्दिरको गर्भगृहमा वटुक भैरबको भयानक मूर्ति स्थापित छ। उक्त मूर्तिको अगल बगल विभिन्न देवी देवताहरूको मूर्तिहरू रहनुका साथै मूर्तिको समिप सदियौंदेखि इतिहासलाई कुरूप्प बोक्दै आएको वि.सं. १८४४ मिति अंकित 'श्रीनगर शहर' बसाएको भनि उल्लेख भएको शिलालेख रहेको छ। २४ इञ्च उचाइ, १८ इञ्च चौडाइ र ५ इञ्च मोटाइको यस शिलालेखमा तपसिलका बाईस हरफहरू इनकार्भिङ् गरी उत्कीर्ण गरिएका छन्ः

१. श्री जय भैर

२. वनाथ गुरू पुराहि

३. त गंगाधर......देव......जिका

४. .....हिषि....तिमुरत..........का

५. दीपणा..... ...... .....प्रतिदिन

६. छ फटीकमणि....शिला वर्सत....... ......

७. सव्जन परिवृतो..... ........प्रसादात्

८. स्वस्ति श्री विक्रमादित्इ राज्यातित संवत्

९. १८४४ श्री शालीवाहनीय शाके १७०९

१०. सन् ११९४ स्वस्ति श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीम

११. न्महदत्त सेन मन्ममरत नाम कइल कै महाराजा के

१२. ....प्रसाद से पाल्पाकै श्रीनगर शहर बनाई

१३. व सइ्ल. तउन समयकै साहेव श्री चिरन्जिवी पृथ्वी

१४. पालसेन, महाराजकै भाइ श्री शुरवीर सेन श्री

१५. करवीर सेन श्री चन्द्रवरि सेन. साहेवकै भाइ चौतरि

१६. या श्री रणबहादुर सेन. लज्दरा श्री शमरबहादुर

१७. सेन. देवान सगमलाल सर्दार उपेन्द्र कार्की. ष

१८. जांची चिन्तामणि. मुन्सि विश्वेश्वर कारिगृह

१९. धंजु द्वरोगो मोतीराम द्वारिया चुरामणि कार्की

२०. विरया रउत. मिहिनत २६ हजार पंचकै लि

२१. खक ज्योतिर्वित काशिराम खरिदार शभं.........

२२. भूयात्.....................................

उक्त शिलालेख सेनकालीन सेनशैलीलाई पूर्णतया अवलम्वन गरी आफ्ना छोरा पृथ्वीपाल सेन, भाइ भार-दारहरू लगायत सरदार उपेन्दसिं कार्कीको नाम पनि उत्कीर्ण गरिएको छ। शिलालेखमा २६ हजार पंच उल्लेखित हरफले यस श्रीनगर शहरमा २६ हजार कुरिया रहेको भन्ने बुझिन्छ। यसको साथै महादत्तसेनले हाल अमर नारायण मन्दिर रहेको स्थानमा स्वामीनारायणको मन्दिर निर्माण गरेका थिए। मन्दिर निर्माणको विधिविधान अनुसार मन्दिर निर्माण गर्दा पोखरी एवम् उपवनको पनि निर्माण गरेका देखिन्छ। महादत्तसेनका छोरा, सेनवंशका अन्तिम राजा पृथ्वीपालसेनले संस्कृत भाषाको विकास गरेका थिए। उनी आफै पनि संस्कृत भाषाका मर्मज्ञ थिए। पृथ्वीपालसेनद्वारा रचित 'प्रसाद कौमुदी'ले तानसेनमा संस्कृत भाषाको विकासा खातिर संस्कृत पाठशालाहरूको स्थापना गरेको हुन सक्ने कुरालाई नकार्न सकिदैन। यसको साथै यहाँ मैथली, थारू भाषाको प्रचलन र विकास भएको पृथ्वीपालसेनले जारी गरेको स्याहामोहरहरूबाट पुष्टि गर्दछ।

यसरी सेनकालमा संस्कृत, प्राचीन खस, मैथली, थारू भाषाको विकास, शिखर र माउण्टेन टेम्पल प्यालेस शैलीको स्थापत्यकलाको संवर्द्धन र प्रवर्द्धन, पाल-सेन शैलीका मूर्तिकलालाई टेवा दिनुका साथै सेनकालीन साँस्कृतिक एवम् ऐतिहासिक सराँय, गीतगोविन्द आदि संस्कृतिको विकास र सवर्द्धन हुन गएको देखिन्छ। ती 'पाल्पाली सभ्यता' थियो। जुन इतिहास, कला र संस्कृति तानसेनको ऐतिहासिक, धार्मिक र साँस्कृतिक धरोहरको रूपमा रही आएको छ।

## सन्दर्भ सामग्रीहरू :

१) मगर-रोमन-नेपाली-लिम्बू-अँग्रेजी संक्षिप्त शब्दकोश

२) मगर भाषा

३) प्राचीन मगर र अक्खा लिपि

४) पालपाली सेन, पालपा देखि पुरकोट सम्म

५) मुगलकालीन भारत का राजनीतिक एवं सांस्कृतिक इतिहास

६) संस्कृत-हिन्दी कोश

७) East-India gazetteer

८) Sacred Complex Of Ruruksetra

क्रमशः (लेखक तथा इतिहासकार) ◆

# तानसेन पाल्पाको ऐतिहासिक र

ऐतिहासिक, धार्मिक तथा प्राकृतिक विविधताका हिसाबले तानसेन पाल्पा नेपालभरि नै प्रसिद्ध छ। सेनवंशीय राजाहरूको राजधानीको रूपमा रहेको पाल्पा राणाकालीन अवस्थामा पनि महत्वपूर्ण गौडाको रूपमा रहेको थियो। भौगोलिक बनावटको दृष्टिले तानसेन पाल्पा समथर भूभाग भन्दा केही उच्च पहाडी भेगमा सुरम्य भौगोलिक रचनाको रूपमा रहेको छ। पाल्पाको श्रीनगरलाई भ्यू टावर नै भने पनि हुन्छ। यहाँबाट नेपालको धौलागिरीदेखि गौरी शंकरसम्मका हिमाली श्रृङ्खला दृश्यावलोकन गर्न सकिन्छ। धौलागिरी, अन्नपूर्ण, माछापुच्छे, मनास्लु, गणेशहिमाल र गौरीशंकर हिम श्रृङ्खलाका मनमोहक दृष्य अवलोकन गर्न परे पाल्पा तानसेनको श्रीनगर आए हुन्छ। नेपालमा एकै स्थानबाट धेरै र लामो हिम दृश्य हेर्न सकिने एकमात्र स्थान तानसेनको श्रीनगर मात्र हो।

ऐतिहासिक महत्वको स्थलबारे चर्चा गर्दा तानसेनको अमरनारायण मन्दिर, रणउजीरेश्वरी भगवती मन्दिर, पाल्पा दरबार, तानसेनको तीनसाँचा, नेपालकै ठूलो काठको मूलढोका, शीतलपाटी, टुँडिखेल, एशियाकै ठूलो त्रिशुल भएको रिब्दीकोट गाउँपालिकास्थित भैरवस्थान मन्दिर, अर्गली दरबार र कालीगण्डकीको जलप्रवाह स्थलबाट जगहाली बनाइएको रानीमहल आदिले पाल्पाको ऐतिहासिक वीरता, धीरता र शुरताको प्रदर्शन गर्दछ।


माथि उल्लेखित ऐतिहासिक स्थलहरूको यहाँ छोटकरीमा चर्चा गरिन्छ।

## अमर नारायण मन्दिर


यो मन्दिर कलात्मक काष्ठकलाद्वारा निर्माण गरिएको छ। अमरसिंह थापा पाल्पाको प्रशासक भएपछि बि.स. १८०६मा चतुर्वाहु नारायणको मूर्ति स्थापना गरी यो मन्दिर बनाए। उक्त मन्दिरको नाम अमरनारायण मन्दिर राखेका थिए। यो मन्दिर नेपाली प्यागोडा शैलीमा बनाइएको छ। तीन तले मन्दिरको पहिलो र दोस्रो छानामा झिगटी तथा, तेस्रो छानामा पितलको छानाले छाइएको छ। नेपाली छाने शैलीको मन्दिरहरूमा पश्चिम नेपालको ठूलो मन्दिरमध्ये यो एक हो। काष्टकलाको अद्वितीय नमूना छ यहाँ। यो मन्दिरको वरिपरि पर्खालले घेरिएको छ। मन्दिरको परिसर भित्र ठूला दुई पोखरी र फूलबारीको पनि निर्माण गरिएको छ। फूलबारीमा चमेरा रहेका छन्।

## रणउजीरेश्वरी (भगवती मन्दिर)

यो मन्दिर तानसेनको बीच भागमा छ। पाल्पाका तैनाथवाला कर्णेल उजीरसिंह थापाले यो मन्दिरको निर्माण गर्नु अघि पनि यहाँ तानसेनमा भगवतीको सानो मन्दिर थियो। बि.सं. १८७१-७२ मा अंग्रेजहरूले नेपालमा आक्रमण गरे। लडाइँमा जानु अगाडि उजीरसिंह थापाले शिलाको अष्टभुजा भगवतीसँग मैले यो युद्ध जितेमा तपाईको रथयात्रा भब्य रूपमा गर्नेछु भनी भाकल गरी युद्धमा गए। युद्धमा विजयी भएपछि उनले विधिवत मन्दिर निर्माण गरी जात्रा चलाएका



तानसेन अमरनारायण मन्दिर



रणउजीरेश्वरी (भगवती मन्दिर)

# धार्मिकस्थल बारे संक्षिप्त चर्चा

थिए। युद्धसँग सादृश्यता रहेकोले यो मन्दिरको नाम, रणउजीरेश्वरी रहन गएको हो। सो मन्दिरमा आज पर्यन्त विजय उत्सवको रूपमा जात्रा गरी सरकारी मान्यता साथ नगरपरिक्रमा गर्ने परम्परा छ। भगवती रथयात्राको दिनलाई अहिले पनि विजय उत्सवको रूपमा मनाउने गरिएको छ।

## तीन साँचा


तत्कालीन समयमा नोटको चलन थिएन। पाल्पा तानसेनको टक्सारमा मुद्रा छाप्ने र सुरक्षाको लागि तीन साँचाको प्रबन्ध गरिएको थियो। उक्त स्थानमा २५०० सम्मको रकम भएमा एउटा साचो, ५०००० सम्मको रकम भएमा दुई साँचो र १०००० सम्मको रकम भएमा तीन वटा साँचो प्रयोग गरिने भएकोले यसको नाम तीन साँचो राखिएको थियो। तत्कालीन समयमा तैनाथवाला कर्णेल, वडाहाकिम र तीन साँचाको हाकिमले एक एकवटा साँचो राख्ने गर्दथे। हाल यो तीन साँचा जिल्ला समन्वय समितिको परिसर भित्र रहेको छ। शीतलपाटी मूल ढोका हुँदै त्यहाँ पुग्न सकिन्छ।

## पाल्पा दरबार संग्रहालय


पुनः निर्मित पाल्पा दरबार हाल पाल्पा दरबार संग्राहलयको रूपमा प्रयोग गरिएको छ। शुरूमा यो दरबार नेपाली मुगल र बेलायती शैलीको मिश्रण गरी झिगटीको छाना लगाइ बद्रिनरसिंह राणाले निर्माण गरेका थिए। यो जीर्ण भएपछि यसलाई भत्काइ सोही ठाउँमा प्रताप शम्शेरले नयाँ दरबार निर्माण गरे। यो दरबार करिब ८ रोपनी क्षेत्रफलमा फैलिएको थियो। पछि यो दरबारमा केही सरकारी कार्यालय र वडाहाकिम निवास थियो। २०६२/१०/१८ गते तत्कालीन जनयुद्ध कर्ता नेकपा माओवादीले दरबार पूर्ण रूपमा ध्वस्त गराएका थिए। जनताको माग अनुसार अहिले पहिलेको जस्तो गरी पुनः निर्माण गरिएको छ। यस दरबारमा चार तला बैठक कक्षसहित ४५ कोठा र २ बुर्जा रहेका छन्। यसलाई ५ नं. प्रदेशस्तरीय संग्रहालय बनाउनु पर्ने आवश्यकता देखिन्छ।

## तानसेनको मूल ढोका

तानसेन शीतलपाटी चोकमा अवस्थित यो काठको मूलढोका, नेपालकै सबै भन्दा ठूलो ढोका मानिएको छ। यो ढोका तत्कालीन तैनाथवाला, बद्रिनरसिंह कुँवरले बि.सं. १९११ देखि १९३० सम्ममा लागेर निर्माण गर्न लगाएको इतिहासकारहरू बताउँछन्। यो ढोका पाल्पा दरबार र रणउजीरेश्वरी भगवतीको मुख्य प्रवेशद्वार मानिन्छ। यो ढोका भगवती जात्राको दिनमात्र पूरा खुल्छ। अरू समयमा ढोकाको एउटा खापामा बनेको सानो ढोकाबाट भित्र बाहिर गर्ने गरिन्छ। २०६२ साल माघ १८ गते माओवादी जनयुद्धको बेला दरबार ध्वस्त पार्ने क्रममा यो ढोकामा पनि आंसिक रूपमा क्षति पुऱ्याइएको थियो। पछि मर्मत गरी पहिलाको जस्तै बनाइएको छ।



पाल्पा तानसेन दरवार संग्रहालय



तानसेनको मूल ढोका



तानसेन टुँडिखेल



तानसेन शीतलपाटी

## टुँडिखेल


पाल्पाको टुँडिखेल अहिले तानसेन नगरको प्राङ्गण (आँगन) को रूपमा रहेको छ। यसको निर्माण बि.सं. १८६३ सालमा अधिग्रहण गरी सेनालाई कवाज खेल्नको लागि अमर सिंह थापाले गरेका थिए। यो भन्दा अगाडि यस ठाउँमा खेतीपाती गर्ने गरिन्थ्यो। यति ठूलो टुँडिखेल पहाडी क्षेत्रमा अन्यत्र बिरलै देख्न पाइन्छ। टुँडिखेलको संरक्षणमा नगरपालिकासँगै नगरवासीको सहयोगको समेत भूमिका रहनु पर्ने देखिन्छ।

## शीतलपाटी

शीतलपाटी तानसेन बजारको बीचमा रहेको छ। अहिले यो पाटी तानसेनको पहिचान भएको छ। यस पाटीको निर्माण बि.सं. १८६३ मा खड्ग सम्शेरले गरेका थिए। पहिले चतुर्मास भरी यहाँ पुराण बाचन गर्न लगाइन्थ्यो। २००७ सालपछि नेताहरूले यसलाई भाषण गर्ने मञ्चको रूपमा प्रयोग गर्थे। यसको चारैतिर फूलबारी बनाएर सिंगारिएको छ।

## रानीमहल (रानीघाट दरबार)

पाल्पा जिल्लाको सदरमुकाम तानसेनबाट उत्तर पश्चिम १३ कि.मी. दुरीमा रहेको रानीमहलको निर्माण १८९३ मा तत्कालीन पश्चिम कमाण्डिङ जनरल खड्ग सम्शेरले आफ्नी रानी तेजकुमारीको सम्फनामा गरेका थिए। करीब ३२ रोपनी क्षेत्रफलमा फैलिएको यो दरबारको एकातर्फको बुर्जाको जग कालीगण्डकी नदीमा नै रहेको छ। उत्तर बग्ने गंगाको किनारमा दरबार रहेकोले यसको विशेष रूपमा धार्मिक महत्व पनि रहेको छ। प्रेमको प्रतीकको रूपमा रहेकाले यस लाई भारतको आग्रास्थित ताजमहलसँग पनि तुलना गर्ने गरिन्छ। रानीमहललाई स्थानीयहरूले रानीघाट दरबार भनेर पनि सम्बोधन गर्ने गरेको पाइन्छ। यहाँसम्म पैदल पुग्न एकतर्फी २ घण्टा लाग्दछ।



रानीमहल अर्थात रानीघाट दरवार

## हृषिकेश मन्दिर (रिडी)

पाल्पाका तत्कालीन राजा मणिमुकुन्द सेन प्रथमले स्थापना गरेका अनेकौ मन्दिर मध्ये रिडीको हृषिकेश मन्दिर पनि एक हो। हृषिकेश मन्दिरको आडैमा कालीगण्डकी नदी पुगेको छ। हृषिकेश मन्दिर र कालीगण्डकी नदीबारे यस्तो कथा जनमानसमा प्रचलित छ – धेरै वर्ष अगाडि यो क्षेत्रमा देवदत्त नामका ब्राम्हणले ठूलो तपस्या गरे। यो तपस्यादेखि डराएका इन्द्रले उनको तपस्या भङ्ग गर्न पुलोवा नामकी अप्सरा पठाए। अप्सराले अनेक प्रपञ्च गरी देवदत्तलाई फसाइन र रूरू नामक कन्यालाई जन्म दिइन्। कन्या जन्मेपछि देवदत्त लज्जित भएर अर्को स्थानमा फेरि तपस्या गर्न गए। यता अप्सरा पनि स्वर्ग गइन्। बच्चाको नाम रूरू राखिएको थियो। ठूलो भएपछि रूरूले भगवान विष्णुको तपस्या गरिन। विष्णु प्रशन्न



हृषिकेष मन्दिर

भएर बर माग भन्दा रूरूले हजुरलाई सधै यही स्थानमा देख्न पाउँ भनी बर मागिन्।

रूरूको कार्यकालभरि विष्णुमूर्ति रूपले त्यही रहनु भयो। कालान्तरमा चतुर्वाहु मूर्ति कालीगण्डकीभित्र गुप्त रहेको थियो। राजा मणिमुकुन्दले एकदिन सपनामा गण्डकीमा मूर्ति भएको देखे। उनले आफ्नो फौज लिएर मूर्ति निकाल्न गए। फौजहरूले अनेक प्रयत्न गर्दा पनि मूर्ति निस्केन। राजा आफै गएर निकाल्न खोज्दा मूर्ति फूल झै हलुङ्गो भएर निस्कियो। राजाले त्यो मूर्ति त्यहीं स्थापना गरे।

शालिग्रामबाट बनेको चतुर्वाहु यस्तो मूर्ति अन्यत्र कही छैन्। भगवान हृषिकेशको मूर्ति कालीगण्डकीको पावन क्षेत्रमा अवस्थित भएकोले यसको विशेष महत्व छ। तानसेनबाट बसमा १ घण्टामा रिडी पुग्न सकिन्छ। रिडीलाई नेपालको बनारस पनि भनिन्छ। पाल्पा, गुल्मी र स्याङ्जाको संगम कालीगण्डकीमा स्नान गरेर हृषिकेशको दर्शन गर्दा पुण्य प्राप्त हुने विश्वास छ।

## भैरवस्थान (भैरवनाथ) मन्दिर

हाल रिब्दीकोट गाउँपालिकामा पर्ने यो मन्दिरको निर्माण सेनवंसीय राजा मुकुन्द सेनले गरेका थिए। यो मन्दिरमा भक्तजनहरूले भैरव तथा माइलाई रोट र बलि चढाउने गर्दछन्। यो मन्दिर एसीयाकै ठूलो त्रिसुल रहेको मन्दिरको नामले प्रसिद्ध छ।

## प्रभास

तानसेन बजारबाट करीब ७ कि.मि. तल सिद्धार्थ लोकमार्गसँग आँपको बगैचा देखा पर्छ। यही क्षेत्रको नजिक एउटा सानो ताल पनि छ। तालको माथि डाँडोमा सेन राजाहरूको दरबारको भग्नावशेष र वंश गोपालको मन्दिर रहेको छ।

सिद्धार्थ लोकमार्गको छेउमै मुकुन्देश्वर महादेवको मन्दिर



प्रभास कमल पोखरी

रहेको छ। यो मन्दिर र वंश गोपालको मन्दिर दुबै मणिमुकुन्द सेनले बनाएको कुरा इतिहासकारहरु बताउँछन्। प्रभास क्षेत्रमा रहेको कमल पोखरी र छेउमा रहेको सूर्यकुण्ड धार्मिक रूपले प्रख्यात छ तर यो क्षेत्र अहिले अतिक्रमण गरी यसको धार्मिक महत्वलाई नै नष्ट गर्ने प्रयास भएपछि नगरपालिकाले तत्काल अतिक्रमणमा रोक लगाएको छ।

## रम्भापानी

तानसेन सदरमुकामबाट २५ कि.मी. पूर्वको रम्भा गाउँपालिकाको ताहूँ भन्ने स्थानमा रम्भापानी पर्दछ। घना जङ्गल भित्र रम्भादेवीको मन्दिर छ। यसको धार्मिक महत्वमा रामसीता भ्रमण गर्दै जाँदा त्यो स्थानमा पुगेछन्। सीतालाई तिर्खा लागेपछि सीताको आग्रहमा रामले वाण प्रहार गरी जमिनबाट पानी निकाली सीताको तिर्खा शान्त पारेछन्। सीताको अर्को नाम रमा भएकोले सीताको आग्रह अनुसार त्यहाँ पानी निकालिएकोले त्यो ठाउँलाई रमापानी भन्दाभन्दै रम्भापानी नाम रहन गएको भनाइ छ। हरेक वर्ष भाद्र कृष्णाष्टमीको दिन यहाँ ठूलो मेला लाग्छ। यहाँको मूर्ति धेरै पटक चोरी भएको ले पछिल्ला दिनमा यसका पूजारीले मूर्ति डोकामा बोकेर बिहान मन्दिरमा लैजाने र साँझ ताहूँ बजारमा ल्याएर राख्ने गर्दछन्। तानसनेबाट बसमा १ घण्टामा त्यहाँ पुग्न सकिन्छ।



पाल्पा भैरव मन्दिर



रम्भापानी मन्दिर



तानसेन श्रीनगरबाट देखिने अन्नपूर्ण हिमालको श्रृङ्खला

## सत्यवती ताल

तिनाउ गाउँपालिकाको कोलडाँडा भन्ने स्थानमा यो ताल रहेको छ। सिद्धार्थ लोकमार्गको झुम्सा र चौबिसमाइल भन्ने ठाउँबाट जान सकिने यो तालमा कार्तिक पूणिमाको दिन साँझमा मेला लाग्दछ। मेलाको समयमा तालको छेउमा उभिएर बर माग्ने हो भनी सत्यवती माइले पुऱ्याइ दिन्छिन् भन्ने जन विश्वास छ। सत्यवती बजै बहिरी भएकीले बर माग्दा चिच्याएर बर माग्ने चलन छ। मेलाको दिन असंख्य मानिसहरु सत्यवती तालमा अहिले पनि आउने गर्दछन्। पछिल्ला दिन कार्तिक पूर्णिमाको अवसर पारेर ३ दिन मेला आयोजना गर्न थालिएको छ ।

## मदनपोखरा

तानसेन सदरमुकामबाट करीब ११/१२ कि.मी. टाढा रहेको नेपालभरि परिचित नमूना गाउँ मदनपोखरा सामुदायिक वन, तरकारी खेती, सामुदायिक रेडियो आदिका कारण प्रसिद्ध छ। प्रसिद्ध माण्डब्य ऋषिको तपोभूमि र मनले चिताएको पुऱ्याइदिने कोकलदेवीको मन्दिर समेत यसै क्षेत्रमा रहेको छ। डिग्री पास र क्याम्पस पढाउने प्राध्यापकहरु समेत खेती किसानी र पशुपालनमा रमाएको स्वाबलम्बीपन यहाँ देख्न पाइन्छ।

## अर्गलीकुलो

तानसेन नगरपालिकाको वडा नं. १४ मा अर्गली भन्ने स्थान छ। यस स्थानमा सेनकालीन समयमा जनताहरुद्धारा निर्मित कुलोहरुद्धारा खेतीपातीमा सिंचाइ गर्ने व्यवस्था छ। यी कुलाहरु सञ्चालन र पानीको व्यवस्थापन हेर्न लायकको छ। इतिहासकारहरु मणि मुकुन्दसेनले रिडीमा हृषिकेशवको मूर्ति प्रतिस्थापित गरी अर्गली फाटमा सिंचाइको लागि कुलोको व्यवस्था गरी मन्दिरको लागि गुठीको व्यवस्था गरेको बताउँछन्। त्यतिबेला देखिको कुलोको व्यवस्था अहिलेसम्म मर्मत गर्दै सञ्चालन हुँदै आएको छ। यो स्थान रिडी जाने बाटोमा पर्छ ।

## बगनासदेवी थान

पाल्पाको बगनासकाली गाउँपालिकाको बगनास भन्ने ठाउँमा बगनास देवीको पुरानो मन्दिर रहेको छ। शक्तिकी प्रतिक भगवती देवीको मन्दिर भएकोले विजयादशमीको अष्टमी र चैत्राष्टमीको समयमा यहाँ, पञ्चवली दिने गरिन्छ। यहाँ प्राचिन हतियार र शिलालेख समेत रहेको छ । यो तानसेनबाट करीब १ कोस टाढा पर्दछ ।



बौघाको रतनपाँडे



दर्लमकाली माई

## बौघाको रतनपाँडे

तानसेन नगरपालिकाको वडा नं. १२ बौघापोखराथोकमा रतनपाँडे डाँडा छ। रतनपाँडेलाई प्राचिनकालमा प्रख्यात वैद्य र तान्त्रिकको महागुरूको रूपमा मान्ने गरिन्छ। उक्त ठाउँमा रतनपाँडेको थान बनाई पूजा गर्ने गरिन्छ। यहाँ बैशाख पूर्णिमाको दिन गाउँलेहरूले बलि दिने प्रचलन रहेको छ।

## दर्लमकाली माई

बगनासकाली गाउँपालिकाको दर्लमडाँडा भन्ने स्थानमा दर्लमकाली माईको मन्दिर छ। यस मन्दिरमा दैनिक पूजा आजा हुन्छ। गाउँमा यति ठूलो र भव्य मन्दिर अन्यत्र देख्न पाइदैन। दर्लमकाली माईसँग मागेको बर पुग्छ भन्ने जन विश्वास रहेकोले टाढा टाढाबाट पनि यहाँ दर्लमकाली माईको दर्शन गर्न भक्तजनहरु आउने गर्दछन्। दर्लमकाली माईको उत्पत्तिबारे रोचक जनउक्ति यहाँ सुन्न पाइन्छ। तानसेनबाट करीब ३ कोष टाढा यो मन्दिर रहेको छ।


## सिद्धबाबा

पाल्पा जिल्लाको तिनाउ गाउँपालिकामा सिद्धार्थ लोकमार्गसँगै सिद्धबाबाको मन्दिर रहेको छ। सदरमुकाम तानसेनदेखि करीब ३६/३७ कि.मि.मा यो मन्दिर रहेको छ।

प्रसिद्ध सिद्धको मन्दिर रहेको यस स्थानमा हरेक बिहान कुइरो निस्कने गर्छ। यसलाई सिद्धबाबाले गाँजा खाएर, धुवाँ उडाएको हुन् भन्ने जनयुक्ति रहेको छ। यस मन्दिरमा शिवरात्रीमा ठूलो मेला लाग्दछ। बिबाहको लगन परेको अवस्थामा यसलाई पाल्पा र रूपन्देहीका कतिपय मानिसहरूले बिबाह स्थलको लागि प्रयोग गर्दै आएका छन्। यहाँ दैनिक रूपमा पूजा, आजा हुने गर्दछ र दर्शनार्थीहरूको भीड लाग्ने गर्छ।

## महामृत्युञ्जय शिवासन नेपाल

बगनासकाली गाउँपालिकाको बराङ्दी भन्ने स्थानमा महामृत्युञ्जय शिवको मूर्ति भावासनमा रहेको छ। यो भावासनमा रहेको नेपालको शिवजीको ठूलो मूर्ति हो। यहाँ वृहत गुरु यो जनासहित भगवान शिवको मूर्ति वरपर धर्मशाला, अखण्ड शान्तिदीप, अखण्ड शान्ति धुनीको व्यवस्था गरिएको छ। यहाँ वृद्धाश्रम, अनाथालय, अतिथिश्रृशाला, बैदिक पाठशाला आदि निर्माण गरी नबीन तीर्थ स्थलको रूपमा यसको विकास गर्ने लक्ष्य रहेको छ।



सिद्धबाबा मन्दिर



महामृत्युञ्जय शिवासन नेपाल



तानसेन टक्सारस्थित गौतम बुद्धको मूर्ति

## तानसेनका बिहारहरु

तानसेनमा महाचैत्य बिहार, आनन्द बिहार, हुलाङ्दी बिहार, महाबोधि बिहार र धर्मचक्र बिहार गरी ५ वटा बिहारहरु छन्। तानसेनका यी बिहारहरूले विभिन्न माध्यमबाट बुद्ध धर्मको प्रचार प्रसारमा भूमिका खेलेका छन्। बिहारहरु सबै कुराले सुविधा सम्पन्न बन्दै छन्। काठमाडौं उपत्यका र मोफसलबाट आउने बौद्धतीर्थ यात्रीहरूलाई यी बिहारहरूले अतिथि सत्कार गर्दै आएका छन्। पाल्पाका बिहारहरूमा आएर बौद्ध धर्मालम्बीहरूले भिक्षु अमृतानन्द, भिक्षु शाक्यानन्द, भिक्षु कुमार कश्यप महास्थवीरको बारेमा अध्ययन अनुसन्धान गर्ने मौका पाउँदछन्।

( वरिष्ठ पत्रकार मेघराज शर्माको सहयोगमा )

◆


सडक अवरूद्ध हुनेगरी व्यापारिक तथा निर्माण सामग्री नराखौं ।
अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# तानसेनको विकासमा सञ्चारको भूमिका र उपयोग





(पत्रकार महासँघ पाल्पाका अध्यक्षहरूसँग प्रेस काउन्सिलका अध्यक्ष किशोर श्रेष्ठ)




-राजेशकुमार अर्याल

ऐतिहासिक रूपमा देशविदेशमा परिचित तानसेन नगरपालिका नयाँ संवैधानिक व्यवस्था अनुसार नयाँ आकार र विशाल स्वरूपमा फैलिएको छ। संविधानले स्थानीय सरकारको व्यवस्था गरेअनुरूप स्थानीय तहमा व्यवस्थापिका, कार्यपालिका र न्यायिक अधिकारसहितको संयन्त्र निर्माण गरेर अधिकार र जिम्मेवारीको कार्यसूची व्यवस्थित गरेपछि तानसेन अधिकार सम्पन्न स्थानीय सरकार बन्न पुगेको छ। २००७ सालदेखि स्थापित यस नगर तानसेन, मदनपोखरा, तेल्घा, बन्दिपोखरा, बौघापोखराथोक, बौघागुम्हा, अर्गली र बराङ्दी बिस्तारित नगरका क्षेत्रहरू हुन्। यो माण्डव्यकालीन सभ्यता बोकेको माडीको कसेनीदेखि सेनकालीन सभ्यताले ओतप्रोत भएको हृषिकेश मन्दिर रहेको रूरूक्षेत्र कुसेनीसम्म फैलिएको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार ५० हजार ४ सय ५ जना नगर वासीहरू बसोबास गर्ने १०९.८ वर्गकिलोमिटर क्षेत्रफल रहेको तानसेन नगरपालिकालाई पर्यटन, कृषि र उद्योगको विकास, शिक्षा र स्वास्थ्यको प्रवर्द्धन गरी समृद्ध बनाउन प्रसस्त सम्भावनाहरू रहेका छन्।

संविधानको प्रस्तावनामा समाजवादप्रति प्रतिवद्ध र राज्यका निर्देशक सिद्धान्तमा समाजवाद उन्मुख उल्लेख गरिएको छ। राज्य शक्तिको बाँडफाँड तीन तहमा गरेको संविधानले समृद्धिको लक्ष्य लिएको छ। नागरिकका अधिकार मौलिक हकअन्तर्गत, सामुदायिक अधिकार महिला, ज्येष्ठ नागरिकलगायत हकअन्तर्गत व्यवस्था गरेको छ। स्थानीय सरकारलाई अनुसूची ८ र ९ मा अधिकार क्षेत्र तोकेर एक बलियो सरकारको रूपमा प्रस्तुत गरेको छ। जनताको नजिक र पहुँचमा रहने सरकार भएकाले नगर/गाउँ सरकार स्थानीय अग्रसरता, सामुदायिक र सामाजिक कार्यको संरक्षण र संवर्द्धन गर्न सक्षम छ। नगरपालिका विकास र समृद्धिको सपना देख्न, योजना बनाउन, बजेट व्यवस्था गर्न र समुदायको सहभागितामा कार्यान्वयन गर्न सफल हुनेछ।

## विकास र सञ्चार

विकासको मान्यता फेरिदै आएर विश्व अहिले दिगो विकास लक्ष्यमा आइपुगेको छ। दिगो विकासको एउटा महत्वपूर्ण औजार सञ्चार हो। सञ्चार अहिले विकास सञ्चारबाट सहभागितामूलक सञ्चार, ग्रामीण सञ्चार, सामुदायिक सञ्चार, गरिवी निवारणका लागि सञ्चार, विकासका लागि आइसिटी आदि नाम र रूपमा विश्वव्यापी भइरहेको छ। जनतालाई सबल र सक्षम बनाउनु नै यसको मूल भावना हो। सञ्चारका औजारहरू, सूचना र सञ्चारका प्रविधिमा अकल्पनीय परिवर्तन आएको छ। सञ्चारसँगको सहकार्यमा विकास गति अगाडि बढाउन नेपालमा विकासका लागि सञ्चार नारा शुरू गरिएको हो । समुदायमा कटुवालको प्रयोग, गन्धर्व गीत, हरियाली भजन, भित्तेपत्रिका, अडियो टावर, गाउँले पत्रिका, सामुदायिक रेडियो, सामुदायिक टेलिभिजन विकासमा सहयोग गर्न जन्मिएका सञ्चार माध्यमहरू हुन्। सरकार, समुदाय र व्यवसायीको स्वामित्वमा रहेका छापा, श्रव्य, श्रव्यदृष्य र डिजिटल माध्यमले आज हामीलाई विश्वब्यापी रूपमै नजिक बनाइरहेका छन्। लोकतन्त्र र विकासका हरेक प्रयासमा जनतालाई सहभागी र निर्णायक बनाउनु अहिलेको सञ्चारको मूल उद्देश्य हो। त्यसैले अहिले जनमुखी सञ्चारको खाँचो छ।

## विकासमा सञ्चारको योगदान

सूचना क्रान्तिको रूपमा आएको डिजिटल प्रविधिले सञ्चारको सबै माध्यम एकैचोटी प्रयोग गर्न सकिने बनाएपछि मानव सभ्यताको विकास अझ अगाडि बढेको छ। सस्तो, सजिलो, छिटो सूचना प्राप्त गर्न सकिने, प्रशोधन, भण्डारण र वितरण गर्न सकिने भएकाले ज्ञानको दायरा पनि बढ्दै गएको

महसुस गर्न सकिन्छ। सूचनाको प्राप्तिपछि मानिसले काम गर्न सिक्ने, एकआपसमा सञ्चार गर्ने, काममा सिर्जनशीलता ल्याउने र जीवनलाई नै समृद्ध बनाउने दिशामा अभ्यास गरिरहेका छन्। सञ्चारले मानिसको जीवनशैली, ज्ञान, शिक्षा, चेतना र चिन्तनमा मात्र होइन, सामाजिक व्यवस्था, संस्कृति र संस्कारमा समेत परिवर्तन ल्याएको छ। सूचना सञ्चारले भौगोलिक दुरी घटाएर विश्व नै साँघुरो बनाएको छ। समाजका सबै पक्षसँग संवाद र छलफल बढाएको छ। सामाजिक भेदभाव, कुरीति, अन्धविश्वासलाई हटाउन मद्दत गरेको छ। सामाजिक सांस्कृतिक अन्तरघुलनको माध्यमबाट सामाजिक सद्भाव र राष्ट्रिय एकता अभिवृद्धिमा टेवा पुऱ्याएको छ। समय र अनावश्यक खर्चको बचत गराएको छ। कृषि उपजदेखि उत्पादन र सेवालाई बजारसम्म सहज पहुँच बनाएको छ। सूचना दिने र लिने कार्य मानव जीवनकै अभिन्न अंग बन्न पुगेको छ।

## तानसेन र सञ्चार

प्राचीन समयदेखि तानसेन अध्ययन, सतसंगत र परम्परागत सञ्चार उपयोग गरेको सहर हो। तानसेनबाट २००६ सालमा प्रकाशित हस्तलिखित 'पथप्रदर्शक' पाल्पाली पत्रकारिता आरम्भको एउटा जग हो। २०१८ साल पुष १ गते 'पाल्पा' साप्ताहिक, दर्ता भई प्रकाशन भयो। २०४० सालदेखि सत्य साप्ताहिक पञ्चायतको परिवर्तनकामी जनताको आवाज मुखरित गर्ने माध्यम बनेको थियो। २०४६ सालको राजनीतिक परिवर्तनपछि यहींबाट विभिन्न पत्रपत्रिका निस्कने क्रम शुरू भए। श्रीनगर साप्ताहिक, नेतृत्व साप्ताहिक जस्ता प्रत्रिका लोकप्रियता पाउँदापाउँदै पनि बन्द भए। प्रजातन्त्रको सोच संस्कार सिकाउन र विकासे काममा सघाउन जन्मिएका गाउँले देउराली साप्ताहिक, सामुदायिक रेडियो मदनपोखरा र रत्न केवुल सामुदायिक सञ्चारको प्रतीक बनेका छन्। नव जनचेतना, पाल्पा टाइम्स, नवसंवाद, पाल्पा समाचारपत्र, करूवा, श्रीनगर, परेवा, उत्तरदायित्व जस्ता पत्रपत्रिकाहरू विभिन्न आकार प्रकृतिमा अहिले पनि प्रकाशित भइरहेका छन्। श्रीनगर, मुक्तिनाथ, युनिक, कुटुम्ब रेडियो र श्रीनगर, सूर्योदय र पाल्पा टेलिभिजिन पनि यहाँबाट प्रशारणमा छन्।

तानसेन नगरपालिकाले विकासमा सञ्चारको सहकार्य र सञ्चारमा नगरको साझेदारी गर्दै आएको छ। नगर सरकारको यस वर्षको नीति तथा कार्यक्रममा पनि विकासका लागि सञ्चार र सञ्चारका लागि विकास नारा तय गरेको छ। सञ्चार, पत्रकारिता र सञ्चारसँग नगरबासी जोड्ने विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न लागेको छ जुन आफैमा प्रशंसनीय कार्य हो।

वास्तवमै नागरिक र सरकार, जनप्रतिनिधि र जनता, सेवाग्राही र सेवा प्रदायक जोड्ने सेतु सूचना प्रविधि र सञ्चारमाध्यम हुन्। सूचना र सञ्चारको उपयोग गरेर स्थानीय सरकारले जनतालाई दिने सेवा प्रभावकारी बनाउन सक्दछन्। यसको समुचित प्रयोग गरेर नगर कार्यपालिका, वडा कार्यालय र शाखाहरू बढी सक्षम र जिम्मेवार बन्न सक्छन्। नगरसभाबाट पारित ऐन/नियम, कार्यविधि, निर्णयहरू, कार्यपालिकाको बैठकका निर्णय, वडाले गरेका कामकारवाही र सबै आयोजनाका कार्यक्रमहरू सार्वजनिक गरेर पारदर्शी सरकारको रूपमा स्थापित हुन यसले योगदान दिन सक्छ। नगरका कुनै पनि विषयमा नगरबासीलाई तत्काल आफ्नो मत वा राय जाहेर गर्ने सुविधा दिएर लोकतान्त्रिक समाजको निर्माणमा सहयोग गर्न सक्छ। शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, यातायात, राजश्व, करका दायराहरु सञ्चार माध्यममार्फत प्रवाह गरेर नागरिकलाई सुसूचित गर्न सकिन्छ। योजना तर्जुमा प्रक्रियामा सहभागिता बढाउन र सरकार सञ्चालनमा सुशासन स्थापित गर्न सूचना सञ्चारले सजिलो प्रभाव पार्न सक्छ। नागरिकले सुन्ने, सोच्ने, सञ्चार गर्ने, बाँच्ने र काम गर्ने तरिकामै सुधार ल्याउन सक्दछ।

## सहकार्य र साझेदारीका क्षेत्रहरू

विगतमा तानसेनको आन्तरिक श्रोत धेरै थिएन, अहिले पनि स्रोत परिचालनमा यथेष्ट सफलता पाइसकेको .छैन। यहाँ ठूल्ठूला उद्योग कलकारखाना वा व्यवसायिक फर्महरू छैनन्, स-साना उद्योग, कुटिर उद्योग र खुद्रा व्यवसायिक पसलहरूले जनतालाई सहयोग पुऱ्याइरहेका छन्। न्यून आर्थिक स्रोत, परम्परागत विकासका पूर्वाधार, साक्षरता र चेतनाको कमीका कारण विकासमा गति उत्साहप्रद छैन। नयाँ संरचना, बिस्तारित भूगोल, स्वायत्त सरकार, विशाल जनशक्ति अबका सम्भावनाहरू हुन्। तानसेन नगरपालिकाले विकासको गति बढाउन र दिगो विासका आधारहरु खडा गर्न तय गरेका नीति तथा कार्यक्रमलाई सफल बनाउन सूचना र सञ्चारको सहभागिता आवश्यक छ। समुद्धिको दिशामा अघि बढ्न सूचना प्रविधि र सञ्चारलाई नगर सरकारले खुला हृदयले स्वागत गर्नु पर्दछ।

शहरका मात्र होइन, गाउँका मानिसहरु पनि पत्रिका, रेडियो, टेलिभिजन र अनलाइन नियमित पढ्छन्, सुन्छन् तर सञ्चारमाध्यममा उपलब्ध सबै सामग्रीहरू सान्दर्भिक, उपयोगी र अनुकुल छैनन्। समयसापेक्ष सूचना प्रवाह र विषयवस्तु प्रस्तुत गर्न सञ्चारमाध्यमको संस्थागत विकास र पत्रकारहरूको क्षमता विकास गर्नु पर्छ। स्थानीय मिडियाको संरक्षण गर्ने दायित्व रहेकाले स्थानीय सरकारले क्षमता विकासका कार्यक्रम र नियमित रूपमा बजेट व्यवस्था गर्नुपर्ने देखिन्छ। कुनै पनि सूचना तब उपयोगी हुन्छ जब त्यो सूचना सस्तो मूल्यमा छिटो सम्वन्धित व्यक्तिसँग पुग्छ। स्थानीय समुदायका लागि आवश्यक र स्थानीय सरकारले खोजेका सामग्री सञ्चारमाध्यममा छैनन् भनेर मात्र नेतृत्व उम्किन मिल्दैन। समुदायलाई सहभागिताका लागि उत्प्रेरित गर्ने र सरकारलाई विकासमा सघाउने सामग्री के हुन्? तिनीहरु कसरी आउँदा फाइदा हुन्छ भन्ने विषयमा विज्ञसँग मिडिया अन्तर्क्रिया र संवाद बढाउनु आवश्यक छ। सञ्चार क्षेत्रका प्रतिनिधिलाई नगरभित्रका सफलता र असफलताका कथा सार्वजनिक गर्ने वातावरण दिनुपर्छ। सकारात्मक मात्र

होइन, आलोचनात्मक र समीक्षात्मक सामग्रीका लागि आह्वान गर्नुपर्छ। ऐतिहासिक खोज अनुसन्धान र भविष्यको झलक राख्ने अवसर प्रदान गर्नुपर्छ। कृषि प्रविधि हस्तान्तरण, उद्यमशील व्यवसाय प्रबर्द्धन, रोजगारीका अवसर सिर्जना गर्ने कार्यलाई मिडियाले आफ्नो जीवनपद्धति बनाउन के सहयोग चाहिन्छ त्यसमा सघाउनु पर्छ। नगर सरकारले लिएका नीति तथा कार्यक्रम आम जनताले सजिलै बुझ्न सकिने भाषामा सञ्चारमाध्यमले पस्कने र सञ्चारमाध्यमलाई प्रवर्द्धनात्मक कार्यक्रम, विज्ञापन, सूचना दिएर सघाउने नै नगरपालिका र सञ्चारगृहका साझेदारीका क्षेत्रहरू हुन्।

### सञ्चार क्षेत्रमा नगरपालिकाले तत्काल गर्नु पर्ने क्रियाकलापहरु :

१. नगरपालिकाको सञ्चार नीति, पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन सञ्चालन ऐन नियम, समानुपातिक विज्ञापन वितरण कार्यविधि निर्माण गरी लागु गर्ने।

२. बर्गीकरणका आधारमा सञ्चारमाध्यलाई सहयोग वितरण कार्यक्रम सञ्चालन गर्ने।

३. पत्रकारिताको संस्थागत विकास, पत्रकारहरूको क्षमता विकास र उत्प्रेरणाका कार्यक्रमलाई प्रभावकारी बनाउने।

४. पत्रकारहरूको अध्ययन अवलोकन (Exposer Visit_ )का कार्यक्रम सञ्चालन गर्ने।

५. नगरपालिकाको वेभसाइट र नगर सामाजिक सञ्चालनमा सञ्चारमा प्रकाशित/प्रसारित लिंक सेयर गर्ने।

६. नगरका गतिविधिलाई रेडियो, टेलिभिजन र फिचर कार्यक्रम बनाएर संप्रेषण गर्ने।

७. नगर सरकारले विशेष बुलेटिन र मासिक/द्वैमासिक पत्रिका प्रकाशन गर्ने।

८. पारदर्शीता र जवाफदेहीता अभिवृद्धिका लागि निर्णयलाई सार्वजनिक गराउने।

९. आन्तरिक सञ्चार (जनप्रनिधि र कर्मचारी बीच) लाई प्रभावकारी बनाउने।

१०. सिंगो नगरपालिका क्षेत्रलाई फ्रि वाइफाई क्षेत्र बनाउने

१२. नगरपालिका र पत्रकारहरूका बीच नियमित भेटघाट कार्यक्रम सञ्चालन गर्ने।

१३. जनप्रतिनिधि र शाखा प्रमुखहरूलाई सञ्चार मैत्री बनाउन सूचना प्रविधि र सूचना संप्रेषण तालिम दिने।

१४. सुसूचित नगरबासी, पारदर्शी नगर घोषणा गर्ने।

१५. विकास निर्माण, आर्थिक विकास र उद्यमशीलतालाई प्राथमिकतामा राखेर पैरवीका कार्यक्रम सञ्चालन गर्ने।

### उपसंहार

लोकतन्त्रको आधार सञ्चार, सञ्चारको आधार लोकतन्त्र हो। स्वतन्त्र प्रेस विना लोकतन्त्र बाँच्न सक्दैन भन्ने कुरा सत्य हो। लोकतन्त्रको संस्थागत विकास र सुशासन सबैको अभिष्ट हो। लोकतान्त्रिक शासन र सुशासन तानसेन नगर सरकारको पनि मुख्य उद्देश्य हो। यी अभिष्ट त्यतिबेला मात्र संभव हुन्छ जब सार्वजनिक निकायका सूचनामा जनताको सहज पहुँच स्थापित हुन्छ। सरकारले नगरभित्रका सबै नागरिक जिम्मेवार बनुन् भन्ने चाहन्छ भने सरकारका सबै सूचना जनतालाई थाहा हुने संस्कृतिको विकास गर्न सक्षम हुनुपर्छ। सरकार पारदर्शी र खुला बन्ने उपाए नै सञ्चारको निर्वाध पहुँच, सूचना प्राप्तिमा नागरिकलाई सहजता हो। तानसेन सरकारले आधुनिक सूचना प्रविधिको उपयोग र सञ्चारमैत्री वातावरण निर्माण गर्न सके विकासको रथ दौडाउन सक्नेछ। (अध्यक्ष, नेपाल पत्रकार महासंघ पाल्पा शाखा)

◆

## रथ समयको मार्गमा हाँक्नुपर्छ



डिल्लीराज अर्याल

सल्लाघारी वन, भवनले भन्दछन् – तानसेन,
सोची सम्झी हिड न अगुवा, पाइला नै पुगेन
हेर्छन् नारायण भगवती दृष्टि त्यै खै सबैको ?
भन्छन् आफै गणपति बनी नाइके झै सबैको ।

बौघा, गुम्हा, अवल र रिडी, अर्गली फाँट रम्य
जोर्ते, छेर्लुङ् लुहुङ, तलको अर्तुँगा झन् सुरम्य,
बाटाघाटा, पुल, ढल बनून् दृश्यकै केन्द्र बन्छ
शिक्षा छर्दै प्रति दिन गए हुन्न के? हुन्छ ।


खाँचो हाम्रो विषय गहिरो मेलको, सोचको हो
चासो हाम्रो प्रकृति र कला, सीप संस्कारको हो
बाटो हाम्रो ढलपल विना, बीचको धारको हो
माटो हाम्रो रसमय बनोस् सृष्टि सन्सारको यो ।

हाम्रो आफ्नोपन शहरमा देखिने बन्नुपर्छ
नौला यात्री प्रतिदिन यहाँ आउने बन्नुपर्छ
हाम्रो के हो रहर? अहिले सोचमा लाग्नुपर्छ
हामी आफै रथ समयको मार्गमा हाँक्नुपर्छ ।

(साहित्यकार)

# पाल्पाको पत्रकारिताको विकासमा तानसेन नगरपालिकाको भूमिका

-मेघराज शर्मा






(तस्बिरः राजेन्द्र गोपाल सिंह)

पाल्पा जिल्लाको पत्रकारिताको प्रारम्भिक कालतिर चिहाउँदा २००६ सालमा कमलराज रेग्मी, जगतबहादुर जोशी, सूर्यलाल श्रेष्ठद्वारा, सम्पादित र धवल पुस्तकालय तानसेनद्वारा प्रकाशित पथप्रदर्शक मासिक हस्तलिखित पत्रिका भेटाइन्छ भने बीचमा २०१८ साल पुस १ गते चेतबहादुर कुँवरले विधिवत पाल्पा साप्ताहिक दर्ता गरी ११ अंकसम्म प्रकाशन गरी नयाँ आयाम थपेको पाइन्छ।

पाल्पा साप्ताहिक दर्ता हुनु भन्दा केही अगाडि २०१७ सालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको अन्त्य गरी राजा महेन्द्रले निर्दलीय पञ्चायती व्यवस्था लागू गरेपछि कसैले पनि पत्रपत्रिका विधिवत दर्ता गरी प्रकाशन गर्ने हिम्मत गरेका देखिदैन। २०४० साल बैशाख १ गते एक्कासी विनयकुमार कसजूले सत्य साप्ताहिक दर्ता गरेर १२ वर्षसम्म प्रकाशन गरेको देखिन्छ।

पञ्चायतकालमा पहिलो कुरा पत्रिका दर्ता गर्न सान्है मुश्किल थियो। पञ्चायत पक्षधर बेगर अरूको नाममा पत्रिका दर्ता हुँदैन थियो। पत्रिका दर्ता भइहाल्यो भने पनि २०१९ सालमा जारी राजकाज (अपराध र सजाय) ऐन २०१९ को कारण पत्रिका प्रकाशन गर्ने हिम्मत जोकोहीसँग हुँदैन थियो किनभने उक्त ऐनको दफा (६) मा राजद्रोहको प्रावधान राखी दुइवटा उपदफाको व्यवस्था गरिएको थियो। जसको उपदफा १ मा राजसंस्था माथि कसैले लेखेर वा वचनले वा आकार चिन्हद्वारा वा अरु कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले अपहेलना वा सो गर्ने उद्योग गरेमा  तीनवर्षसम्म कैद वा तीनहजार रूपियाँसम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था थियो। साथै उक्त ऐनको उपदफा २ मा कसैले लेखेर वा वचनले वा आकार चिन्हद्वारा वा अरु कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्षरूपमा श्री ५ को सरकारको कामकारवाही उल्लेख गरी निराधर अप्रमाणिक कुरा देखाइ श्री ५ को सरकारप्रति घृणा, द्वेष वा अवहेलना गरे गराएमा वा सो गर्ने उद्योग गरेमा दुई वर्षसम्म कैद वा दुई हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने प्रावधान थियो।

यस्तो स्थितिमा पत्रपत्रिका प्रकाशन गर्न सम्भव थिएन। यदि प्रकाशन गर्ने हो भने पञ्चायती व्यवस्थाको सबै कुराको समर्थन गर्न पर्दथ्यो। त्यसैले पञ्चायती व्यवस्था मुलुकमा हुँदासम्म पाल्पामा पनि आवश्यकता अनुसार पत्रपत्रिका प्रकाशन हुन सकेनन्। भएका पत्रकारले पनि आफ्नो अगाडि देखिएको अन्याय अत्याचार नदेखे जस्तो या चाल नपाए जस्तो गरी बस्नुपर्थ्यो। २०४५/४६ सालको सफल जनआन्दोलन पछि २०४७ सालमा बहुदलीय संविधान जारी भयो। २०४७ सालको संविधानले सञ्चारका लागि अनुकूल वातावरण तयार पार्‍यो। त्यसपछि मुलुकमा धमाधम पत्रपत्रिका प्रकाशन हुन थाले। रेडियो, टेलिभिजन सञ्चालन हुन थाले। यसैको प्रभाव स्वरूप पाल्पामा पनि पत्रपत्रिका प्रकाशन र रेडियो टि.भी. प्रसारण हुन थाले।

पाल्पाली पत्रकारहरूलाई संगठित गर्न र पाल्पामा पत्रकारिताको विकास गर्न गुल्मीका १ र  पाल्पाका १९ समेत कुल २० जना पत्रकारलाई मिलाएर २०४९ साल पुष १९ गते नेपाल पत्रकार संघ (हाल महासंघ) को पाल्पा शाखा गठन भयो।


अहिले पाल्पामा नवजनचेतना दैनिक, कस्वा अर्धसाप्ताहिक, श्रीनगर अर्धसाप्ताहिक, गाउँले देउराली साप्ताहिक, पाल्पा टाइम्स साप्ताहिक, नवसंम्वाद साप्ताहिक ,पाल्पा समाचार पत्र साप्ताहिक, परेवा पाक्षिक, पाल्पा

आवाज मासिक, उत्तरदायित्व त्रैमासिक, सामुदायिक रेडियो मदनपोखरा, सामुदायिक रेडियो मुक्तिनाथ, श्रीनगर एफ.एम प्रा.लि. पश्चिमाञ्चल एफएम प्रा.लि., सामुदायिक रेडियो रामपुर, युनिक एफ. एम. प्रालि ,रेडियो कुटुम्ब, पाल्पा एफ.एम. रामपुर, श्रीनगर टेलिभिजन, सूर्योदय टेलिभिजन, पाल्पा टेलिभिजन सञ्चालनमा छन्। यी सञ्चार माध्यमहरु जनताको सुसूचित हुने अधिकारप्रति प्रतिबद्ध भइ अगाडि बढेका छन्। नेपालका अन्य जिल्लामा भैं पाल्पामा पनि सञ्चार माध्यमहरु अनेकौ विकृति, विसंगति र समस्याहरूले आक्रान्त छन्। गणतन्त्रमा आइ पुग्दा पनि पत्रकारिता क्षेत्रलाई सत्ताले सहयोग गर्ने भन्दा पनि पञ्चायतकालमा भैं उपयोग गर्ने नीतिमा खासै परिवर्तन आउन सकेको छैन । २१ औं सताब्दी सञ्चार क्रान्तिको युग मानिएको वर्तमान समयमा पनि यहाँका सञ्चार गृहहरु, आर्थिक समस्यामा जकेडिनु परेको तीतो सत्य लुकाइ रहनु पर्ने कुरा होइन। पाल्पाली सञ्चारगृहले भोगी राखेका वर्तमान समस्यामा तानसेन नगरपालिकाले केही मात्रामा भएपनि सहयोग गरेर मलम लगाउने काम गरेको छ जो सह्रानीय छ। नगरपालिकाको सहयोगबारे उल्लेख गर्दा उत्कृष्ट पत्रकारिता पुरस्कार स्थापना, नेपाल पत्रकार महासंघ पाल्पाको भवन निर्माणका लागि घडेरी प्रदान गर्नुका साथै भवन निर्माणमा र मिडिया वलीकरणमा समेत तानसेन नगरपालिकाले सघाउँदै आएको छ। तानसेन नगरपालिकाको विकासको लागि मिडियाले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ। गर्नुपर्दछ र गरिरहेको छ। गणतन्त्रमा पत्रकारिता फष्टाएन भने पत्रकारिता मात्र धरापमा पर्ने होइन स्वयं गणतन्त्र पनि धरापमा पर्छ त्यसैले गणतन्त्रलाई बलियो बनाउन पत्रकारितालाई सबैले सहयोग गरी यसलाई फलाउन फुलाउन ध्यान दिऔं। (बरिष्ठ पत्रकार)

◆

# पाल्पाका सञ्चार गृह र सम्पादकहरूको नाम एवम् सम्पर्क

| क्रम | मिडियाहरूको नाम | सम्पादक/स्टेशन प्रमुखहरूको नाम | सम्पर्क |
|---|---|---|---|
| १ | गाउँले देउराली साप्ताहिक | गोविन्द भट्टराई | ९८४७३२६७६० |
| २ | पाल्पा टाइम्स साप्ताहिक | झपेन्द्र गहिरे | ९८५७०६००३३ |
| ३ | नव जनचेतना दैनिक | जगदिश भट्टराई | ९८५७०६०३०१ |
| ४ | नव सम्वाद साप्ताहिक | रेखीराम राना | ९८५७०६०६९८ |
| ५ | पाल्पा समाचारपत्र | भगवान भण्डारी | ९८५७०६०१६३ |
| ६ | करूवा अर्ध साप्ताहिक | कृष्ण कार्की | ९८५७०६०८५८ |
| ७ | पाल्पा आवाज मासिक | कमलराज तिमिल्सेना | ९८४७०२८११९ |
| ८ | परेवा पाक्षिक | भोजराज भट्टराई | ९८४७०५२४३३ |
| ९ | श्रीनगर खबर अर्धसाप्ताहिक | देव पचभैया | ९८४७१०३४३२ |
| १० | सामुदायिक रेडियो मदनपोखरा | राजेश कुमार अर्याल | ९८५७०६०२०२ |
| ११ | सामुदायिक रेडियो मुक्तिनाथ | मिलन वि. क. | ९८४७०३८९६४ |
| १२ | श्रीनगर एफ. एम. प्रा. लि. | देव पचभैया | ९८४७१०३४३२ |
| १३ | युनिक एफ. एम. प्रा. लि. | जगदिश भट्टराई | ९८५७०६०३०१ |
| १४ | पश्चिमाञ्चल एफ. एम. प्रा. लि. | यमप्रसाद पौडेल | ०७१६९३२०१ |
| १५ | सामुदायिक रेडियो रामपुर | बासुदेव ढकाल | ९७४७०१५८३६ |
| १६ | कुटुम्ब एफ. एम.प्रा. लि. | नारायण न्यौपाने | ९८५७०६०६८१ |
| १७ | पाल्पा एफ. एम. रामपुर | चिरञ्जिवी सिग्देल | ९८४७४२२५७६ |
| १८ | श्रीनगर टेलिभिजन | विष्णुप्रसाद घिमिरे | ९८५७०६०७६१ |
| १९ | सूर्योदय टेलिजिन | सन्तोष बस्याल | ९८४७०२८१७७ |
| २० | पाल्पा टेलिभिजन | मिलन विश्वकर्मा | ९८४७०३८९६४ |



# स्थानीय सरकार र विद्यालय शिक्षा

-गोपालप्रसाद बस्याल

## १) विषय प्रवेशः

नेपालको संबिधानमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्था कायम गरिएको र त्यस्को कार्यान्वयनका क्रममा २०७२ असोज ३ गते संबिधान जारी भएपछि पहिलो पटक २०७४ जेठ २१, असार १४ र असोज २ गते गरी तीन चरणमा स्थानीय सरकारका लागि निर्बाचन सम्पन्न भै जननिर्बाचित प्रतिनिधिहरूबाट करीव १८ वर्षपछि कार्यारम्भ गरिएको छ भने प्रतिनिधि सभा र प्रदेश सभाका लागि मंसीर १० र २१ गते गरी दुई चरणमा निर्बाचन सम्पन्न भै मुलुक नयाँ राजनैतिक र वैधानिक परिस्थितिमा फड्को मारेको छ। दोस्रो संबिधान सभाको ९१ प्रतिशत सभासदबाट जारी संबिधानमा संस्थागत गरिएका ३१ वटा मौलिक हकमध्ये बालबालिकाले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क प्राप्त गर्ने हक धारा ३१ मा उल्लेख छ। विद्यालय शिक्षा अर्थात् आधारभूत र माध्यमिक शिक्षा स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ भने संघ, प्रदेश र स्थानीय सरकारका अधिकारको साझा सूची अनुसूची ९ मा ब्यवस्था गरिएकोबाट विद्यालय शिक्षा सम्बन्धमा तीन वटै सरकारको ध्यान जानुपर्ने देखिन्छ। लामो समयको एकात्मक ब्यवस्था र संक्रमणकालीन अवस्थाबाट ग्रसित प्रतिनिधि र प्रशासकका सामु संबैधानिक अधिकार र तिनको प्रयोग गरी संबिधानले ब्यवस्था गरेका नागरिक अधिकारको बहाली गर्दै समृद्धि बहाल गर्ने कार्य गर्न विभिन्न दृष्टिकोणबाट पहल भैरहेका बेला विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय सरकारहरूको भूमिकाका बारेमा ब्यापक बहस भै नीति नियम निर्माण गर्ने, कार्यान्वयन गर्ने र परिमार्जन गर्ने कार्य स्थानीय निकायको एउटा प्रमुख कार्य हो।

## २) नीतिगत ब्यवस्थाः

वर्तमान शिक्षा पद्धति विश्वब्यापि दीगो विकास लक्ष्य २०३० को दफा ४ अनुसार सबैका लागि समाबेशी र समतामूलक गुणस्तरीय शिक्षा र जीवन पर्यन्त सिकाइ अवसर आदर्श नारा, विद्यालय क्षेत्र सुधार कार्यक्रमका उपलब्धिका आधारमा नेपाल सरकारले लागू गरेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०१६-२०२२), नेपालको संबिधानको धारा ३१, ३२, ३९ का मौलिक अधिकार, धारा ५१ अनुसार नीति तथा निर्देशक सिद्धान्त, संबिधानका अनुसूची ८ र ९, प्रचलित शिक्षा ऐन नियमहरु र निर्देशनहरु (संबिधान अनुसार बाझिएकामा संबिधान अनुसार नै हुने) शिक्षा सम्बन्धी प्रमुख ब्यवस्था हुन् भने संबिधानको धारा २२६ अनुसार संबिधानका अनुसूची ८ का अधिकार प्रयोजनार्थ ऐननियम बनाउने र कार्यान्वयन गर्ने अधिकार गाउँ सभा तथा नगर सभालाई छ र अनुसूची ९ अनुसारका अधिकारको प्रयोग तीनवटै सरकारका समन्वयमा सम्पन्न गर्नुपर्ने हुन्छ। यद्यपि अनुसूची ८ मा स्पष्ट रूपमा आधारभूत र माध्यमिक शिक्षा भनिएको छ भने अनुसूची ९ मा शिक्षा, खेलकुँद र पत्रपत्रिका भनिएकोबाट आधारभूत र माध्यमिक शिक्षा सम्बन्धमा स्थानीय सरकारहरु नै महत्वपूर्ण भूमिका खेल्न सक्दछन्।

## ३) वर्तमान अवस्था विश्लेषणः

तीनवटा तहका निर्बाचन सम्पन्न भई सरकार समेत गठन भैसकेको अवस्था छ। राज्यको संरचनात्मक पुनःसंरचनाको काम बाँकी रहेका कारण नीति नियम निर्माणको काम हुँदैछन्। विषयगत मन्त्रायलयहरूले गर्नुपर्ने गृहकार्य समेत प्रभावकारी छैन। नयाँ विधायिकाहरु र सरकारको गठनसँगै संबिधान अनुसार कानूनहरूको निर्माण द्रूत गतिमा गर्नु आवश्यक छ। निर्बाचनको

परिणामसँगै सत्ता परिवर्तनमा देखिएको अस्वाभाविक समस्याका कारणसमेत स्थानीय सरकारका कामहरु पनि प्रभावित बनिरहेका मात्र होइन स्थानीय निकायमा कर्मचारी व्यवस्था नहुनु, न्यूनतम भौतिक संरचना नहुनु, नीतिगत तथा कानूनी स्पष्टता नहुनुले राज्यका क्रियाकलाप बद्नियत तरिकाले शक्ति केन्द्रिकृत गर्ने मनोविज्ञानमा आधारित छन् भन्ने गुनासा सुनिन थालेका छन्। यस वीचमा संघीय ब्यवस्था मन्त्रालयले थालेका केही अग्रसरताहरुको आलोचना पनि भएका छन् भने स्थानीय निकायले देखाएका सामान्य सक्रियता र चासोका सन्दर्भमा समेत राजनैतिक पूर्वाग्रह  राखेर केन्द्रले नियन्त्रण गर्न खोजेको देखिन्छ। पोखरा महानगरले बढाएको बृद्ध भत्ता, काठमाडौं नगरपालिका र शिक्षा कार्यालय वीचका द्वन्द्व, शिक्षकका नियुक्ति, सरुवाका सम्बन्धमा भएका विवादहरु र भौतिक निर्माण लगायत कार्यक्रमहरु सक्ने चटारो केही उदाहरणका रुपमा लिन सकिन्छ।

यसरी एकातिर संक्रमणकालीन अवस्थाका बाध्यात्मक परिस्थितिहरु र नीतिगत एवम् कानूनी ब्यवस्थापनको पक्ष अल्झिरहेको छ भने अर्कातिर शिक्षाको गुणस्तर कायम गर्ने पक्ष विशेष चुनौतिपूर्ण छ। आवधिक निर्बाचन गर्ने संसदीय लोकतन्त्र भएको मुलुकमा निर्बाचित जनप्रतिनिधिहरुले शैक्षिक स्तरका सम्बन्धमा समेत जवाफदेहिता बहन गरेको अनुमोदन जनमतबाट गर्नुपर्ने भएकाले विभिन्न कारण र स्पष्टीकरणबाट मात्र उम्कन पाउने अवस्था छैन। वास्तवमा सबै सामाजिक विकासको उत्तर शिक्षा विकाससँग जोडिने भएकाले शिक्षा विकासमा प्राथमिकताका साथ लाग्नु आवश्यक छ। विद्यमान भौतिक ब्यवस्थापन तथा गुणस्तर उत्पादनको खाडल, सामुदायिक-संस्थागत र सामुदायिक-सामुदायिक विद्यालयहरु वीचको खाडल, शिक्षकहरुको पेशागत क्षमता तथा बैयक्तिक गुण, सैद्धान्तिक र ब्यवसायिक सीपमूलक शिक्षाका सवाल आदि अहम् पक्षमा स्थानीय सरकारका गठनसँगै सकारात्मक सुधार हुदै जाने अपेक्षा छ ।

## ४. स्थानीय सरकार र शिक्षाः

शिक्षा विकासमा स्थानीय सरकारको भूमिकाको चर्चा गर्दा राष्ट्रिय शैक्षिक खाका (फ्रेमवर्क)का आधारमा शैक्षिक नीति, नियमहरु निर्माण गरी कार्यान्वयन गर्ने क्रममा विद्यालयहरु स्वायत्त संस्थाका रुपमा विकसित हुनसक्ने वातावरण सिर्जना गर्ने तर गुणस्तर सुनिश्चितताका लागि लगानी, प्राविधिक सहयोग र अनुगमन एवम् पृष्ठपोषणमा भूमिका खेल्ने गर्नु आवश्यक देखिन्छ। सिंहदरबारको शासन घरआँगनमा भन्ने नारा लगाएर निर्बाचित भएका प्रतिनिधिहरु सबै सामाजिक कार्यहरु नजीकै पुगेर गर्नेछन्। विद्यालय र कक्षा कोठाका क्रियाकलापहरुको अनुगमन र सहयोग नजीकबाट वास्तविक अवस्थाको पहिचान गरी हुन्छ भन्ने हो। लगानी, प्राविधिक दक्षता, शिक्षक कर्मचारीको ब्यवस्थापनका पक्षबाट वर्तमान अवस्थाको विश्लेषण गर्ने हो भने नेपालमा स्थानीय सरकारहरुको जिम्मामा मात्र शिक्षा छाड्ने अवस्था देखिदैन। विद्यालय भवन र डेस्कबेञ्च भएका न्यूनतम भौतिक सुविधा मात्र भएका अधिकांश विद्यालयमा गुणस्तर बृद्धिका लागि पुस्तकालय, सन्दर्भ सामग्री, विज्ञान तथा कम्प्युटर प्रयोगशाला, खेल सामग्री आदि धेरै भौतिक ब्यवस्थापन गर्न बाँकी छ। कक्षाशिक्षण बालमैत्री, सहभागितात्मक, परियोजनामा आधारित र प्रयोगात्मक बनाउनु आवश्यक छ। कम्प्यूटर, कृषि, औद्योगिक आदि विविध प्रविधि कक्षा सञ्चालनमा विद्यालयहरुलाई उत्प्रेरित र सहयोग गरी आवश्यक सीपयुक्त नागरिक उत्पादन गर्न सकियो भने मात्र स्वरोजगार, स्वदेश मै रोजगार, समृद्धि जस्ता नारा कार्यान्वयनमा सहयोग पुग्नेछ। यस्का लागि विद्यालयलाई सम्पूर्ण सहयोग गर्ने क्षमता स्थानीय निकायले राख्दैनन् तर स्रोतका लागि आफूले पहल गरिदिने र विद्यालयलाई समेत सहयोग खोजी गर्न सक्षम बनाउनका लागि प्रस्ताव लेखन र सञ्चार जस्ता सिप विकास गर्ने तालिम सञ्चालन गर्न सकिन्छ। यस क्रममा स्थानीय सरकारहरु विद्यालय र राज्य, संघसंस्था वा ब्यक्ति वीचको संयोजक (ब्रिज) बन्न सक्छन्। शैक्षिक विकासका लागि नीतिगत तथा कानूनी सहजीकरण या सरलीकरण, लगानी बृद्धिका लागि संघीय सरकार, प्रदेश सरकार र स्वयम्बाट लगानी गर्ने र लगानीका लागि निजी क्षेत्र वा संघसंस्था साथै विद्यालय ब्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई समेत उत्प्रेरित गर्ने, गुणस्तर बृद्धिका लागि कक्षाशिक्षण सहित सम्पूर्ण पक्षको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने, शिक्षण तथा मूल्यांकन पद्धतिमा सुधार, विद्यालय तथा समुदाय वीचको समन्वयात्मक सम्बन्ध विस्तार गरी लगानी र अनुगमनमा समेत अभिभावकहरुको सहभागिता बढाउन पहल गर्नुपर्ने देखिन्छ।

## ५. सुधारका क्षेत्रहरुः

बदलिंदो परिस्थितिमा नेपालको विद्यालय शिक्षा विकासका लागि निम्नानुसार केही सुधारात्मक कार्य गर्नु आवश्यक छ ।

◆ अहिलेसम्म केन्द्रदेखि स्थानीयसम्मको तहगत संरचनाबाट निर्देशित शिक्षा क्षेत्र अब संघीय खाकाभित्र रहेर विधिवत स्वतन्त्रताको उपयोग गर्दै नीति नियम बनाउने र कार्यान्यवयन गर्ने भएकाले स्थानीय सरकारहरुले नीतिगत

ब्यवस्था, योजना निर्माण, लगानी, भौतिक तथा जनशक्ति विकास गरी कार्यक्रमहरु कार्यान्वयन र अनुगमन अवलोकन गरी मूल्यांकन गरी पुनःयोजना गर्नु आवश्यक छ।

◆ उच्च कार्यक्षमता प्रदर्शन गर्ने प्रधानाध्यापक र शिक्षकहरु विकास गरी गुणस्तरीय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नुपर्छ। कुनै एउटा विद्यालय वा एकाध ब्याजलाई हेरेर अधिकांशले गाली खाइरहनुपर्ने वातावरणको अन्त्य हुनुपर्छ। नतिजाको चर्चा गर्नै नपर्ने गरी कक्षाशिक्षणलाई प्रभावकारी बनाउन शिक्षकलाई सोही खालका तालिम, आवश्यक भौतिक ब्यवस्था, सामग्री, प्रयोगर्नु आवश्यक छ। गुणस्तरको प्रमुख शर्त बजारमा बिक्ने उत्पादन हो। त्यसैले माध्यमिक तहको शिक्षा बजारको आवश्यकतामा आधारित प्रविधिमूलक हुनुपर्छ। स्थानीय सरकारहरूले प्राविधिक शिक्षालयतर्फ उत्प्रेरित र सहयोग गर्नु आवश्यक छ। सूचना प्रविधिको अत्यधिक उपयोग जरूरी छ।

◆ छात्रबृत्ति वितरणलाई पुनःब्याख्या गरी आवश्यकता र सिकाइ बृद्धिको शर्त राखी पुग्ने गरी दिनुपर्छ। आम समुदायले पाउने गरी कनिका छरेर कुनै प्रभाव नपरेको अनुभवबाट पाठ सिक्नैपर्छ। त्यस्तै आवश्यकतामा आधारित सिद्धान्तका आधारमा अन्य सहयोगहरु जस्तै शुल्क मिनाहा, खाजा, ड्रेस, स्टेशनरी, अतिरिक्त कक्षा, दिवा होस्टल, आय आर्जनका लागि कुखुरा वा बाखा वितरण, लघु ब्यापार जस्ता सहयोग विद्यार्थीलाई गर्नु आवश्यक छ। आर्थिक सामाजिक अवस्थाका कारण शिक्षा आर्जनमा असर पर्न दिनुहुदैन।

◆ विद्यालय ब्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई लगानी स्रोत पहिचान, उपयोग र कक्षाशिक्षण तथा समग्र विद्यालय क्रियाकलापको अनुगमन सुपरिवेक्षणका लागि प्रेरित गर्नु आवश्यक छ। लगानीमा साझेदार बनाएर स्थानीय समुदायलाई विद्यालयप्रतिको अपनत्व विकास गर्न सकिन्छ। यस्का लागि विब्यस वा अभिभावक संघले खेलकूँद, साँगितिक, सामाजिक अभियान जस्तै स्वास्थ्य शिविर जस्ता कार्यक्रम आयोजना गरेर आर्थिक सहयोग बढाउन सक्छन्। यस्ले आर्थिक दिगोपनलाई सहयोग पुऱ्याउँदछ।



त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन

◆ हरेक स्थानीय तहमा एउटा विशेषज्ञ समूह समावेश भएको शिक्षा बोर्ड गठन गर्नुपर्दछ। यही बोर्डले पालिकाभित्रको शैक्षिक प्रोफाइल विकास, सुधार र विकासका रणनीति तय गर्ने, स्रोत खोजी, कार्यक्रम निर्माण, कार्यान्वयन र मूल्यांकनका बृहत कामहरु गर्ने र नीतिगत वा कानूनी र कार्यगत निर्णय लिनका लागि कार्यकारी सभालाई सिफारिस समेत गर्नेछ।

◆ स्थानीय सरकारहरूले आफ्ना पालिका भित्रका सबै बालबालिकाको शिक्षामा पहुँच, गुणस्तीय शिक्षा प्राप्ती,
सबै नागरिकका शैक्षिक अधिकारको सुरक्षा र शिक्षकका पेशागत अधिकारको सुरक्षा जस्ता अहम् कार्यमा ध्यान दिनु आवश्यक छ। संबिधान अनुसार माध्यमिक तहको शिक्षा निःशुल्क र अनिवार्य पाउने अधिकारको ग्यारेण्टी हुनुपर्छ। आधारभूत तहको शिक्षा मातृभाषामा प्राप्त गर्ने अधिकारको पालना हुनुपर्छ।

◆ स्थानीय सरकारहरूले औपचारिक विद्यालय शिक्षाका अतिरिक्त निरन्तर शिक्षाका लागि कार्य गर्नु आवश्यक छ। हरेक वडामा सार्बजनिक पुस्तकालय स्थापना गरी पठन संस्कृतिको विकास गर्न सकिन्छ। सामुदायिक संस्थाहरु मार्फत नागरिक शिक्षा प्रदान गर्ने, शिक्षा, स्वास्थ्य, सामाजिक सांस्कृतिक पक्ष, नैतिक शिक्षा र प्रविधि तथा स्वरो जगार वा रोजगार सम्बन्धी जानकारी, परामर्श, समन्वयकारी शिक्षा प्रदान गर्नु आवश्यक छ। सामाजिक सद्भाव, मेलमिलाप, बहुसाँस्कृतिक तथा सामाजिक विविधताका सम्बन्धमा खुला सञ्चार गर्नु आवश्यक छ ताकि मानिसहरु विविध परिस्थितिमा सम्मीलन हुने सिप विकास गरून्।


## ६. निष्कर्षः

राजनैतिक र संबैधानिक परिवर्तनसँगै शिक्षा विकासमा विशेष परिवर्तन भै समृद्धि मार्फत समाजबाद उन्मुख भविष्य निर्माणमा स्थानीय सरकारहरूको अग्रसरता रहने र सरोकारवालाहरूको सहभागिता सुनिश्चित हुनु आवश्यक छ। शिक्षा विकासको अन्तिम अवसरको सदुपयोग हुनेछ।

(प्रशिक्षक, शैक्षिक तालिम केन्द्र, पाल्पा)

◆

# The United Mission Hospital Tansen



The United Mission Hospital Tansen has been serving the people of Palpa and the surrounding districts for 63 years. It has grown from a small clinic to its present 169 beds and continues to be known for training and community health work.



-Dr. Rachel karrach

HISTORY

The work in Tansen began as a result of the visit of ornithologist Dr Robert Flemming (author of "Birds of Nepal"), His physician wife Dr Bethel Flemming and their family and Dr Carl Friedericks and his family in the winter of 1951 –1952. During their visit to Tansen they examined and treated patients and even performed a bladder stone operation!

The people of Tansen invited them to come back and establish a hospital, and by 1954 permission was given for the newly formed United Mission to Nepal (UMN) to start health work in the Kathmandu valley and Tansen. Thus United Mission hospital Tansen was one of the first 2 projects of UMN. Dr Carl Friedericks initially opened a clinic in rented accommodation in the bazaar as the work grew land was granted in the Bhusaldanda area just east of the bazaar to build a




# THE HOSPITAL TODAY

hospital.

CLINICAL FACILITIES

## Inpatient:

- o Surgical ward
- o Maternity ward
- o Burns Unit
- o Orthopaedic Ward
- o Medical Ward (including 4 Rehab beds)
- o High Dependency Unit
- o Paediatric ward
- o 3 Main Operating rooms,

## Outpatient:

- o 2 minor operating rooms
- o 24 hour Emergency room
- o Dressing room
- o General clinics: Male, Female, Children's
- o Clinics Special clinics: General Surgical consult Orthopaedic consult,
- o Ante Natal Clinic, Family planning
- o leprosy/TB, HIV-ART clinic, Diabetes.
- o Dental clinic
- o Appointment Clinic
- o Diagnostic: Endoscopy, Ultrasound, Echo, X-ray, Laboratory
- o Rehab: Physiotherapy, Neuro rehab, Occupational Therapy,
- o Pharmacy for inpatients and outpatients

COMMUNITY HEALTH

Town Clinic MCH (in partnership with DHO)

Satellite MCH Darlamdada and Argali (with DHO staff)

FM radio programme "Swasthya Jivan"

Mothers' groups, child clubs, School environment and sanitation, gender and disability Archaale and Jaymire

Child Nutrition Rehab Centre

SUPPORTING DEPARTMENTS

Administration

Security

General Maintenance

IT/Biomedical /Maintenance

Housekeeping

Pastoral care

Central stores

Central sterile supplies

Guesthouse

PARTNER PROJECT

(with DDC, TNP and Abiyan Nepal)

New Life Psychiatric Rehab Centre

TRAINING AND RESEARCH

From the early days local people were trained as nurses for the wards and as paramedics for the OPD lab pharmacy etc. For some years there were attached CMA and ANM schools, which were handed back to the government. In 2000 the Tansen Nursing School (now Tansen School of Health Science) reopened as a joint mission and CTEVT venture, training certificate level nurses, who do much of their clinical training in the hospital. A Lab school faculty was added in 2015 for Certificate in Medical Laboratory Technician (CMLT) students. The hospital is accredited for doctor's Internship training, and MDGP training. After many years of training midwives the hospital is an accredited Skilled Birth Attendant training site, and a training site for Mid Level Practicum, Anaesthesia Assistant Training and Refresher training. These last trainings are in partnership with Nick Simon's Training Institute and the National Health Training Centre (NHTC). The hospital pioneered a Paediatric Nursing Course which has recently been adopted by NHTC, and a Diploma in Pastoral Healing Ministry is run in modular form in partnership with ECTC.

We also offer short observational training in OT management, dark room, and diagnostic ultrasound, and practical placements for pharmacy students and MN students from other centres.


The hospital has also taken part over the years in different research including early studies on the leprosy bacillus and TB resistance patterns. More recently we were involved in multicentre studies of the impact of the introduction of Hib and Pneumococcal vaccines

NEW CHALLENGES

From Baisakh 1, 2074 the hospital joined the National health Security Insurance scheme. We are also planning a waste water system using reed bed technology for the hospital ns surrounding Bhusaldada community. We hope that this will be a model system. This is at the planning and fund raising stage but we hope to start work this year.

Hospital Director

◆



# आत्मनिर्भरताको बाटोः तानसेन सरकारको मार्गदर्शन नगरवासीको सक्रिय सहभागिता

- झपेन्द्र जीसी



## विषय प्रवेशः

मगर ढुट भाषाको त्राङ्चसिङ वा थानसिङ वा यस्तै यस्तै बोट वृक्षको नामलाई जनजिब्रोले तानसिङ, तान्छिन, तान्छेन र वर्तमानमा तानसेन बनाएको कुरा सत्यताको नजिक छ। तानसेन सेनकालीन इतिहास, राणाकालीन इतिहास, प्रजातान्त्रिक इतिहास र लोकतान्त्रिक गणतन्त्रको बलिदानी संघर्ष बोकेको एवम् कलाकृति संस्कृति र प्राकृतिक सौन्दर्य सम्पन्न जीवित पुस्तकहरूको पाना हो। जसको सर्सर्ति अध्ययन गरे मात्र पनि पश्चिम नेपालको इतिहास, कलाकृति, उत्पादन र निर्माण पद्धति आदिको सहजै ज्ञान हासिल गर्न सकिन्छ। तुथाराय सेनले सन् १३०६ ( बि.सं. १३६३) मा रिङसिङकोटमा बर्खे राजधानी र राजपुर (चम्पारण जिल्ला) मा हिउँदे राजधानी कायम गरी शासन गर्ने क्रममा उनकै सन्ततिहरूले क्रमशः रिब्दीकोट र बि.सं. १५४९ मा राज्य विस्तार गरी रूद्र सेनले पुर्नाकोट (भैरवस्थाननेर) राजधानी कायम गरी शासन गर्न थाले पछि नै पाल्पा शब्द पाल्पा राज्यको रूपमा प्रयुक्त र सुपरिचित भएको पाइन्छ।

मुकुन्दसेन द्वितीयको निधन बि.सं. १८३९ मा भएपछि राजा भएका महादत्त सेनले तानसन श्रीनगरमा दरबार निर्माण गरी राजधानी पुर्नाकोटबाट तानसेन श्रीनगरमा सारेपछि सेनराज्यको प्रशासन यहीँबाट चल्न थालेको पाइन्छ। जाडो मौसममा श्रीनगरमा बसोबास गर्न गाह्रो हुने हुँदा हाल तानपा-७, दरबार थुम्कामा दरबार निर्माण गरी हिउँदे राजधानी यही दरबार थुम्का प्रभासमा कायम गरेको देखिन्छ। बि.सं. १८६१ जेठ २० पछि पाल्पा राज्य नेपाल राज्यमा विलय भएपछि पश्चिम क्षेत्रकै प्रमुख प्रशासनिक केन्द्र पनि यही तानसेन नै हुन गयो। त्यसैले यहाँ अमरगंज पौवा, अमरनारायण मन्दिर रणउजीरेश्वरी भगवती मन्दिर लगायत धेरै मठमन्दिर, पौवापाटी, टक्सार, पैसा राख्ने ढुकुटी (तीन साँचा) भवन लगायत संरचनाहरु निर्माण र प्रयोग हुन थाले भने जात्रा महोत्सवहरु सञ्चालनमा आए। राणाशासन काल १९०३ देखि २००७ सम्म पनि यही तानसेन प्रशासनिक केन्द्र (पश्चिम कमाण्डिङ जर्नेल-प.क.ज.मुकाम) रहन गएको हुँदा गौंडा प्रमुख रहने तानसेन दरबार, प्रेमको प्रतीक रानीमहल (रानीघाट धाम), जुद्ध शमशेरको निजी आवासीय भवन अर्गली दरबार आदि निर्माण भएको पाइन्छ भने मणिमुकुण्द सेन प्रथमको पालामा पाल्पा भैरव, हृषिकेशमन्दिर अर्गलीका राजकुलो निर्माण र प्रयोगमा आए। सारतः तानसेन गौरव पूर्ण इतिहास बोकेको अति पुरानो र महत्वपूर्ण कला संस्कृतिको केन्द्र हो, जसका पुरातात्विक महत्व र कलाकृतिबारे कापीमा लेखेर पढेर भन्दा स्थलगत अध्ययन अवलोकन गरे मात्र यसको महत्त्वबारे सुपरिचित हुन सजिलो हुनेछ। अनुभूति गर्न सकिनेछ। २००७ सालको प्रजातन्त्रको मिर्मिरेसँगै नेपालको तेस्रो नगरपालिकाको मान्यता प्राप्त गर्न सफल तानसेन नगरपालिका लोकतान्त्रिक गणतन्त्रको संविधान प्रकाश भएपछि हाल १०९.८ वर्ग कि.मि क्षेत्रफलमा विस्तृत हुन पुगेको छ। नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार ५०४०५ जनसंख्या बसोबास गर्ने तानसेन नगर पालिकामा हाल माण्डव्य आश्रम (मदनपोखरा) तिनाउ नदीदेखि हृषिकेशव आश्रम कालीगण्डकी अर्गली, रानीमहल (तेजमहल) सम्म विस्तृत भएको छ। तानसेन नगरक्षेत्र र यहाँका बासिन्दाको आर्थिक सामाजिक र सांस्कृतिक पाटोमा समृद्धि हासिल गर्नु सबैको चिन्ता र चासोको विषय बनेको छ। तिनै विषयमा केन्द्रित हुँदै संक्षिप्तमा प्रकाश पार्ने जमर्को गरिएको छ ।

१ योजनाबद्ध समृद्धिको योजना खाका तयारीः

◆ सीमान्तकृत, पाखा परेका, पारिएका अल्पसंख्यक जाति, जनजाति, दलितहरूको आर्थिक सामाजिक स्तरको प्रो फाइल तयार गर्ने

◆ दूरदृष्टि (भिजन), मिसन, लक्ष्य, उद्देश्य निर्धारण भएको दीर्घकालीन र ५ वर्षे आवधिक योजना तयार गरी विकास योजनाहरु योजनाबद्ध ढंगले कार्यान्वयन गर्ने।

२. भ्रष्टाचारमुक्त, पारदर्शी, सेवाग्राहीमुखी सरल र सहज ढंगको प्रशासन सञ्चालन गरी नागरिकहरुमा उत्साह अभिवृद्धि गर्ने।

३. पाखा परेका जाति, जनजाति, वर्ग, लिंगको उत्थान, आर्थिक समृद्धि र सामाजिक प्रतिष्ठा बृद्धिका लागि नगरपालिका क्षेत्रभित्र विशेष कार्यक्रम सञ्चालन गर्ने।

४. महिला, दलित, अल्प संख्यक, अपाङ्ता (फरक क्षमता) भएकाहरुको समूह, बालबालिका समेतको अधिकारको संरक्षण र आत्मसम्मानका लागि विविध कार्यक्रम सञ्चालन गर्ने।

५. व्यवसायिक र व्यवहारिक शिक्षाको प्रसारण

शिक्षा आर्जनको उद्देश्य, स्वरोजगारको अवसरहरुको सिर्जना गर्दै नयाँ प्रविधिको आविष्कार र तिनीहरुको प्रयोग मार्फत खुसी र सुखी समाजको निर्माण गर्नु हो। तर, हाम्रो देशको शिक्षाले मानिसहरुलाई बेरोजगार, परावलम्बी, पलायन र दुःखी गराएको अवस्था छ। त्यसैले व्यवहारिक र व्यवसायिक शिक्षा, औपचारिक र अनौपचारिक रुपमा सञ्चालन गरी श्रमप्रति आस्थावान् नागरिक उत्पादन गर्नुपर्ने देखिन्छ। अहिलेको शिक्षाले नागरिकहरुलाई बोक्रे भलाद्मी, सीपहीन र परावलम्बी कागजी डिग्रीधारी बनाएको हुँदा शैक्षिक पाठ्यक्रम परिवर्तन गर्न समेत अनिवार्य छ। तालिम र गोष्ठीका नाममा अनुत्पादक खर्च गर्ने, गोष्ठीका लागि गोष्ठी, तालिमका लागि तालिम गर्ने जुन प्रवृत्ति हाबी भएको छ, यसलाई हतोत्साह र नियन्त्रण गर्नुपर्ने देखिन्छ। आत्मनिर्भरताका लागि नागरिकलाई स्वरोजगार र आफैलाई मालिक बनाउने शिक्षा चाहिएको छ। शिक्षाको डिग्रीले नागरिकहरुलाई विदेशी मालिकको दासदासी बनाइरहेको छ। अब यस्तो हुनु हुँदैन। त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन बहुमुखी क्याम्पस, मावि, आधारभूत विद्यालयहरु र विभिन्न विषयगत टेक्निकल इन्स्टिच्यूटहरु शिक्षा प्रसारणका माध्यम हुन् र पाल्पामा तिनीहरु क्रियाशील रहदै आएका छन्।


६. कृषि व्यवसायः

तानसेन नगरपालिका साँच्चै भन्ने हो भने कृषकहरुको नगरपालिका हो। विस्तारित नगरपालिका माडीफाँट देखि अर्गली फाँटसम्म फैलिएको छ। मदनपोखरा र अर्गनी नमूना कृषि व्यवसायका रुपमा प्रसिद्धि हासिल गर्दै आएका छन्। तेल्घा, बन्दिपोखरा, बौघागुम्हा, बौघापोखरा थोक, बराङ्दी, कुन्सरे, बर्तुङ जस्ता गाउँ वस्ती क्षेत्र पनि कृषि उत्पादन क्षेत्र हुन् र किसानहरुले आफ्नै सीप शैलीमा खेतीपाती, पशुपालन, दुग्ध व्यवसाय आदि गर्दै आएका छन्। प्रौढ पाका किसान पुस्ता यही कृषि पेसामा संलग्न छन्। यसले उनीहरुलाई एक किसिमले आत्मनिर्भर पनि बनाएको छ। आफ्ना छोरा छोरीलाई राज्यले व्यवस्था गरेको पाठ्यक्रम अनुसारको शिक्षा प्रदान गरेर डिप्लो र डिग्री तहको प्रमाणपत्रधारी पनि बनाएका छन्। यसको आधार कृषि नै हो। दुःखको कुरा वर्तमानमा नयाँ पुस्ता कृषि पेसाबाट विकर्षित र पलायन हुँदैछ। नयाँ पुस्ता कृषि व्यवसायमा आकर्षित हुन नसक्नु भनेको खतरनाक संकेत हो। जसका कारण कृषि योग्य उर्बर भूमि बञ्जर हुँदैछन्। त्यसैले तानसेन नगरको समृद्धि र नगरबासीको आत्मनिर्भरताका लागि देहायका गतिविधि नगर सरकारले सञ्चालन गर्नु पर्ने देखिन्छ।

◆ आत्म निर्भर र स्वरोजगार बन्नका लागि कृषि, पशु पालन जस्ता विषयमा माध्यमिक तहदेखि नै कृषिमा आधारित व्यवसायिक शिक्षा अध्ययन अध्यापनको प्रयोगात्मक शिक्षा प्रदान गर्नु पर्ने देखिन्छ।

◆ सतह सिंचाइ योजनाका साथै कृषि योग्य भूमि रहेका डाँडा, पाखामा ठूलाठूला वर्षात्को पानी पोखरी निर्माण गरी सिंचाइएको व्यवस्था गर्नु पर्ने देखिन्छ।

◆ कहाँ कुन क्षेत्रमा तरकारी खेती, बाख्रा पालन



केन्द्र, बंगुर पालन केन्द्र, माछा पालन केन्द्र, मौरी पालन केन्द्र, गाई भैसी पालन र दुग्ध व्यवसाय केन्द्रका रूपमा विकास गर्ने नगरसरकारले प्राविधिक र व्यवसायिक अध्ययन गराई क्षेत्र निर्धारण र सिफारिस गर्नु पर्ने देखिन्छ।

◆ उन्नत बीउ विजनको व्यवस्था गर्ने, स्थानीय बीउ विजनको संरक्षणको विशेष व्यवस्था गर्ने र हाइब्रिड बीउ विजनको बितरणमा नियन्त्रण र सन्तुलनको व्यवस्था गर्नु पर्ने देखिन्छ।

◆ उत्पादनकत्व वृद्धिका लागि जैवक मल र जैविक औषधि उत्पादन र प्रयोगको चाँजोपाँजो मिलाउँदा राम्रो होला।

◆ कृषिमा आधारित उद्योगहरु जस्तै– सस उद्योग, जामजेली उद्योग, दुग्ध जन्य उद्योग आदिको व्यवस्था मिलाउने।

◆ बीउ विजन भण्डारणका लागि कोल्ड स्टोरहरूको निर्माणमा जोड दिने ।

## ७. पर्यटन उद्योग/व्यवसाय :


पुरानो बजार तानसेन र बिस्तार भएको समग्र तानसेन नगरपालिकाका सबै ग्रामीण क्षेत्र पर्यटकीय क्षेत्र हुन्। ऐतिहासिक कलाकृति सम्पन्न दरबार, मठमन्दिर, चैत्य, विहार, पाटीपौवा, मस्जिद, गिर्जाघर, पोखरी, पार्क, टुँडिखेल, प्रकृतिको भण्डार श्रीनगर, रानीमहल क्षेत्र, बनदेवी जंगल आफैमा मङ्गल समग्र पाल्पाकै केन्द्र हुन्। यिनै पुरातात्विक कलाकृति र प्राकृतिक दृश्यावलीलाई प्राथमिकतामा राखी पर्यटन उद्योग सञ्चालन गर्नुपर्छ। यसलाई विस्तार गर्दै हृषिकेश रूरू, प्रभास र माण्डव्य आश्रम कोकलदेवी थान, गुफा चौर तेल्घा, प्रेमको प्रतीक रानीमहलसम्म पर्यटन प्रवर्द्धन गर्न सकिने आधार छन्। प्रकृति र पुर्खाले हामीलाई नासोका रूपमा महत्वपूर्ण सम्पत्ति र साधनस्रोत दिएका छन्।


यी ऐतिहासिक कलाकृति, प्राकृतिक वन सम्पदा र कृषि व्यवसाय आदिमा पर्यटन प्रवर्द्धन गर्ने कला सीपको खाँचो छ। पर्यटन व्यवसाय भनेको निजी क्षेत्र र समुदायको विजिनेस व्यापार हो। निजी क्षेत्र र समुदायले विजिनेस व्यापार गरी आम्दानी गर्दैन, रसिद विल काट्दैन भने त्यो पर्यटन व्यवसाय वा उद्योग होइन। अहिलेसम्म तानसेनमा खासमा भन्ने हो भने पर्यटन प्रवर्द्धन भएको छैन। हो, मान्छेहरु स्वदेश र विदेशबाट केही आउँछन् जान्छन्। धेरै जसो कुनै कार्यालयको, शैक्षिक भ्रमण वा कुनै व्यक्तिको पाहुनाको रूपमा आएका हुन् र पाहुनाको रूपमा फर्केका छन्। सिमित व्यक्तिले होमस्टे सञ्चालन गरेका छन्। पाहुनाका रूपमा आउने फिरिमा खाने अनि केही चीज पनि खरिद नगरी जाने स्थिति रहन्छ भने त्यो पर्यटन उद्योग हुन सक्दैन। त्यसैले निम्न व्यवस्थापन गर्न अनिवार्य छ। केही उदाहरण मात्र प्रस्तुत गरिन्छ।

◆ पाल्पा दरबार र दरबार कम्पाउण्ड हाम्रो पाल्पा संग्रहालय हो। त्यसैले यो पाल्पाकै पर्यटन प्रवर्द्धनको केन्द्र हो। दरबार संग्रहालयमा पुरातात्विक सामग्रीले भरिपूर्ण गर्नु पहिलो काम हो। कपाण्डभित्र आकर्षक मनमोहक पार्क निर्माण गर्नु अर्को महत्त्वपूर्ण काम हो। पर्यटन प्रबर्द्धन नै गर्ने हो भने हरेकसँग प्रवेश शुल्क लिएर मात्र प्रवेश अनुमति दिनुपर्छ। निशुल्क हेरेपछि फर्केर जानुको कुनै अर्थ छैन। विजिनेस व्यापारको थलोको रूपमा यस दरबार र दरबार प्राङ्गणलाई प्रयोग नगरी पर्यटन प्रवर्द्धन हुन सक्दैन।

◆ अमरनारायण मन्दिर र अमरनारायण पार्क, रणउजिरेश्वरी भगवती मन्दिर र रणउजिरेश्वरी कम्पाउण्ड, रानीमहल दरबार र रानी महल बनक्षेत्र, हृषिकेश मन्दिर रिडी र हृषि क्षेत्र, माण्डब्य आश्रम र माण्डब्य क्षेत्र, गुफाचौर र गुफाचौर गणेशमन्दिर क्षेत्र र लिपिनदेवी मन्दिर, लिपिन्देवी क्षेत्र, कोकलदेवी थान र कोकलदेवी वन क्षेत्र, विभिन्न बौद्धबिहार, गुम्हा र चैत्य क्षेत्र लगायत मठमन्दिर, मस्जिद, गुम्बा, बिहार, चर्चहरूलाई धार्मिक सांस्कृतिक क्षेत्रका रूपमा विकास गर्नुका साथै द्यगककक्ष्लभकक एयष्लत या ख्भ्थध (उद्योग व्यवसाय) को रूपमा वा आयआर्जन क्षेत्रको रूपमा विकास गर्ने योजना हुन जरूरी छ।

◆ जहाँ पर्यटन प्रवर्द्धन वा पर्यटन व्यवसाय चलाउने हो





त्यहाँ सडक, खानेपानी, बिजुली, सूचना व्यवस्था, सुरक्षा व्यवस्था लगायत पूर्वाधार निर्माण राज्य अर्थात् नगर राज्य वा स्थानीय सरकारका तर्फबाट सम्पन्न गर्ने र गर्नुपर्ने उसको दायित्व रहन्छ।

◆ पर्यटन व्यवसायबाट समुदाय, निजी क्षेत्र, व्यापार, व्यवसायी, होटल व्यवसायी, उत्पादक किसान, मजदुरहरू, गाडी व्यवसायी लगायत सबै एक साथ लाभान्वित हुन सक्छन्। यसको नीतिगत व्यवस्थापन र पूर्वाधार निर्माण राज्यले गर्ने र पर्यटन विजिनेस निजी क्षेत्र र समुदायले गर्ने, आत्मनिर्भर हुने प्रतिबद्धता र व्यवहारको खाँचो छ।

८. उद्योग व्यवसायः

पाल्पा जिल्ला र विशेष गरी तानसेन नगरपालिका क्षेत्र घरेलु तथा हस्तकला उद्योगको रूपमा परिचित छ। करूवा उद्योग, घरेलु ढाका उद्योग, बगनासेताला उद्योग, मदनपोखराको घरबुना उद्योग आदि यहाँका कुटिर उद्योग थिए। बगनासेताला र मदनपोखराको घरबुना उद्योग लोप भैसकेको छ। करूवा उद्योग संकटमा छ। नयाँ प्रविधिको प्रतिस्पर्धामा प्रवेश नगर्दा वा नयाँ प्रविधिलाई अवलम्बन गरी परिस्कार र परिमार्जन गर्न नसक्दा हलो जुवा, कोल, घरबुना उद्योग बगनासेताला उद्योगहरू लोप भए। त्यसैले संकटापन्न उद्योगहरू ढाका, करूवा उद्योग आदिलाई नचाहँदा नचाहदै पनि नयाँ स्वचालित प्रविधि मार्फत उत्पादन गर्ने काम समयमै नगरे ढाका, करूवा उद्योग पनि लोप हुन सक्छ। त्यसैले यस तर्फ सोचिनु बाञ्छनीय हुनेछ। त्यसो भएमा नयाँ पुस्तालाई आकर्षण गर्न सकिने छ। यसो भन्दा जाद्रो हुने छैन। नयाँ प्रविधिलाई अलवम्बन गर्ने साहस गरे बगनासेताला र घरबुना उद्योग पनि पुनर्जीवित हुन सक्ने छ। साथसाथै कृषि उत्पादन र वनजन्य उत्पादनमा आधारित जाम,जेली जुस र सस लगायतका उद्योगहरू पनि सञ्चालन गर्न सकिन्छ। यो युग विज्ञान र प्रविधिको युग हो। विज्ञान र प्रविधिलाई ग्रहण नगरे प्रतिस्पर्धामा अगाडि बढ्न असम्भव देखिन्छ।

९. स्वरोजगारमूलक तालिमः

बेरोजगारीको समस्याले अहिले सर्वत्र सताएको छ। समृद्धि र आत्मनिर्भरताका लागि उपलब्ध साधन स्रोत जे जस्ता छन् तिनैलाई परिचालन गरी आत्मनिर्भर बन्ने प्रयोगात्मक र व्यवहारिक तालिमको खाँचो छ। शिक्षित युवा देखि अर्ध शिक्षित र सामान्य नागरिकहरूलाई समाज उपयोगी र बजारमा माग भैरहेको जनशक्ति निर्माण गर्न तालिम प्रदान गर्न जरूरी छ। उदाहरणार्थ : हाम्रो देश भूकम्पीय जोखिम युक्त देश हो। हाम्रा घरहरू भूकम्प प्रतिरोधी छैनन्। घर, भवन, दरबार, पुल आदि निर्माण गर्ने अधिकांश सिकर्मी, डकर्मीहरू छिमेकी देश भारतबाट नै आपूर्ति हुने गरेका छन्। अहिलेको सन्दर्भमा भूकम्प प्रतिरोधी घर, भवन, दरबार, पुल निर्माणका लागि सबै स्थानीय तहहरूले र विशेष गरी तानसेन नगर क्षेत्रभित्र के कति संख्यामा को को सिकर्मी, डकर्मीहरू छन्, उनीहरूलाई भूकम्प प्रतिरोधी संरचना निर्माण गर्न विशेष र व्यवहारिक तालिमको व्यवस्था गर्दा ठूलो बेरोजगारी समस्या समेतको हल हुने देखिन्छ। यसो भएमा केही नागरिकहरू रोजगार प्राप्त भई आत्मनिर्भर बन्न सक्ने देखिन्छ। साथै भूकम्प प्रतिरोधि संरचना बन्दछ।

## निचोड :

तानसेन नगर सुन्दर, शान्त र इतिहास संस्कृतिको गाथा बोकेको नगर हो। प्राकृतिक रूपमा, सांस्कृतिक रूपमा र ऐतिहासिक रूपमा पनि धनी छ। श्रम, सीप र पसिनालाई जोडेर उपयोग गर्न सके काली गण्डकीको पानी अमृत बन्न सक्छ। अर्गली बौघागुम्हा र तिनाउको बालुवा सुन बन्न सक्छ। माडी बुढुवा ढाव माण्डब्य सरोबर बन्न सक्छ। रिडीको काली गण्डकी मोक्ष धाम बन्न सक्छ। मदनपोखराको नास्पाती, टमाटरबाट जामजेली र सस बन्न सक्छ। पाल्पा दरबार क्षेत्र, अमरनारायण मन्दिर क्षेत्र, प्रभास क्षेत्र, रणउजिरेश्वरी भगवती मन्दिर क्षेत्र, हृषिकेश रिडी क्षेत्रलगायत सबै ठाउँ आयआर्जनको निमित्त काम धेनु गाई जस्तै लाभकारी र हितकारी बन्न सक्छन्। परि पुऱ्याएर गरे ५ नं. प्रदेशकै महत्पूर्ण संग्रहालय पाल्पा दरबारले, प्रेमको प्रतीक रानी महल, मदनपोखरा र अर्गली लगायतका कृषि व्यवसायले अकल्पनीय प्रगति गर्न सक्छन्। धन आर्जन गरेर पाल्पालाई नै आत्मनिर्भर बनाउन सक्छन्। तर नयाँ व्यवस्थापन केही नगर्ने हो भने हुँदैन, प्रगति हुँदैन। गरे हुन्छ, आत्मनिर्भर हुन सकिन्छ। नगरबासीलाई सहभागी र साझेदार बनाउँदै, नगरवासीको रूचि र खुबीलाई ससम्मान परिचालन र सदुपयोग गर्ने योजना तानसेन सरकारसँग हुनु पऱ्यो। समृद्धिका बास्तविक एक्टर नगरवासी हुन्। मार्गदर्शन मात्र नगर सरकारको जरूरी छ। आत्मनिर्भर समाज अवश्य बन्छ। इतिहासको भोटो र फोटो देखाएर मात्र तानसेन समृद्ध र आत्मनिर्भर हुँदैन। योजनाबद्ध विविध क्रियाकलापहरू नगर वासीको सहभागितामा सञ्चालन गरे मात्र सम्भव छ। पर्यटन व्यवसाय, उद्योग धन्धा, कलकारखाना, कृषि व्यवसाय, पशुपालन, मौरीपालन, बाख्रा पालन, गाईभैंसी पालन, व्यापार व्यवसाय आदिका माध्यमबाट आत्मनिर्भर बन्न अवश्य सकिन्छ। शुभकामना तानसेन नगर सरकार र समस्त नगरवासीहरूलाई हातमा हात मिलाएर, कुममा कुम जोडेर प्रगति समृद्धिको सोपान चढ्ने तागत प्राप्त होस् सबैलाई!

(साविक जिल्ला विकास समिति पाल्पाका पूर्व सभापति)

◆

# पाल्पा संग्रहालय नै किन?

-राजेन्द्रगोपाल सिंह





(१) पाल्पा जिल्ला धार्मिक, सांस्कृतिक र पर्यटकीय हिसाबले ऐतिहासिक जिल्ला हो। पाल्पाको चिनारी थप गर्ने क्रममा सामाजिक उत्तरदायित्व बहन गर्दै पाल्पा संग्रहालयको स्थापना भएको हो। राज्यस्तरमा पाल्पा दरवार लाई पाल्पा दरवार संग्रहालयको रूपमा व्यवस्थापन गरिँदै छ। यहाँ निजीस्तरमा स्थापित पाल्पा संग्रहालयबारे केही जानकारी गराउन चाहन्छु।

(२) बि.सं. २०७१ असार ११ गते स्थापना भएको पाल्पा संग्रहालय समावेशी स्वरूपको रहेको छ। यस संग्रहालय भित्र १ हजार भन्दा बढी बिबिध प्रकारका सामग्री रहेका छन्। ती सामग्रीहरु पुराना सिक्का, कागजका नोट, फलामका घरेलु हतियारहरु, भाँडाकुँडा, काठका ठेकी, हर्पे, चौठो, डाडु, पन्यो, पुरानो रेडियो, टाइप राइटर, प्रोजेक्टर, ग्रामोफोन, कलम लगायतका पुराना सामग्रीहरु रहेका छन्।

(३) पाल्पामा मात्र नभएर यो संग्रहालय यस क्षेत्रकै पनि निजीस्तरबाट स्थापना भएको पहिलो संग्रहालय हो। संग्रहालयको मुख्य उद्देश्य ऐतिहासिक, पुरातात्विक महत्वका सम्पदाहरूलाई संरक्षण सबर्द्धन गरी इतिहासको जानकारी दिनुका साथै पर्यटन प्रबर्द्धनमा समेत टेवा पुऱ्याउनु हो।

(४) निजी स्तरबाट स्थापना भएको कारणले होला यस संग्रहालयले अपेक्षाअनुरूप सहयोग प्राप्त गर्न सकेको छैन। साविक जिल्ला विकास समिति र तानसेन नगरपालिकाबाट विगतमा केही सहयोग प्राप्त भए बाहेक अन्य सहयोग प्राप्त भएको छैन। सरोकारका निकाय र व्यक्तिहरूले सहयोगको आवश्वासन दिएतापनि हालसम्म कार्यान्वयन हुन सकेको छैन।

(५) पाल्पा संग्रहालयको स्थापनापछि स्थापना भएको पाल्पादरबार संग्रहालयसँग समन्वय हुन सके राम्रो हुने थियो भन्ने चर्चा, परिचर्चा पनि नभएका हैनन्। पाल्पा संग्रहालय जनभावनाको कदर गर्दछ तर कतिपय कुराहरु प्राविधिक भएको हुँदा आधिकारिक संस्थाले आफ्नो धारणा प्रष्ट पारे राम्रो हुने थियो। अन्यथा निजीस्तरबाट संग्रहालय चलिराख्नु आफैमा नराम्रो भने होइन।

(६) संघीय स्वरूप अनुसार जिल्ला समन्वय समितिको अधिकार स्पष्ट हुन नसकेपनि तानसेन नगरपालिकाको अधिकार र कार्यक्षेत्र भने प्रष्ट छ। वडास्तरमा भने यो विषय मौन रहेको छ। नगरपालिकाको उद्देश्यसँग यस संस्थाको उद्देश्य पनि कतिपय सन्दर्भमा मेल खान आउँछ। जस्तै- संस्कृति, पर्यटन, सम्पदाहरूको संरक्षणलगायत सवाल नगरपालिकाको पनि हो। त्यसो हुँदा यस संग्रहालयलाई नगरपालिकाबाट पनि सहयोग हुने कुरामा हामी आशावादी छौँ।

(७) तानसेन नगरपालिका नयाँ संरचनाबाट अघि बढेको छ। नगरपालिकाले पर्यटनको विषयमा आफ्नो अवधारणा सार्वजनिक गर्नु आवश्यक छ। यसभन्दा अगाडि पनि अहिलेका नगर प्रमुख अशोककुमार शाही नै मेयर हुनु हुन्थ्यो। प्रत्यक्ष अप्रत्यक्ष रूपमा शिक्षा, स्वास्थ्य र पर्यटनको नाराम्ध्ये पर्यटनको विषयमा समेत हाम्रो धारणाहरु सार्वजनिक गरिसकेका छौ। अब एकताबद्ध ढंगले दिगो र व्यवस्थित गराउने हो भने कार्यान्वयन हुन सक्ने आधिकारिक अवधारणा अगाडि सार्नु पर्दछ। पर्यटन क्षेत्रमा सरोकारवाला व्यक्ति र संस्थाहरु कुन कुन हुन्? त्यसको पनि पहिचान र आधार छुट्टिन आवश्यक छ।

(संस्थापक अध्यक्ष, पाल्पा संग्रहालय)

◆

# झण्डै सय वर्ष अघिको तानसेन: मेरो सम्झनामा



—कविराज दशरथमान सिंह



ऐतिहासिक तथ्यहरूको विश्लेषण गर्दा जुन समय तानसेनमा मेरो जन्म भयो, त्यसवेला पाल्पा राज्यको सदरमुकाम त्यहाँ स्थापना भएको १३० वर्ष नाघिसकेको थियो भने अहिलेको स्थानमा आधुनिक ढङ्गले बजारको निर्माण थालनी भएको नव्वे वर्ष पुगिसकेको थियो। यसरी राम्रो ढङ्गबाट विकास भइसकेको तानसेनको बजारमा प्रायसः उपत्यकाका विभिन्न ठाउँहरूबाट गएका नेवारहरूको बस्ती थियो। बजारमा नेवारहरूको वाहुल्यता रहेता पनि बजार वाहिर अरु जातीका मानिसहरु धेरै थिए।


करीव एक शताव्दीको यात्रा पूरा गर्दै अहिलेको अवस्थासम्म आइपुग्दा मुलुकमा धेरै परिवर्तनहरु भए तापनि मेरो जन्म थलोको नाममा आजसम्म कुनै परिवर्तन भएको छैन। टोलको नाम, शहरको नाम र जिल्लाको नाम क्रमशः बसन्तपुर टोल, तानसेन र पाल्पा अद्यापि यथावत छ। पहाडी बस्ती हुनाले शहर विस्तार हुन सक्ने पर्याप्त स्थान नहुँदा त्यसवेलाको मूल वजारको स्वरूप नै कायम रहेको छ र विभिन्न टोलहरूको नाम पनि अद्यापि त्यही कायम छ।

श्रीनगरको काखमा अवस्थित तानसेन वजारको शिर भागतिर चुत्राभन्ज्याङ्ग (कैलाशनगर) बाट शुरु भई बजारको किनारमा विशाल टुंडिखेल मैदानसम्म फैलिएको थियो। टोल विशेषमा वसोवास गर्ने व्यक्तिहरूको समूह र त्यस निश्चित ठाउँको विशेषता कतिपय ठाउँमा अहिलेसम्म कायम छ भने अरूमा पनि लामो समयसम्म कायम रहेको थियो। जस्तै टक्सार टोलका प्रायः घरहरूमा भाँडा कुँडाका कुटिर उद्योगहरु थिए। यहाँ काँस, पीतल, तामा, ढलौट जस्ता धातुहरूबाट बन्ने भाँडा कुँडाहरु करूवा, अंखोरा लगायत सुकुण्डा, पानस जस्ता वस्तुहरु कलात्मक ढङ्गले वनाउने शिल्पी हातहरु धेरै थिए। एका विहानैदेखि त्यहाँ भाँडावर्तन वनाउने तैयारीमा लाग्नेहरूवाट ट्वाङ् ट्वाङ् आवाज आइरहन्थ्यो। त्यस टोलमा प्रायसः वज्राचार्य, शाक्य, गुभाजु थरका वौद्ध धर्मावलम्वीहरूको बस्ती थियो, जुन अद्यापि कायमै छ।

भीमसेन टोलमा प्रायसः जिमीदारहरूको बसोबास थियो। मधेशमा प्रशस्त आयस्ता भएका जिमीदारहरु पहाड र मधेश वरावर ओहरदोहर गरिरहन्थे। शीतलपाटी वरपर प्रायः सेठ, फौज्दारहरु बस्दथे। बजारको मुख्य केन्द्र विन्दु पनि त्यही वरपर थियो। सेठ, फौज्दार, जिमीदारहरु प्राय सबैको मधेशमा प्रशस्त जग्गा जमीन भएकोले त्यहाँ पनि उनीहरूले पर्याप्त समय दिनु स्वभाविकै थियो।

तानसेन बजारभित्र मात्र होइन वजार वाहिरका क्षेत्रहरूको वस्ती विकास पनि व्यवस्थित तरिकावाट भएको देखिन्थ्यो। जस्तैः तानसेन नजिकैको धरमपानीमा गुरूजु (गुरु घराना) हरूको वाहुल्यता थियो, तानसेनदेखि पश्चिम (पश्चिम गाउँ भनिन्थ्यो) मा मुसलमान समुदायका मानिसहरूको वस्ती थियो, जस्को वाक्लो उपस्थिति अझै कायमै छ। उनीहरूको समुदायकै नामबाट त्यस गाउँको नाम प्रख्यात छ। बजारको मध्य भागस्थित दरवारको परिसरभित्र थुप्रै संरचनाहरु थिए र दरवारलाई अग्लो पर्खालले घेरिएको थियो। परिसरभित्र रहेका संरचनाहरूमा पूर्वपट्टि सिलखान, निशानथान र दशैं घर थिए भने पूर्वोत्तरमा अदालत, माल र प्रहरी थाना थिए। मूल ढोकाको भित्रपट्टि रणउजेश्वरी भगवती मन्दिरको पूर्वपट्टि (हाल जि.वि.स. को निवास रहेको ठाउँनेर) पैसा जम्मा गर्ने ढुकुटी थियो। त्यहाँ तीनवटा साँचो लगाउने हुँदा तीनसाँचा तहविल अड्डा भनिन्थ्यो। छालाको थैलीमा पुराना चाँदीका मोहरहरु त्यहाँ राखिने गरिन्थ्यो।

शीतलपाटी आफ्नै मौलिक संरचनामा थियो, संगै मसला (Eucalyptus) को ठूलो रूख थियो र पाटी खुल्ला थियो। दरवारको ठीक वाहिर रहेको र बजारको मध्य भागमा चारैतिरको बाटो जोडीने हुँदा त्यहाँ प्रायः मानिसहरूको जमघट भइरहन्थ्यो। सरकारी अड्डाहरु त्यही वरपर भएको हुँदा विभिन्न स्थानबाट सरकारी कामको सिलसिलामा आउनेहरु त्यतै देखा पर्दथे।



तानसेनको मुटुमा रहेको शीतलपाटी

बजारमा सर्वसाधारणका घरहरु पक्की र ठूलठूला निर्माण भइसकेका थिए। घरका छानाहरु प्रायः झिंगटीका हुने गर्दथे। बजारभित्र र वरपर अन्य ठूलठूला दरवारहरु खास गरी अन्य राणाहरु, साहेवज्यू (चौतरियाहरु) र उनीहरूका नजिकका सम्वन्धीहरूका थिए। श्रीनगरको काखमा (ठूटेपीपल नेर) यस्ता केही दरवारहरु थिए। यस्तै केही संरचनाहरु सिलखान टोल र बढिङ्गान टोलतिर पनि थिए। वडो आकर्षक ढंगमा निर्माण गरिएको गुरूज्यूको दरवार (हाल त्रिभुवन क्याम्पसको घर) त्यसवेला निर्माणको चरणमा थियो।


हाल रहेको मठ मन्दिरहरु त्यतिवेलै थिए। अमरनारायणको भव्य मन्दिर, वरिपरिको ठूलो पर्खाल र अगाडिको वगैंचा र वगैंचामा पाइने चमेराहरूको व्यवहार ज्यादै लोभलाग्दो थियो। वजारको मध्यभागस्थित भगवती मन्दिर अहिलेको स्वरूप भन्दा विशाल पेगोडा शैलीको तीन तले ज्यादै भव्य थियो। अमरगन्जमा ठूलो पौवा र वटुक भैरवको मन्दिरको साथै अन्य मन्दिरहरु श्रीनगर गणेश टक्सार गणेश, विभिन्न स्थानको भीमसेन मन्दिरहरु पनि व्यवस्थित रूपमै सञ्चालित थिए। वर्षेनि निश्चित दिन र समयमा मनाइने जात्रा, पर्वहरु उत्साहपूर्वक मनाउने गरिन्थ्यो।

बौद्ध धर्मालम्वीहरूको उल्लेख्य उपस्थिति रहेको तानसेनमा भीमसेनटोल टुंडिखेल नजिकै आनन्द विहारको चैत्य पहिले देखि थियो। वि.सं. १८६३ मा सुन्दर वाडाले उक्त ढुङ्गाको चैत्य स्थापना गरेपछि तानसेन पाल्पामा वुद्ध धर्मको नयाँ आयाम आधुनिककाल प्रारम्भ भएको मानिएको छ। उक्त स्थानमा वि.सं. २००९ सालमा ज्ञानमाला संघले एक विहार निर्माण गरेका थिए, जसलाई आनन्द विहार भनिन्छ। वि.सं. १९८८ मा टक्सार टोलमा निर्माण भएको महाचैत्य विहारको निर्माण भएको मलाई सम्झना छ।

(स्व. सिंहका पुत्र रामचन्द्रमान सिंहबाट उपलब्ध)

◆

# पाल्पा जाऔं, तानसेन जाऔं



-बुद्धिप्रसाद शर्मा

उहिल्यै काठमाडौंको सहोदर भाइ भनेर चिनिने तानसेन पाल्पा हो। त्यसैले 'पाल्पा जाऔँ, तानसेन जाऔँ'। सानो तर, आँखाको नानी कत्ति नबिभ्काउने। त्यसैले तानसेन- पाल्पामा आउने जाने लहर चल्छ, जन जिब्रोमा तानसेन-पाल्पा, पाल्पा-तानसेन। पाल्पा जिल्ला तानसेन सदरमुकाम भइकनै पनि एक अर्काका पयार्यवाची शब्द। अनेकतामा एकता, हर क्षेत्रमा स्वच्छ र पवित्रता यसको विशेषता। सबै पर्यटकहरूका लागि र तानसेन पाल्पा जिल्लाकै लागि पनि उत्तिकै रोमाञ्चकारी र अर्थपूर्ण। पोल्टाभरिको माया बाँड्न तानसेन पाल्पासँग परिचय गरौँ- भलाकुसारी गरौँ इतिहास र भूगोलका शब्दहरूमा।

## भौगोलिक स्थिति

नेपालका ७७ जिल्लाहरूमध्ये विविध मनोरम प्राकृतिक वातावरणले भरिपूर्ण महाभारत पर्वत श्रृंखलामा पर्ने ऐतिहासिक, भौगोलिक, सामाजिक एवम् पर्यटकीय क्षेत्रमा चर्चित जिल्ला पाल्पा हो। तनहुँ, स्याङ्जा, नवलपरासी, गुल्मी, अर्घाखाँची र रुपन्देही गरी ६ जिल्लाहरूको माभ्कमा अवस्थित पाल्पाले अधिराज्यको करीब १,३६, ५९५ हेक्टर जमीन ओगटेको छ।

भगवान् बुद्धको पवित्र जन्मस्थल लुम्विनी नजिक पर्ने पाल्पालाई विश्व मानचित्र भित्र हेर्दा यसको अवस्थिति २७.३४ देखि २७.१७ उत्तर अक्षांश र ८२.१५ देखि ८५.२२ पूर्वी देशान्तरभित्र रहेको छ। मगरहरूको बाहुल्य रहेको पाल्पामा काठमाडौं उपत्यकाबाट नेवार तथा गुभाजूहरु र पश्चिम तर्फबाट खस (ब्राह्मण, क्षेत्री, आदि) को आगमनको कारणले यहाँको प्राचीन संस्कृति, रहनसहन, बोलिचाली र व्यवहारमा विविधता भए पनि अनौठो सामञ्जस्य पाइन्छ । हिन्दू बौद्ध धर्मावलम्बीहरु एक अर्कालाई बडो श्रद्धा गर्दछन्, मन्दिर र बिहारलाई साभ्का सम्पत्ति ठान्दछन्। भिनो संख्यामा रहेका मुसलमान तथा क्रिश्चियनहरू माभ्क पनि उत्तिकै सुमधुर सम्बन्ध छ यहाँ।

नेपाल-भारतको दक्षिणी सिमानाको प्रमुख नाका सुनौलीदेखि पर्यटकहरूको भू-स्वर्ग पोखरालाई जोड्ने सिद्धार्थ लोकमार्ग, ८ गाउँपालिका र २ नगरपालिका भएको पाल्पा जिल्लाको सदरमुकाम तानसेन भई गएको कारणले पर्यटकहरु वा जोकोही पनि तानसेन पाल्पालाई नचुमी गुज्रन सक्दैनन्।

## ऐतिहासिक अवस्था

प्रागैतिहासिक कालमा किराँतीहरु, प्राचीनकाल विक्रमको छैंठो शताब्दीतिर लिच्छवीहरूको आधिपत्य रहेको पाल्पा पूर्वमध्यकालतिर मगरातको नामले प्रसिद्ध भयो। त्यसपछि पश्चिम नेपालमा खस राजाहरूको उदय भयो। त्यस बखत पूर्वी नेपालमा कर्णाटक वंशी राजाहरूको शासन चलेको थियो। वि.सं. १३६३ तिर मोहम्मद खिल्जीले भारतको चित्तौरमा आक्रमण गरे। त्यसैबेला चित्तौरको शालिनी राज्यबाट रत्नसेनका नाति तुथाराय सेन पाल्पाको रिब्दीकोटमा आई तपस्या गरे र पछि त्यहीका (सामन्त) राजा भए। सबै किसिमका करहरु पश्चिमका खस राजाहरूलाई उठाएर तिर्ने गर्थे। करीब २०० वर्षसम्म तुथाराय सेनका सन्तानहरूले शासन गरेपछि यिनकै वंशज दशौँ पुस्ताका चन्द्रसेनका छोरा रुद्रसेनले खस राजाहरूको शासन कमजोर भएको अवसर पारेर आफ्नो राजधानी रिब्दीकोटदेखि पूर्व रहेको पाल्पा (हाल पाल्पा भैरवको नजिकै सिलङ्गिथोक पुरानो कोटको थुम्को), जहाँ मगर मुखियाहरूको शासन चल्थ्यो, लाई जितेर स्वतन्त्र पाल्पा राज्यको स्थापना गरे। त्यसैले रुद्रसेनलाई पाल्पा राज्यको संस्थापक भनिन्छ। यिनले लगभग बि.सं. १५५० देखि १५७५ सम्म शासन चलाए। उनको मृत्युपछि उनका छोरा मुकुन्द सेनले राज्य गरे। इतिहासकार हरूले पहिलोलाई मुकुन्दसेन प्रथम र दोस्रोलाई मुकुन्दसेन द्वितीय भन्ने गरेका छन्। मुकुन्दसेन प्रथम वीर र साहसी थिए। उनले काठमाडौं उपत्यकाका कर्णाटक वंशीहरूमाथि पनि आक्रमण गरी केही समय उपत्यकामा पनि शासन

गरेको कुरा इतिहासमा उल्लेख गरिएको छ। यिनले रिडी (रुरुक्षेत्र) कालीगण्डकीको तिरमा ऋषिकेशवको मूर्ति स्थापना, देवघाटमा मुकुन्देश्वर महादेव, चक्रशीला, हरिहर, सूर्य, गणेशकालिका र तानसेन प्रभासको महादेव र वंशगोपालको मूर्तिको स्थापना गरी मन्दिरहरु बनाएका थिए। धार्मिक सहिष्णुतामा विश्वास गर्ने मणि मुकुन्द सेनले बि.सं. १५७५ देखि १६१० सम्म शासन गरे। देवघाटमा तपस्वीका रुपमा यिनको मृत्यु भयो। विशाल राज्यको बिस्तार गरी बलियो राज्य बनाउने तथा यहाँको धार्मिक र सामाजिक विकासमा योगदान दिने मुकुन्दसेनले आर्जेको विशाल पाल्पा टुक्रिई यिनका भाइहरुले स्वतन्त्र राज्यहरुको स्थापना गरी शासन गर्न थाले। मुकुन्दसेन प्रथमका छोरा माणिक्य सेन पाल्पामै रहे र १०० वर्षको अन्तरालपछि विनायक सेनका वंशज बुटवलका राजा अमरसेनले समकालीन पाल्पाली राजा त्रिलोकसेन निःसन्तान भएकोले पाल्पा र बुटवललाई मिलाई बि.सं. १६९९ देखि १७५० सम्म शासन गरे। तत्पश्चात् उनकै छोरा गन्धर्वसेनले पाल्पामा राज्य गरे। बिक्रम संवत् १७७४ मा पाल्पाली राजकुमारी कौशल्यावतीसँग गोरखाका राजा नरभूपाल शाहको दोस्रो विवाह भयो। यिनै रानीबाट पृथ्वीनारायण शाहको जन्म भएको हो। गन्धर्वसेनको बि.सं. १७५० देखि १८०९ सम्मको राज्यकालपछि उद्योत्त सेन राजा नहुँदै मरेकाले गन्धर्व सेनका नाति मुकुन्द सेन (द्वितीय) पाल्पाका राजा भए। बि.सं. १८०९ देखि १८३९ सम्मको राज्यकालपछि उनका छोरा महादत्त सेन पाल्पाको राजगद्दीमा बसे।


महादत्तसेन युवराज छँदै आफ्ना बुबालाई काममा सघाउने गर्थे। भारत अवधका नवाज असौँ फुद्दौलहसँग राम्रो मित्रता कायम गरेका हुनाले छिमेकी चौबीसे राज्यहरुमा महादत्त सेनको राम्रो प्रतिष्ठा थियो। गोरखामा राजमाता राजेन्द्र लक्ष्मीले प्रशासन सम्हालेकी थिइन्। त्यस समयमा पाल्पा र पर्वत ठूला राज्यहरु बाहेक प्रायः सबै चौबीसे राज्यहरु गोरखाका अधिनमा भइसकेका थिए। पाल्पाको रक्षाको लागि महादत्त सेनले इष्ट इण्डिया कम्पनीसँग सहयोग पनि मागेका थिए। राजेन्द्र लक्ष्मीको देहावसानपछि बहादुर शाहले महादत्त सेनकी छोरी विद्यालक्ष्मीसँग विवाह गरेर पाल्पासँग मित्रता कायम गरे। पश्चिमका चौबीसे र ाज्यहरुलाई अधीनमा ल्याउन महादत्तसेनले बहादुर शाहलाई सहयोग गरे। यसैको फलस्वरुप पाल्पाले गुल्मी, अर्घा र खाँची तीन जिल्लाहरु पाएको थियो। महादत्त सेनकै पालादेखि पाल्पाको राजधानी तानसेनको श्रीनगर भएको र शहर बसाउने काम शुरु भएको थियो। महादत्त सेनको बि.सं. १८३९ देखि १८५० सम्मको कार्यकालपछि उनका जेठा छोरा पृथ्वीपाल सेन पाल्पाको राजगद्दीमा बसे। गोरखाले आफ्नो राज्य विस्तार गर्ने क्रममा पाल्पा मात्र बचेको थियो। अन्ततः रुद्र सेनले स्थापना गरेको राज्य, मुकुन्द सेन प्रथमले निर्माण गरेको विशाल राज्य टुक्रिदै जानु, महादत्त सेन बहादुर शाहसँग मिल्नु तथा पृथ्वीपाल सेनले राजा बहादुर शाह र भीमसेन थापाको पाल्पा विरोधी रणनीति नबुझ्नुको कारणले गर्दा बि.सं. १८६१ मा पाल्पा राज्य नेपाल अधिराज्यमा गाभियो र अमर सिंह थापाले तानसेनको प्रसिद्ध अमर नारायणको मन्दिर बनाए र पाल्पाको प्रशासक भई बस्न थाले।



## तानसेन

ऐतिहासिक, भौगोलिक तथा पर्यटनको दृष्टिले अति महत्वपूर्ण मानिने तानसेन नगरपालिका पाल्पा जिल्लाको सदरमुकाम हो। राज्यको पुर्नसंरचनापछि तानसेन नगरपालिकाको पनि साबिकका केही गाविसहरूलाई समेटेर पुर्नसंरचना गरिएको छ। साबिकको नगरपालिकामा बराङ्दी गाविसको केही वडाहरू , मदनपोखरा, तेल्घा, बन्दीपोखरा, बौघापोखराथोक, बौघागुम्हा र अर्गली गाविसहरु समेटिएर १४ वार्ड कायम गरिएका छन्। यसरी समेटिएपछि तानसेनको सिमाना पूर्व बगनासकाली गाउँपालिका, पश्चिम रिब्दीकोट गाउँपालिका, उत्तर स्याङ्जा जिल्ला र दक्षिणमा तिनाउ गाउँपालिका पर्दछ। कुल क्षेत्रफल १०९.८ वर्ग कि.मि. हुन गएको छ। पर्यटन व्यवसायसँगै ढाका, करूवा, कृषि, उद्योग, व्यापारका साधन र स्रोतको अत्यधिक वृद्धि भएको छ। खास तानसेन १ हजार ३७२ मिटरको उचाईमा अवस्थित छ। आँखाको नानी जस्तै सुन्दर, शान्त र विशाल छाती बोकेको तानसेन विशेषत धार्मिक र सांस्कृतिक पर्यटकहरु तथा अन्य आन्तरिक एवम् बाह्य आगन्तुकहरूका लागि प्रदूषणरहित स्वच्छ, पहाडी नगर हो। सेनवंशीहरूको गौरवमय गाथा बोकेको श्रीनगरको न्यानो दक्षिणी काखमा अवस्थित तानसेनको नामाकरण सेनवंशीहरूसँग गाँस्न खोजे पनि वास्तविक रूपमा पूर्व मध्यकालतिरका मगर जातिहरूको मगरात क्षेत्र भएको हुनाले मगर शब्द तानसिङबाटै तानसेन भएको हुनुपर्दछ। मगर भाषामा "तानसिङ" को अर्थ उत्तरको बस्ती भन्ने बुझाउँछ।

बिक्रम संवत १८८५/८६ तिर काजी बख्तर सिंह पाल्पाको तैनाथवाला भई आएका थिए। बि.सं. १८८६ मै खरका छाप्राहरु तथा कच्ची घरहरु भएको तानसेनमा भयानक आगलागी भयो। बिचल्लीमा परेका बासिन्दाहरूको निवेदनपछि भीमसेन थापाले व्यक्तिगत सम्पत्तिको सुरक्षा गर्न र पक्की घर बनाएर बसेमा घरपतिले जग्गा बेचबिखन गर्न पाउने, अमाली वा चौधरीले पजनी गर्न नपाउने आदेश दिए र वर्तमान तानसेन शहरको निर्माण शुरु भएको थियो। काठमाडौं उपत्यकाका नेवार तथा गुभाजुहरु व्यापारिक उद्देश्यले आफू खुशी वा जिल्लाका प्रशासकहरूका साथ लागि तानसेन आए। मगर र खस जातिहरूको बाहुल्यता रहेको क्षेत्रमा उनीहरूले आफ्नो सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक परम्परा, कला कौशल तथा जीवन पद्धतिलाई विकास गरेको परिणाम स्वरूप तानसेन शहर झण्डै काठमाडौंको शैलीमा विकसित भयो। त्यसैले तानसेनलाई काठमाडौंको भाइ अथवा अर्को काठमाडौं पनि भन्ने गरिन्छ। सरदर ८ सेल्सिसियस देखि २८ से. तापक्रम भएको तानसेनले जो कोहीलाई पनि हरेक ऋतुमा लोभ्याउन सक्दछ। नेपालको बनारस बनेर चिनिने कालिगण्डकीका तटमा अवस्थित ह्षिकेशको मन्दिर, कलात्मक अमरनारायणको मन्दिर, स्वाभिमानी नेपालीको लागि सिंगो इतिहास बोकेको राष्ट्रिय एकताको प्रतीक रणउजिरेश्वरी भगवती मन्दिर, टक्सार गणेश, यहाँका उत्कृष्ट बिहार तथा चैत्यहरु, अण्डाकार क्रीडास्थल टुँडिखेल मैदान, वीरेन्द्र फूलबारी, मुगलशैलीमा निर्मित नेपालको सबैभन्दा ठूलो ढोका (बग्गी ढोका), फ्रान्सको भर्सालिज राजप्रासादमा भएको आठकुने खुल्ला विश्राम स्थललाई सम्झाउने यस्तै नमूनाको शीतलपाटी, शीतलपाटी चोक (तानसेनको पीपलको बोट), धवल पुस्तकालय र बौद्धधर्म ग्रन्थहरूको पुस्तकालय (होलन्दी बिहार), अमरनारायणको पौवा अमगरगञ्ज (हाल सेन मावि), पाल्पाली ढाका र करूवा उद्योग, कलात्मक झ्याल ढोकाहरु (शीतलपाटी क्षेत्र), श्रीनगर र तानसेन नगर आफै पनि दर्शनीय वस्तु तथा स्थलहरु हुन्। विश्व प्रसिद्ध नेपालको ताज महल भनेर चिनिने बौघागुम्हास्थित रानीमहलको अवस्थिति र गाथा अत्यन्त आकर्षक दर्शनीय स्थल हो। तानसेन आसपासमा पाल्पा भैरव र सोही स्थलमा भएको एसियाकै सबैभन्दा ठूलो सुनौला त्रिशुल, रम्भादेवी, सत्यवती ताल, रिब्दीकोट, सिलङ्गिथोक, माडीफाँट, मगर तथा कुमाले बस्तीहरु, कालीगण्डकीका तिरमा रहेका भृगतुङ्गेश्वर (रिडी), सुनगुफा राम्दी र सेनवंशीहरूको टक छाप्ने ठाउँ सामाकोट नजिकैको टक्सार दर्शनीयस्थलहरु हुन्। छुट्टी बिताउन, घुम्न, पैदल यात्रा गर्न तथा जलयात्रा (र्‍याफ्टिङ) का लागि पनि आउने पर्यटकहरूका लागि



आवश्यक पूर्वाधारहरु प्रशस्त रहेको छ। पर्यटकहरूको बसाइ सुविधाका लागि राम्रा होटेल तथा रेष्टुरेण्टहरु सदा तत्पर रहन्छन्।

## श्रीनगर

तानसेन-पाल्पाको चिनारीको क्रममा श्रीनगर डाँडालाई छोड्नै सकिदैन। तानसेन-पाल्पा आउने प्रत्येक पर्यटक जोसुकै होस् श्रीनगर नपुग्ने हो भने यात्रा तथा बसाइको महत्व नै हुँदैन। तानसेन-पाल्पाको पर्यटन उद्योगको केन्द्र तानसेनको श्रीनगर डाँडा १६५० मीटरको उचाइमा अवस्थित छ। बस बिसौनीबाट मोटरमा गए १० मिनेट पैदल गएमा ३० मिनेट मात्र लाग्ने तानसेनको श्रीनगरले कसलाई आनन्दित तुल्याउँदैन र? सल्लेरी वनको श्रीनगरको टाकुराबाट लामो हिमपर्वत श्रंखला देखिन्छ। उत्तरमा धवलागिरी, मनास्लु, दुई पुच्छर देखिने माछापुच्छ्रे प्रमुख हुन् भने दक्षिणमा प्रशान्त तानसेन शहर, नागवेली तिनाउ नदीले सिञ्चेको माण्डव्य ऋषिको तपस्याको थलो माडीफँाट, तराईको हरियो मैदान हुन्। सूर्योदय र सूर्यास्तका बेला देखिने सुनौला हिमाल र सूर्योदय हेर्ने मानिसहरु आकर्षित हुन्छन्। श्रीनगर डाँडाभित्र अवस्थित विशाल कलात्मक त्वारिदेवा (रजत स्तम्भ), शान्ति सन्देशका संवाहक भगवान् बुद्धको जीवनीमा आधारित पारिलेय्यक वन, विश्राम कुटीहरु, झाँडीहरु, समथल क्रीडास्थल (प्रस्तावित गल्फ कोर्स) बाल उद्यान आदिले सापट निधार माथिको हरियो घुम्टो ओढेर सबै किसिमका पर्यटकहरु, फिल्म निर्माताहरु, ध्यान विशेषमा अभिरूचि राख्ने ज्ञानी पुरूष तथा महिलाहरु, प्रकृतिप्रेमी तथा वनभोज गर्नेहरु एवम् इतिहास, भूगोल प्रकृति र वातावरणका विद्यार्थी तथा विद्वानहरु सबैलाई पोल्टाभरिको स्वागत र आनन्द प्रदान गर्दछन्।

स्थानीय तथा बाह्य क्षेत्रको लगानीको पर्खाइमा बामे सर्दै गरेको तानसेन पर्यटन उद्योगको क्षेत्रमा मात्र होइन शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि फड्को मार्दै आएको छ। कौतुहलपूर्ण तानसेन- पाल्पाको उद्योगको द्रुत विकासको भविश्य निर्माणाधीन अर्न्तराष्ट्रियस्तरको गौतम बुद्ध विमानस्थलसम्म गाँसिएको छ। बौद्ध पर्यटक लगायत विभिन्न उद्देश्य राख्ने पर्यटकहरूलाई भित्र्याउन यथेष्ट स्रोत र साधनहरु छन् सिद्धार्थ लोकमार्गको मर्मत सुधार र यसको उचित संरक्षणको व्यवस्था गर्न जरूरी छ। निर्माणाधीन झुम्सा चरङ्गे बैकल्पिक बाइपास तानसेनको विकासको लागि थप बरदान हुन सक्नेछ। संग्रहालय (बौद्ध धर्म जगतका सुप्रसिद्ध भिक्षु अमृतानन्दको जन्मस्थल र जीवनसँग सम्बन्धित समेत), मर्मत कार्य भइरहेको रानीमलको संरक्षण र तानसेनलाई सदा सोह्र वर्षे सुन्दरी बनाइराख्न यसको सरसफाइ श्रृङ्गार र संरक्षणको दायित्व सबै जनमानसले लिनुपर्दछ। नगरपालिकाले मार्गनिर्देश गर्नुपर्दछ। हाल तानसेनमा निजी क्षेत्रको लगानी र प्रयासमा पाल्पा संग्रहालय स्थापना भएको छ भने ऐतिहासिक पाल्पा दरबार र यसका सबै संरचनाहरूलाई सरकारको तर्फबाट ५ नं प्रदेशस्तरीय सांस्कृतिक संग्रहालयको रूपमा विकास गर्न पाल्पा दरबार संग्रहालय स्थापना गरी काम अगाडि बढाइएको छ।

यस प्रकार सेन वंशीय गरिमामय इतिहास र मनोरम भौगोलिक वातावरण भएको तानसेन-पाल्पालाई पर्यटकहरूको काठमाडौं पोखरा बाहेक वैकल्पिक गन्तव्य स्थलको रूपमा विकसित गर्दै लैजाने क्रममा भैरहवास्थित गौतम बुद्ध विमानस्थलको विस्तार र प्रस्तावित सिद्धार्थ लोकमार्गको स्तरोन्नतिले प्रमुख भूमिका खेल्न सक्दछ। साविकको तानसेनको पुर्नसंरचना भएबाट कृषि, पर्यटन, उद्योग, व्यापार, फिल्म उद्योगको सम्भावनाहरूसँगै आर्थिक सबलताको बाटाहरूमा पनि बृद्धि हुने देखिन्छ। स्थानीय तह तानसेन नगर पालिकाले पुर्ण अधिकार प्राप्त विज्ञहरूको सल्लाह सुझावका आधारमा अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन गुरुयोजना तत्कालै बनाउन सक्नुपर्छ। त्यसपछि सुरुमै भनेझै- "पाल्पा जाऔँ, तानसेन जाऔँ" को यथार्थताको अनुभव गर्न सक्नेछौ। अस्तु ।

(पूर्व प्रधानाध्यापक, जनता मावि)

◆





# पाल्पा, तानसेन घुम्न किन जाने?

-शम्भु श्रेष्ठ

पाल्पालाई शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रका रूपमा विकास गर्ने अवधारणा आएको चार दशकभन्दा बढी बितिसक्यो  तर, पूर्वाधार विकासको अभावमा पाल्पाको पर्यटन क्षेत्र अन्य क्षेत्रको तुलनामा धेरै पछाडि परेको छ।


पाल्पालाई पर्यटन क्षेत्रको रूपमा अगाडि बढाउन सकिने प्रशस्त सम्भावना छ। त्यसका लागि ठूला सुविधा सम्पन्न होटलहरूको निर्माणसँगै ट्रेकिङ रूटको पहिचानका साथै पुरातात्विक महत्वका घर, मठ, मन्दिरहरूको संरक्षण हुनु जरूरी छ। लुम्बिनी पुग्ने विश्वका लाखौं पर्यटकहरु पाल्पा किन जाने? भन्ने प्रश्नको जवाफ पाल्पाले तयार नगर्दासम्म पाल्पामा पर्यटनको विकास हुन सक्दैन। पाल्पाबाट लुम्बिनी ८० किलोमिटर छ भने पोखरा ११५ किमी मात्र छ। पोखरा र लुम्बिनीलाई जोड्ने सिद्धार्थ राजमार्गको मध्यपहाडी भागमा पाल्पा अवस्थित भएको हुँदा पोखरा, लुम्बिनी भ्रमण गर्ने पर्यटकलाई पाल्पाले आकर्षित गर्न सजिलो छ। त्यसमाथि तानसेनबाट ६० किलोमिटरको दुरीमा भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल बन्दैछ। लुम्विनीको भविष्यलाई ध्यानमा राखेर लुम्विनी, बुटवल र भैरहवा क्षेत्रमा अर्बौ लगानीको सुविधासम्पन्न पाँचतारे होटलहरु बन्दैछन्। त्यो लगानीको केही भाग पाल्पामा ल्याउन सकियो भने पाल्पामा पनि सुविधासम्पन्न तारेहोटलहरु निर्माण गर्न सकिन्छ।




पाल्पा तानसेनको पर्यटन विकासका लागि लगानी भित्र्याउने उद्देश्यले तत्कालीन तानसेन गुठीका श्यामलाल कक्षपतिको नेतृत्वमा तानसेनमा पर्यटन व्यवसायीहरूको भव्य सम्मेलन भएको थियो। सम्मेलनमा पाल्पाको पर्यटन उद्योगमा लगानी गर्ने प्रतिबद्धता पनि आएको थियो। तर, त्यसलाई पाल्पालीहरूले 'फलोअप' नगरेका कारण सम्मेलनको उपलब्धिलाई हात पार्न सकिएन। तानसेन नगरपालिकाले नेपाल भ्रमण वर्ष सन् १९९८ (बि.सं. २०५४) मा पाल्पा महोत्सव आयोजना गरेर स्मारिका समेत प्रकाशन गरेको थियो।

पाल्पामा अहिले पनि होटल श्रीनगर, ह्वाइट लेक, गौरीशंकर, रोयल, रोज रिसोर्ट, होटल ताजजस्ता सुविधा  सम्पन्न होटलहरू छन्। ती होटलहरूले पनि पाल्पामा पर्यटक आकर्षण गर्न मार्केटिङ गर्नुपर्ने र बजार विस्तार का लागि प्याकेज टूर चलाउने कामलाई अगाडि बढाउनु पर्छ। पर्यटकहरूको बसाईलाई कम्तिमा तीन रात पाल्पामा बिताउनका लागि पर्यटकीय गन्तव्यहरूमा आउन जान राम्रो यातायातको सुविधा हुन जरूरी छ। रानीघाट दरबार पाल्पाको एउटा





राम्रो गन्तव्य हो। रानीघाट दरबार पुनर्निर्माण भएपछि त्यस दरबारलाई संग्राहलयको रूपमा विस्तार गरिनु पर्छ। अहिले दरबारका सबै कोठा रित्ता छन्। ती ठाउँमा खड्गशमशेर आएर बस्ने बैठक, खाना खाने भान्छा, सुत्ने कोठा, हावा खाने शीतलपाटी सबै छन्। ती कोठामा सरसामानले सजाएर खड्ग शमशेर र उनकी पत्नी तेजकुमारीका विषयमा केही इतिहास लेखेर राख्न सकिन्छ। रानीघाट दरबार पुग्ने स्वदेशी, विदेशी पर्यटकलाई हाते परिचय पुस्तिका उपलब्ध गराउन सकियो भने रानीघाट दरबारको प्रचार प्रसारमा सहयोग पुग्न जान्छ। रानीघाट छेउको कालिगण्डकीमा र्‍याफ्टिङ सञ्चालन गर्न सकिन्छ। रानीघाट दरबारसम्म पुग्ने मोटरबाटो बन्दैछ। यद्यपि रानीघाटलाई छोटो दुरीको ट्रेकिङ रूट पनि बनाउन सकिन्छ। तानसेनबाट रानीघाट जाँदा ठाउँ ठाउँमा राम्रा रेष्टुराँ बन्दैछ। यो राम्रो कुराको सुरुवात हो। यसबाहेक भैरवस्थान, रिडी, रम्भापानीलाई पनि पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नुपर्छ। ग्रामीण पर्यटनको सम्भावना पनि छ। त्यसका लागि बौद्ध गुम्बा, 'होमस्टे' लाई व्यवस्थित गरिनुपर्छ।


सबैभन्दा महत्वपूर्ण कुरा भनेको पाल्पा धार्मिक, सांस्कृतिक र इतिहाससँग गाँसिएको ठाउँ भएकोले तानसेन दरबारलाई प्रदेश स्तरीय संग्राहलयको रूपमा विकसित गर्दै दरबार वरपरको क्षेत्रलाई दरबार स्क्वायर को रूपमा विकसित गरिनु पर्छ। तानसेन पुरानो सहर हो। ढुंगा बिछ्याइएको बाटो यसको मौलिक पहिचान हो। अहिले ढुंगालाई कालोपत्रे र सिमेन्टको ढलानले विस्थापित गरेको छ। नगरपालिकाले तानसेनको मौलिकता जोगाउन ढुंगा छाप्ने कामलाई निरन्तरता दिनुपर्छ। लहरेपिपल लगायतका ठाउँ अतिक्रमित भएका छन्। लहरेपिपलका चौपारीलाई पनि मर्मतसम्भार गरिनु पर्छ। नेपाली संस्कृति झल्कने घरका डिजाइन नगरपालिका आफैँले तयार गरेर नेपाली शैलीको नयाँ घर बनाउनेहरूलाई सघाउनु पर्छ।

तानसेनको श्रीनगर डाँडा अर्को महत्वपूर्ण ठाउँ हो, जहाँबाट सबैभन्दा बढी हिमश्रृंखला देखिन्छ। प्राकृतिक मनमोहक ठाउँ श्रीनगरमा आधुनिक भ्यूटावर निर्माण गरिनु पर्छ। जुन भ्यूटावरमा रेष्टुरेन्ट, वाचानालय र फ्रि वाइफाइ जोन बनाउनुपर्छ। पिकनिकस्थल, चिल्ड्रेन पार्क र बगैंचाले श्रीनगरलाई सजाउनु पर्छ। पाल्पाका विभिन्न ठाउँमा निर्माण भएका सार्वजनिक शौचालयहरू व्यक्तिले हडपेका छन्। तिनको खोजी गरेर हरेक वडा र प्रमुख ठाउँमा सुविधासम्पन्न शौचालय निर्माण तथा पुरानालाई पुननिर्माण गरिनु पर्छ। श्रीनगरमा 'गल्फ कोर्ट' निर्माण गर्न सकियो भने गल्फ खेल्न आउने पर्यटकहरूको पाल्पा राम्रो गन्तव्य बन्न सक्छ। रोयल गल्फ क्लबमा कल्याण गोविन्द श्रेष्ठले धेरै पहिला श्रीनगरमा 'गल्फ कोर्ट' निर्माणको प्रयास थालेका थिए। स्थानीयको असहयोगका कारण त्यो प्रयास असफल भयो।

गर्मी मौसममा बुटवल, भैरहवामा ४० डिग्री तापक्रम हुँदा तानसेनको मौसम ३० डिग्रीको हाराहारीमा हुने भएको ले हावापानीको हिसाबले तानसेन पर्यटकका लागि राम्रो ठाउँ हो। यसका लागि तानसेनका पर्यटन व्यवसायीहरूले काठमाडौं, बुटवल, भैरहवा, लुम्बिनी, पोखरा र सौराहाका पर्यटन व्यवसायीहरूसँग सहकार्य गर्नु आवश्यक छ। तानसेन पाल्पा बौद्ध पर्यटनको राम्रो सम्भावना भएको ठाउँ पनि हो। मगर, नेवारलगायत जातजातिको संस्कार, संस्कृति, मनोरम प्राकृतिक दृश्य र शीतल हावापानी पाल्पामा पर्यटक आकर्षणका लागि थप आधार हुन्। पाल्पा तानसेनको विकासका लागि पहिले पाल्पाली नै अग्रसर हुन आवश्यक छ।

(सम्पादक, दृष्टि साप्ताहिक)


◆



# तानसेन बजार भित्रका मनाउने विभिन्न जात्रा

-मदन देउराली

पाल्पाको इतिहास अनुसार महादत्तसेनले पाल्पा भैरबस्थानबाट श्रीनगरडाँडामा तानसेन शहर बसालेका थिए भनिन्छ। त्यसबेला त्यहाँका रैतीहरु को थिए भन्ने बारेमा केही उल्लेख छैन। तर पाल्पाका अन्तिम सेन राजा पृथ्वीपाल सेनको काठमाडौंमा हत्या गरिए पछि पाल्पाका लागि पहिलो तैनाथवाला भैआएका जनरल अमरसिंह थापाले विभिन्न संरचनाहरु निर्माणको क्रममा भने काठमाडौ उपत्यका (काठमाडौ, पाटन, भक्तपुर) बाट थुप्रै नेवार हिन्दू तथा बौद्ध कालिगढहरु पाल्पा ल्याएका थिए साथै अन्य पनि पाल्पा आईबसेका थिए भनिन्छ। ती कालिगढहरूले काठमाडौं उपत्यकामा आफूहरूले मनाउने सबैजसो संस्कृति र परम्परा पाल्पामा पनि शुरू गरे। त्यसैले पनि तानसेन बजार भित्र अद्यापि बर्षभरि नै ती संस्कृति अन्तर्गतका जात्रा चाडपर्बहरु भई नै र हन्छन। तानसेन बजारमा उहिले नेवारहरूको बाक्लो बस्ति थियो र सबैजसो व्यापार व्यबसायमा संलग्न थिए। त्यसबेला देखि नै हिन्दू तथा बौद्ध धर्मावलम्बी नेवारहरु एक आपसमा मैत्रिभाव राखि एक आपसका धर्मलाई आफनै धर्म मानि सम्मानका साथ पूजाआजा गर्दै आईरहेका छन। बजार भित्रका हिन्दू



तानसेन रणउजीरेश्वरी भगवतीको रथ यात्रा

धर्मावलम्बी नेवारहरूले हिन्दू धर्म शास्त्रमा भएका करीब करीब सबैजसो देवी देवताहरूको पूजा आराधना गर्ने तथा जात्राहरु पनि गर्दै आईरहेका छन् भने बेला बखत बौद्ध धर्मावलम्बीहरूको विभिन्न पूजा कार्यक्रमहरूमा पनि सहभागिता जनाईरहेका हुन्छन। त्यस्तै गरी बौद्ध धर्मावलम्बीहरूले पनि आफनो धर्ममा भएका क्रियाकलापदेखि हिन्दू धर्मावलम्बीहरूले गर्ने प्रायजसो सबै कार्यहरु आफूहरूले पनि गर्दै आईरहेका छन। हुनत हिन्दू धर्ममा आधारित धेरैजसो चाडपर्बहरु अन्य जातजातिकाले पनि मनाउँछन् तर कतिपय चाडपर्ब तथा जात्राहरू केवल नेवारहरूले मात्र मनाउने गर्दछन्। जस्तै सिठीनखः घण्टाकर्ण, गुनु पुन्ही, योमरी पुन्ही, यें या पुन्ही, हलिमुली पुन्ही, पञ्चदान, आदि आदि। त्यस्तै गरी तानसेनमा चलाइएका धेरै जसो जात्राहरू मध्ये पनि रणउजिरेश्वरी भगवती जात्रा र अमरनारायण जात्रा बाहेक अन्य जात्राहरु सबै नेवारहरूले नै चलाएका हुन् भनिन्छ। त्यसैले यस्ता जात्राहरूमा नेवारहरूको सहभागिता बढी हुन्छ।

यहाँ मनाउने चाडपर्बहरूमा बर्षको पहिलो दिन नयाँ बर्ष धुमधामका साथ मनाउँछन्। यही दिन तानसेन अमर गञ्जस्थित श्री बटुक भैरबको जात्रा गरिन्छ। सेनकालीन यो भैरबको सानो प्रतिमूर्तिलाई खटमा राखि बाजागाजा तथा भजन मण्डलीको टोलीले नगर परिक्रमा गर्दछन। घरघरबाट भैरबलाई पूजा दिने गरिन्छ। त्यस्तै गरी मातातीर्थ औसी, अक्षय तृतीया मनाउँछन। बौद्ध धर्मावलम्विहरुले बुद्ध जयन्ती धुमधामसँग सप्ताहव्यापीरूपमा मनाउने गर्दछन्। यसमा हिन्दू धर्मावलम्विहरूको पनि त्यतिकै सहभागिता हुन्छ। हिन्दूहरूले मनाउने कुमार षष्ठी, सिठीनखः, हरिशयनी एकादशी, साउने सक्रान्ति, घण्टाकर्ण (गठामुग) पनि हुन्। घण्टाकर्णको दिन बर्षदिनको ग्रहदशा, दोष आदि कटाउन पर्छ भनी नेवारी समुदायमा पाती घाँसको राक्षसको प्रतिरूप बनाई दोबाटोमा राखिन्छ तथा दिनभर घण्टाकर्णलाई बाटो हिडनेहरूले ग्रहदशा शान्त होस भनि भेटी चढाउने गर्दछन र साँझपख यसलाई खोल्सामा लगेर फालिन्छ। त्यस्तै गरी श्रावण महिनामा बौद्ध धर्मावलम्वीहरूको चाड गुँलाधर्म प्रारम्भ हुन्छ। महिना

# नेवारहरुले तथा चाडपर्बहरु

दिनसम्म बौद्ध विहारहरुमा बौद्ध भजन गरिन्छ, पञ्चदान (पञ्जरा) पर्ब मनाउँछन्। यही महिनामा नाग पञ्चमीको पूजा गरिन्छ।

यस्तै साउन भदौमा पर्ने गरी गुनुपुन्ही पनि नेवार समुदायले नौ दिन सम्म विभिन्न जात्राहरु गरी मनाउँछन्। यसरी नौ दिनसम्म जात्रा मनाउने चलन शायद तानसेनमा मात्र छ। पहिलो दिन रक्षाबन्धन (जनै पूर्णिमा) मनाइन्छ साथै यस दिन तानसेनमा चुइकी निकाल्ने चलन रहेको छ। चुइकी भनेको समाचार सम्प्रेषण गर्नु हो। यो चलन तानसेनमा मात्र छ अन्त कतै छैन। यस दिन एउटा हाँस्य टोली विभिन्न हाँस्यात्मक भेषभूषामा ठूलो ढोलक, झ्याली बजाउँदै चोक चोक दोबाटोमा अडिएर सो बर्ष मृतक भएका परिवारलाई सम्बोधन गरी आफना सदस्यहरूको सम्झनामा जोगी बाशा, तामचाका साथै भजन निर्गुण, रामायण आदि बनाएर गाईजात्राको दिन यमराजको दरबारमा हाजिर हुनु भनि  सन्देश सुनाउँदै हिडछन। सोही साँझ मृतक परिवारको घरबाट एकजना सदस्यले आफूलाई विरूप हुने गरी सिंगारी थोत्रो टीन लतार्दै नगर परिक्रमा गर्दछन्। भोलि पल्ट गाईजात्राको दिन मृतक परिबारको घरबाट जिउँदो गाई, जोगी, बाशा, तामचाको साथमा भजन, निर्गुण, रामायण आदिले नगर परिक्रमा गर्दै तानसेन दरबार भित्र लैजाने गर्दछन्। भनिन्छ यस दिन यो दरबार यमराजको दर बार हुन्छ। यसै दिन आठदश जनाले बोक्न सकिने गरी काम्ले गाई पनि बनाएर ल्याइन्छ। हुन त यो बाशा, ताहामचा, गाई निकाल्ने चलन पहिला पहिला खासमा नेवारी समुदायको भएता पनि आजभोली गैर नेवारहरूले पनि यो चलनलाई पछयाईरहेका छन। अर्को दिन रोपाइँ जात्रा हो। यस दिन हाम्रा गाउँघरमा गरिने धान रोपाइँको झलक देखाइन्छ। तानसेन बजारको सडकमा धान रोप्ने रोपाहाहरु, बाउसे, हली, माझी, नाच्ने, मुखिया आदिको भेषमा पञ्चेबाजा, मादल, झयाली तथा गाउनेहरूको साथमा ठूलो समूहले धान रोपाइँको दृश्य प्रदर्शन गर्दछन्। यसको अर्कोदिन बाघजात्रा गरिन्छ। बाघजात्रामा एउटा नक्कली बाघलाई दुई तीनजना शिकारीहरूले बाजाको तालमा मार्ने आदिको दृष्य देखाउने गर्दछन। यसैदिन श्रीनगरस्थित श्री ७ सिद्धि विनायक श्रीगणेशको रथयात्रा गर्नेगरिन्छ। यस्को अर्को दिन टक्सारस्थित श्री ७ सूर्यविनायक गणेशको रथयात्रा गरिन्छ भने अर्कोदिन भीमसेनटोलस्थित भीमसेनको रथयात्रा गरिन्छ। लगत्तै अर्को दिन जन्माष्टमीमा श्री रणउजिरेश्वरी भगवती मन्दिरमा साँझ भजन कीर्तन गरिन्छ तथा मध्यरातमा श्री रणउजिरेश्वरी भगवतीको सानो प्रतिमूर्ति विधिपूर्बक पूजा गरी मन्दिर बाहिर ल्याई खटमा राखिन्छ। भोलिपल्ट धुमधामका साथ श्री रणउजिरेश्वरी भगवतीको रथयात्रा गरिन्छ। यो रथयात्रा पाल्पाको सबभन्दा ठूलो जात्रा हो। नेपाली फौजले अंग्रेज फौजहरूलाई जीतगढी युद्धमा हराएको ले विजयउत्सवको रूपमा यसरी मनाउँदै आइरहेको छ। कहिलकाहीं तिथि एकै दिन परेको बेला अमरनारायणको जात्रा पनि पर्दछ भने कहिलेकाहीं अमरनारायणको अर्को दिन जात्रा पर्ने गरेको हुन्छ। यसरी नौ दिनसम्म लगातार जात्रा हुने भएकोले यसलाई गुनु पुन्ही अर्थात नौ दिनको पूर्णिमा भन्ने गरिन्छ। यसपछि कुशे औसी मानिन्छ,। भाद महिनामा नै गणेश चतुर्थी चथा मनाइन्छ, श्री गणेशको पूजा गरिन्छ। भाद्र शुक्ल द्वादशीकश्रो दिन लक्ष्मी नारायणको रथ यात्रा गरिन्छ। त्यस्तै गरी बैद्ध नेवार समुदायले मत  छोएके भनेर साँझपख दोबाटोहरूमा आफ्ना मृतक परिवारको सम्झनामा धुप बत्ति बाल्ने तथा बिभिन्न मन्दिरहरू परिक्रमा गर्ने गर्दछन्। यस्तै गरी यें या पुन्हीको अवसरमा टक्सारटोलमा विभिन्न खाद्य



तानसेनमा गाईजात्राको बेला निकालिने बास्सा



तानसेनका नेवार समुदायव्दारा मान्दै आएको नेपाल संवत



तानसेनमा गाईजात्रा पर्वको अवसरमा चुइँकी फिराउँदै

परिकारहरूको समयबजीको पहाड जस्तो बनाईन्छ। आफ्ना पितृहरूलाई सम्फेर भजन गर्ने गर्दछन् र त्यसपछि यो समयबजी त्यहाँ उपस्थित सबैलाई प्रसादकोरूपमा बाँडने गरिन्छ। विजया  दशमी दशैंको अवसरमा नौ दिन सम्म रणउजिरेश्वरी भगवती मन्दिरमा पूजा पाठ, भजन आदि हुन्छ। विजया दशमीको दिन मान्यजनबाट टीका लगाइन्छ तथा यो क्रम कोजाग्रत पूर्णिमासम्म रहन्छ। यसै पूर्णिमाको दिन कसैकसैले आफ्ना घर बाहिर मतकलः आकाशदीप झुण्डाउने पनि  गर्दछन् एक महिनाको लागि। तिहार घरघरमा झिलिमिलि बत्ति बालि  रमाइलो गरिन्छ। लक्ष्मी पूजा गर्ने, अर्को दिन म्हपूजा गरिन्छ। म्हपूजा भनेको आफनो शरीर पूजा अर्थात आत्मा पूजा भनिन्छ। यो दिन बिशेषरूपमा मनाउने गर्दछन्। भाइटीकाको दिदी बहिनीहरूले आफ्ना दाजुभाइहरूलाई टीका लगाई दिने आर्शिबाद लिने दिने गर्दछन्। त्यसपछि हरिबोधनी एकादशी मनाउने गर्दछन्। कार्तिक महिनामा नै हलिमली पुन्ही, सकिमला पुन्ही मनाउने गर्दछन्। यस दिन मकै भटमास, केराउ, चना, बकुला, आदि विभिन्न गेडागुडीहरूलाई भुटेर प्रसादको रूपमा बाँडिन्छ तथा पिंडालुलाई उसिनेर खाने गरिन्छ। धान्य पूर्णिमा अर्थात योमरी पुन्हीको दिन घरघरमा योमरी बनाइन्छ। चामलको पिठो, चाकु, तिल आदि बाट योमरी बनाई भगवानलाई चढाइन्छ तथा आफना घर परिवार, नातेदार, छरछिमेकीहरूलाई बाँडिन्छ, खाइन्छ।

स्वस्थानी ब्रत एक महिनासम्म कसैले कसैले मनाउने गर्दछन्। सबैले गर्दैनन। यस अवसरमा प्रत्येक दिन साँझपख स्वस्थानी पुस्तक पढने, सुन्ने गर्दछन। माघे संक्रान्तिमा खिचडी बनाई आफ्ना चेलीबेटी, नातेदारहरूलाई बोलाई भोज खाने चलन छ। बसन्त पञ्चमीको अवसरमा विहान सबेरैदेखि बालबालिकाहरू सरस्वती मन्दिर गई पूजा आराधना गर्ने गर्दछन। भीमा द्वादशीको दिन शीतलपाटीस्थित भीमसेनको रथयात्रा गर्ने गरिन्छ। महाशिबरात्रीको अवसरमा विहान विभिन्न शिब मन्दिरहरूमा भक्तजनहरूको भीड लाग्छ भने साँझपख आआफ्ना घर बाहिर आँगनमा आगो बाल्ने चलन रहेको छ। शिब मन्दिरहरूमा धुनी बालिन्छ, प्रसाद बाँडिन्छ। होलीको बेला टक्सारमा चीर गाडने चलन छ। हुनत यसरी चीर गाडने काम अन्य टोलहरूमा पनि हुने गर्दथ्यो रे तर आजभोलि टक्सारमा मात्र चीर गाडने, भजन गर्ने, तथा  पिचकारी खेल्ने तथा प्रसाद खाने चलन रहेको छ। द्वादशीको साँझ फागु भजन गाइन्छ भने पूर्णिमाको दिन आफना परिवार, साथीभाइ तथा छरछिमे कीहरू मिलेर रंग, अविर खेल्दछन। त्यस्तै गरी टक्सार टोलस्थित हनुमानको रथयात्रा गरिन्छ। चैत्रको महिनामा चैते दशैं मनाइन्छ। भगवती मन्दिरमा पूजाआजा गर्दछन तथा रामनवमीको दिन श्रीनगरस्थित राममन्दिरमा पूजाआजा भजन कीर्तन गरिन्छ। बर्षको अन्तिम दिन चैत्र मसान्तको दिन टक्सार टोलमा रहेको कालभैरबको रथयात्रा गरिन्छ। यसरी बर्षको शुरु देखि बर्षको अन्तिम दिनसम्म तानसेनमा नेवार समुदायले जात्रा चाडपर्बहरू मनाउँदै आईरहेका छन। अस्तु।

(अध्यक्ष, देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान)

◆

# नगरपालिका र उद्योग वाणिज्य संघ तानसेनको विकासका लागि हातेमालो गरौं



मोहनप्रसाद श्रेष्ठ

देश विकासको मेरूदण्ड अर्थ भएको र अर्थोपार्जन उद्योग व्यापार व्यवसायबाट नै बढी हुने भएकोले राष्ट्रिय अर्थतन्त्रलाई टेवा दिनुका साथै पाल्पाको उद्योग व्यापारलाई उपभोक्तामुखी बनाई व्यवस्थित गर्नका लागि वि.सं. २००९ सालमा गठित पाल्पा व्यापार संघको विधिवत स्थापना वि.सं. २०२३ सालमा भएको हो र पाल्पा उद्योग वाणिज्य संघको नामबाट यस संघले आफ्नो स्थापनाको पचासौं वर्ष "स्वर्ण महोत्सव–२०७४" मनाइसकेको छ। स्थापना कालदेखि नै पाल्पा उद्योग वाणिज्य संघ मुलुकमा समृद्धि ल्याउन र प्रजातन्त्रलाई संस्थागत गर्न लागि पर्दै आएको छ। वि.सं. २०३६, वि.सं .२०४६ र वि.सं. २०६२/०६४ को आन्दोलनमासमेत संघले परिवर्तनको संवाहकको रूपमा योगदान पुऱ्याएको थियो।

पाल्पा उद्योग वाणिज्य संघले स्थापना काल देखि नै पाल्पाको विकासका लागि स्थानीय एवम् जिल्ला स्तरीय निकायहरूसंग हातेमालो गर्दै आईरहेको सबैमा सर्वविदितै छ। पाल्पाको सदर मुकाम तानसेन भएको र तानसेनको विकासले समग्र पाल्पाको विकासमा समेत प्रभाव पार्ने हुनाले तानसेनको स्थानीय सरकार तानसेन नगरपालिकाले यस क्षेत्रको समग्र विकासमा बढी ध्यान दिनुपर्ने देखिन्छ। यसका लागि पाल्पा उद्योग वाणिज्य संघ तानसेन नगरपालिकासँग सहकार्य गर्न इच्छुक छ। तानसेन र यस क्षेत्रको समग्र विकासका लागि तानसेन नगरपालिका र पाल्पा उद्योग वाणिज्य संघले हातेमालो गर्दै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन विकासका लागि निम्न अनुसारको क्षेत्रका रणनीतिमूलक दिगो कार्यक्रमहरू गर्नु आवश्यक देखिन्छ।

१. पर्यटकीय गन्तव्य स्थल पाल्पा

काठमाडौंको भाइ र नेपालको दार्जिलिङ मानिने पाल्पालाई हामीले पर्यटकीय गन्तव्य स्थल बनाउन सकिन्छ। अर्गलीफाँट र माडीफाँट, रानीघाट दरबार, पाल्पा र अर्गलीका दरबार, श्रीनगर र वनदेवी क्षेत्र, प्रभास तथा तेल्घा क्षेत्र, मदनपोखरा देखि बौघागुम्बाका क्षेत्रहरूलाई परिस्कृत गरी आन्तरिक एवम् बाह्य पर्यटकहरू भित्र ल्याउन सकिन्छ।

२. विकास निर्माणमा हातेमालो

तानसेन नगरपालिकाभित्र रहेका १४ वटा वडाहरूमा गरिने विकास निर्माण कार्यमा हामी हातेमालो गर्न सक्छौ। स्थानीय साधन र स्रोतको परिचालन गर्दै विकास निर्माणमा जागरण ल्याउन सकिन्छ।

३. भाषा, कला, संस्कृतिको संरक्षण र सम्बर्द्धन

पाल्पा राज्यको स्थापना पन्ध्रौ शताब्दीमा भए देखि नै पाल्पाले भाषा कला संस्कृतिको विकास, संरक्षण र सम्बर्द्धनमा आफूलाई समुच्च राष्ट्रमै स्थापित गराउदै आएको छ। वर्तमान समयमा भूत, वर्तमान र भविष्यलाई मध्यनजर गर्दै यहाँको भाषा, कला, संस्कृति, जात्रा, पर्व, स्थानीय महोत्सवहरूलाई अरू व्यावस्थित गर्ने कार्यमा नगरपालिकाको साथ र सहयोगबाट हामी सक्रिय भएर लाग्न सक्छौं।

४. कृषि घरेलु तथा कुटिर उद्योगको प्रवर्द्धन

पाल्पाको इतिहास हेर्ने हो भनेपनि राणाकालीन समयसम्म तामाखानी, फलामखानी, सविताखानी (विशेष ढुंगा) गरी २२ वटा विभिन्न खानीहरू सञ्चालित थिए। तानसेनको टक्सार क्षेत्रमा काँसको करूवा र अन्य सामग्रीहरू अद्यावधिक निर्मित हुन्छन्। यहाँको पाल्पाली ढाकाले राष्ट्रिय स्तरमै ख्याति पाएको छ। यति हुँदा हुँदै पनि यहाँको कृषि उत्पादन, करूवा तथा ढाका उत्पादन शंकटमा छ। अतः तानसेन नगरपालिका र उद्योग वाणिज्य संघ मिलेर कृषि, घरेलु तथा कुटीर उद्योगको प्रवर्द्धन गर्नु जरूरी छ।

५. तानसेनको शौन्दर्यकरण

पाल्पाको सदरमुकाम तानसेनको शौन्दर्यकरण हुनु जरूरी छ। यसका लागि नगरपालिकाबाट बृहद तथा दीगो विकासको योजनाहरू ल्याईनुपर्दछ। हामीले यसमा साथ दिने

छौं। बाँसटारी क्षेत्रबाट प्रवेश गरे लगत्तै नगर क्षेत्रभित्र सम्पूर्ण बाटोघाटो सुरक्षित र सफा हुनु जरूरी छ। फोहर मैला व्यवस्थित हुनुपर्दछ। बीरेन्द्रपार्क, बसपार्क, टुँडिखेल, बजार क्षेत्र, मिसन रोड, श्रीनगर र बनदेवी क्षेत्र थप आकर्षक बनाईनु पर्दछ।

६. पाल्पा भ्रमणयामको सुरूवात

हरेक वर्ष पाल्पा भ्रमण याम को मिति तय गरी रूरू क्षेत्र, रानीघाट, राम्दीघाट, भैरवस्थान, रम्भापानी, सत्यवती, सिद्धबाबा, दर्लमकाली, माण्डव्य क्षेत्र, गढी, ताल, लेक, तथा फाँटहरूमा प्याकेज भ्रमण व्यवस्थापन गर्न जरूरी छ। लुम्बिनी–तानसेन–पोखराको प्याकेज भ्रमण व्यवस्थापन गर्न सकिएका समग्र पाल्पाको आर्थिक विकासमा समेत टेवा पुऱ्याउन सकिन्छ।

७. कर व्यवस्थापनमा सहयोगी

राज्यलाई कर तिर्नु सबै सेवाग्राहीको कर्तव्य हो। तथापि कर तीन तहका राज्यको राम्रो नीति, राम्रो व्यवस्थापन नहुँदा उद्यमी, व्यापारी तथा उपभोक्ताहरू अलमलमा परेका छन्। यसका लागि नगरपालिका र उद्योग वाणिज्य संघ मिलेर कर व्यवस्थापन सम्बन्धी जागरण ल्याउन सकिन्छ। जसले गर्दा नागरिकहरूमा उत्तरदायित्व र जिम्मेबारी बोध हुन्छ। नगर विकासमा टेवा पुग्दछ।

८. सार्वजनिक निजी साझेदारी

नेपालका दुई छिमेकी मुलुक भारत र चीनले घए Model (public, private, partnership) लाई व्यवहारमा उतारिसकेको अवस्थामा नेपालमा पनि यसको सुरूवात हुँदैछ। पाल्पामा पनि उद्योग वाणिज्य संघ यस मोडलको सफल प्रयोग होस भन्ने चाहन्छ। यसका लागि तानसेन नगरपालिकाको पूर्ण सहयोग र समर्थनको खाँचो रहेको छ।

९. सिद्धबाबाको बाटो बनाऔं छिटो

जबसम्म बुटवल तानसेन सिद्धबाबा खण्डको मोटर बाटो सुरक्षित हुँदैन तबसम्म पाल्पा तानसेनको दीगो विकास हुन सक्दैन। यसका लागि तानसेन नगरपालिका, तिनाउ गाउँपालिका र जिल्ला समन्वय समिति पाल्पा समग्र रूपमै योजनाबद्ध रूपमा लाग्नुपर्दछ। सिद्धबाबाको बाटो निर्माणका लागि पाल्पा उद्योग वाणिज्य संघले आफ्नो बलवुताले भ्याएसम्मको सम्पूर्ण सहयोग गर्न तत्पर छ।

१०. व्यापार प्रवर्द्धनमा सहयोगी

विश्वव्यापी रूपमा बजारीकरण भईरहेको अवस्थामा स्थानीयकरण देखि विश्वव्यापीकरण र विश्वव्यापीकरण देखि स्थानीयकरण हुँदै दुवै किसिमको व्यापार प्रवर्द्धनका लागि संघ तत्पर छ। यसका लागि उपयुक्त वातावरण तानसेन नगर पालिका र प्रदेश सरकारले बनाईदिनु पर्दछ।

११. उद्योगी व्यवसायीहरूलाई तालिम

संघले उद्यमी व्यवसायी व्यापारीहरूलाई समय समयमा तालिम दिदै आएको छ। तानसेन नगरपालिकाले विभिन्न वडा, समिति र टोलविकास संस्थाहरू मार्फत व्यावसायिक तालिमलाई निरन्तरता दिने योजना ल्याउनुपर्दछ। संघ आर्थिक एवम् प्राविधिक सहयोग जुटाउन सदैब लागि पर्न तयार छ।

१२. जनशक्ति व्यवस्थापन र संरक्षणमा जोड

पाल्पाको पूँजी, प्रतिभा र दक्ष जनशक्तिलाई पलायन हुनबाट रोकी पाल्पामै सदुपयोग गराउनको लागि जनशक्ति व्यवस्थापन र संरक्षणमा जोड दिनु पर्दछ। यसका लागि आर्यआर्जन र स्वरोजगारमुखी कार्यक्रम ल्याउनु पर्दछ। पाल्पा उद्योग वाणिज्य संघ सदैव नगरपालिकाको कार्ययोजनाको साथमा रहेको छ।

१३. उपभोक्ता अधिकारको संरक्षण

"उद्योग व्यवसाय हाम्रो मन्दिर हो। उपभोक्ता हाम्रा देवता हुन् र हामी उद्यमी, व्यापारी, व्यवसायी भक्त हौं" भन्ने मर्मलाई आत्मसात गर्दै हामीले "एक गाँउ एक उत्पादन" कार्यक्रम पनि अघि सारेका छौं। सस्तो स्वच्छ र सुपथ मूल्यमा वस्तुहरू आपूर्ति गर्नमा प्रयासरत छौं। उपभोक्ताको माग र अधिकारलाई समेत ध्यानमा राखि कार्य गर्दै आइरहेको हामी उद्यमी व्यापारीलाई नगरपालिका लगायत समग्र नागरिक र उपभोक्ता समुदायको सहयोग, समर्थन र संरक्षणको आवश्यकता परेको छ।

१४. तानसेन खानेपानी व्यवस्थापन

तानसेनको खानेपानी व्यवस्थापनको लागि संघले महायज्ञको आयोजना गरी ठूलो रकम संकलन गरी लगानी गरेको सर्वविदितैछ। पानीको स्रोत पहिचान, भण्डारण, लाइन जडान र आपूर्तिमा तालमेल मिलाउन सकेमा उपभोक्ताहरू सन्तुष्ट हुन्छन्। पाल्पा उद्योग वाणिज्य संघ, तानसेन नगर पालिका र खानेपानी उपभोक्ता समिति मिलेर कार्य गर्नाले तानसेनको खानेपानी आपूर्तिमा सहजता ल्याउन सकिन्छ।

१५. प्रादेशिक अर्थतन्त्रमा टेवा

संघको कारोबार भनेको नै आर्थिक क्रियाकलाप हो। आर्थिक अवस्था मजवूत भयो भने मात्र नगर, गाँउ, जिल्ला, प्रदेश र समूच्च राष्ट्रकै विकास हुन जान्छ। हाम्रो जिल्ला अहिले प्रदेश नं. ५ अर्न्तगत रहेकोले प्रादेशिक अर्थतन्त्रलाई टेवा पुऱ्याउने किसिमका कार्यक्रमहरू संघ र नगरपालिका मिलेर ल्याइनु पर्दछ।

१६. शिक्षा र स्वास्थ्यको विकासमा ऐक्यवद्धता

निजी स्तरमा स्थापित व्यापारिक कारोबार गर्ने संस्था उद्योग वाणिज्य संघले पाल्पामा विज्ञान र प्रविधि शिक्षाका लागि त्रिभुवन बहुमुखी क्याम्पसका लागि भवन बनाइदिएको थियो भने विभिन्न विद्यालय, शिक्षालय

तथा कलेजहरूमा आर्थिक तथा भौतिक सहयोगहरू उपलब्ध गराउदै आएको छ। राज्यको पुनःसंरचना अनुसार नगरपालिकाले निश्चित तहसम्म शिक्षाको क्षेत्र हेर्ने हुनाले तानसेनको शिक्षाको विकासमा हामीले पनि सक्दो सहयोग गर्ने नै छौ। युनाईटेड मिशन अस्पताल, लुम्बिनी मेडिकल कलेज र पाल्पा जिल्ला अस्पतालबीच समन्वय स्थापित गराई स्वास्थ्य क्षेत्रको स्तरोन्नति गर्न गराउन सकिन्छ। नगरपालिकाले यसमा दीगो विकासको पहल गर्नु पर्दछ। पाल्पाको शिक्षा र स्वास्थ्यको विकासमा ऐक्यबद्धता र समन्वय हुनु जरूरी छ।

१७. सम्भावनाका खोजीहरू

श्रीनगर डाँडामा बालउद्यान निर्माण गर्ने, भ्यूटावरलाई र बनभोज स्थललाई अझै व्यवस्थीत गर्ने, बालबालिकाका लागि मिनी चिडियाखा स्थापना गर्ने, श्रीनगरमा रहेको बुद्ध र हनुमानको मूर्ति क्षेत्रलाई अझै आकर्षक बनाउने र शिव, दुर्गा, गणेशको मूर्तिहरू स्थापना गरी विवाह तथा ब्रतबन्ध महोत्सवहरू सञ्चालन गर्न सकेमा आय आर्जन हुन गई रोजगारीका पाटाहरू समेत खुल्नेछन्। पाल्पा दरबार संग्राहलय खालि रहेकोले प्रदेशस्तरीय संग्रहालयको रूपमा विकासका लागि पहल आवश्यक छ। भगवतीस्थान र नारायणस्थान मन्दिर विहान देखि साँझसम्म खोल्ने परिपाटि मिलाएमा धार्मिक पर्यटकहरू बढ्नेछन्। अमरनारायण परिसर को बगैचा, ऐतिहासिक पोखरी र पर्खालहरूको संरक्षण हुनु पर्दछ। नारायणस्थान फूलबारीमा साप्ताहिक हाटबजार चलाउन हामी पहल गर्नेछौं। नगरपालिकाले सहयोग, सद्भाव र समर्थन जुटाईरहने व्यवस्था मिलाईनु पर्दछ।

१८. सात "स" को प्रयोग

आगामी दिनमा पाल्पा उद्योग वाणिज्य संघले सात वटा "स" (सरोकार, समुदाय, सहमती, सहयोग, सहकार्य, सञ्जालीकरण र संयन्त्र) लाई मध्यनजर गर्दै उद्योग व्यापार व्यवसायको सुरक्षा, उद्यमी व्यापारीहरूको हकहितको सुनिश्चितता र उपभोक्ताहरूको माग र सन्तुष्टिलाई ध्यानमा राखि आर्थिक विकासका क्रियाकलापहरू गर्ने सोच लिएको छ। हाम्रो यो अभियानलाई तानसेन नगरपालिकाले साथ दिएको अवस्थामा मात्र पाल्पा तानसेन आफैमा समृद्ध बन्ने छ। पाल्पा तानसेनलाई आर्थिक रूपमा सबल र अब्बल बनाउने जिम्मेवारी तपाई हामी सबैको हो। "पाल्पा तानसेनको विकास हामीले नगरे कसले गर्ने " भन्ने भावनाबाट प्रेरित भई हामी सबै हातेमालो गर्दै अगाडी बढ्नै पर्दछ।

(अध्यक्ष, पाल्पा उद्योग वाणिज्य संघ)

◆

दलित र अल्पसंख्यक समुदायको स्वास्थ्य........

यस कार्यक्रमलाई आगामी वर्षहरूमा निरन्तरता दिनुका साथै थप विस्तार गर्दै अन्य समुदाय र वर्गलाई समेत समेट्नु पर्ने देखिन्छ। चालु आ.व.को अन्तिमसम्म स्वास्थ्य बीमा कार्यक्रमले पाँच हजार संख्यामा हाम्रो समुदायका दलित र अल्पसंख्यक व्यक्तिहरूले लाभ लिने छन्। हाल सम्म निम्न अनुसार परिवारहरूले स्वास्थ्य बीमा गरिएको छ :

यस्तै सुत्केरी पोषण भत्ता सुत्केरी आमाको स्वास्थ्यलाई ध्यानमा राखी सुत्केरी अवस्थामा पोषणको कमी हुन नदिनका लागि नगर सरकारको तर्फबाट सानो सहयोगको रूपमा उपलब्ध गराइएको हो। सुत्केरी महिलाहरूले सुत्केरी भएको ३५ दिन भित्र यो सेवा लिन सक्नेछन्। यो कार्यक्रमबाट नगरमा बसोबास गर्ने सुत्केरी महिलालाई पक्कै राहत परगेको छ। सामाजिक दायित्वको यो अभियानलाई विस्तार गर्ने सन्दर्भमा यसै नगरको वडा नं. ११ मा वडा स्तरीय बजेट मार्फत् आफ्ना वडामा रहेका जेष्ठ नागरिकहरूको निशुल्क स्वास्थ्य बीमा शुरू गरिएको छ। आगामी वर्षहरूमा बाँकी वडाहरूमा समेत यो कार्यक्रम विस्तार गरिनेछ। स्वास्थ्य सेवामा जस्तै अन्य बाँकी क्षेत्रहरूमाः सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक लगायतका क्षेत्रमा समेत यो समुदायलाई थप विशेष लक्षित कार्यक्रमहरू गर्नुपर्ने देखिन्छ। यस्ता लक्षित कार्यक्रमले तानसेन नगरपालिका भित्र बसोवास गर्ने विपन्न, दलित, अल्पसंख्यक समुदाय र लैङ्गिक हिसावले पछाडि पारिएको महिलाहरूलाई आफ्नो जीवन स्तर बढाउन थप मद्दत गर्दछ र समान र समतामुलक तानसेन नगर बनाउन सकिन्छ।

(नगरकार्यपालिका सदस्य)

## तानसेन नगरपालिकाको अनुरोध

- ❑ सफा टोल सफा सहर, हामी सबै तानसेन बासीको रहर
- ❑ सार्वजनिक सम्पत्ती सडक, चोक,गल्ली हामी सबैको हो, सधैं सफा राखौँ
- ❑ घर घरमै फोहरलाई कुहिने र नकुहिने गरी छुट्याएर उचित व्यवस्थापन गरौं
- ❑ प्लाष्टिक झोलाको बिकल्पको रूपमा जुट, कपडा वा धेरै पटक प्रयोग हुने झोलाको प्रयोग गरौं
- ❑ सफा तानसेनको लागि आफ्नो क्षेत्रबाट सफा अभियान सञ्चालन गरौं

# तानसेन खानेपानी – एक झलक



-भीमसेन कार्की

राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार देशको कूल परिवारको ४७.७८ प्रतिशत परिवारले धारा/ पाइपबाट र ३५ प्रतिशतले ट्युबवेल / हातेपम्पबाट पिउने पानीको श्रोत अथवा पानीको आपूर्ति गरेको देखिन्छ। पाल्पा जिल्लाको सन्दर्भमा ७७.३० प्रतिशत परिवारले धारा / पाइपबाट र १.७६ प्रतिशतले ट्युबवेल / हातेपम्पको प्रयोग गरेको पाउछौ। आमनागरिकलाई सर्वसुलभ तरिकाले खानेपानी उपलब्ध गराउने लोककल्याणकारी राज्यको दायित्व हो। विभिन्न आवधिक योजनामा खानेपानी प्रणालीलाई सबै ठाउँमा पुर्‍याउन सरकारले आफ्नो दायित्व पूरा गर्दै सरोकारवाला मार्फत् जनसहभागिता जुटाइ योजनाहरू कार्यान्वयन गर्दै आएको छ। योजना समाप्तीपश्चात् नियमित सञ्चालनको जिम्मा स्थानीय उपभोक्तालाई दिने सरकारको नीति छ। सरकारको यही नीतिअनुरूप तानसेनको जटिल ठानिएको खानेपानी योजना २०६८ चैत्र २२ गते विधिवतरूपमा उपभोक्ता समितिले बुझिलिएको हो। जलश्रोत ऐन २०४९ र खानेपानी तथा सरसफाइ नियमावली २०५० बमोजिम मान्यताप्राप्त तानसेन खानेपानी उपभोक्ता समितिले यसको कार्यक्षेत्रभित्र रहेर पानीको मूलहरूको संरक्षण गर्ने, खानेपानीलाई व्यवस्थित, प्रभावकारी र दिगो सञ्चालनको लागि व्यवस्थापकीय जिम्मा लिएको छ।

तानसेनमा बस्ती डाँडामा पानीको श्रोतहरू फेदीमा हुनाले लिफ्टिङ प्रणाली बाहेक अरु विकल्प छैन। हुनत डाँडाको वस्ती भए तापनि यहाँ ढुंगेधाराको अभाव छैन। वि.स.२०३५ भन्दा अघि तानसेनमा जनरल प्रताप शमशेरले ब्रिटिश सरकारको सहयोगमा बाँझा (साविकको बन्दीपोखरा हाल तानसेन-११) बाट ग्राभिटी प्रणालीबाट पानी ल्याएका थिए। जनसंख्याको बृद्धि र तानसेनको शहरीकरणले उक्त पानीले तानसेनको खाने पानी आपूर्तिमा नपुग भएकाले वि.स. २०३५ सालमा जापान सरकारको सहयोगमा भुल्केबाट पानी ल्याउने कामको थालनी भयो जो अद्यावधिक कायम छ। इतिहासतिर फर्केर हेर्ने हो भने तानसेनको खानेपानीको जिम्मा केही समय तत्कालीन तानसेन नगरपञ्चायतले लिएको थियो। तत्पश्चात नेपाल सरकारमार्फत् खानेपानी कार्यालयले गरेको थियो। भुल्के तर्फको चार तह, सिस्नेको दुई तह, तीनधारा र होलाङ्दीको एकएक तहको विद्युतमा आश्रित पम्पिङ प्रणालीबाट चौबीसै घण्टा नियमित पानी तान्ने योजना जटिल हो। छरिएर रहेको डाँडाको बस्तीमा साना ठूला गरी १५ वटा रिजर्भ्वायर टंकीमा भण्डारण गरी वितरण गर्ने योजना तुलनात्मक रूपमा सहज छैन। सामान्य हावाहुरीमा पनि विद्युत आपूर्तिमा हुने समस्याले वितरण प्रणालीमा झन जटिलता थप गरिदिएको छ। सेन्ट्रिफुगल पम्पमा सञ्चालन हुनुपर्ने ४०० भोल्टको विद्युत आपूर्ति पनि अर्को समस्या रहेको छ। त्यस्तै धेरै वर्षअघि विछ्याइएको पाइपको समस्या त छदै छ। साथमा दक्ष जनशक्तिको अभाव पनि। अहिलेको वितरण प्रणाली १२ वर्ष पूरानो सर्वेक्षणको आधारमा गरिएको र यसलाई हाल बिस्तारित बस्तीमा पनि बिछ्याइएकाले कतिपय ठाँउमा मुख्य लाइनको पाइप साइजको क्षमताले धान्नसक्ने देखिन्न। यसलाई विस्तृतरूपमा मूल्याङ्कन गर्नुपर्ने देखिन्छ। अन्यथा केही समयमा नै वितरण प्रणालीमा समस्या आउन सक्छ। तसर्थ तानसेन वितरण प्रणालीको बिस्तृत सर्वेक्षण गर्न आवश्यक छ।

तानसेन खानेपानी उपभोक्ता समितिले योजना बुझ्दा यसको कार्यक्षेत्र साविकको बार्ड नं. १ देखि १०, १३ र १५ हो। सन् २००६ मा तानसेन खानेपानीको सर्वेक्षण गर्दा तानसेनको जनसंख्या १७,३२६ थियो र सन् २०२६ मा २८३९१२ हुन्छ भनी अनुमान गरिएको थियो। तर २०१८ मा नै माथि उल्लिखित वडामा मात्र २३९४१ पुगेको छ। सर्वेक्षणको तथ्याङ्क अनुसार तानसेनमा भुल्केबाट ९.१६ लिटर प्रति सेकेण्ड (LPS), सिस्नेबाट ४ (LPS), तीनधारा (LPS), होलाङ्दी ३.५६ (LPS) र बाँझाबाट १.२० (LPS) गरी कूल १८.९२ (LPS) अर्थात् दैनिक १६,३४,६८० लिटर पानी आपूर्ति हुनुपर्ने देखिन्छ तर यसमा २५.३० प्रतिशत प्राविधिक तथा अन्य चुहावट घटाउँदा दैनिक ११.५० लाख लिटर पानी आपूर्ति हुनुपर्छ तर समितिले उठाइरहेको राजश्वलाई आधार मान्दा दैनिक करीब सातलाख लिटर मात्र पानी आएको देखिन्छ। यसो हुनुको प्रमुख कारणमा विशेष गरी डिजाइन गर्दा प्राप्त मुहानको पानीको डिस्चार्ज र अहिलेको डिस्चार्जमा कमी हुनु हो। सोझो भाषामा भन्दा पानीको मूल सुकेको स्थिति हो। हाल समितिको कार्यक्षेत्रभित्र रहेका जनसंख्यालाई मात्र दैनिक ७५ लिटरको दरले पानी आपूर्ति गर्दा १७९५५७५ लिटर पानी आवश्यक पर्दछ। यसको अतिरिक्त सरकारी कार्यालय, गैरसरकारी संस्था,

अस्पताल, होटल व्यवसायी, विद्यालय तथा पर्यटकहरूलाई समेत थप ३ लाख लिटर पानी राख्ने हो भने करीब २०,९५,९७५ लिटर पानीको आवश्यकता देखिन्छ। यो तथ्याङ्कलाई हेर्दा तानसेनमा दैनिक करीब १४ लाख लिटर पानी नपुग देखिन्छ। यसरी तानसेनमा पानीको आपूर्तिलाई सहज बनाई सुख्खा शहरलाई जीवन्त र सुन्दर शहर बनाउनका लागि खानेपानी उपभोक्ता समितिको धैरै वर्षको प्रयास पछि कालीगण्डकी–तानसेन लिफटिङ खानेपानी योजनाको निर्माण कार्य गतवर्ष जेष्ठदेखि शुरू भएको छ। करीब २५.३६ करोडको लागतमा सिभिल निर्माण कार्य र १.६ करोडमा विद्युतीकरणको कार्य आउने २०७५ को फागुन महिनासम्म सम्पन्न गर्ने लक्ष्य लिएको छ। उक्त योजनाबाट दैनिक ३० लाख लिटर पानी आपूर्ति हुनेछ। यसपछि तानसेनमा धाराको निवेदन दिएर वर्षौं कुर्ने प्रथाको पनि अन्त्य हुनेछ। यो योजना तानसेन खानेपानी उपभोक्ता समितिको ठूलो उपलब्धि हो।

तानसेनको खानेपानी योजनालाई तथ्याङकीय दृष्टिकोणबाट सरसर्ती हेर्ने हो भने ट्रान्समिसन लाइन ९.९० कि.मी र वितरण लाइन २१.७० किलोमिटर छ। भुल्केमा चार, सिस्ने मा दुई, होलाङ्दी र तीनधारामा एकेक गरी आठवटा पम्पिङ स्टेसन छ। ११ के.भी लाइनबाट सञ्चालित सिस्ने र चौवनबारीमा ३,३ वटा सवमर्सिवल पम्प जडान गरीएको छ। सिस्ने चौवनबारी १८१ मीटर र चौवनबारी जङ्सनबेल भर्टिकल हाइट १८१ मिटर रहेको छ। भुल्केको इन्टेकदेखि १ नं स्टेशन १३ मिटर, १ देखि २ नं स्टेशन ३२ मिटर, २ देखि ३ नं –१६५ मिटर, ३ देखि ४ नं – १८० मिटर र ४ देखि जङसनबेल १८५ मिटरको भर्टिकल हाइटमा अवस्थित छ। १ नं स्टेसनमा ३ वटा सेन्ट्रिफुगल पम्प जडान गरिएको छ। २,३,४ नं. स्टेसनमा ३० किलोवाट क्षमताको ५.८३ ऐएक० डिस्चार्ज दिने ४, ४ वटा सेन्ट्रिफुगल पम्प जडान गरिएको छ। त्यस्तै तीनधारादेखि पूरानो पानीटंकी (भगवतीटोल) २०० मिटर र होलाङ्दीदेखि वसन्तपुर पनि २०० मिटर भर्टिकल हाइटमा रहेको छ।

यी सबैमा सेन्ट्रिफुगल पम्प जडान गरिएको छ। करीब दश वर्षअघि जडान गरिएको सेन्ट्रिफुगल पम्पको क्षमतामा ह्रास र बढी विद्युत खपत गर्ने भएकोले हाल भुल्केको तिनोटै स्टेशनमा ७५ हर्ष पावर क्षमताको र तीनधारामा पनि २० हर्ष पावर क्षमताको सवमार्सिवल पम्प जडान गरिएको छ जस्ले गर्दा मुहानमा पानी खेर गएको छैन भने विद्युत खपतमा कमी आउने छ। तानसेनको खानेपानी वितरणलाई सहज बनाउन बतासेडाँडामा ४ लाख र ५ लाख क्षमताको १,१, होलाङदी १.५ लाख, वसन्तपुरमा पुरानो १.६४ लाख, नयाँ १ लाख, बाफँा( भगवतीटोल) २.२५ लाख, तीनधारा ४० हजार, ३५ हजार पाल्पा अस्पताल, गोर्खेकोट १० हजार, लायन्स धर्मशाला २५ हजार, गैरागाँउ ६० हजार, मिसन अस्पताल माथि ५० हजार, ध्रुवघाट २४ हजार गरी कूल १८.७५ लाख लिटर क्षमताको टंकीका संरचनाहरु छन्। समितिले योजना हस्तान्तरण गरेर लिदा निजी तथा सामुदायिक १७७६ धारा थिए भने करीब २०००को निवेदन थियो। वि.स.२०५१ देखि २०६६ सम्मको निवेदन दिएका १२०० वटा धारा जडान भइसकेको छ भने वि.स.२०६७ देखि २०७१ सम्मको धारा यही २०७४ चैत्र महिनादेखि जडान गर्ने प्रक्रियामा छ। समितिले धारा पाइन भन्ने गुनासो अन्त्यको लागि कामहरु थालनी गरेको छ।

लिफ्टिङ खानेपानी त्यसैमा महँगो झन तानसेनमा ४,४ लिफट गरेर ल्याँउदा झन महँगो हुनु स्वभाविकै हो। त्यसैले तानसेनको खानेपानी योजनालाई विशिष्ट श्रेणीमा राखेर हेर्नुपर्छ भन्ने मान्यता राखी विद्युत महशुलमा पुनरावलोकनको लागि सम्बन्धित निकायमा पहल भईरहेको छ। नेपाल सरकारले प्रशासनिक सञ्चालन अनुदान दिदासम्म समितिले उपभोक्तालाई राहत दिएर न्यून महशुल लिएको थियो तर अनुदान बन्द भएपछि गतवर्षदेखि सामाजिक न्याय र वैज्ञानिक पद्धतिलाई केन्द्रविन्दुमा राखी पानी खपतको आधारमा पानीको नयाँ महशुल दर कायम गरिएको छ। जसले गर्दा समिति केही हदसम्म आत्मनिर्भर भएको छ। तानसेनमा आउने पानीको उत्पादन लागत औसत ९.पैसा प्रतिलिटर छ तर पानीको महशुल प्रति लिटर औसत ३ पैसा लिएको छ। उपभोक्ताले न्यूनदरमा सहज र शुलभ ढंगले प्रयोग गर्दै आएको पानीको मूल्यवृद्धि हुँदा गुनासो आउनु स्वभाविकै हो तर आत्मनिर्भरताको लागि मूल्य पुनरावलोकन गर्नु समितिको बाध्यता हो। यही सन्दर्भमा तानसेन नगरपालिकाको नवनिर्वाचित मेयर जो समितिको पदेन सदस्य तथा साविकको वडा नं १३ को योजनासंयोजक पनि हुनुहुन्छ, उहाँकैं पहलमा तानसेनको उपभोक्तालाई पानी महशुलमा राहत दिने हेतुले यो वर्ष समितिलाई रू. २५ लाख अनुदान दिने निर्णय अनुरूप समितिले उपभोक्ताबाट लिँदै आएको न्यूनतम शुल्क रू १००।– काललाई हटाउने निर्णय गरेको छ र यो कार्यान्वयनको क्रममा छ। वास्तवमा संघीय राज्यमा स्थानीय सरकार भनेको जनताको समस्यालाई प्रत्यक्ष र तत्काल समाधान गरेर अनुभूति दिने सरकार पनि हो। त्यसैले तानसेन नगरपालिकाले स्थानीय जनतालाई मेरो सरकार हो भन्ने अनुभूति गराउने प्रयास उपभोक्ता समितिसंग मिलेर गरेको छ। नवनिर्वाचित तानसेन नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु साधुवादका पात्र बनेका छन्। अझ यस्तै जनमुखी कार्य गर्दै जानुस, यहाँहरूलाई शुभकामना।

(कोषाध्यक्ष, तानसेन खानेपानी उपभोक्ता समिति)

◆



# पाल्पामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## (तरकारी जोन पाल्पा) एक परिचयः

-रामप्रसाद पाण्डे

देशको झण्डै दुई तिहाइ जनसंख्या, रोजगारी तथा जीविकाको लागि कृषि क्षेत्रमा निर्भर रहेको तथा कूल गार्हस्थ उत्पादनमा करीब ३२.५ प्रतिशत (आर्थिक सर्वेक्षण, २०१५) योगदान रहेको कृषि क्षेत्रको विकास विना देशको विकास असम्भव प्रायः छ। साना कृषकहरूको बढी संलग्नता रहेको र निवार्हमुखी कृषि प्रणालीबाट गुज्रिरहेकाले कृषि क्षेत्रमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम रहेको छ र कृषिमा व्यवसायीकरण एवम् विविधीकरण हुन सकेको छैन। आर्थिक रूपले सक्रिय जनशक्ति दिनानुदिन विदेशिने क्रम बढ्दै जाँदा कृषि क्षेत्रमा वढ्दै गई रहेको श्रम शक्तिको अभाव, कृषि उत्पादनमा बढ्दो उत्पादन लागत, बढ्दो जग्गाको खण्डीकरण, घडेरीकरण, उर्वर कृषि भूमिको गैर कृषि प्रयोजनमा वढ्दो उपयोग, तथा जलवायु परिवर्तनको नकारात्मक प्रभाव, उत्पादनका सामाग्रीहरूको अपर्याप्त आपूर्ति, ग्रामीण तथा भौतिक पूर्वाधारहरूको अप्रयाप्तता, साना, खण्डित र अव्यवस्थित भू-उपयोगको अवस्था, आवश्यक ज्ञान, प्रविधि तथा श्रमशक्ति सर्वसुलभ नहुनु, उत्पादनमा विविधिकरण, प्रतिस्पर्धी र वजारमुखी हुन नसक्नु, जीवनाशक विषादीको सुरक्षित प्रयोगबारे पर्याप्त जानकारी नहुनु, अनुसन्धान, शिक्षा र प्रसार बीचको त्रीपक्षीय सम्बन्धलाई मजबुत तुल्याई अनुसन्धानवाट विकास भएका प्रविधिहरू पर्याप्त मात्रामा बिस्तार हुन नसक्नु जस्ता कारणहरूले कृषि क्षेत्रमा आशातित उपलब्धि हासिल हुन सकेको छैन।

कृषिजन्य उत्पादन एवम् व्यापारमा प्रतिस्पर्धा, व्यवसायीकरण, यान्त्रिकीकरण, विविधीकरणमा जोड दिनुका साथै आर्थिक तथा सामाजिक रूपमा पछि परेका वर्गहरूलाई समेत प्राथमिकता दिई सरकारी, सहकारी, निजी साझेदारीको अवधारणा अंगिकार गर्दै कृषि पेशालाई सम्मानजनक बनाइ आय तथा रोजगारी सिर्जना, गरीबी न्यूनीकरण, सुधारात्मक व्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षा र कृषि क्षेत्रको रूपान्तरण मार्फत आर्थिक रूपान्तरण गर्दै राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउने उद्देश्य लिदै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आबश्यक प्रविधि तथा उत्पादन सामाग्रीको ब्यवस्था, बाली र बस्तु उत्पादनमा यान्त्रिकीकरण, प्रशोधन तथा बजारीकरणको लागि आबश्यक पूर्वाधारको ब्यवस्था जस्ता प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कृयाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना गरिएको छ।

### परियोजनाको सोच, लक्ष्य एवम् उद्देश्यः

### सोचः

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने।

### लक्ष्यः

समग्र कृषि मूल्य श्रृखलाका अवयवहरूको एकीकृत संयोजन र परिचालन मार्फत बजारमुखी, उद्योग उन्मुख दिगो आर्थिक अवसरहरू सृजना गरि खाद्यसुरक्षा सुनिश्चित गर्ने।

### उद्देश्यहरूः

१. प्रमुख कृषि उपजहरूको विशिष्टकृत क्षेत्रहरू निर्माण गर्ने,

२. निर्यातयोग्य कृषिबस्तुहरूको मूल्य अभिवृद्धि गर्दै प्रतिश्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,

३. कृषि लाई सम्मानजनक पेशा एवम् नाफामुखी व्यवसायका रूपमा विकास गर्दै रोजगारीका अवसरहरू सृजना गर्ने, र

४. बहु सरोकारवाला निकायहरू बीचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

## जोन विकास कार्यक्रम

राष्ट्रिय प्राथमिकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएको पूर्वाधारहरू भएकोले पाल्पा जिल्लालाई तरकारी बालीको बिषिष्टिकृत क्षेत्र तोकिएको छ। हालसम्म जोन क्षेत्रको कमाण्ड क्षेत्रफल ६८३ हेक्टर रहेको छ। यस कार्यक्रममा ८४ कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति तथा निजी उद्दमीका जम्मा २००४ कृषक परिवार लाभान्वित रहेका छन्। कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्याउने गरी जोनमा समावेश गरिएको तरकारी बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु, जोन क्षेत्रमा कृषि यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास एवम् व्यवसायीकरण प्रवर्द्धन तथा प्रारम्भिक प्रशोधन केन्याहरूको स्थापना मार्फत कृषि आधुनिकीकरणको आधारशिला तयार गर्ने यस व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रमको उदेश्यहरू रहका छन्।

## संचालन गरिने कार्यक्रम र क्रियाकलापहरू

१. प्रविधि तथा प्राविधिक सहयोग
२. कृषि उत्पादन सामग्री सहयोग
३. कृषि यान्त्रीकरणका लागि ‘कृषि यन्त्र सेवा केन्द्र (Custom Hiring Center) स्थापना
४. पोष्ट हार्भेष्ट सेन्टर स्थापना
५. नर्सरी पूर्वाधार विकास सहयोग
६. साना सिंचाइ निर्माण तथा मर्मत सम्भार सहयोग



मदनपोखरा, पाल्पामा तरकारी उत्पादन

## कार्यक्रमहरू संचालन र सहजीकरण

माथि उल्लेखित दफाहरूमा उल्लेख भएका कार्यक्रमहरूका अलावा परियोजना दस्तावेजको मर्म अनुरूपका सम्बन्धित जोन संचालक समितिको माग वमोजिमका अन्य चालु तथा पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरू समेत आवश्यकता अनुसार सञ्चालन गर्न सकिनेछ। उक्त कार्यक्रमहरू सञ्चालनको लागि नेपाल सरकारको तर्फवाट देहाय वमोजिमको अनुदान सहयोग उपलब्ध हुनेछ।

| सि. नं | विवरण | सहजीकरण (Facilitation) |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरू (वीउ, वेर्ना, विरूवा, माछा भुरा लगायत) | ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरू | ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरू | ५० प्रतिशत |
| ५ | साना सिंचाइ पूर्वाधारहरू | ८५ प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरू | ८५ प्रतिशत |

केही अत्यावश्यक उत्पादन सामग्रीहरूको व्यवस्थापनका लागि निर्देशक समितिको निर्णायानुसार थप सहजीकरणका विषयहरू निर्णय हुन सक्नेछन्।

(प्रमुख, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना पाल्पा)

# समृद्ध तानसेनका लागि पर्यटन तथा होटल व्यवसाय



-केशवराज नेपाल

नेपालको प्रदेश नं. ५ मा अवस्थित तानसेन नेपाल कै रमणिय पर्यटकीय एवम् ऐतिहासिक व्यापारिक केन्द्र हो। तानसेन अथाह प्राकृतिक सौन्दर्यको खानी हो भने सांस्कृतिक सम्पदाले भरिपूर्ण ऐतिहासिक नगरपालिका पनि हो। कुनै समय सेन राजाहरूको गढ रहेको तानसेनमा राणा शासकहरूले काठमाडौंबाट नेवार समुदायका कालिगढहरू ल्याएर नगरको स्वरूपमै परिवर्तन गरेका थिए। त्यसैले पनि तानसेनका गल्लीहरू घुम्दा फिर्दा काठमाडौंको झल्को मेटाएको अनुभूति हुन्छ। यहाँ काठमाडौंमा जस्तै असनटोल, मखनटोल, बसन्तपुर टोल, टुँडिखेल जस्ता ठाउँका नाम भेटिन्छ।

तानसेनमा प्राकृतिक एवम् ऐतिहासिक र सांस्कृतिक रूपमै पनि पर्यटन उद्योगको विकास गर्न पर्याप्त सम्भावनाहरू र अवसरहरू हुँदाहुँदै पनि अपेक्षित मात्रामा पर्यटन उद्योगको विकास हुन सकेको पाइदैन। तानसेनको सांस्कृतिक परम्परा र जनजीवन पर्यटकहरूका लागि आकर्षणको केन्द्रविन्दु बन्न सक्छ। यस्तो अथाह सम्भावनाहरू बोकेको तानसेनमा पर्यटकको संख्या बढाउन जनप्रतिनिधिहरूको ठूलो हात रहने अपेक्षा गरिएको छ। लामो समयदेखि शिक्षा, स्वास्थ्य र पर्यटन विकासका नारा प्रचार गरेको भए पनि व्यवहारमा परिवर्तन देख्न सकिएन। छिमेकी जिल्लाले तानसेनलाई उछिनि सकेको छ। तानसेनमा जस्तो पर्यटकीय क्षेत्र नेपालको अन्य कतिपय जिल्लामा छन् जहाँबाट पर्यटकहरूले यहाँ उपलब्ध हुने सबै जसो अवसर प्रदान गर्न सक्ने हुँदा तानसेनमा पर्यटकहरू नआउन सक्छन्। यस तर्फ तानसेनवासीले बेलैमा विचार पुऱ्याउनु पर्ने अवस्था आइसकेको छ। त्यसैले पनि अधिकांश पर्यटन पूर्वाधार सिर्जना भएको तानसेनमा पर्यटन प्रवर्द्धन र विकास गर्न अन्य भागमा जस्तै तानसेनको पर्यटन विकासमा निजी क्षेत्रले अग्रसरता देखाउनु पर्ने खाँचो छ। पर्यटन विकासमा सरकारले केवल अत्यावश्यक पूर्वाधार खडा गरिदिने हुँदा पर्यटन विकासलाई आवश्यक पर्ने अन्य आधारहरू जस्तै स्तरीय बसोबास, स्वस्थकर खाना, दृस्यावलोकन पथ प्रदर्शन लगायतका कार्य तथा विकासमा निजी क्षेत्रको सक्रिय अग्रसरता आवश्यक छ। यस क्रममा सिद्धार्थ लोकमार्गको बुटवल-तानसेन सडकको सिद्धबाबा क्षेत्र लगायत सडकका पूर्ण भागको मर्मत तथा सुधार हुन नितान्त आवश्यक छ। नगरमा ढल निकासको राम्रो प्रबन्ध, शुद्ध एवम् सफा पिउने पानी, पानीको नियमित आपूर्तिको व्यवस्था हुन आवश्यक छ। जुन १/२ वर्ष भित्र पूरा हुने अपेक्षा गर्न सकिन्छ।

पर्यटन सूचना केन्द्र, ट्राभल्स एजेन्सी, स्थापना गर्नु पर्ने दायित्व नगरपालिकामा थपिएको छ। तानसेनमा पर्यटकलाई आवश्यक पर्ने स्तरीय होटल रेष्टुरा तथा लजहरू पर्याप्त खुलिसकेको छ। यद्यपि यसको बारेमा प्रचार प्रसारको आवश्यकता छदैछ। पर्यटकीय नगर तानसेनमा सभाहल, पार्किङ सुविधा, टिभी, फ्रि वाइफाइ, चिसो तातो पानी लगायतका सुविधायुक्त होटलहरू सञ्चालनमा आइसकेकाले बाह्य तथा आन्तरिक पर्यटनको लागि आतिथ्तापूर्ण बोली व्यवहारको खाँचो छ। साथै यस क्षेत्रका लागि प्रोत्साहनयुक्त कार्यक्रमहरू नगरपालिकाले दिन सक्नु पर्ने देखिन्छ। हालम्म तानसेनमा सञ्चालन भएका केही होटल तथा रेष्टुरेण्टहरू जसले आन्तरिक तथा बाह्रय पर्यटकहरूको सन्तुष्टीमा ध्यान दिन सक्दछन्।

# तानसेनका केही होटेलहरू

## (१) होटल श्रीनगर प्रा.लि.

सञ्चालक- श्रीमती सावित्री भुषाल
कोठा ३६, सभाहल–३
अत्याधुनिक सुविधाहरू
निशुल्क पार्किङ/ चिसो तातो पानी
वैन्क्वेट कोठा, टुर प्याकेज सुविधा
सभाहल/फ्रि वाईफाई
रेष्टुरेण्ट क्षमता १५०, चिल्ड्रेनपार्क
फोन नं. ०७५-५२००४५

## (२) होटल ह्वाइट लेक

सञ्चालक- निर्मल श्रेष्ठ
कोठा संख्या - ३४
अत्याधुनिक सेवा सुविधा सम्पन्न
पार्किङ सुविधा, सभाहल
टुर प्याकेज सुविधा
फ्रि वाइफाइ /रेष्टुरेण्ट
क्षमता ७० जना
फोन नं. ०७५-५२०५०२

## (३) गौरीशंकर गेष्ट हाउस

सञ्चालक - राजु महर्जन
स्तरीय सेवा सुविधा
टुर प्याकेज, सभाहल
कोठा संख्या –४०
क्षमता ८०, पार्किङ सुविधा
फोन नं. ०७५-५२०१५०

## (४) अन्नपूर्ण गार्डेन रेष्टुरेण्ट

सञ्चालक - लक्ष्मण बस्याल
सभाकक्ष, अत्याधुनिक सेवा सुविधा
कोठा संख्या–२२,
पार्टी प्यालेस तथा पार्किङ सुविधा
ताता चिसो पानीको सुविधा ,
नेट क्षमता ६०
फोन नं. : ०७५–५२२०७४

## (५) होटल क्राउन

सञ्चालक - कमल कार्की
आधुनिक सुविधा सम्पन्न
कोठा संख्या –२३
क्षमता ५० जना
फोन नं. : ०७५–५२२५०३

## (६) होटल ताज

सञ्चालक - मुक्ति जी.सी.
अत्याधुनिक सुविधासहितको कोठा –१५
पार्किङ, सभाहल, टिभी
वाईफाई, चिसो तातो पानी, टुर प्याकेज,
लिफ्ट सुविधायुक्त पाल्पाको पहिलो होटल
रेष्टुरेन्ट क्षमता ४० जना
फोन नं. ०७५-५२२८००

## (७) नाङ्लो वेष्ट तानसेन

सञ्चालक - श्याम कक्षपती
अत्याधुनिक सेवासुविधा उपलब्ध
टुर प्याकेज, बार,
रेष्टुरेण्ट क्षमता –६० जना
फोन नं. ०७५-५२०१८४

## (८) रोज रिर्सोट

सञ्चालक - कर्णबहादुर कार्की
सुविधायुक्त कोठा संख्या–२१
चिल्ड्रेन पार्क, सेमिनार हल, बैठककोठा
रेष्टुरेन्ट क्षमता– ६० जना
फोन ०७५-५२१३७३

## (९) होटल इन्द्रेणी

सञ्चालक - मोहन श्रेष्ठ
कोठा संख्या - १५
पार्किङ सुविधा
रेष्टुरेन्ट क्षमता ६० जना
फोन नं. ०७५-५२१२००

## (१०) होटल डायमण्ड

सञ्चालक - रिसव गुप्ता
सुविधायुक्त कोठाहरू, पार्किङ सुविधा
रेष्टुरेन्ट क्षमता- ४५ जना
फोन ०७५-५२१०९०

## (११) रानीमहल होटल

सञ्चालक - मनिष रावल
पार्किङ सुविधा
सुविधायुक्त कोठा– १५,
रेष्टुरेण्ट क्षमता– ४० जना,
टुर प्याकेज
फोन नं. ०७५-५२०७५६

होटेल बाहेक अमृत होटल, होटल मोनिका, होटल मनकामना, रोयल होटल, सिम्रिक होटल, होटल करूवा, शुभरात्री लगायतका अन्य होटल र होमस्टे समेत तानसेन नगरपालिका क्षेत्रमा सञ्चालनमा छन्।

ऐतिहासिक तानसेनमा पर्यटन सुविधाका लागि जति होटलहरू उपलब्ध छन् सोही अनुरूपमा तानसेनको हस्तकला एवम् घरेलु उद्योगहरू भने लोप हुने अवस्थामा पुगेकाले स्थानीय संस्कृति झल्काउने खालका घरेलु उद्योगहरू पुनः सञ्चालनमा ल्याई पाल्पाको चिनो करूवा तथा देवी देवताका कलात्मक मूर्तिहरू उत्पादन गर्न हस्तकला उद्योगलाई प्रोत्साहन दिन सक्नु पर्ने देखिन्छ। त्यस्तै तानसेनमा पर्यटनको प्रवर्द्धन तथा विकास गर्न तानसेनको वातावरण स्वच्छ सफा र हराभरा कायम राख्न निजी क्षेत्र र नगरबासी समेत सक्रिय भएर खुला ढलहरूको तत्काल व्यवस्थापन गर्नुपर्ने तथा चोकचोकमा सार्वजनिक शौचालयको व्यवस्थापन गर्नुपर्ने देखिन्छ। नगरवासीले पाहुनालाई आत्मीय व्यवहार दर्शाउनु पर्छ। होटल तथा होमस्टे व्यवसायीले शुपथ मूल्यमा स्तरीय सेवा तथा सामग्री उपलब्ध गराउनुका साथै पाहुना मैत्री बोली व्यवहार प्रदर्शन गर्न आवश्यक छ। नगर सरकारले नियमित अनुगमन र आवश्यक सहयोगका लागि योजनाबद्ध कार्यक्रम अगाडि बढाओस्।

(पत्रकार )

◆

## तानसेन नगर भित्रका होमस्टे (Home Stay at Tansen City)

| होमस्टे | सम्पर्क व्यक्ति | कोठा संख्या | सम्पर्क नं. |
|---|---|---|---|
| सिटी भ्यू होमस्टे | मनमोहन श्रेष्ठ | ४ वटा | ९८४७०२८८८५/०७५-५२०५६३ |
| पासा होमस्टे | दीप नारायण श्रेष्ठ | २ वटा | ९८४७०६८२९३/०७५-५२०१३२ |
| अमात्य होमस्टे | पुरुषोत्तम अमात्य | ४ वटा | ९८४७०२९०९६/०७५-५२०२९६ |
| श्रीनगर होमस्टे | पुनम श्रेष्ठ | २ वटा | ९८४७०६९४८०/०७५-५२१२०३ |
| सारु होमस्टे | हेमा सारु | २ वटा | ९८४७१०००१९/०७५-५२१९१४ |
| होराइजन होमस्टे | धनिश्वर बस्याल | ४ वटा | ९८४७०२१०८९/०७५-५२२७२८ |
| लक्ष्मी होमस्टे | बामदेव बस्याल | २ वटा | ९८४७०४३१२९ |
| सनराइज होमस्टे | मन चन्द्र श्रेष्ठ | २ वटा | ०७५-५२१०२४ |
| नेचर ट्रीट होमस्टे | कमल भण्डारी | ४ वटा | ९८५७०६५१७८ |

सेवाहरु : (१) स्वागत तथा बिदाई (२) नेपाली खाना परिकार (३) भ्रमण व्यवस्थापन स्थानीय तथा जिल्लाका पर्यटकीय भ्रमणका लागि पथप्रर्दशक व्यवस्था (४) फ्रि वाइफाई (५) लन्ड्री सेवा (६) टेक्सी, भ्यान, कार रिजवं (७) पाल्पाका पर्यटकीय गन्तव्यबारे सूचना (८) अन्य- आकस्मिक उपचार सेवाका लागि व्यवस्था लगायत।

श्रोत : होमस्टे एशोसिएसन तानसेन (HAN) तानसेन-३, पाल्पा

# पाल्पा तानसेनको खेलकुद गतिविधि विगतदेखि वर्तमानसम्म





-भरत शर्मा

मानिसको शारीरिक तथा मानसिक विकासका लागि खेलकुद महत्वपूर्ण तथा अत्यावश्यक कृयाकलापको रूपमा लिने गरिन्छ। शारीरिक तथा बौद्धिक विकासका साथै खेलकुदको सफलताले मानिसको सामाजिक प्रतिष्ठालाई उचाें राख्न मद्दत गर्दछ। खेलकुदले एउटै सीमा भित्र विविध,भाषा,संस्कृति र पहिचान भएका नागरिकहरूलाई भावनात्मक एकीकरण गर्ने, राष्ट्र प्रति भक्तिभाव जगाउने। सामाजिक सद्भाव बढाउने,युवाहरूलाई विकास निर्माणमा परिचालन गर्ने र असल नागरिक निर्माण गर्ने जस्ता महत्वपूर्ण योगदान दिएको हुन्छ जो सायद खेलकुद बाहेक अर्को क्षेत्रबाट प्राप्त गर्न मुस्किल नै हुन्छ। विगतमा खेलकुद स्वस्थ हुन र मनोरञ्जनको रूचिको विषय थियो तर पछिल्लो समयमा खेलकुद क्षेत्रमा भएको स्वस्थ प्रतिस्पर्धा र व्यवसायिकीकरणले यस क्षेत्रमा लाग्नेहरूको शारीरिक तथा सामाजिक विकासका अतिरिक्त आर्थिक समृद्धिमा पनि टेवा पुऱ्याएको हामी पाउँछौ। यसकारण पनि खेलकुद प्रतिको धारणामा समयानुकुल परिवर्तन भएको छ।

नेपालको खेलकुद इतिहासमा पाल्पा जिल्लाले विशिष्ट स्थान ओगटेको छ। खेलको विकास र विस्तार हुनुमा ब्रिटिस सेना,भारतीय सेना,नेपाली सेना र प्रहरीमा जागिर गर्ने पाल्पाली युवाहरूले जागिरकै दौरानमा खेल सिकेर आफ्ना साथी भाईहरूलाई सिकाउदै एक अर्कामा हस्तान्तरण हुदै आएको हो भन्ने पनि स्थानीय पाकापुस्ताको कथन छ। जिल्लामा दमकडा, सराई ,हुँगी चिलाङ्दी, कोठेचौर, रामपुर लगायतका ठाउँमा खेल मैदान भएता पनि तानसेनको टुँडिखेल मैदानबाट नै यहाँको खेलक्षेत्रको सुरूवात भएको मानिन्छ। राणाकालीन समयदेखि टुँडिखेलमा नै खेल खेल्ने गरेको पुराना खेलाडीको भनाई रहेको छ। त्यस समयमा प्राणप्रसाद उदय, पद्मचन्द श्रेष्ठ, जयराज शाक्य, भुपेन्द्र नारायण श्रेष्ठ, धन उदय, गंगाप्रसाद बैजु, शिवमान श्रेष्ठ, करूणा शेखर बज्राचार्य, गजेन्द्र शेषर

बज्राचार्य, पुण्य रत्न बज्राचार्य, गंगाप्रसाद सैंजु, गोपालप्रसाद श्रेष्ठ, प्रकाशचन्द श्रेष्ठ, रमेश चन्द श्रेष्ठ, सरस्वती उदय लगायत खेल क्षेत्रमा ख्याती कमाएका व्यक्तिहरू रहेको पुराना खेलाडीहरू बताउँछन्।

जिल्लामा धेरै खेल खेल्ने खेलाडीहरू भए पनि पाल्पालाई चिनाउने मुख्य खेल फुटबल नै रहेको पाइन्छ। यहाँ सञ्चालन हुने मणिमुकुन्द करूवा फुटवल प्रतियोगिताले देश विदेशमा चर्चा पाउने गर्दथियो। जस्मा सहभागिताका लागि काठमाण्डौका एन.आर.टी, थ्री स्टार, सिम्रीक, ब्बायज यूनियन, मनाङ मर्स्याङ्गदी लगायतका चर्चित टिमहरूको सहभागिता हुने गर्दथियो। यस्तै गरी पोखराको पहाडी एघार,जनकपुर चुरोट कारखाना, इलेभेन एरोज धरान, भारतको देहरादुन, लखनउ, विहारको सिवान, गोरखपुर र नौतनवाका टिमहरू सहभागि हुने गर्दथिए। पाल्पामा आयोजना हुने फुटवल खेल प्रतियोगितामा श्याम थापा, वाइ.वी घले, गणेश थापा, धीरेन्द्र प्रधान, मणि शाह, लोकबहादुर शाही लगायत नाम चलेका खेलाडीको समेत सहभागिता हुने गर्दथियो।

त्यस समयमा टोलस्तरीय क्लव स्तरीय, विद्यालय स्तरीय र मैत्रीपूर्ण खेल प्रतियोगिता हुने गर्दथियो। पञ्चायतकालीन समयमा वीरेन्द्र शील्ड प्रतियोगिता सञ्चालन हुदा ४/५ दिन सम्म टुडिखेल दर्शकले भरिभराउ भएर खेलाडीले हौसला पाउने गर्दथिए। सुरूका खेलाडीहरूमा महेन्द्रप्रसाद प्रधान र गंगाप्रसाद बैंजू निकै लोकप्रिय खेलाडीमा गनिन्थे। प्रधानले गोल गर्दा जिमनास्टिक गर्दाको क्षण र गंगा प्रसाद वैंजूले गोल गर्दा टाउकोले टेकेर पुल्टुङ्गवाजी खेल्दा दर्शकको तालीले टुडिखेल गुञ्जायमान हुने गर्दथियो। पछि गएर  प्रकाश उदय, अशोक महर्जन, किशोर महर्जन, सुरेश लिगल, गोविन्द बज्राचार्य, राजेश्वर उदय, जय उदय, शरण शाक्य, भरतप्रसाद श्रेष्ठ (देउराली), वरूण विक्रम  राणा, शीव नेपाली, वालम वैजु, चन्दन वैजु, गणेश श्रेष्ठ, किशोर श्रेष्ठ, बसन्त जि.आर, मुकेश श्रेष्ठ, दिनेश मल्ल, सुमन सुवाल, कृष्ण सुवाल, महेश उदास, राम आमात्य लगायतका खेलाडील फुटवल खेलमा पाल्पाको छवि उँचो राख्न योगदान पुऱ्याएका थिए।

त्यस्तै प्रतियोगिता सञ्चालन गर्न श्रीखण्ड वैजु, श्याम सैजु, वालम बैजु, महेश्वर श्रेष्ठ खटिएर लाग्ने गर्दथिए। त्यस बखत भलिवल खेलको पनि ठूलै प्रतियोगिता आयोजना हुन्थ्यो। पाल्पामा त्यति बलिया खेलाडी नभएर बाहिरबाट समेत खेलाडी झिकाइने गरिन्थ्यो। भलिवल खेलमा चिरन लिगल, प्रमोद जोशी, उपेन्द्र कर्माचार्य, निरञ्जन बज्राचार्य, राजकुमार शाक्य, दिलिप महर्जन, सुनिल कर्माचार्य लगायतका खेलाडी अग्र पंक्तीमा रहेका थिए।

वीरेन्द्र शील्डमा बसन्त जी.आर, मोहन सुवाल, कृष्ण सुवाल, राम अमात्य, किरण बज्राचार्य, सृजना काफ्ले, मनोहर



थापा,दिवेश्वरी कोइराला, मञ्जु थापा, धन गौचन लगायतका खेलाडी चर्चामा रहने गर्दथिए। पछिल्लो समय जब माओवादी जनयुद्ध को प्रभाव पार्न थाल्यो र टुँडिखेलमा सेनाले छेकवार लगायो। यहाँ राष्ट्रिय स्तरका खेल सञ्चालन गर्न र वीरेन्द्र शील्ड सञ्चालन हुन सकेन र खेलप्रेमी र खेलाडीलाई नैराश्यता छायो र खेल गतिविधिमा शिथिलता आयो। जसको असरले खेलको स्तर तथा खेलाडी उत्पादन गर्नमा नकरात्मक प्रभाव अहिलेसम्म पनि परिरहेको छ।

फुटवल खेलको विकासका लागि २०५२ सालमा रामेश्वर श्रेष्ठको नेतृत्वमा पाल्पा जिल्ला फुटवल संघ स्थापना भए पश्चात सीमित श्रोत र साधन बाट जिल्ला स्तरीय विद्यालय स्तरीय र क्लव स्तरीय खेल सञ्चालन हुदै आएबाट जनम लिगल, आकाश थापा, किरन सुनार, पुकार गहतराज, रितेश मल्ल,लगायतका राष्ट्रिय खेलाडी बन्न सफल भएका हुन्। यसको श्रेय भीमसेन कार्कीको नेतृत्वमा विगतमा रहेका फुटवल संघका पदाधिकारीहरूलाई दिनै पर्दछ। विगत एक दशक यता पाल्पामा क्रिकेट खेल र टेक्वान्डो खेल पनि चर्चामा आएका छन्। क्रिकेटमा उपेन्द्र नेपाल, शैलेन्द्र भट्राई, राजेश श्रेष्ठ, राजेन्द्रमान शाक्य, अमित ज्ञवाली, सुरेश गोदार राष्ट्रिय स्तरका खेल खेल्न सफल भएका थिए।

आइ.टि.एफ टेक्वान्डो खेल पछिल्लो समयदेखि पाल्पामा निकै लोकप्रिय बन्दै गएको छ। खेलका प्रशिक्षकहरू राजकुमार थापा, रेवत राना, कृष्ण बहादुर बलाल, खेम बहादुर कनौजे, निर बहादुर सारू, निराजन कार्की,भुवन थापा लगायतको लोकप्रियतामा ठूलै देन रहेको छ। जसका कारण सन् २०१४ मा सम्पन्न सातौ एसियन टेक्वान्डो प्रतियोगितामा सिमा सारू, प्रशंसा रेग्मीले कास्य पदक पाउन सफल भए। यसै गरी गत बर्ष सम्पन्न सातौ राष्ट्रिय खेलमा वेथल वोर्डिङ्ग स्कुलका साजन पचभैयाले स्वर्ण पदक प्राप्त गरेर जिल्लाको गरिमा बढाएका थिए।

ब्याडमिन्टन तर्फ प्रकाश उदय, जय उदय, राजेश्वर उदय, राजेन्द्र बज्राचार्य, प्रविणउदय,सुमन सुवाल, बसन्त बज्राचार्य, महेश बज्राचार्य, शैलेन्द्र बज्राचार्य लगायतका खेलाडीहरू अग्रपंक्तिमा रहेका थिए भने सुमन सुवालले राष्ट्रिय स्तरको प्रतियोगितामा जुनियर एकल तर्फ स्वर्ण पदक हासिल गरेका थिए।

पाल्पाको खेल क्षेत्रको विकासमा विगत देखि नै जिल्ला खेलकुद विकास समितीको भूमिका अतुलनीय रहेको छ। पञ्चायत कालमा समितीका सचिव निर्मल राजभण्डारीको देन अविस्मरणीय रहेको छ। तर २०४६ साल देखि समितिमा राजनैतिक नियुक्ती हुने गरेका कारण खेल क्षेत्रमा जति विकास हुन पर्ने थियो त्यति हुन सकेको छैन्। समितिको मातहतमा भुसलडाँडामा ब्याडमिन्टन कभर्ड हल र टक्सार टोलमा खाली जग्गा रहेता पनि त्यो खाली जग्गाको उपयोग हाल सम्म हुन सकेको छैन्। बर्तमानमा समितिका अध्यक्ष करूणा काफ्लेको नेतृत्वले जिल्लामा खेलाडी र खेल स्तर बढाउन ग्रामीण भेगमा खेल मैदान निर्माण गर्न तत्परता देखाएको पाइएको छ।

तानसेन टुँडिखेल मैदानलाई व्यवस्थित बनाउन पाल्पामा जिल्ला फुटवल संघ,पाल्पामा तैनाथ भई आउने गरेका नेपाली सेनाका गणहरू,तानसेन नगरपालिका, पाल्पा उद्योग वाणिज्य संघको महत्वपूर्ण योगदान रहदै आएको छ। अबको समयमा पाल्पाको खेल स्तर बढाइ खेलकुद गतिविधिलाई अघि बढाउनका लागि टुँडिखेलको स्तर उन्नति गर्न पहिलो आवश्यकता रहेको देखिन्छ। यसका लागि तानसेन नगरपालिका र सरोकारवाला निकायले पहल कदमी गर्नुपर्छ। र सबै खेलका प्रशिक्षक तयार पारी खेलाडी उत्पादन गरेर विभिन्न खेलका प्रतियोगिताहरू सञ्चालन गर्न सके पाल्पामा विगतको खेलकुदको इतिहास कायम राख्न मदत पुग्दछ। यस्तै बेरोजगार र कुलतमा फस्ने गरेका युवाहरूको आकर्षण पनि खेल क्षेत्रमा बढ्ने देखिन्छ।

टुँडिखेल स्तरोन्नति गर्न यातायातका साधनमा अनियन्त्रीत प्रवेशमा रोक, साँझ विहान घुम्नेलाई छुट्टै ट्र्याकको व्यवस्था, बीच भागमा दुवो रोपेर बाह्रै महिना हरियाली बनाउने, छेउछाउमा वृक्षारोपण र संरक्षण, ठाउँठाउँमा फूलवारी बगैचा निर्माण गर्ने,आवश्यकता र औचित्य हेरी मेला महोत्सव सभा समारोह गर्दा शुल्क निर्धारण गरेर टुडिखेलको विकासमा कोष स्थापना गर्न आवश्यक देखिएको छ। यस्का लागि सम्बन्धीत खेल संस्था क्लव पूर्व र वर्तमान खेलाडी खेलप्रेमी बीच समन्वय र सबैको सहयोग तथा साथ नगरपालिकाले पाउने नै छ। यसै गरी तानसेन नगरपालिकाका मेयर अशोक कुमार शाहीको सहयोग र प्रेरणाबाट आगामी जेष्ठ महिनामा तानसेन मेयर करूवा राष्ट्रिय फुटवल प्रतियोगिता सञ्चालन गर्नको लागि पाल्पा जिल्ला फुटवल संघले तयारी गरिरहेको छ। यो प्रतियोगिता सफलतापूर्वक सम्पन्न हुन सके पाल्पाको पुरानो फुटवलको इतिहास कायम रहनेमा आशावादी रहन सकिन्छ।

(महासचिव, एन्फा पाल्पा)

◆

# साख गुमाउँदै पाल्पाली ढाका, संकटमा करुवा



-देव पचभैया

कुनै बेला ५ सय बढी कर्मचारी रहेको पाल्पाली ढाका उद्योगमा अहिले मुस्किलले आधादर्जन महिलाले मात्रै दैनिक यो उद्योगमा काम गर्छन्। २०१५ सालमा नेपालमै पहिलोपटक स्वर्गीय गणेशमान महर्जनले तानसेनमा शुरू गरेको ढाका व्यवसाय कामदारको अभाब भएपछि संकटमा परेको छ। "उहाँ (श्रीमान् गणेश महर्जन) ले ग्राफ गर्नुहुन्थ्यो, मैले बुन्न सिकाउथेँ"- पाल्पाली ढाका उद्योगमा चर्खा घुमाएर धागो बेर्दै ८१ बर्षीया पूर्णमाया महर्जनले भन्नुभयो। उहाँले पीडा व्यक्त गर्दै भन्नुभयो- "ढाका भित्र्याउने श्रीमान् स्वर्गे हुनुभो, दुखले शुरू गरेको, हुर्काएकाले होला बुढेसकालमा पनि कारखाना आइरहन्छु।"

एउटा तान (पित्लुम) बाट शुरू भएको पाल्पाली ढाका कारखानामा ३, ७ हुँदै १५० वटा तान रहेका थिए। कुनै बेला ७० पुरुष र ४ सय ५० महिला कामदारलाई रोजगारी दिनु भएकी पूर्णमाया महर्जनलाई बिहे ब्रतबन्ध गर्दा ढाकाको चोलो सस्तो किन्न लाइन लागेको दृश्य अहिले संझनामा मात्रै छ। "६ महिनासम्म क्यू लाग्थ्यो"- उहाँले भन्नुहुन्छ। २०३९ सालसम्म राम्रो थियो २०४१ सालदेखि बजार खस्किन शुरू भएको हो। जागिरे श्रीमान्सँगै भारतको दिल्ली पुग्नु भएकी पूर्णमायाले झण्डै दुई बर्षको बसाइमा चर्खा बेर्ने र हाते तान बुन्ने सीप सिकेर तानसेन फर्किनुभएको थियो।

"पहिले खद्दरको कपडा (च्यादर) बुनियो, त्यसपछि ढाकाको कपडा शुरू गरेका हौँ" नेपालमै पहिलो पटक ढाका बुन्न शुरुवात गर्नुभएकी महर्जनले गौरव गर्दै भन्नुभयो- "मेरै कारखानामा सिकेकाहरूले तानसेनमा अरु कारखाना खोलेका हुन्।"

उनै पूर्णमाया र स्वर्गीय गणेशमानले शुरू गर्नुभएको ढाका उद्योग अहिले तानसेनमा मात्रै ८ वटा छन्। २६ ढाका पसलले व्यवसाय गरिरहेका छन्। ढाका बुन्न र ढाकाको कपडाबाट पर्स, झोला, टाई लगायतका सामान सिलाउने गरी ४ सय बढीले रोजगारी पाएका छन्। वार्षिक २ करोडको कारोबार गर्ने पाल्पाली ढाका व्यवसाय अहिले धरमराएको छ।

ढाकाको विविधीकरणपछि मात्रै अहिलेसम्म टिकेका अनुभव सुनाउदै सरस्वती ढाका उद्योगका सञ्चालक हरि रायमाझी भन्नुहुन्छ- "पाल्पाली ढाकालाई बचाउन कारखानामा काम गर्ने जनशक्ति उत्पादन र ऋण प्रवाहमा सहयोग हुनु जरूरी छ।"

ढाका उद्योगी र व्यापारीमा अस्वस्थ प्रतिस्पर्धा हुनु पनि पाल्पाली ढाकाको दुर्भाग्य भएको रायमाझीको बुझाइ छ। बाहिरबाट आउने ढाकालाई पाल्पाली भनेर बेच्ने ब्यापारीका कारण पनि पाल्पाली ढाकाको साख गुम्दै गएको छ।

पाल्पाली ढाका उद्योगका व्यवस्थापक एवम् स्वर्गीय गणेशमान महर्जनका छोरा सागर महर्जन (जो जनप्रतिनिधि पनि हुन्) का अनुसार काम गर्ने कर्मचारी पाउन र भारतबाट कच्चा पदार्थ ल्याउन निकै समस्या छ।



चर्खा घुमाउँदै स्वदेशी बश्त्रकला उद्योग पाल्पाकी पूर्णमाया महर्जन



ढाका उद्यमी हरि रायमाझी

जाँगरिलाभन्दा पनि पकेट मनीका लागि मात्रै काम गर्नेहरु कारखानामा छन्। सागर भन्नुहुन्छ– "कर्मचारीको अभावमा बिदेशबाट माग भएका ढाकाका उत्पादन पुर्‍याउन सकिएको छैन।" ढाकाको लागि धागो लगायतका थोरै सामान ल्याउने भारतका व्यापारीलाई समेत भन्सारले कडाइ गरेको जानकारी दिदै महर्जनले बैंकमार्फत् ल्याउनुपर्ने कटनका धेरै सामान मक्किने र बिग्रिने डर भएकाले समस्या बढेको बताउनु भयो। हातैले बुन्नुपर्ने भएकाले पनि पाल्पाली ढाका उत्पादनमा समस्या भएको हो।

पाल्पा चिनाउने ढाका जस्तै पाल्पाली करूवा पनि अहिले संकटमा छ। देश विदेशभरि कहलिएको करूवा कच्चा पदार्थ र कामदारको अभावमै हराउन थालेको हो।

पहिले टक्सार टोलका २५ बढी घरमा उत्पादन हुने पाल्पाली  करूवा अहिले ३ घरमा सीमित छ। सीप हस्तान्तरण भएन भनेर हामीलाई आरोप लाउछन्, पाल्पाली करूवा उद्योगका प्रोपराइटर उत्तमकुमार बज्राचार्य भन्नुहुन्छ– "सीप सिकाउने मात्रै हैन, सिकाएर रोजगारी दिदा पनि मान्छे आएका छैनन्।"

अरु जिल्लामा उत्पादन हुने करूवा मेसिनले बनाउने, पाल्पाको भन्दा फरक (कमसल) कच्चा पदार्थ प्रयोग हुने भएकाले अन्तको भन्दा यहाको करूवा धेरै राम्रो र टिकाऊ हुने बज्राचार्यको दाबी छ। अन्तको करूवा तम्किन्छ, फुट्छ, यहाको त्यस्तो हुदैन, १७ पटक पछिको बनावटपछि पाल्पाली करूवा निर्माण हुने भन्दै उहाँले भन्नुभयो– "हातैले बनाउने पाल्पाली करूवा अन्तको भन्दा डब्बल मूल्य भएपनि माग बढिरहेको छ, तर उत्पादन गर्न सकेका छैनौ।"

"काँस छैन,कोईला छैन, मान्छे छैन, नयाँ प्रविधिको



पाल्पाली करूवा

जानकारी पनि छैन"– उत्तमकुमारको दुखेसो छ। उनले थपे– "सरकार (स्थानीय तह) ले नहेर्ने हो भने पछि तानसेनमा करूवा उत्पादन हुन्थ्यो भन्ने मात्रै हुनेवाला छ।"

ढाकाको विविधीकरणमा पाल्पा उद्योग वाणिज्य संघले तालिम लगायतका क्षेत्रमा सहयोग गरेकैले पाल्पाली ढाका अहिलेसम्म रहिरहेको भन्दै पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष मोहन श्रेष्ठ भन्नुहुन्छ– "करूवाको पनि विविधीकरण आवश्यक छ।"

सीप हस्तान्तरणका लागि तालिम र ढाका करूवा उद्योगीलाई न्यून ब्याजमा ऋण प्रवाहका लागि पहल भैरहेको छ। ढाका र करूवा दुबैको माग बढी भए पनि उत्पादन हुन नसकेको भन्दै घरेलु तथा साना उद्योग कार्यालय पाल्पाका उद्योग अधिकृत बालकृष्ण गैरेले बाहिर उत्पादित ढाका र करूवा पाल्पामा बिक्री हुँदा पाल्पाली हो भन्ने कुरा हुने भएकाले बाहिरबाट ल्याएर बेच्ने करूवालाई बाहिरको र पाल्पाको सामानलाई पाल्पाको भनेर बिक्री गर्नुपर्नेमा जोड दिनुभयो। फेरिएको प्रविधिसँगै ढाका र करूवालाई पनि आधुनिकीकरण गर्नुपर्छ, उद्योग अधिकृत गैरेले भन्नुभयो– "ढाकामा बर्षेनी तालिम भैरहे पनि करूवामा सीप हस्तान्तरणका लागि कुनै काम हुन सकेको छैन।"

पाल्पाली ढाका र करूवाको मौलिकपन संरक्षणका लागि तानसेन नगरपालिकाले सक्दो सहयोग गर्ने नगर प्रमुख अशोककुमार शाहीले बताउनु भयो। उहाँले भन्नुभयो– "व्यवसायीहरु संगठित भएर प्रष्ट योजनासहित अघि बढ्नु पर्छ, हामीले सकेको सहयोग गर्नेछौँ।"

( पत्रकार )

◆

# तानसेन नगर क्षेत्रमा लघु तथा साना उद्योगको अवस्था



-बालकृष्ण गैरे

देशको अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रको विकासका साथसाथै देशमा औद्योगिक उत्पादनको पनि उत्तिकै विकास र विस्तार हुन जरूरी छ। देशको समग्र विकास तव सम्भव छ जव  देशमा आर्थिक क्रियाकलापका हरेक क्षेत्रको विकास भएको हुन्छ। देशको आर्थिक क्षेत्रको विकास हुन देशका हरेक भौगोलिक क्षेत्रमा तहाँको स्थानीय सम्भाव्यताका आधारमा आर्थिक क्रियाकलाप भएको हुनु पर्दछ। कृषिलाई आधुनिकीकरण, उद्योगको सानो रूपमा भए पनि विविधीकरण, व्यापारमा स्वदेशी बस्तुको प्रवर्द्धन भएमा मात्र समग्र देशको विकास सम्भव छ।

देशको समग्र आर्थिक अवस्थाको ढाचामा पाल्पा जिल्ला पनि फरक ढंगले अगाडि बढ्न सकेको पाईदैन। पाल्पा जिल्ला तानसने नगरपालिका क्षेत्र इतिहासमा देशमा नाम राख्न सफल थियो। पाल्पाको तानसेन यस पश्चिम क्षेत्रको गौडा भएको कारण यहाँ त्यस्ता केही मौलिक बस्तुको उत्पादन विक्री वितरण भएको कारण व्यापारिक केन्द्रको रूपमा पनि रहेको पाइन्छ। तानसेनको आजको टक्सारटोल भनेर चिनिने स्थानमा स्थानीय जनतालाई दैनिक रूपमा आवस्यक पर्ने भाडाकुडा लगायतका घरेलु उद्योग स्थापना भई यस क्षेत्रको आवस्यकता पूरा गरी अन्य क्षेत्रमा समेत यहाँका बस्तुले वजार लिएको पाइन्छ। पाल्पाको पहिचान राख्न सफल पाल्पाली करूवा र पाल्पाली ढाका पनि यसैका उदाहरण हुन्। यसले गर्दा तानसेन नगरक्षेत्रमा आर्थिक क्रियाकलाप बृद्धि तथा रोजगारी सिर्जना भई समग्र जिल्लाको आर्थिक अवस्था अगाडि बढाउन समेत सहयोग पुगेको थियो। आज जुन रूपमा पुराना उद्यम व्यवसायलाई अझ अगाडि बढाइ नयाँ-नयाँ प्रविधि र सीप भित्र्याई त्यस्ता क्रियाकलापलाई बढावा दिनु पर्ने अवस्थामा भएका पुराना उत्पादन समेत धान्न नसकी लोप हुन जाने अवस्था आउनु र त्यसको प्रतिस्थापनमा नयाँ प्रविधि सीप नभित्रिनु यस क्षेत्रको मात्र नभई समग्र देशको लागि समेत दुःखको कुरा हो।

पाल्पा जिल्लामा उद्योगको विकास विस्तार र प्रवर्द्धनमा सहयोग पुऱ्याउने हेतुले सरकारले पहिले देखिनै प्रयास गरेको पाइन्छ। त्यस्तो कार्यलाई स्थानीय स्तरमै सहयोग







आ.व. २०७३।०७४ सम्म दर्ता कायम रहकेका

| उद्योग दर्तासंख्या | उद्योगको वर्ग | | | | |
|---|---|---|---|---|---|
| | उत्पादनमूलक उद्योग | कृषि तथा बनमा आधारित उद्योग | पर्यटन उद्योग | सेवा उद्योग | जम्मा |
| | १८८ | ६० | २५७ | ३४६ | ८५१ |

आ.व. २०७४।०७५ को प्रथम ६ महिनामा

| उद्योग दर्तासंख्या | उद्योगको वर्ग | | | | |
|---|---|---|---|---|---|
| | उत्पादनमूलक उद्योग | कृषि तथा बनमा आधारित उद्योग | पर्यटन उद्योग | सेवा उद्योग | जम्मा |
| | १२ | ७ | २६ | १० | ५५ |
| पूँजी लगानी रु ००० मा | ९७७५ | ४१०० | १६३०० | ८३५० | ३८५२५ |
| रोजगारी संख्या | ३८ | १९ | ७७ | २३ | १५७ |
| उद्यमी संख्या | १२ | ७ | २६ | १० | ४५ |

पुगोस् भनि सरकारी निकायको रूपमा सरकारी आँखडा भएको पाइन्छ। २०१६ सालमा घरेलु इलम केन्द्र, २०२१ सालमा लुम्बिनी अञ्चल घरेलु इलम केन्द्र, २०२६ सालमा घरेलु उद्योग अञ्चल केन्द्र, २०३२ सालमा घरेलु तथा ग्रामीण उद्योग विकास शाखा र २०४९ साल देखि घरेलु तथा साना उद्योग कार्यालयको रूपमा रहेको छ। उद्योग दर्ता लगायतको प्रशासनिक कार्यगर्ने जिम्मेवारी पाएको घरेलु तथा साना उद्योग कार्यालयको रेकर्ड अनुसार यस तानसेन नगरक्षेत्रमा नया समावेश भएका वडाहरूको समेत तथ्याङ्क समावेश गरी हेर्दा हाल सम्म दर्ता कायम रहेका उद्योगहरूको विवरण देहाय बमोजिम पाउन सकिन्छ।

माथिको तथ्यांकलाई हेर्दा पाल्पा जिल्लामा पर्यटन उद्योग विस्तारै बढ्दै गएको पाइन्छ। साना स्तरका रेष्टुरेन्टका साथै ठूलो लगानीका होटल पनि सञ्चालनमा आइ रहेका छन्। यसका साथै जिल्लामा केही त्यस्ता नयाँ क्षेत्र कृषि तथा पशुपालन, फलफूल तरकारी खेती पर्यटन सेवा वन पैदावारमा आधारित व्यवसायले सफलता पाउदै गएको र तिनको उत्पादनले जिल्लाको आवस्यकतालाई पूरा गरी कृषि पशुपालनबाट उत्पादित सामाग्री जिल्ला बाहिर पठाउन सकिने अवस्था आउनु जिल्लाको लागि राम्रो सूचक मान्न सकिन्छ।

(उद्योग अधिकृत, पाल्पा)

◆

# आर्थिक बर्ष २०७४।७५ को बजेट तथा कार्यक्रम : संक्षिप्त विष्लेषण



-विष्णु पौडेल

क. विषय प्रवेश

एउटा तोकिएको समयावधि भित्र गरिने निस्चित आम्दानी तथा खर्चको बित्तिय योजनालाई साधारण अर्थमा बजेट भनिन्छ। सामान्यतया बजेट एक आर्थिक वर्षको लागि बनाउने प्रचलन विश्वब्यापी अभ्यास हो। संस्था चाहे सरकारी होस् वा निजी, या सहकारी होस् वा गैरसरकारी, ती संस्थाहरूले आफ्ना पूर्व निर्धारित उद्धेश्य / लक्ष्य प्राप्तिका लागि सञ्चालन गर्नु पर्ने क्रियाकलापहरूकालागि आवश्यक पर्ने रकमलाई रणनैतिक ढंगबाट बांडफांड गरेर बजेट बनाउने गरिन्छ। यस अर्थमा बजेट एउटा बित्तिय उपकरण पनि हो जस्ले संस्थाको सीमित स्रोत साधनलाई समय तालिका बमोजिम अनुकुलतम परिचालन गर्न सही दिशाबोध गर्दछ।

मुलुक संघीय संरचनामा प्रवेश गरे लगतै विगतका स्थानीय निकायहरू स्थानीय सरकारमा परिणत भएका छन्। स्थानीय तहलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन नेपालको संबिधानले समेत स्रोत परिचालनको यथेष्ट व्यवस्था गरेको छ जो आफैमा सकारात्मक प्रारम्भ हो। स्थानीय तहमा विगतमा करिव दुई दशक सम्म जनप्रतिनिधिको रिक्तता थियो तर गत वर्षको स्थानीय तहको निर्वाचन पछि मुलुकभरका नगरपालिका / गाउंपालिकाहरू अव जनप्रतिनिधिसहितको अधिकार सम्पन्न स्थानीय सरकार भई सकेका छन्। यस सन्दर्भमा, तानसेन नगरपालिकाले पनि दूरदृष्टि भएको एउटा लोकप्रीय र अनुभवी नेतृत्व प्राप्त गरेको छ। परिवर्तित सन्दर्भमा नागरिकहरूको विकास प्रतिको अपेक्षा ह्वात्तै बढेको छ, जो स्वभाविक पनि हो। अधिकतम जनभावनालाई सम्बोधन हुने गरी बजेट तथा कार्यक्रम तय गर्नु र त्यसलाई कुशलतापूर्वक कार्यान्वयन गर्नु नगरपालिकाको लागि अवसर र चुनौति दुबै हो। नगरवासीहरूको मागहरू असीमित हुँदाहुँदैं पनि तानसेन नगरपालिकाले पारित गरेको चालु आर्थिक वर्षको बजेटको प्रारूप हेर्दा धेरै हदसम्म ती जनभावनालाई सम्बोधन हुने गरी तय भएको देखिन्छ।

ख.बजेट तथा कार्यक्रम

आर्थिक वर्ष २०७४।०७५ को वार्षिक बजेट तथा कार्यक्रमलाई तानसेन नगरपालिकाको प्रथम नगर सभाले मिति २०७४ भाद्र २५ गते स्वीकृती प्रदान गरेको हो। सो सभामा नगरपालिकाले संकलन गर्ने राजश्वका दर र दायराहरू लगायत अन्य आम्दानी पक्षलाई समेटेर आर्थिक ऐन २०७४ पारीत भयो। वर्षभरी गरिने चालु तथा पूँजीगत खर्चहरू बिनियोजन ऐन २०७४ मा राखिएका छन्। यस वर्ष चालु तथा प्रशासनिक खर्चका लागि रू ५,८३,२१,१२९ र पूँजीगत तर्फ रू ६३,२८,१०,८१८ गरी कुल रू. ६९,११,३१,९४७ को बजेट स्वीकृत भएको हो। संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान(निशर्त) रू २३,८२,४७,००० र सशर्त अनुदान रू १९,२९,४४,००० प्राप्त भएको छ भने तानसेन नगरको आन्तरिक स्रोतबाट ४,६४,८०,००० राजश्व हासिंल गर्ने लक्ष्य रहेको छ। आन्तरिक राजश्व अभिबृद्धिका लागि केही करका दायराहरू फराकिलो पार्ने काम भए पनि करका दरहरू बढेको छैन गत आ.व.मा जे जति थिए त्यही नै कायम भएको देखिन्छ।

चालु खर्चलाई नगरपालिका कार्यालयको प्रशासनिक खर्चको निम्ति रू ४,०४,३०,६२९ र १४ वटा वडाहरूको प्रशासनिक खर्चका लागि रू १,७८,९०,५०० गरी बिभाजन गरिएको छ। पूँजीगत बजेटलाई वडा र नगरस्तरीय गरी क्रमश रू ६,३०,००,००० र रू ५६,९८,१०,८१८ बाँडफाँड गरिएको छ।

बजेटलाई सकेसम्म सन्तुलित बनाउन क्षेत्रगत अवधारणामा रहेर बिनियोजन गरिएको छ। भौतिक पूर्वाधार विकास, बन तथा वातावरण संरक्षण, आर्थिक, सामाजिक, संस्थागत सुदृढिकरण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध विकास, स्थानीय पहिचान बोकेका दीर्घकालीन महत्वका सम्पदाको संरक्षण, दीगो शहरी व्यवस्थापन जस्ता क्षेत्रहरू मूख्य प्राथमिकतामा परेका छन्। बजेट भित्र सूचना तथा सञ्चार, कला संस्कृति तथा पुरातात्विक महत्वका क्षेत्रका सम्बर्द्धन, युवा विकास, स्वास्थ्य तथा सरसफाइ, सुशासन प्रबर्द्धन, गरिबी न्यूनीकरण जस्ता क्षेत्रहरूले पनि महत्व पाएका छन्।

ग. संक्षिप्त विष्लेषण

बजेट तर्जुमा एउटा पक्ष हो तर त्यस्को कार्यान्वयन

अर्को महत्वपूर्ण पाटो हो। सरसर्ती हेर्दा यो बजेट समावेशी छ। कुल बजेटको ८.४३ प्रतिशत बजेटले सम्पूर्ण प्रशासनिक खर्च समेटिनु सकारात्मक हो। यो आर्थिक वर्षलाई "सडक वर्ष"को रूपमा मनाउन करीव रू ४.८४ करोड रकम बिनियोजन भएको छ जस अनुसार नगरपालिकाका सबै वडाहरू र हरेक टोलबस्तीहरू क्रमशः सडक सञ्जाल भित्र समेटिने छन्। तानसेनको उत्तरी भाग हुदैं निर्माणाधिन राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरसँग लिङ्क हुनेगरी स्तरीय सडक निर्माण गरेर चीन र भारत जोड्ने कोरला(सुनौली फास्टट्र्याकको रूट तानसेन हुँदैं बनाउन आवश्यक पूर्वाधार तयारीका लागि बजेट बिनियोजन भएको छ। यो तानसेनको दीगो विकासका लागि महत्वपूर्ण कदम हो।

गरिवी र बेरोजगारीले बिस्थापित भएका युवाहरूलाई स्थानीय स्तरमै आर्थिक रूपमा सक्षम गराउन युवा स्वरोजगार कार्यक्रम मार्फत वर्षेनी ३०० जना युवाहरूलाई आत्मनिर्भर गराउने रणनैतिक योजना कम आकर्षक छैन। शिशु मृत्युदर सून्यमा झार्न सुत्केरी प्रोत्साहन खर्च, अल्पसंख्यक र दलितहरूका लागि स्वास्थ्य वीमा कार्यक्रम जस्ता लोककल्याणकारी कार्यक्रमले सम्बन्धित क्षेत्रमा उत्साह थपेको छ। पूर्खाहरूले बचाउदैं आएको तानसेनको इतिहास र मौलिकतालाई जीवन्त राखी सांस्कृतिक नगरीको रूपमा विकास गर्न आर्कषक बजेट बिनियोजन भएको छ जस्ले पर्यटन विकासमा ठुलो टेवा दिने विश्वास गरिएको छ।

बजेट आफैंमा राम्रो हुँदाहुँदैं पनि संघीय सरकारले जारी गरेको कर्मचारी समायोजन ऐन मुताविक जनशक्तिहरूको सहज आपूर्ति नहुनु साथै नगरपालिका सञ्चालनका लागि आवश्यक पर्ने कानून निर्माणमा केन्द्र सरकारको सहजीकरण फितलो हुनाले बजेटको कार्यान्वयनले अपेक्षा अनुरूप गति लिएको छैन। साविकका गा.बि.स.हरू जो हाल गाभिएर बनेका तानसेनका ग्रामीण वडाहरूबाट राजश्व योगदान एकदमै न्यून हुनु र विगतमा जिल्लाबाट प्राप्त हुदै आएको राजश्व बाँडफाँड साथै रोयल्टीहरू प्राप्त नहुंदा बजेटलाई दोश्रो नगरसभाबाट आंशिक संसोधन गर्नु परेको स्थिति छ। जसअनुसार बजेटको साइज रू ६९,११,३१,९४७ बाट घटेर रू ६४,६९,९७,७३४ मा सिमित हुन पुगेको छ।

मुलुकमा यतिबेला राजनैतिक संक्रमण समाप्त भएपनि आर्थिक तथा प्रशासनिक व्यवस्थापनमा अझै पनि अन्यौलता कायमै छ। जसको कारण यस वर्षको बजेट तर्जुमा र कार्यान्वयनमा आंशिक प्रभाव पर्नु अस्वभाविक होइन। अन्तमा, तानसेन नगरपालिकाको चालु आर्थिक वर्ष २०७४।०७५ को बजेट तथा कार्यक्रमलाई समग्रमा एक जनमुखी एवम् दीर्घकालीन महत्वका योजनाहरूको सुभारम्भ गर्ने आर्थिक दस्तावेजको संज्ञा दिंदा अतिसयोक्ती नहोला।

(योजना तथा प्रशासकीय अधिकृत)

◆

# संख्यामा तानसेनका शैक्षिक संस्था



तानसेन नगरपालिकास्थित पुराना शैक्षिक संस्थाहरूको गरिमामय इतिहास छ। कुनै बेला पद्यपब्लिक, जनता, सेन, देववाणीलगायतका विद्यालयमा पढ्न अन्य जिल्लाका विद्यार्थी समेत पाल्पा आएको पाइन्छ। त्यस्तै उच्च शिक्षाको लागि त्रिभुवन बहुमुखी क्याम्पस तानसेन पाल्पाको नाम चर्चित पाइन्छ। प्रशासनिक, राजनीतिक ओ होदामा रहेकाहरु कतिपय व्यक्तित्वको शैक्षिक जग बनाउने काममा पाल्पाका शैक्षिक संस्थाको अहम भूमिका रहेको पाइन्छ। यहाँ शैक्षिक सत्र २०७४ को तानसेन नगरपालिकास्थित शैक्षिक संस्थाहरूको विवरण प्रस्तुत गरिएको छ-

मीनप्रसाद ढकाल

तानसेन नगरपालिका भित्रका शैक्षिक संस्था बिबरण

शैक्षिक सत्र- २०७४


| क्र.सं. | सामुदायिक विद्यालय | | | | | | शिक्षक | विद्यार्थी | संस्थागत विद्यालय | | क्याम्पस | | गुरुकुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत | | | | माध्यमिक | | राहत समेत | | | | सामुदायिक | निजी पब्लिक | |
| | कक्षा १-३ | १-५ | १-७ | १-८ | १-१० | १-१२ | | | | | | | |
| १ | १० | १६ | २ | ६ | ७ | ११ | ४२३ | ८१०९ | २३ | १ | ६ | १ | |

विद्यार्थी बिबरण
प्रावि : २६४४ जना
आधारभूत : २०५७
माबि : ३४०८
जम्मा : ८१०९ जना

दलित विद्यार्थी बिबरण
प्रावि ६६६ जना
आधारभूत : ४७४
माबि : ४३९
जम्मा : १५७९ जना

(स्रोत व्यक्ति )

# आर्थिक कारोवारको व्यवस्थापन



–दिवाकर अर्याल

नेपालीहरूले विभिन्न कालखण्डमा गरेको आन्दोलन संघर्ष र वलिदानको प्रयासबाट नेपाल संघीय गणतन्त्रको रूपमा स्थापितभएको छ। नेपालको संविधानले गरेको ३ तहको सरकार स्वतन्त्रनिर्वाचनको माध्यमबाट गठन भईसकेका छन्। स्थानीयतहमापनिनयाँ संरचना सहित लामो समयको रिक्तता पूरा भई जननिर्वाचित जनप्रतिनिधिहरूले जिम्मेवारी समाल्नु भएको छ। नेपालकै इतिहासमा साइलो नगरपालिकाको रूपमा स्थापित तानसेनमा पनि नवनिर्वाचित जनप्रतिनिधिहरूले विस्तारित तानसेनको सर्वाङ्गिण विकास गरी नगरवासिको चाहना अनुसार विभिन्न सेवा सुविधा उपलब्ध गराइ तानसेनलाई एक सुन्दर नगरीको रूपमा परिणत गर्न प्रतिवद्ध भई आ–आफ्नो कार्यक्षेत्रमा तल्लीन हुनुहुन्छ।

यी सवै उद्देश्यहरूलाई साकार पार्न प्रमुख भूमिका खेल्ने साधन स्रोतको अवस्था अत्यन्त कमजोर छ। आन्तरीक आम्दानीबाट समान्य चालु खर्च चलाउन समेत नपुगी संघीय सरकारकै भर पर्नुको विकल्प छैन। यसरी सीमित साधन र स्रोतबाट अपेक्षितलक्ष्यमा पुग्न यसको परिचालन अत्यन्त इमान्दारी पूर्वक हुन जरूरी छ। हालसम्म स्थानीय निकायहरूमा आफ्नो आम्दानी र अनुदानको परिचालन लेखापालन र लेखापरीक्षणमा आफ्नो अधिकार रहि आफैबाट नियुक्त कर्मचारी / व्यक्तिहरूबाटै हुँदै आएको थियो। नयाँ परिवेशमा संघीय सरकारले स्थानीयतहको संचालनमा जिम्मेवारीका साथ साधन र स्रोतको समेत वढोत्तरी गरी सो कार्यान्वयनका लागि संघीय सरकारका कर्मचारी पठाइ संघीय संसदबाट निर्मित विभिन्न कानूनहरूको कार्यान्वयन गराइ स्थानीय सरकारहरूलाई जनताप्रति पूर्ण रूपमा जवाफदेहीवनाउन विभिन्न प्रयासहरू गर्दैछ।

स्थानीयतहको समेत आर्थिक कारोवारहरूलाई चुस्त दुरूस्त र पारदर्शी रूपमा संचालन गरी साधन र स्रोतको चुहावट र दुरूपयोग रोक्न नेपालको संविधान आर्थिक ऐन, विनियोजन ऐन,आर्थिक कार्यविधि ऐन,सार्वजनिक खरिद ऐन,स्थानीय सरकार संचालन ऐनआदि ऐनहरू र तिनीहरूलाई कार्यान्वयनमा ल्याउन संघीय सरकारबाट ल्याइएका नियमावलीहरू समय समयमा गरेका परिपत्र, निर्णय, अर्थ मन्त्रालयको खर्च र कार्यक्रमको नम्स जिल्ला दररेट, विभिन्न प्रचलित ऐन नियमहरूसँग नवाफिने गरी स्थानीय सरकारले वनाएका विभिन्न ऐन नियमहरूले व्यवस्था गरेको प्रकृया र प्रति अनिवार्य रूपमा कार्यान्वयन गर्न स्थानीयतहलाई वाध्य वनाइएको छ।

उपयुक्त ऐन नियमहरूको कार्यान्वयन गर्दै स्थानीयतहको आर्थिक कारोवारलाई ब्यवस्थितगर्न महालेखा नियन्त्रक कार्यालयबाट लेखानियन्त्रकको रूपमा कर्मचारीहरू पठाएको छ भने आर्थिक कारोवारको लेखापरीक्षण पनि नेपालको संवैधानिक निकायमहालेखा परीक्षकको कार्यालयवाट प्रत्यक्ष रूपमा गराउन समेत प्रारम्भ गरिसकेको छ।

कुनै पनि पदाधिकारी, कर्मचारी, व्यक्तिवा संस्थाले अपेक्षित लक्ष्य पूरा गर्न र सवैको विश्वासनीय वा भरोसायोग्य भई स्थापित हुन उस्को आर्थिक कारोवार दुरूस्त र यथार्थ परक हुनै पर्दछ। यसै सन्दर्भमा हालसम्म तानसेन नगरपालिका नगरवासिको भरोसायोग्य संस्था नवन्नुमा नगरबाट प्रवाह हुने साधन र स्रोतको समुचित व्यवस्थापन हुन नसक्नु, अपेक्षकृत विकास नहुनुमा यसका आन्तरिक नियन्त्रण फितलो र अपारदर्शी हुनु नै प्रमुख कारण हो। तसर्थ तानसेन नगरपालिकासँग सम्वद्ध सवै पदाधिकारी, कर्मचारीहरू, उपभोक्ता समिति, निर्माण समिति, विभिन्न कार्यक्रम संचालकहरू सवैले आ–आफ्नो कारोवार उपर्युक्त ऐन नियमहरूले व्यवस्था गरेका प्रकृया पूरा गरी सम्पादन गर्न प्रतिवद्ध हुन जरूरी छ।

नगरपालिकाबाट साधन स्रोत उपलब्ध भई

संचालन/निर्माण हुने कार्यक्रम / योजनाहरूको संचालन, निर्माण र फरफारकमा निम्न विधि र प्रकृया पुर्‍याउनु पर्दछ।

योजना वडाको आवश्यकता र प्राथमिकताको आधारमा छनौट गरी नगरसभाबाट पास भएको हुनुपर्दछ। योजना स्वीकृत भएपछि नगरपालिकाले स्थलगत रूपमा तयार गरेको लागत अनुमान अनुसार उपभोक्ता समिति र नगरपालिका वीच सम्झौता हुनु पर्दछ।

- सम्झौता पश्चात उपभोक्ताको निश्चित लागत सहभागिता समेत हुने गरि गुणस्तरीय सामग्री रू २०,०००।- सम्म स्थायी लेखा नंम्बर भएको व्यवसायी सँग र रू २०,०००।- भन्दा वढीको मूल्य अभिबृद्धि करमा दर्ता भएको व्यापारी वा संस्थासँग खरिद गर्नु पर्दछ।
- उपभोक्ता समिति, वडा समिति, नगरपालिकावाट भएको अनुगमन प्रतिवेदन संलग्न गर्नु पर्दछ।
- खर्च सार्वजनिकवा सामाजिक लेखापरीक्षण गरेको प्रमाण/ प्रतिवेदन सम्लग्न गर्नु पर्दछ।
- योजना सम्पन्न पश्चात प्रतिवेदन पेश गर्दा योजनापूर्वको अवस्था, निर्माणाधीन अवस्था र सम्पन्न अवस्थाको तस्विर समेत समावेश गरिनु पर्दछ।
- उपभोक्ता समितिले नगरपालिकासँग सम्झौता गरी निर्माण व्यवसायिवाट गराउनु पर्ने अवस्था आएमा पुनः निर्माण व्यवसायीसँग सम्झौता गरी सो सम्झौता पत्र, मोटर/मेसिन प्रयोग भएमा सो चलेको समय र मिटर देखिने गरी तयार गरिएको प्रमाणीत लगवुक र मूल्य अभिवृद्धि कर बीजक संलग्न हुनु पर्दछ।
- प्रवर्धनात्मक कार्यक्रम संचालन गर्दा अर्थ मन्त्रालयबाट स्वीकृत खर्च र कार्यक्रमको नम्स अनुसार खर्च गरेको प्रमाणीत विल भरपाई गर्नु पर्दछ।

उपभोक्ता समितिको अध्यक्ष वा कार्यक्रम सञ्चालकले निर्माण योजना वा अन्य कार्यक्रमको सम्पूर्ण बिल भरपाई र कागजपत्रमा दस्तखत र संस्थाको छाप लगाई प्रमाणित गरेको हुनु पर्दछ। पूँजीगत वजेटबाट चालु तर्फ खर्च गर्न मिल्दैन। प्रकृया पूरा नगरी न.पा. मा पेश भएको विल प्रकृया पूरा भएको अवस्थामा मात्र भुक्तानी हुने छ।

- प्रचलित ऐन नियमका प्रकृया पूरा भएका कामको विल नगरपालिकाबाट तत्काल भुक्तानी हुन्छ। नभएमा तत्काल सम्वन्धित स्थानमा गुनासो गर्न सकिने छ।
-उपभोक्ताले बिल भुक्तानी गर्दा निर्माण सामग्री वा अन्य सामग्रीको १.५% आयकर र ढुवानी वा भाडाको भुक्तानी गर्दा १०% बहालकर कट्टि गरेर मात्र विलको भुक्तानी गर्नु पर्दछ।
- नगरपालिकासँग प्रत्यक्ष कारोवार गर्दा व्यापारिक संस्था न.पा. मा सूचीकृत हुनुपर्ने र संस्था वा फर्म दर्ता र नवीकरण भएको हुनु पर्नेछ।
- बिलको भुक्तानी गर्दा सामान माग गरी नगरपालिकाको आधिकारिक पदाधिकारी वा कर्मचारीको आदेश पत्र अनिवार्य संलग्न गर्नु पर्नेछ।
- ईन्धनको विल भुक्तानी माग्दा बिल र प्रमाणित सवारी लगवुक अनिवार्य सम्लग्न हुनुपर्नेछ ।
- नियमानुसार निर्माण कार्य/अन्यकार्यमा कानूनी प्रकृया पूरा गरी पेश्की दिन मिल्ने व्यवस्था भएपनि तानसेन नगरपालिकामा दशकौं अघिदेखि ठूलो रकम फछ्र्यौट नभै पेश्की रहेको र ती सवै फछ्र्यौट गर्न प्राय असम्भव भई पेश्की दिने र लिने दुवैलाई समस्या भएका कारण पेश्की प्रथालाई निरूत्साहित गरिएको छ।
- उपभोक्ता समितिलाई निर्माण कार्य गर्न सहज होस भनि पटक/पटक रनिङ्गविल उपलब्ध हुने छ।
- तानसेन नगरपालिकावाट संपादन हुने आर्थिक कारोवारमा कुनै अश्पष्टता भएमा वा कुनै जानकारी आवश्यक परेमा प्रत्यक्ष सम्पर्क गरेमा समस्या समाधान गर्न प्रयास गरिने छ।

संघीय गणतन्त्रका आधारभूत मूल्य र मान्यतालाई स्थापित गर्दै समाज रूपान्तरणमा आर्थिक अनुशासन, पारदर्शिता र जवाफदेहिताको अहं भूमिका रहने हुँदा इमान्दारी पूर्वक यसको पालना गर्नु सम्बन्धित सवै सरोकारवालाको कर्तव्य र दायित्व हो।

(लेखाअधिकृत )

- ❑ कर तिरौं, नगरको विकास निर्माणमा सहभागी बनौं।
- ❑ नगरपालिकालाई तिर्नु पर्ने सम्पूर्ण कर चुक्ता नगरे कुनै पनि सेवा सुविधा उपलव्ध गराउन कार्यालय बाध्य हुने छैन।
- ❑ कर तिर्नु सबै नगरबासीहरूको कर्तव्य हो, सेवा प्राप्त गर्नु अधिकार हो।
- ❑ कर तिरौं, सभ्य नागरिक बनौं।
- ❑ समयमै कर तिरौं, जरिवानाबाट बचौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# सूचना प्रविधि र तानसेन नगरपालिका



–प्रकाश गैरे

नेपालमा नयाँ संविधान २०७२ तर्जुमा भएसँगै स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि जनतामा खुसियाली छाएको छ। विकास निर्माण र गाउँको मुहार फेरिने आशा गरिएको छ। स्थानीय तहले अब आँफै बजेटको पूर्वयोजना गर्ने, बजेटको खोजी गर्ने र बजेट परिचालन गर्नेसम्मका कार्य गर्नेछ। पुरानो संरचना परिवर्तन हुँदैछ साथै नयाँ संरचना प्रयोगमा ल्याउँदा अवश्य नै केही जटिलता तथा समस्या आउने गर्दछन्।

स्थानीय तहको सेवाप्रवाह, काम र कर्तव्य नागरिकको दैनिक जीवनसँग सिधा जोडिएको हुन्छ। स्थानीय स्तरमा कार्यसम्पादन छिटो, छरीतो तथा सुविधायुक्त तरिकाले सम्पन्न गर्नको लागि सुचना प्रविधिको उच्चतम प्रयोग साथै स्थानीय तहका काम पारदर्शी बनाउनका लागि नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अर्न्तगत स्थानीय तहहरूलाई सूचना प्रविधियुक्त बनाइ सेवा प्रवाहसँग आवद्ध गर्ने मुख्य उदेश्यका साथ गाँउपालिका एवम् नगरपालिकामा सूचना प्रविधि अधिकृत (IT Officer) व्यवस्था गरिएको छ। आजको युगमा सूचना प्रविधिको विकास र प्रयोगले ठुलै फड्को मारेको पाइन्छ। सूचना प्रविधिको विकासक्रम सँगै विश्व साघुरिएको पाइन्छ। सरकारले सूचना प्रविधिमा लगानी गरेको भएपनि दक्ष जनशक्ति तथा प्राविधिकको अभावले त्यसको सही प्रयोग हुन सकिरहेको थिएन तर पछिल्ला दिनमा देशका विभिन्न स्थानीय तहमा सुचना प्रविधिमा दक्ष कर्मचारी हरूको परिपूर्ति भएको छ। सुचना प्रविधि अधिकृतको रूपमा रहेर स्थानीय तहलाई सूचना तथा संचार प्रविधि र विद्युतीय शासनको क्षेत्रमा आवश्यक सहयोग गरी अपेक्षित नतिजा प्राप्त गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

यस कार्यक्रमको मुख्य उद्देश्य पहुँच एवम् पारदर्शिता बृद्धि गर्ने हो। साथै स्थानीय तहबाट प्रदान गरिने आधारभूत सेवा प्रवाहमा सूचना तथा संचार प्रविधि प्रयोग गरि विद्युतीय शासन स्थापना गर्न सहयोग गर्ने र विद्युतीय शासन अनुरूप स्थानीयतहका आवश्यकतालाई सम्बोधन गर्न कार्यालयका थप आवश्यकताहरूको संकलन तथा विष्लेषण गर्ने हो।

सूचना अधिकृतको रूपमा कार्यसम्पादन गर्नु अवसर, सम्भावना तथा चुनौतिले भरिपूर्ण छ। अझै पनि स्थानीय क्षेत्रमा निर्वाचित जनप्रतिनिधि, कार्यरत कर्मचारीहरूमा कम्पूटर सम्बन्धी ज्ञान कम रहेको पाइन्छ अत यस क्षेत्रका जनप्रतिनिधि कम्प्यूटर अपरेटर, सूचना अधिकारी लगायका सूचना प्रविधि संग सम्बन्धित कर्मचारीहरूलाई ICT सम्बन्धी ज्ञान तथा सीप हस्तान्तरण गर्न तालिम योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने हुन्छ। मन्त्रालय एवम् स्थानीय तहका दैनिक गतिविधि जस्तै कार्यालय व्यवस्थापन, संचार, लेखा, स्टोर, चुस्त दुरूस्त र प्रभावकारी बनाउन समायानुकूल सफ्टवेयर तयार गर्न उत्प्रेरित गर्ने र संचालन गर्न आवश्यक सहयोग प्रदान गर्नुपर्ने हुन्छ। हिजो हातले रसिद काट्ने सरकारी अफिसहरूमा र आधिकांस ठाँउमा कम्प्यूटरको software द्धारा विलिङ्हुन थालेको छ। जसलाई हामी सूचना प्रविधिको विकासको रूपमा हेर्न सकिन्छ ।

मैले  सूचना अधिकृतको रूपमा २०७४ माघ १५ गते देखि सेवा गर्ने अवसर प्राप्त गरेको थिए। हाल सम्म कार्यालयबाट सूचना प्रविधिको क्षेत्रमा सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्यहरू तथा अन्य क्षेत्रहरूको कार्यहरूमा समेत समन्वय गर्दै आइरहेको छु। तीन महिनाको अवधिमा कार्यलयमा रहेको सम्पुर्ण कम्प्यूटरहरूमा कार्यालयलाई आवश्यक पर्ने Office pakage, ईमेल ईन्टरनेट

सेवा जडान गरिसकिएको छ। साथै तानसेन नगरपालिकाका सम्पूर्ण वडाहरूमा समेत कम्पयूटरको आवश्यकता महसुस गरी सम्पूर्ण वडा कार्यालयहरूमा कम्प्यूटर जडान भईसकेको छ। भौगोलिक रूपमा टाढा रहेका वडा कार्यालयहरूमा बाहेक सम्पूर्णमा ईमेल ईन्टरनेटको जडान समेत गरिसकेका छौं। स्थानीय जनप्रतिनिधिहरूलाई आवश्यकताका आधारमा कम्प्यूटर सम्बन्धी ICT तालिम प्रदान गरिरहेका छौं। कर्मचारीहरूको नियमित उपस्थिति पत्ता लगाउने मुख्य उद्देश्यका साथ ई हजिरी मेशिन जडान भई संचालनमा आएको छ। तानसेन नगरपालिका को आधिकारीक वेभसाईट WWW.tansenmun.gov.np को नियमित रूपमा डाटा अपडेट भइरहेको छ। तानसेन नगरपालिकामा भए गरेका क्रियाकलाप तथा नगरपालिकाले प्रकाशन गरेका अधिकांश सूचनाहरू यसै वेभ साईटबाट लिन सकिन्छ। यस संगसंगै तानसेन नगरपालिकाको आधिकारीक फेसबुक पेज एवम् टुईटर पनि व्यवस्थित गरिदैछ। साथै चिठीपत्रहरूको आदान प्रदानका लागि सरकारी ईमेल info@tansenmun.gov.np/ ito@tansenmun.gov.np रहेको छ।

आगामी दिनहरूमा तानसेन नगरपालिकाले समय अनुकूल सूचना प्रविधिमा फड्को मार्ने सम्भावना देखिएको छ। विभिन्न योजनाका विषयमा छलफल तथा बजेट निर्धारण भईरहेका छन्। सेवाग्राही लाई कार्यालयमा सहज वातावरण सिर्जना गर्नका लागि तानसेन नगरपालिकामा डिजिटल नागरिक वडापत्र, अडीयो नोटिस बोर्ड, मोबाईल एप्लीकेशन जस्ता विभिन्न योजनाहरू रहेका छन्। डिजीटल सूचनापाटी शुरू भएको छ साथै कार्यालयका सूचनाहरू आदानप्रदान गर्न सामूहिक एस.एम.एस, कार्यालयमा दस्तावेजहरू व्यवस्थापनका लागि हस्तलिखित दस्तावेज कम्प्यूटीकरण, पालो व्यवस्थापन प्रणाली, विभिन्न किसिमका सफ्वेयर निमार्ण र प्रयोग सम्बन्धी नीति नियमहरू तय भईसकेका छन्। आगामी बजेट निर्धारणमा समय तथा आवश्यकताका आधारमा कार्यक्रम तय गरिने छन। समग्रमा हेर्ने हो भने तानसेन नगरमा IT क्षेत्रको विकास भैरहेको छ। आगामी दिनमा नीति निर्माणमा यस्ता कार्यहरू तथा सेवाहरू विस्तार गदै लैजानु पर्ने आवश्यकताअनुसार सुझाव समेट्दै हामी अगाडि बढ्ने छौं।

(सुचना प्रविधि अधिकृत)

◆

## तानसेन नगरपालिकाका वडा सचिवहरू

| वडा नम्वर | नाम | सम्पर्क नं |
|---|---|---|
| १ | चुरामणि मरासिनी | ९८५७०६१८०९ |
| २ | राधा न्यौपाने | ९८४९१६९०६४ |
| ३ | मीरा क्षेत्री | ९८६७२७०२२१ |
| ४ | बैकुण्ठ कोइराला | ९८४९३२४९५९ |
| ५ | जीवन बस्याल | ९८४९७९२६७९ |
| ६ | जयदीप पन्थी | ९८४७०२३८६५ |
| ७ | तुल्सीराम कोइराला | ९८४९७९२६७९ |
| ८ | सीताकुमारी भट्टराई | ९८४७१४०१२३ |
| ९ | टेकबहादुर घर्ती | ९८६७१९०७७९ |
| १० | हरिप्रसाद पन्थी | ९८५७०६५३५० |
| ११ | कृष्णप्रसाद शर्मा | ९८४७४८७९२४ |
| १२ | मञ्जु आचार्य | ९८४७१०२५७२ |
| १३ | कृष्णप्रसाद भट्टराई | ९८५११९८३१३ |
| १४ | शंकरप्रसाद पाण्डे | ९८५७०६५०१८ |

# समाज विकासका प्रसङ्ग



-भरतप्रसाद आचार्य

हामीलाई थाहा भएकै तथ्य हो ब्यक्तिहरू मिलेर परिवार अनि परिवार मिलेर समाज बन्दछ। अर्थात सानो बस्ती मिश्रित बस्ती दुख सुखको कुरा गर्ने ठाउँ जहाँ सामुहिक जागरणको अभ्यासबाट समस्या र अप्ठ्यारा कामको समाधान गर्नेगरी समुदायमा गठित एउटा सानो भूगोलमा रहेका व्यक्ति र परिवारको संगठित स्वरूप समाज हो। समाजमा सामाजिक सम्वन्ध, अन्तरक्रिया, प्रकृया र परिवर्तनकाबारे छलफल हुन्छ। व्यक्तिका व्यवहार, सम्वन्ध, कृयाकलापहरू कसरी सञ्चालन भएका छन्, यस मुख्य कडिको रूपमा सामाजिक विकासलाई लिन सकिन्छ। तानसेन नगरपालिकाको सामाजिक स्वरूप अध्ययन गर्दा पनि उल्लेखित तथ्यसंग मेल खाएको पाउँदछौं। समाज विकासको क्रमसँगै विविध घटनाक्रम विकसित भएको पाइन्छ। सकारात्मक र नकारात्मक घटनाक्रम केलाएर समाज विकासमा टेवा पुग्नेखालका घटना अर्थात गतिविधिलाई प्रवर्द्धन गर्नु पर्ने कुरामा हाम्रो ध्यान केन्द्रित हुन जरूरी छ।

समाजमा अपत्यारिलो घट्नाहरू घटिरहेका हुन्छन्। त्यस्ता घट्नाहरू गरीवी, वेरोजगारी, हत्या, हिंसा, बहिस्करण, सामाजिक द्वन्द्व आदिले हुने गर्दछ। यस्ता द्वन्द्वहरूलाई न्यूनीकरण गरी समाज विकास र रूपान्तरण गर्न सामाजिक अन्तरक्रियाले महत्वपुर्ण भूमिका निर्वाह गर्दछ।

नेपालमा सामाजिक विकास व्यवस्थित एवम् संस्थागत रूपमा सन् १९५० पछि मात्र शुरूवात भएको भेटिन्छ। राणा विरोधी प्रजातान्त्रिक आन्दोलन शुरू भएदेखि सामाजिक विकासले मूर्तरूप लिएको पाइन्छ। तत्पश्चात प्रजातन्त्र प्राप्तिका लागि भएका आन्दोलन, दलित मुक्ति आन्दोलन, जातीय मुक्ति आन्दोलन, नारी मुक्ति आन्दोलन वा मजदुर हड्ताल होस् यी आन्दोलनहरू नेपालको दलित, विपन्न, गरीब, असक्त अपाङ्, एवम् महिलाहरूको हक हित र सुरक्षणका खातिर सञ्चालन भएका थिए। यसको फलस्वरूप नेपालमा विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरू मार्फत चेतना र सीपको विकास हुदै समाजले संगठित र विकसित मोड लिएको हो। जातिगत अध्ययन, सांस्कृतिक अध्ययन र समग्र सामाजिक सांस्कृतिक घट्नाहरूको सामान्य स्वरूप र यसको अन्तरसम्वन्धको वारेमा सामाजिक जीवन (Social Life) अन्तरनिहित रहेको हुन्छ।

परिवार र समाजको दैनिक दिनचर्या, ग्रामीण लोक जीवनशैली, सामुहिक गतिशीलता, सञ्चार, सीप र नेतृत्वको विकास समुदायको नियमित व्यवहार भित्र पर्दछन्। यसै भित्र सामाजिक न्याय (Social Joustic) गर्ने हेतुले समाजका शूक्ष्म रूपमा सिर्जित हुने अशन्तुष्टिलाई न्यायिक जाँचबुझ गरी किनारा लगाईएको हुन्छ। समाज विकासले म र मेरो भन्ने सोचलाई अन्त गरी हामी र हाम्रो भन्ने सोचको विकास गर्दा सामाजिक सद्भाव कायम हुन्छ। विकासले निरन्तरता पाईरहेको हुन्छ। सामाजिक सांस्कृतिक अन्तरसम्वन्धको विस्तार हुन्छ।

सामाजिक विकासबाट ग्रामीण भेग र विपन्न समुदायको चेतना एवम् क्षमताको विकास अझ प्रभावकारी रूपमा परिवर्तन हुँदै आएको र नेपाली समाजमा ठुलो परिवर्तनको अनुभुति गरिएकोछ। समाज विकासको माध्यमबाट सीप बिकास होस् वा क्षमता विकास, जनचेतनाको विकास होस वा सांस्कृतिक रितिरिवाज भेष भुषा र भाषा संरक्षण सवै सामाजिक परिवर्तनवाट प्राप्त उपलब्धि हुन्।

सामाजिक विभेदको रूपमा रहेको हाम्रो समाजका विभिन्न असामाजिक मान्यताहरू छुवाछुत, जातीय विभेद, महिला प्रति गरिने विभेद तथा वेच विखन, सडक वालवालिका, बाल बिबाह, अनमेल बिबाह, बहुबिबाह, धामीझाँक्री, घरेलु हिंसा, शोषण, द्वन्द्व, पुरातन सोच, अज्ञानता र अन्तर कलहवाट उत्पन्न हुने घट्नाक्रमहरूले सकारात्मक विचार भन्दा नकारात्मक विचारलाई मद्दत दिन्छ। यी समसामयिक घट्ना र विचारलाई न्यूनीकरणका साथ नियन्त्रण गर्न समाज भित्र रहेका विभिन्न संरचनाहरूले कार्य

# र तानसेन नगरपालिका

गरेका हुन्छन। कारण, स्वत रूपमा कामको जिम्मेवारी स्वय स्थानीय सामाजिक संगठनले पुरा गरेको हुन्छ ।

तानसेन नगरपालिका नेपालको तेश्रो ऐतिहासिक नगर हो। २००७ साल चैत्र महिनामा नगरपालिका कै नामबाट स्थापना भएको यस क्षेत्रमा विभिन्न जातजाति, लिङ्ग, वर्ण, धर्मका सहुदायहरू बसोबास गर्दै आएका छन्। जातीय हिसाबले हाल मगर समुदायको वाहुल्यता रहेको पाल्पा जिल्लाको सदरमुकाम तानसेन नगरमा नेवार समुदायहरू पनि अधिक छन्।

तानसेन नगरपालिका भित्र सामाजिक विकास र सामाजिक परिवर्तनको कुरा गर्दा नगरपालिका भित्र विविध संस्कृति र रितीरिवाज भएका समुदायहरू आदिवासी जनजाति, अल्पसंख्यक, महिला दलित र आर्थिक रूपमा गरीव तथा विपन्न वर्ग समेत रहेका छन। यी समुदायहरूको आर्थिक संमृद्धिको लागि काम गर्नु, जातीय संस्कृति पहिचान गरी संरक्षण गर्नु, गरीव र विपन्न समाज तथा परिवारलाई सीप हस्तान्तरण गरि क्षमतावान वनाई आत्मनिर्भर र उद्यमी वनाउनु अनिवार्य आवस्यकता देखिन्थ्यो। यो प्रकृया अगाडि वढाउन विगत देखि नै तानसेन नगरपालिकाले सामाजिक परिचालनका माध्यमवाट स्थानीय बस्तीमा विभिन्न कृयाकलाप गर्दै आएको थियो।

शहरी आधारभूत सेवा (Urban Basic Service) को कार्यक्रमवाट टोल बस्तीमा स्वास्थ्य सेवा र चेतना अभिबृद्धि गर्ने हेतुले सञ्चालित यो कार्यक्रम सफल भए पश्चात तानसेन नगरपालिकावाट सामाजिक संघ संस्थाहरूसंगको सहकार्यमा घुम्ती क्लिनिक, चेलीवेटी वेचविखन विरूद्धका चेतनाका कार्यक्रम, एच.आई.भी / एड्स, क्षयरोग, वालपोषण, सरसफाइ कार्यक्रम, परिवार नियोजन सम्वन्धी चेतनामूलक कार्यक्रम संचालन गर्दै वि.सं २०५४ सालमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (ग्ल्एप) र संयुक्त राष्ट्र संघीय मानव वसोवास विकास केन्द्र (UNCHS) अन्तर्गत गाउँ नगर साझेदारी विकास कार्यक्रम (Rural Urban Partnership Programme) तानसेन नगरपालिकासंग बिधिवत रूपमा सम्झौता गरी गाउँ र नगरको सम्वन्धलाई बलियो पार्दै सामाजिक र आर्थिक विकासका अवसरको उपयोग, गरिवी निवारण गर्ने र जीवनस्तर उकास्न शहरी समुदाय परिचालनको माध्यामवाट टोल विकास संस्था (Tole / Lane Orgination) गठन गरी विकास कार्यक्रम सञ्चालन गरिएको थियो। जसवाट त्यसको संस्थागत विकास, घुम्तीकोष सञ्चालन, उद्यमशिलता विकास, नियमित वचत तथा परिचालन लगायतका सीप र क्षमता विकास, चेतनाको विकास, भौतिक निर्माणमा सहभागिता, सामाजिक समावेशीकरण, समतामूलक समाज निर्माण आदिमा नगरवासीहरूमा ठूलो परिवर्तन आएको छ, फलस्वरूप संस्थागत रूपमा गठित टोल विकास संस्थाहरू हालसम्म क्रियाशिल रहेका छन्।

नेपाल सरकारवाट सञ्चालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमकोसहयोगमा सञ्चालित सीमान्तकृत समुदाय, गरीब र विपन्न समुदाय र नगरको दूर दराजमा रहेका आवाजविहीन व्यक्तिहरूलाई विकासको मूल धारमा ल्याउन, विकास निर्माणमा सहभागिता बढाउन, लैङ्गिक हिंसा विरूद्ध चेतना जगाउन, घरेलु हिंसा, बोक्सीको आरोप जस्ता असामाजिक कृयाकलापलाई नियन्त्रण गर्न वस्ती भित्रका झैझगडालाई मिलाउनका लागि तानसेन नगरपालिकावाट सामाजिक परिचालनका माध्यमबाट सशक्तिकरण गरी समुदायलाई अधिकार र कर्तव्यको बोध भएको महशुस गर्न सकिन्छ।

पछिल्लो दशकमा नगरपालिकावाट आर्थिक वर्षहरूमा लक्षित बर्गहरूलाई उट्याईएको वजेटले नगर भित्रका महिला, बालबालिका र पिछडा समुदायहरूलाई सीप तथा क्षेमता विकासमा ठुलो उपलब्धि भएको देखिएको छ। उद्यमीको रूपमा होस् या व्यवसायीको रूपमा होस् ती लक्षित समुदाय आफ्नो सीपलाई ब्यबसायिक बनाएका छन्।

समाजको विकाससंगै सामाजिक सेवाको कार्यक्षेत्र बिस्तार भएकोले सामाजिक सेवा अल्पकालीन मानवीय राहतको कार्य नभई दीर्घकालीन सामाजिक विकास, परिवर्तन, जागरण तथा पुर्नस्थापना गर्ने कार्य हो।

यसर्थ आधुनिक सीपयुक्त समाज निर्माण गर्न अझपनि सामाजिक विकासको अवधारणा संगसंगै लैजानुपर्ने आजको आवस्यकता रहेको छ। मानव कल्याण र सामाजिक विकासले राज्यको आर्थिक तथा सामाजिक स्थितिमा सकारात्मक परिवर्तन ल्याउछ। समय सापेक्ष सुधार र परिवर्तनका लागि तानसेन नगर पालिका नगरवासीलाई साथ लिएर अघि बढ्नेछ।

(प्रमुख, सामाजिक विकास शाखा)

# सीमित साधन र स्रोतका बाबजुद् प्रभावकारी नतिजाको लागि खट्दै।



–शंकर भण्डारी

तानसेन नगरपालिकाको भूबनोट र नगरबासीको सहभागिता सरसफाइमा पूर्ण रूपमा जुटिनसकेको कारण सीमित स्रोत साधनकाबीच नगर सरसफाइ कार्य चुनौतिपूर्ण बन्न पुगेको छ। यद्यपि हामीले हरेश खाएका छैनौं र निरन्तर उत्कृष्ट नतिजाका लागि प्रयासरत रहेका छौं।

तानसेन नगरको इतिहास हेर्दा सरसफाइका लागि नगरपालिकाले कर्मचारी खटाएर काम गर्न थालेको पनि दशकौं बितिसकेको छ। कतिपय ठाउँमा रहेका खुला ढल, भिरालो भूबनोट, फोहर सडकमै फ्याँक्ने हो भन्ने संकुचित मानसिकता सरसफाइकर्ताका लागि थप समस्या बनेको छ। शिक्षित र प्रौढ व्यक्तिहरूले समेत फोहर सडकमा फाल्ने गरेको भेट्दा हामीले सचेत तुल्याउने कहिले होला जस्तो अनुभूति हुन्छ तर पनि अनुगमन र कारवाहीको दायरालाई हामीले बिस्तार गर्दै लगेका छौं।

यी पंक्ति लेखिरहँदा सरसफाइ शाखामा शाखा प्रमुखसहित १७ जना जनशक्ति रहेको अवस्था छ। हामीसंग फोहर व्यवस्थापनका लागि ट्रेक्टर एकवटा र टिप्पर दुइवटा रहेका छन्। साविक तानसेन नगरपालिकामा मदनपोखरा, बराङ्दीका २ वडा, बौघागुम्हा, बौघापोखराथोक, अर्गली लगायतका साविक गाउँ विकास समिति समाहित भएयता सरसफाइका लागि क्षेत्र बिस्तार भएको छ तर साधनस्रोत थपिएको छैन। इतिहासको शैली र सीमित जनशक्ति तथा प्रविधिका भरमा नागरिकले चाहेअनुसार नतिजा ल्याउन सम्भव नहुन सक्छ। यसर्थ नगरपालिकाले फोहर व्यवस्थापनका लागि दिगो योजनासहित अघि बढ्ने सोच लिएको छ।

हाल जोर बार कुहिने र बिजोरबार नकुहिने र हरेक महिनाको एक गते शिशाजन्य फोहर निश्चित क्षेत्रभित्र उठाएका छौं शिशाजन्य फोहरलाइ अर्को पक्षसँग सम्झौता गरी बिक्री गरिएको छ। अन्य फोहरलाई श्रोतमा नै कम गर्ने उद्देश्यले यसका लागि जनचेतनाका कामको थालनी भएको छ। नेपालमै पहिलोपटक होला घरबाट फोहरको वर्गीकरण गरी लिने गरेको जसको निरन्तरताको लागि प्रयास जारी रहेको छ। फोहरलाई मोहरमा बदल्ने गरी आगामी दिनमा कुहिने फोहरबाट मल बनाउनका लागि निजी क्षेत्र सँग सहकार्य गरी अन्तिम चरणमा छौं। अब  नगरपालिका भित्रको सबै कुहिने फोहरबाट मल बनाई नमूना बनाउने काममा लागेका छौं। हरेक १५ दिन कुहिने र हरेक १५ दिन नकुहिने गरी घरधुरीबाट फोहर संकलन गरिरहँदा कुहिने फोहर दैनिक ७ हजार ५ सय किलोग्राम र महिनामा १ लाख १२ हजार ५ सय किलो फोहर बजारबाट उठ्ने गर्छ। नकुहिने ८ हजार ६ सय किलोगाम फोहर संकलन गरी एक महिनाको १ लाख २९ हजार फोहर संकलन गरी व्यवस्थापन गर्ने गरेका छौं ।


यो मात्रा सीमित क्षेत्रको हो, भविष्यमा फोहरको मात्रा बढ्ने निश्चित छ। नकुहिने र कुहिने फोहरलाई नगर बासीले अलग्गै आआफ्नो ढंगले घरघरमै व्यवस्थापनका लागि सहयोग गर्नु पर्दछ। हामीले अर्को बिकल्पको रूपमा कुहिने फोहर व्यवस्थापनका लागि टोलविकास संस्थामार्फत् कम्पोष्टविन उपलब्ध गराएका छौं जसमा ४०० बिन बितरण गरिसकेका छौं भने आगामी दिनमा बितरण कार्य निरन्तर जारी रहने छ । बेलाबेलामा सबै सरोकारवालाको सहयोगमा सार्वजनिक, क्षेत्रको सरसफाइ गरिरहेका छौं। अर्कोतिर फोहरबाट मल बनाएर कौसी खेतीका लागि प्रोत्साहित गर्ने उद्देश्य अनुरूप टोलविकास समितिका सदस्यहरूलाई प्रशिक्षित गर्न थालेका छौं। प्रतिफलमा सकारात्मक नतिजा देखिएको छ। यो कामलाई बिस्तार गर्नेछौं। ल्याण्डफिसाइडको दिगो व्यवस्थापनका लागि प्रक्रिया अघि बढिसकेको छ निकट भबिष्यमा यसको सञ्चालन वा यसको दिगोरूपमा प्रयोगका लागि अर्को योजना सार्वजनिक बनाएका छौं। थप ढलनिर्माण र पूरानालाई मर्मत गर्ने क्रम जारी छ। फोहर जहाँ पायो त्यहीँ फाल्नेलाई कारवाही गरेका छौं कारबाहीमा रू ५०० देखि रू ५००० जरिवाना गरेका छौं । कारवाहीमा पर्नेको संख्या दुईदर्जन पुगेको छ जसमा केही फोहर  गरेका स्थानीयलाई लिखित माफी मगाई आगामी दिनमा नगर्ने बाचा गराएको अवस्था छ। सचेतनामूलक कार्यक्रम टोलटोलमा जारी छ। सिसी टिभीबाट अनुगमन शुरू गर्दैछौं।

जनप्रतिनिधि निर्वाचित भएर आइसकेपछि नगरबासीका अपेक्षा थपिएको अवस्था छ। स्मार्ट सिटी, क्लिन सिटी नगर बासीको चाहना पूरा गर्न जनप्रतिनिधि र कर्मचारीको पहलसँगै नगरबासीको साथ र काममा प्रत्यक्ष सहयोगको खाँचो रहेको छ।तानसेनलाई सफा र सुन्दर बनाउन सबैले आआफ्नो ढंगले सहयोग गरौं। हामी सीमित साधनस्रोत बीच पनि दबाब थेग्दै प्रभावकारी सरसफाइका लागि निरन्तर लाग्ने छौं। "सफा टोल सफा शहर हामी सबै तानसेन बासीको रहर", जय तानसेन।

(प्रमुख, सरसफाइ शाखा)

# तानसेन नगरपालिकाका वडा गतिविधिहरु

## तानसेन वडा. नं १ को कार्यक्रम



रामप्रसाद (पोषकान्त) बस्याल

केही शहरी र अधिकांश ग्रामीण भूभागमा अवस्थित तानसेन नगरपालिका वडा नं. १ मा सीमित साधन स्रोतबाट अधिकतम जनअपेक्षा सम्बोधन गर्ने प्रयास गरिएको छ।

गोर्खेकोटदेखि ध्रुवघाट जोड्ने मोटरबाटोका लागि वडाबाट ५ लाख र जनसहभागितामा काम सम्पन्न भयो। उता गोर्खेकोटदेखि पीपलडाँडासम्म जोड्ने बाटो बिस्तार तथा मर्मतका लागि वडाको ५ लाख र जनसहभागितामा काम सम्पन्न भयो। मिसनदेखि अस्थायी प्रहरी चौकी जाने अधुरो बाटोमा पिसिसिका लागि ५ लाख बजेट विनियोजन गरेअनुसार काम सम्पन्न भयो । बजादी, पुर्नादी हुँदै रानीमहल जाने बाटोमा जोड्ने करीव १ किलोमिटर मोटर बाटो वडाको ५ लाख र जनसहभागितामा निर्माण सम्पन्न हुँदैछ। गैरागाउँ डिल्लीराज खनालको घरदेखि स्वरबहादुर खातीको घरसम्म जाने बाटो वडाको ५ लाख र जनसहभागितामा निर्माण सम्पन्न भएको छ। बाटो बनेपछि स्थानीयलाई सहज भएको छ।

आँपटारी ढाप धारो मूल संरक्षणका लागि ५ लाख वडा बजेटबाट सहयोगमा काम भैरहेको छ। दुर्गा नेपालीको घरदेखि बजादीसम्मको बाटो वडाको ५ लाख र जनसहभागितामा निर्माण सम्पन्न भएको छ। आँपको रूखदेखि खुमराजको घर हुँदै चनौटेसम्म १ लाख ५० हजार र जनसहभागितामा सडकमा ढुंगा छाप्ने काम सम्पन्न भएको छ।

लालीगुँरास चोकदेखि पोल्धारा जाने बाटोको ग्रेड मिलाउने र माथिल्लो टोलको फोहर व्यवस्थापन योजना वडाको २ लाख र जनसहभागितामा निर्माण सम्पन्न भएको छ। आँपटारी टोल विकास संस्थाको मोटरबाटोको खोल्सोमा तारजाली र पर्खाल निर्माणमा वडाको १ लाख २५ हजार र जनसहभागिता जुटाएर काम गरिदैछ। बराङ्दी गाहाको घर नजिकको पानी टंकी वडाको ५० हजार र जनसहभागितामा निर्माण सम्पन्न भएपछि स्थानीयलाई पानी खान सहज भएको छ।

वडाको १ लाख ७५ हजार सहयोग र जनसहभागितामा ध्रुवघाटमा रिङरोड विस्तार तथा मर्मत कार्य भएको छ। वडाको ५० हजार र जन सहभागितामा बोकेपानी खानेपानी निर्माणको काम भैरहेको छ । यस्तै वडाको ५० हजार र जनसहभागितामा दुर्गा मन्दिर भवन मर्मत कार्य सम्पन्न भयो।

राईडाँडा जाने मोडदेखि ज्ञानलाल भट्टराई र रामप्रसाद खनालको घर हुँदै पिसिसि भएको बाटो जोड्ने बाटो वडाको १ लाख र जनसहभागितामा निर्माण भएको छ। गोर्खेकोट बस्तीभित्रको बाटो मर्मत कार्य वडाको १ लाख र जनसहभागितामा सम्पन्न भएको छ। वडाको ५० हजार र जनसहभागितामा प्रगतिशील टोल विकास संस्थाको भवनको भूइँ प्लाष्टर हुँदैछ। अशोकनगर अनिताको घरदेखि यानीसर ाको घरसम्मको बाटोको लागि वडाबाट २० हजार विनियोजन गरिएको थियो।

वडाको ३० हजार र जनसहभागितामा ध्रुवघाट सामुदायिक भवनको नजिक शौचालय निर्माण सम्पन्न भएको छ। भुसलडाँडा देवीदत्तको घरदेखि अशोक खत्रीको घरसम्म वडाको २ लाख र जनसहभागितामा सडक निर्माण हुँदैछ। वडाको ७५ हजार र जनसहभागितामा उकाले पीपलमा शौचालय निर्माण गरिएको छ। वडाको ७५ हजार र जनसहभागितामा बराङ्दी शिवालय मन्दिरमा शौचालय निर्माण हुँदैछ। आदर्श महिला समूह भवन मर्मतका लागि वडाबाट ३५ हजार विनियोजन गरियो। काम सम्पन्न गर्न रकम अपुग भएकाले पुनः ७५ हजार थप गरिएको छ। जागृति सुनगाभा भवन मर्मतका लागि पनि वडाबाट ३५ हजार बजेट र जनसहभागितामा काम सम्पन्न गरियो। लक्षित कार्यक्रम अन्तर्गत महिलाहरूका लागि सीपमूलक तालिमका लागि ८० हजार विनियोजन गरिएअनुसार १ हप्ते चुरा बनाउने तालिम सञ्चालन गरियो।

ध्रुवघाट टिटि बोर्डदेखि ढाक्रेबास रिङरोडसम्मको मोटरबाटोको लागि ५ लाख विनियोजन भएअनुसार काम भैरहेको छ। वडाको २ लाख र जनसहभागितामा बुडडाँडा ठूलाघर मोटरबाटो योजना सम्पन्न भएको छ। गोर्खेकोट

देउराली हुँदै रानीमहल जोड्ने मोटरबाटो वडाको २० लाख र जनसहभागितामा निर्माण हुँदैछ। मोहन श्रेष्ठको घरदेखि गैरागाउँ जाने बाटो नगरपालिकाको २ लाख सहयोगमा निर्माण हुँदैछ। भुसलडाँडा माविमा टंकी निर्माणका लागि २ लाख विनियोजन गरिएअनुसार काम हुँदैछ। लालीगुराँस चोकदेखि माथि गैरागाउँ आउने बाटोको लागि २ लाख बजेट विनियोजन गरिए अनुसार काम भयो। बाँझा खानेपानी योजना मर्मतका लागि ५० हजार विनियोजन भएअनुसार काम सम्पन्न भएको छ। यस्तै मिसन अस्पताल गेटदेखि बरको रूखसम्म बाटो मर्मतका लागि ५० हजार विनियोजन गरिएको थियो काम भैरहेको छ। वडामा सडक बत्ती अन्तर्गत बिजुली बल्ब खरिदको लागि २० हजार रकमबाट आवश्यक बत्ती फेर्ने काम भैरहेको छ।

(वडा अध्यक्ष, तानसेन- १)

# वडा नं. २ मा भएका केही काम



बरूणप्रसाद रेग्मी

निर्वाचित भएर जिम्मेवारी सम्हालेयता हामीले योजना अनुसार काम गर्नेप्रयास गरेका छौं । तानसेन-२, मेहलधारास्थित देवबाणी विद्यालयदेखि धवल पुस्तकालयको भित्रि बाटो वडाको १ लाख र जनसहभागिता २० हजार लगानीमा निर्माण सम्पन्न भएको छ। करीब १ सय मिटर लामो उक्त बाटोबाट पैदल हिड्न र मोटरसाइकल चलाउन स्थानीयलाई सहज भएको छ। तानसेन- २ स्थित करदाता सेवा कार्यालयदेखि मोहन श्रेष्ठको घर हुँदै गैरागाउँ मिसन सडक जोडिने मोटरबाटो करीब ६ सय मिटर मर्मत सम्पन्न भएको छ। वडाको २ लाख र जनसहभागिता ४० हजार समेतमा उक्त कार्य सम्पन्न भएपछि साना सवारी साधन चलाउन र पैदल यात्रुलाई सहज भएको छ। मेहलधारा मोहन श्रेष्ठको घरदेखि धवल पुस्तकालय भन्दा माथिको पैदलबाटोलाई एम्बुलेन्स चलाउन मिल्ने गरी निर्माण गरिएको छ। करीब २ सय मिटर लामो उक्त सडकमा वडाको ५ लाख र जनसहभागिता समेतमा काम भएको छ।

पूर्णबहादुर रानाको घरदेखि महेन्द्रबोधि मावि जाने पैदल बाटोलाई मोटरसाइकल चलाउन योग्य बनाउन थालिएको छ। वडाको ५ लाख र जनसहभागिता १ लाख लगानी हुनेछ। मेहल्धारा राधेराधे मन्दिरबाट महिला विकास जाने सडक खण्डमा वडाको ३ लाख लगानीमा कल्भर्ट निर्माण कार्य अगाडि बढेको छ। मेहल्धारा सिरू गोतामेको घरदेखि सुखसागर महर्जनको घर अगाडिसम्म पक्की ढल र मग्गान निर्माण तथा मर्मत कार्य वडाको १ लाख २५ हजार र जनसहभागितामा निर्माण सम्पन्न भएको छ।

नारायणस्थान चोक हनुमान मन्दिर हिमालदत्त श्रेष्ठको घर हुँदै बुद्धिप्रसाद शर्माको घरसम्म पैदल बाटो लाई मोटरसाइकल चल्न मिल्ने बनाइदैछ। वडाको ३ लाख र जनसहभागिता समेतमा उक्त काम भैरहेको छ।

महिला लक्षित कार्यक्रम अर्न्तगत १ लाख बजेटबाट असनटोल टोल विकास समितिका महिलाहरूलाई १ हप्ते हाते ब्याग बनाउने तालिम सञ्चालन गरियो। १५ जना सहभागी थिए। यस्तै मेहल्धारा टोल विकास संस्थाका महिलाहरूका लागि उद्घोषण सीप विकास सम्बन्धी ३ दिने तालिम सम्पन्न गरियो। तालिममा ४० जना महिला सहभागी थिए। बडिङ्गानटोल टोल विकास संस्थाका ८ जना महिलालाई ढाका र मखमलको जुत्ता बनाउने १ महिने तालिम सञ्चालन गरियो। सहभागीहरूले उत्पादन शुरू गरेका छन्।


तानसेन - २ का महिला र पुरुष समेत ४० जनाको लागि २ दिने च्याउ उत्पादन सम्बन्धी वडाको २५ हजार वजेटबाट तालिम सम्पन्न गरियो। वडाको १ लाख वजेटबाट जनजाति महिलाहरू ४० जनाका लागि २ दिने झिनिया रोटी बनाउने तालिम सम्पन्न गरियो। आदिवासी जनजातिहरूको लक्षित कार्यक्रम अर्न्तगत खाना महोत्सव गरिने छ। बालबालिकाको लागि वडाको बजेट २५ हजार विनियोजन गरिएअनुसार उद्घोषण तालिम सञ्चालन गरियो ।

विद्युतीकरणका लागि वडाको बजेट १ लाखबाट सडक बत्ती राख्ने लगायत आवश्यक काम गरिएको छ । विद्युत प्राधिकरणबाट १२ वटा पोल प्राप्त भएपछि जीर्ण पोल फेरिएको छ।

वडा नागरिकहरूको मुटु स्वास्थ्य परीक्षणका लागि वडाको १ लाख २५ हजार बजेटबाट वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइरालाको उपस्थितिमा स्वास्थ्य शिविर आयो जना गरिदै छ। हामीले वडा बजेट ४५ लाख बाट अधिकतम योजनाहरू सम्पन्न गर्न लागेका छौँ।

(वडा अध्यक्ष, तानसेन-२)

# तानसेन- ३ मा के हुदैछ ?



महेशलाल शाक्य

तानसेन नगरपालिका साविकको वडा नं. ५ टक्सार टोल, वडा नं. ६ बसन्तपुर र वडा नं. ८ भगवती टोल मिलेर हाल वडा नं. ३ बनेको छ। यस वडामा विभिन्नजातजाति, विभिन्नधर्म, संस्कृतिमान्ने मानिसहरूको बसोबास रहेको छ। ऐतिहासिक पुरात्वात्विकमहत्वका बस्तुहरू जस्तैः पाल्पा दर बार संग्राहलय, शीतलपाटीको गोलघर, टक्सारमा अवस्थित महाचैत्य बिहार, भगवतीमन्दिर, भीमसेन मन्दिर, बसन्तपुर को लक्ष्मीनारायण मन्दिर, मस्जिद, चर्च लगायत धार्मिक तथा ऐतिहासिक सम्पदाहरु यसै वडामा अवस्थित रहेका छन्।

तानसेन नगरपालिकाको आ.व. ०७४/७५ को नगर परिषदबाट वडा नं. ३ को लागि विभिन्न ठूला योजना, क्षेत्रगत योजना, साना योजना, लक्षित वर्गका कार्यक्रमहरु र मर्मत कोष तथा भैपरी आउने योजनापारित भएका छन्। उक्त योजनाहरु सञ्चालन गर्न कुल बजेट ४५लाख रूपैयाँ विनियोजन गरिएको थियो। यी पंक्ति बुलेटिनका लागि पठाउँदा यस वडामा रहेका कार्यक्रमहरु सबै जसो सम्झौता भैसकेका थिए। सम्झौता भएका योजनाहरुमध्ये केही सम्पन्न भैसकेका छन् भने कुनै काम भैरहेका छन्।

## सम्पन्न भइसकेका नगरस्तरीय योजनाहरु

(१) सडकको माटो तथा पहिरो फाल्ने कार्य, लागत रु १ लाख ।

(२) बसन्तपुरदेखि तम्घास रोड हुँदै होलाङ्दी मोडसम्मको ढल व्यवस्थापन, लागत रु ५ लाख ।

यो सामग्री पठाउँदासम्म कार्यान्वयनमा रहेका योजनाहरु

(१) टक्सार लोकमान शाक्यको घरदेखि भूयुमान लिगलको घरसम्म ढल व्यवस्थापन, बजेट रु ५ लाख ।

(२) सन्तोष खनालको घरदेखि सेन्ट कपितानीयो स्कूल ठाडो जाने बाटो, निर्माण लागत रु १ लाख।

## सम्पन्न भइसकेका वडास्तरीय योजनाहरु

(१) हरिप्रसादश्रेष्ठको पर्खाल निरको ढल निर्माणको लागि तानसेन नगरपालिकाको नगरसभाबाट रु २ लाख रूपैयाँ विनियोजन भएको थियो। उक्तकार्य सम्पन्न भईसकेको छ। खुल्ला अवस्थामा रहेको ढलमा १० मिटर लम्बाई र साढे १ मिटर चौडाइ आर.सि.सि. ढलाई गरी निर्माण कार्य सम्पन्न गरिएको छ।

(२) जनता (JVT) स्कूलको तार जालीनिर्माणको लागि रु १ लाख यस नगर सभाले पारित गरेको थियो। विद्यालय परिसरमा फुटबल खेल्दा र सानाबालबालिकाको लागि सानो पर्खाल मात्रभएकोले जोखिमथियो। वडाको बजेटमाविद्यालयको थप गरी तार जालीलगाउने कार्य सम्पन्नगरिएको छ।

(३) बसन्तपुर सामुदायिकतथा वडा भवननिर्माणकोको लागि वडा स्तरीय कार्यक्रमबाट रु १ लाख र नगरस्तरीय कार्यक्रमबाट रु १० लाख रकम यस आ.व. २०७४/७५ को नगर सभाबाट विनियोजन भएको छ। गतआ.व. मा नै केहीनिर्माण भएको उक्त भवन हाल ३ तला निर्माण क्रममा रहेको छ।

(४) दयाफोटो अगाडिको मूल सडकदेखि भीमसेन मन्दिरसम्मको ढल निर्माण कार्यको लागि रु १ लाख, विश्व मलेगोको घरनिरको खोल्सा व्यवस्थापनको लागि रु १ लाख बजेट बिनियोजन भएको थियो। उक्त योजनापनि सम्पन्न भइसकेको छ। ढल निर्माणपछि त्यस क्षेत्रको वातावरण स्वच्छ भएको उपभोक्ताहरुले जानकारी गराएका छन्। यस्तै अल्पसंख्यक र दलित परिवारको लागि यस वडामा स्वास्थ्यबीमा-४१ परिवारको गरियो भने आवश्यकताअनुसार विभिन्न ठाउँमा सडक बत्ती राख्ने कामगरिएको छ। सीमित साधनश्रोतका बाबजुद हामीले नगरबासीका समस्याहरू सम्बोधन गर्ने प्रयास गरेका छौ।

(वडा अध्यक्ष, तानसेन-३)


- समय मै कर तिरौं, गौरवान्वित बनौं र जरि वानाबाट बचौं।
- व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र व्यवसाय गरौं।
- समयभित्रै जन्म,मृत्यु, विवाह लगायत घट्ना दर्ता गरी आफ्नो अधिकार सुनिश्चित गरौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# तानसेन –४ मा भएका केही गतिविधि



राजेन्द्रमुनी शाक्य

शहरी क्षेत्रमा अवस्थित तानसेन ४ का ठूला योजना सम्पन्न हुने क्रममा रहेका छन्। विविध कारणले योजनाहरू समयमै शुरू हुन सकेनन्। केही योजनाहरू सम्पन्न भएका छन्। तानसेन-४ स्थित लहरेपीपल पूर्णरत्न शाक्यको घरदेखि बारूदखान जोड्ने करीब १ सय ३५ मिटर लामो सडकमा वडाको १० लाख र जनसहभागिता समेतबाट सिमेण्ट ढलाइ गरिएको छ। उक्त सडकमा दैनिक ४-५ सय यात्रु आवत जावत गर्दछन्। बारूदखान सूर्यबहादुर बोहोराको घर अगाडिको सडक ४६ मिटर वडाको बजेट १ लाख २० हजार र जनसहभागितामा निर्माण सम्पन्न भएको छ। मोहन कन्या विद्यालयको भौतिक साधन खरिदका लागि रू १ लाख वडाबाट विनियोजन गरिएको छ।

लक्षित कार्यक्रम अन्र्तगत वडा नं. ४ का २० जना महिला सहभागी १ हप्ते हाते ब्याग सिलाइ सम्बन्धी तालिम सम्पन्न गरियो। वडाको १ लाख ५० हजार बजेटबाट तालिम सञ्चालन गरिएको हो।

दलित र अल्पसंख्यक परिवारको स्वास्थ्य बीमा कार्यक्रम अन्र्तगत वडा नं. ४ मा १७ परिवारको निशुल्क स्वास्थ्य बीमा गरिएको छ। नगरपालिकाले दलित र अल्पसंख्यक समुदायको स्वास्थ्य उपचारमा पहुँच वृद्धिका लागि निशुल्क स्वास्थ्य बीमा शुरू गरेको हो ।वडा नं. ४ का धेरै योजनाका काम भैरहेको अवस्थामा रहेका (यी पंक्ति तयार गर्दासम्म) ले सबै उल्लेख गर्न सकिएन।

(वडा अध्यक्ष, तानसेन-४)

# तानसेन – ५ का सम्पन्न केही गतिविधि



रामबहादुर रावल

तानसेन नगरपालिकाको वडा नं. ५ विकासका दृष्टिले पछि परेको पाइन्छ। ग्रामीण तथा शहरी क्षेत्रका नागरिकको आवश्यक्ता अनुसार काम गर्नका लागि पर्याप्त बजेटको हामीसँग अभाव छ तथापी हामीले अधिकतम अपेक्षा सम्बोधन गर्ने प्रयास गरेका छौं। वडामा भएका केही गतिविधि बारे यहाँ चर्चा गरिएको छ।

तानसेनका अल्पसंख्यक र दलित नागरिकको स्वास्थ्य बीमा गर्ने कार्यक्रम अन्तर्गत तानसेन नगरपालिका-५ मा माघ ५ गतेसम्म ६९ जनाको स्वास्थ्य बीमा नगर-पालिकाको बजेटबाट गरिएको छ। प्रति परिवार ५ जनासम्मको बीमाशुल्क पूरै नगरपालिकाले ब्यहोरेको छ। नगरपालिकाका १४ वार्डमा गरेर १ हजार जनाको बीमा गर्ने कार्यक्रम अन्र्तगत उक्त काम भएको हो।

तानसेन नगरपालिका वार्ड नं. ५ (साविक बराङ्दी गाविस वार्ड नं. ४) मा रहेका लसुने, चुच्चेपौवा र खरिपानी मूल संरक्षण गर्ने काम सम्पन्न भएको छ। तीन वटै मूल संरक्षण कार्यक्रमका लागि नगरपालिकाबाट २ लाख वजेट विनियोजन भएको थियो भने उपभोक्ताबाट १० प्रतिशत लागत सहभागिता जुटेको थियो। तानसेन नगरपालिका वार्ड नं. ५ स्थित रानीमहल जाने सडक छेउ सपाङ्दीदेखि रावलडाँडासम्म करीब ३ किलोमिटर लम्बाइ रहेको कच्ची सडक खन्ने काम नगरपालिकाको ७ लाख ५० हजार बजेट र उपभोक्ताको १० प्रतिशत श्रमदानबाट सम्पन्न भएको छ। उक्त सडक निर्माण सम्पन्न भएपछि सेरोफेरोका करीब १ सय घरधुरी लाभान्वित भएका छन्। उक्त सडकबाट

त्यस क्षेत्रमा रहेको अर्गानिक कफि उत्पादन कार्यलाई प्रोत्साहन भएको छ।

भूकम्पले घर भत्केर पूर्ण क्षति भएका तानसेन नगरपालिका वार्ड नं. ५ का २२ घर परिवारले पहिलो किस्ता बापत ५० हजार रकम प्राप्त गरेको र दोस्रो किस्ताका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ।

सामाजिक उत्तरदायित्त्वलाई मनन गर्दै तानसेन नगरपालिकाले सबै वार्डमा आवश्यकता अनुसार सार्वजनिक बाटो, टोलका पोलमा सडक बत्तीको व्यवस्था गरिएको छ साथै पछिल्ला दिनमा सम्वन्धित वडा कार्यालयबाट सडक बत्ती व्यवस्थापन शुरु गर्न थालिएको छ।

तानसेन, जिल्लावन कार्यालय पाल्पाको नर्सरी रहेको स्थान होलाङ्दीदेखि तानसेन-५, धरमपानी हुँदै डिबारी, सारीखोला (वार्ड नं. १०) जोड्ने मोटरबाटो निर्माण सम्पन्न भएको छ। वार्ड नं. ५ र वार्ड नं. १० जोड्ने वन नर्सरी हुँदै सारीखोलासम्मको करीब ४ किलोमिटर लम्बाइ ७ मिटर चौडाइ रहेको उक्त सडक तानसेन नगरपालिकाको नगरस्तरीय योजना अन्तर्गत १५ लाख बजेटमा निर्माण गरिएको छ। यो सडक बनेपछि त्यस क्षेत्रका नगरवासीले आफूले उत्पादन गरेका दूध, फलफूल, तरकारी लगायत उत्पादन बजार पुऱ्याउन सजिलो भएको छ।

तानसेन नगरपालिका साविक-७, हालको वार्ड नं. ५ स्थित माछापुच्छ्रे टोलमा करीब २ सय मिटर लम्बाइ रहेको ३ मिटर चौडा सडकमा सिमेण्ट ढलान गरिएको छ। उक्त कामका लागि नगरपालिकाबाट रु १ लाख र स्थानीय उपभोक्ताबाट लागतको २० प्रतिशत रकम लगानी गरिएको थियो। तानसेन-५ सेतीपोखरीदेखि तानसेन–११ बन्दीपोखरा हुँदै वडा नं १० स्थित तेल्घा, गुफाचौरसम्मको करीव ८ किलोमिटर मोटरबाटो निर्माण सम्पन्न भएको छ। ८ मिटर चौडाइ रहेको उक्त नमूना सडकबाट ३ वडामा १ हजार भन्दा बढी घरधुरी लाभान्वित भएका छन्।

(वडा अध्यक्ष, तानसेन-५)


- बातावरणमैत्री नगर बनाउन सबै क्षेत्र जिम्मेवार बनौं।
- विकास निर्माणमा लागत सहभागिता जुटाऔं।
- प्लाष्टिकमुक्त नगर बनाउने हाम्रो पहललाई साकार पारौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा


# यी हुन् तानसेन – ६ का गतिविधि



सागरमान महर्जन

ऐतिहासिक तानसेन नगरपालिकाको अधिकांश भूभाग ग्रामीण भेगमा रहेकाले अत्यावश्यक विकासका पूर्वाधार समेत पूर्ण रूपमा तयार नभैसकेको अवस्था छ। वडा नं. ६ को ग्रामीण भेग र शहरी भेगका नागरिकमा नगरवासी भएको अनुभूति दिलाउन सीमित साधनस्रोतबाट हामीले अधिकतम विकास निर्माणका लागि पहल गरेका छौं। वडालाई प्राप्त ४५ लाख बजेटलाई नागरिक समस्या सम्बोधन गर्न सकिने ढंगले योजना छनौट गरेर लगानी गरेका छौँ तथापी अपेक्षा अनुसार विकास निर्माणका काम गर्न सकिएको छैन।

यस्ता छन् हाम्रा योजना

नगरपालिका र पाल्पा उद्योग वाणिज्य संघको सहकार्यमा टुँडिखेलस्थित वीरेन्द्र फूलबारी (वीरेन्द्र पार्क) व्यवस्थापन कार्य सम्पन्न भएको छ। यसका लागि नगरपालिकाबाट १ लाख ७३ हजार ३ सय २८ रूपैयाँ विनियोजन गरिएकोमा भुक्तानी हुँदैछ । यस्तै १ लाख विनियोजित रकमबाट टुँडिखेलमा चेजिङ्ग रूम निर्माण सम्पन्न भयो।

पालेपीपल हात्तीगौडा कृषि सडक स्तरोन्नतिका लागि १० लाख बजेट विनियोजन गरिएको थियो । करीब १ कि.मि. लम्बाई रहेको उक्त सडक निर्माण सम्पन्न भएपछि यात्रुहरू घरधुरी लाभान्वित भएका छन्। भेदडाँडादेखि धोवीधारा सडक निर्माण (भूक्षय रोकथाम समेत) का लागि १० लाख बजेट र जनसहभागितामा काम भैरहेको छ। आलेटोल कारागार ढल व्यवस्थापनका लागि ५ लाख बजेट विनियोजन गरियो।

माथिल्लो कुन्सरे शिवालय मन्दिरदेखि वडा

नं. ७ को सीमासम्म रिङ्रोड जोड्ने सडक तथा नाली निर्माणका लागि वडाको ५ लाख र जनसहभागितामा काम सम्पन्न भएको छ। ब्यारेक गेटदेखि जैसी चौपारीसम्म पुरानो बाटो बिस्तार तथा नाली निर्माणका लागि ५ लाख विनियोजन गरेअनुसार काम भैरहेको छ। बर्तुङ सडक विभागदेखि तिवारीडाँडा छाङदीखोला टेकरी जाने बाटो र नाली निर्माणका लागि वडाको ५ लाख र जनसहभागितामा काम भैरहेको छ। पद्मेटारी टोलविकास समिति अन्तर्गत देउपुजे खानेपानी टंकी निर्माणमा ५ लाख रकम विनियोजन गरियो। दीप प्रगतिटोलको बसपार्क आलेटोलबाट खस्ने भलको व्यवस्थापनका लागि मदनसिंह राना र समीक्षा श्रेष्ठको घर बीचको खोल्सी निर्माणमा वडाबाट १ लाख र जनसहभागिता जुटाइयो।

नेपाल परिवार नियोजन संघको भवन पछाडिको गोरेटो बाटो विस्तार तथा निर्माणका लागि वडाबाट १ लाख सहयोगबाट योजना सम्पन्न भएको छ। बारूदखानस्थित रेडक्रस ग्यारेजदेखि गुनबहादुरको घरसम्म बाटो विस्तार तथा भल व्यवस्थापनका लागि वडाबाट १ लाख र जनसहभागिता जुटाइ काम गरियो।

कारागार झर्ने (सचिनको घरदेखि) आयुष अकुपञ्चर रहेको घरसम्म बाटो तथा नाली निर्माणका लागि वडाबाट १ लाख लगानीर जनसहभागितामा योजना सम्पन्न गरियो। बसपार्क सार्वजनिक शौचालयदेखि तल झर्ने बाटोमा वडाको १ लाख बजेटबाट बाटो निर्माण गरियो।

भीमसेनटोल अर्न्तगत हरि अमात्यको घरदेखि गोरस घरसम्मको बाटो मर्मतका लागि वडाबाट ७५ हजार सहयोग गरियो। बसन्त मल्लको घरदेखि दक्ष बिक्रमको घरसम्मको गोरेटो बाटो र पार्वती थापा अनि धनीमाया सोतीको घरको बीचमा पर्ने खोल्सीमा कल्भर्ट निर्माणका लागि १ लाख ५० हजार वडाको सहयोगबाट योजना सम्पन्न भएको छ।

बसपार्कदेखि तल झर्ने ठाउँमा पाण्डवको घरमाथिबाट दीप प्रगतिटोलसम्म भल व्यवस्थापनका लागि १५ हजार वडाको बजेटबाट पाइप राखिएको छ। बारूदखान बरको रूखदेखि निर्वाचन कार्यालयसम्मको बाटो तथा नाली मर्मतको लागि वडाबाट ५० हजार विनियोजन भएको छ। स्कूलडाँडा टोल विकास अर्न्तगत स्कूलमुनि वडा नं. ७ जोड्ने खोल्सादेखि फोक्स्यारको घरसम्म वडाको १ लाख र जनसहभागितामा गोरेटो बाटो निर्माण गर्ने काम सम्पन्न भएको छ ।

माथिल्लो कुन्सरे टोलविकास अन्तर्गत २ वटा खाने पानी टंकी निर्माण (गाहा सिंजाली नेपाली टोल र कुमाल टोल) का लागि १ लाख वडाबाट र थप जनसहभागिता लगानी भएको छ। बर्तुङ झर्ने ठाडो बाटोदेखि छाङ्दी खोलासम्म बाटो मर्मत तथा नाली निर्माणका लागि ६० हजार बजेट विनियोजन गरिए अनुसार काम भैरहेको छ। वडाको बजेट १ लाख र जनसहभागितामा सुन्दर चोकदेखि पानी टंकीसम्मको बाटो, नाली मर्मत तथा अधुरो भवनको झ्याल ढोका निर्माण कार्य भएको छ।

बर्तुङ माडी भ्यू होटलदेखि तलको मोटरबाटो जोड्ने गोरेटो बाटोको लागि वडाबाट ५० हजार विनियोजन गरे अनुसार काम सम्पन्न भयो। वडाको १ लाख र जनसहभागितामा तिवारीको घरदेखि जनप्रिय माविसम्मको गोरेटो बाटो मर्मत गरिएको छ। स्वामीडाँडादेखि भद्र चौपारीसम्म ठाडो बाटो मर्मतका लागि वडाबाट ५० हजार बजेट विनियोजन गरिएकोमा काम सम्पन्न भएको छ। ठूलो पधेरामा वडाको १ लाख सहयोग र जनसहभागितामा खानेपानी टंकी निर्माण भयो।

गैरीकटेरी टोल विकास समिति अन्तर्गत वडाको १ लाख ५० हजार र जनसहभागितामा खानेपानी टंकी मर्मत तथा धारा विस्तार गरिएको छ। भुजिनडाँडादेखि बर्तुङ निस्कने बाटो मर्मतका लागि वडाबाट १ लाख ५० हजार बजेट र जनसहभागितामा योजना सम्पन्न भयो। लाकुरीदेखि झाँते चौरबीच चौपारी निर्माणका लागि वडाबाट १ लाख र जनसहभागितामा काम सम्पन्न भयो।

बर्तुङ सतन्चुली मन्दिर र स्कूल जाने बाटोको आठमुरेमा नाली व्यवस्थापनका लागि वडाबाट ५० हजार बजेट विनियोजन गरिएकोमा काम पूरा भयो। देउपुजे सम्मचौ पारी सामुदायिक भवनको अधुरो काम पूर्ण गर्न ५५ हजार सहयोग गरिदै छ। सरकारी वकीलको कार्यालयदेखि लहरे पीपल स्कूलसम्म वडाको ७५ हजार र जनसहभागितामा बाटो मर्मत गरिएको छ।

सीपमूलक आय आर्जन अन्तर्गत चामल पिसानी मे शिन खरिद र झिनिया रोटी बनाउने तालिम तथा मेशिन खरीदका लागि ५० हजार सहयोग गरियो। लाँकुरीदेखि झाते चौरसम्मको कृषिजन्य गोरेटो बाटोमा नाली निर्माणका लागि वडाबाट १ लाख रकम विनियोजन गरिएअनुसार काम भैरहे को छ। सबै काममा आवश्यकताअनुसार अनिवार्य रूपमा जनसहभागिताबाट योजना सम्पन्न भएको हो।

(वडा अध्यक्ष, तानसेन-६)

# तानसेन– ७ मा भएका र हुने गतिविधि



मुक्तिराम जीसी

पाल्पा जिल्लाको सुन्दरनगरी तानसेन नगरपालिकाको वडा नं. ७ साविक तानसेन नगरपालिकाको वडा नं. ११ र १४ मिलेर बनेको वडा हो। यस वडामा लगभग १६०० घरधुरी रहेका छन् भने यहाँको जनसंख्या तीब्ररूपमा बिस्तार हुँदै गएको छ। यस वडामा विभिन्न जाजातिको बसोबास रहेको पाइन्छ। स्थानीय तहको निर्वाचन २०७४ असार १४ गते सम्पन्न भए पश्चात वडामा विभिन्न विकासका योजनाहरू, सरसफाइ कार्यक्रम, सचेतनामूलक कार्यक्रम, स्वावलम्बन कार्यक्रमलाई अगाडि बढाइएको छ। जनताका कामहरूलाई कसरी सहज, सरल र छिटो छरितो बनाउन सकिन्छ भन्नेमा जनप्रतिनिधिहरू तथा कर्मचारी आआफ्नो तर्फबाट सधै प्रयासरत रहेका छन्। जनप्रतिनिधिहरू निर्वाचित भएर आइसके पश्चात वडामा देहायबमोजिम कार्यहरू अगाडि सारिएको छ।

## विकाससम्बन्धी कार्यहरू :

समग्र तानसेन नगरपालिकाको तुलनामा यस वडा विकासको दृष्टिकोणबाट पछाडि परेको र समानुपातिक विकास हुन सकेको छैन। सोही तथ्यलाई मध्यनजर राख्दै वडा समितिको बैठकहरूमा यस कुरालाई पहिलो प्राथमिकता दिइएको छ। जस अनुसार यस वडामा आ.व. २०७४/७५ मा वडा स्तरीय रूपमा विभिन्न ३१ वटा योजनाहरू र नगरस्तरीय रूपमा विभिन्न ९ वटा योजनाहरू नगरसभाबाट पारित गरिएको छ। हाल यी योजनाहरू सम्पन्न गर्ने क्रममा रहेको छ। यसका साथै वडाका ग्रामीण क्षेत्रमा खनिएका कच्चीमोटर बाटो बर्खा लागेसँगै भत्कीएर सवारी साधन चल्न नसक्ने अवस्थामा रहेकामा डोजर लगाइ स्थानीय जनताहरूको साथ समेत लिएर सरसफाइ गरी दशैको समयमा सम्पूर्ण कच्ची बाटोहरूलाई आवतजावत गर्न सहज तुल्याइएको थियो।

## सरसफाइ कार्यक्रम

यस वडालाई पूर्ण सरसफाइयुक्त बनाउन विभिन्न कार्यक्रमहरूसहित अगाडि बढिएको छ। वडा समितिको विभिन्न बैठकहरूमा वडालाई कसरी सरसफाइयुक्त बनाउन सकिन्छ भन्नेबारे छलफल गरिएको छ। सोही क्रममा २०७४ मंसिर १४ गते प्रभास क्षेत्रमा पर्ने बगैचा वरिपरिका वासिन्दा, स्थानीय प्रहरी चौकी, स्थानीय क्लव, टोलविकास संस्था, समेतको सहयोग लिएर सरसफाइ गरियो। यस्ता कार्यहरूलाई निरन्तर रूपमा अगाडि बढाउने सोच वडा समितिको रहेको छ। अब वडाका विभिन्न स्थानमा रहेको फोहरहरूलाई व्यवस्थित रूपमा संकलन गर्न आवश्यक पर्ने कन्टेनरहरू राख्ने निर्णन गरिएको छ। जसका लागि आवश्यक सामग्रीको लागि नगरपालिकामा माग र समन्वय गरिएको छ।

## सचेतनामूलक र सूचनात्मक कार्यक्रम

यस वडामा विभिन्न अल्पसंख्यक जातजातिको बसो बास रहेको, स्वास्थ्य र शिक्षाको क्षेत्रमा समेत पछाडि परेको कारण समय समयमा सचेतनामूलक र सूचनात्मक कार्यक्रमहरू गर्नुपर्ने सोच रहेको छ। सोही क्रममा परिवार नियोजन कार्यालय तानसेन पाल्पाको समन्वयमा तानसेन नगरपालिका ७ को ठाँटी चौपारीमा प्रजनन स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिसकिएको छ र यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिने सोच रहेको छ।

## स्वावलम्बन कार्यक्रम

गाँस, वास, कपास जस्ता आधारभूत आवश्यकता प्राप्त गर्नु मानिसको मानवअधिकार हो। यस वडामा धेरै युवा बेरोजगार रहेको र धेरै जनता गरिबीको रेखामुनि रहेका छन्। गरीबीको रेखामुनि रहेकालाई कसरी सक्षम बनाउन सकिन्छ? हाम्रो तबरबाट के गर्न सकिन्छ भन्ने बारेमा वडा समितिको बैठकमा सधै जसो छलफल गरिएको छ। यसको सानो प्रयासको रूपमा जनप्रतिनिधिहरू निर्वाचित भएलगत्तै वडा अध्यक्षको पहलमा पार्कीया जातका लगभग १५०० बिरूवा वितरण गरिएको थियो। यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिने सोच रहेको छ।

## दैवी प्रकोप सहयोग

दैवी प्रकोप जुनसुकै बेला आउन सक्छ जुन मानिसको नियन्त्रण भन्दा टाढाको विषय हो यस कुरामा पनि हामी सचेत रहेको छौ । दैवीप्रकोपबाट पीडामा रूमलिएकाहरूलाई केही मात्रामा भएपनि सहयोग गर्ने सोचको साथ यो वर्ष १ लाख २५ हजार को कोष नगरसभाबाट पारित गरिएको छ।

## नियमित कार्य

वडाबाट प्रदान गर्ने सेवालाई जनमैत्री र सहज रूपमा प्रवाह गर्नुपर्छ भन्नेमा हामी सधै सचेत छौँ । जसको लागि हामी सधै प्रयासरत पनि छौँ । दिनरात जनताको सेवामा हाजिर हुने प्रण गरेको छौ । जनताको सेवा जनताकै घरदैलोबाट प्राप्त गर्न पाउनुपर्दछ । हालसम्म नगरपालिकाबाटै सेवा प्रदान गरिएकोमा अब छिट्टै यसै वडाको मध्यभागमा रहेको प्रभास क्षेत्रको वडा कार्यालयबाट नै सेवा सूचारू गर्ने सोच रहेको छ। त्यसको लागि आवश्यक कर्मचारी उपलब्ध गराइदिन नगरपालिकामा माग गरिएको छ।

## आगामी सोच


यस वर्ष यस वडामा चालु रूपमा रहेका योजनाहरू समयमै सम्पन्न गर्ने, त्यसको लागि उपभोक्ता समिति स्थानीय जनताहरूलाई सचेत पारिने र समय समयमा अनुगमन गरी आवश्यक सहयोग गर्ने त्यसका साथै आगामी वर्षमा देहाय बमोजिमका कार्यलाई प्राथमिकतामा राखिएको छ।

- प्राकृतिक रूपमा सुन्दर, ऐतिहासिक एवम् धार्मिक महत्व बोकेको, कृषि र सहरीकरणको प्रचुर सम्भावना भएको यस क्षेत्रलाई कृषि, पर्यटन र शैक्षिक केन्द्रको रूपमा विकास गर्ने।
- कमलपोखरी, सूर्यकुण्ड र बंशगोपाल पार्कको संरक्षण गर्दै बंशगोपाल पार्क, बेनीडाँडा र काजीपौवा बगैंचालाई वनभोज स्थलको रूपमा विकास गरी स्थानीय आय, रोजगारी र समृद्धिको स्रोतको रूपमा उपयोग गर्ने।
- वडाभित्र प्रत्येक घरमा कम्तीमा एम्बुलेन्स जाने बाटो, हाल सञ्चालनमा रहेका बाटोहरूको स्तरवृद्धि गर्दै प्रभास, काजीपौवा, बर्तुङ, लामिडाँडा, बरालटोल, ठाँटी, सिरसिरे चुच्चे बारी, बाँसटारी, प्रभास चक्रपथको निर्माण गर्ने।
- खानेपानीको दीर्घकालीन समाधानका लागि रक्साह क्षेत्रमा बोरिङको व्यवस्थापन गरी काजीपौवा क्षेत्रमा टंकी निर्माण गरी उक्त पानी लिफ्ट गरी वडाका प्रत्येक घरमा एकघर एक धारा सहितको शुद्ध खानेपानीको व्यवस्था गर्ने।
- काजिपौवा क्षेत्र, प्रभास, ठाटीचौर कुनसरे क्षेत्रमा व्यवस्थित बालउद्यानको व्यवस्था गर्ने।
- तानसेन ७ लाई सुशासन, पारदर्शी र भ्रष्टाचारमुक्त वडाको रूपमा स्थापित गर्ने।
- तानसेनबाट बगेर आउने होलाङ्दी खोलालाई व्यवस्थित गरि बाँसटारी, प्रभास क्षेत्रमा रहेको फाँटलाई नमूना शहरको रूपमा विकास गर्ने।
- वडाभित्र रहेका सम्पूर्ण सामुदायिक संस्थागत विद्यालय र क्याम्पसहरूको भौतिक पूर्वाधार निर्माण र शैक्षिक गुणस्तर बृद्धिमा सहकार्य गर्दै यस क्षेत्रलाई शैक्षिक केन्द्रका रूपमा विकास गर्ने।
- पाल्पा जिल्लाकै गहनाको रूपमा रहेको लुम्बिनी मेडिकल कलेजले प्रदान गर्ने सेवा र सुविधामा स्थानीय वडावासीहरूको पहुँच सहज तुल्याउदै सेवालाई थप व्यवस्थित र सुनिश्चित गर्ने।
- वडाभित्र रहेको लुम्बिनी मेडिकल कलेजलाई विश्वविद्यालयको रूपमा रुपान्तरण गरी यस क्षेत्रको शिक्षा स्वास्थ्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने।
- प्रभास, काजीपौवा बाटोलाई सदरमुकामसँग जोड्ने फास्ट ट्र्याकको रूपमा विकास गर्ने
- वडाभित्र व्यवस्थित विद्युतीकरण र सडक बत्तीको व्यवस्था गर्ने।
- वडाभित्रका रहेका सार्वजनिक जग्गाहरूको लागत संकलन, संरक्षण एवम् उचित व्यवस्थापन गर्ने।
- प्रभास बाँसटारी क्षेत्रमा सार्वजनिक शौचालको व्यवस्था गर्ने।
- वडाभित्र रहेका विभिन्न महिला समूह, टोलविकास, सहकारी संस्था, युवा क्लवसँग सहकार्य गर्दै वडाको विकास र उपयोग गर्ने।
- विभिन्न किसिमका स्वरोजगारमूलक तालिमहरूको व्यवस्था गरि महिला तथा युवा लक्षित स्वरोजगारका अवसर सृजना गर्ने।
- सहरीकरणसँगै मौलाउदै गएको विकृति एवम् हाम्रो समाजमा व्याप्त रहेको सामाजिक कुरीतिहरूको न्यूनीकरणका लागि विभिन्न जनचेतनामूलक कार्यक्रमहरू मार्फत सामाजिक चेतना अभिवृद्धि गर्ने।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक एवम् सामाजिक विकासमा योगदान दिने व्यक्तिहरूलाई विभिन्न अवसरहरूमा सम्मान गर्दै जाने परिपाटीको सुरूवात गर्ने।
- प्रभासमा रहेको ऐतिहासिक शिवालय, कुन्सरेमा रहेको दुर्गा मन्दिर, काजीपौवामा रहेको दरवार थुम्काको चण्डीथान मन्दिरलाई र शीतलदेवी मन्दिरको थप भौतिक निर्माण साथै मर्मत सम्हार गरी धार्मिक केन्द्रको रूपमा विकास गर्ने।
- युवाहरूलाई खेलकुदप्रति आकर्षित गर्न रानीकोल फुटवल मैदानलाई स्टेडियमको रूपमा विकास गर्दै बाघखोर लाई क्रिकेट मैदानको रूपमा विकास गर्ने।

यो पंक्ति प्रकाशित हुँदासम्म कतिपय योजनाहरू सम्पन्न भइसकेका हुनेछन्। सीमित साधन स्रोतका बाबजुद बडावासीका समस्या सम्बोधन गर्ने प्रयासमा छौँ हामी।

(वडा अध्यक्ष, तानसेन-७)

# तानसेन ८ मा के के भयो ?



रामप्रसाद घिमिरे

साविक मदनपोखरा गाउँविकास समितिमा रहेको हाल तानसेन नगरपालिका वार्ड नं. ८ मा नागरिकको गुनासो तत्काल सम्बोधन गर्दै कार्यक्रमलाई अगाडि बढाइएको छ। विगतको तुलनामा सहज सेवा दिने प्रयास गरेका छौँ। अधुरा काम सम्पन्न हुँदैछन्। भूकम्प पीडित आवास क्रमशः पुनः निर्माण भइरहेका छन्।

## सम्पन्न केही योजनाबारे कुरा गरौँ

वडास्थित भालेबास छाप मोटरबाटोको लागि आव ०७४/७५ को स्वीकृत बजेट ५ लाख र उपभोक्तको नगद योगदान ५८ हजार समेतबाट करीब २ किमी सडक स्तर वृद्धि तथा विस्तार गर्ने काम सम्पन्न भएको छ। साविक मदनपोखरा गाउँ विकास समिति वडा नं. ४ मा रहेको यो सडकबाट  करीब ३ सय घरधुरी लाभान्वित हुनेछन्।

भुटुक रवर्क पीपलडाँडा तिनाउ मोटरबाटो (साविक मदनपोखरा-३) करीब २ किमी स्तरवृद्धि नगरपालिकाको ५ लाख र उपभोक्ताको नगद ६० हजार श्रम सहभागितामा सम्पन्न भएपछि १ सय ४० घरधुरीलाई लाभ पुगेको छ। यस्तै गाङ्दीखोला पाँडेखर्क कोकल (साविक मदनपोखरा-२) २ किमी मोटरबाटो स्तरवृद्धि स्वीकृत बजेट ५ लाखबाट सम्पन्न भएपछि १ सय २५ घरधुरी लाभान्वित भएका छन्।

साविक मदनपोखरा-५ हाल तानसेन-८ स्थित बडे आँप तरकारी संकलन केन्द्रको भवनमा प्लाष्टरका लागि ३० हजार सहयोग भएको छ। भवन निर्माणमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (तरकारी जोन) पाल्पाको सहयोग रहेको थियो । ५ सय किसान लाभान्वित भएका छन्। साविक मदनपोखरा-४, तानसेन-८ जरेपीपल प्रगतिटोल सीमलडाँडा करीब १ किलोमिटर सडक विस्तार ५० हजार बजेटमा भएको छ । ६० घरधुरी त्यसबाट लाभान्वित हुनेछन्।

जरेपीपल चाँदनीटोल चण्डीटोलसम्म करीब १ किलो मिटर मोटरबाटो विस्तार जनसहभागिता र नगरपालिकाको स्वीकृत बजेट ६० हजारबाट सम्पन्न भएपछि ५० घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन्। पौडेल चौपारी शिखरडाँडा मोटरबाटो सुधार तथा नाली निर्माणको काम ५ सय मिटर सम्पन्न भएपछि ५० लाभान्वित भएका छन्। स्वीकृत बजेट ७५ हजार थियो। यस्तै ढोलेनीडाँडा गुन्द्रे खोल्सा खण्डमा ५ सय मिटर क्षेत्रमा मोटरबाटो सुधार तथा नाली निर्माणको काम स्वीकृत बजेट ७५ हजारबाट भएपछि ५० घरधुरी लाभान्वित भएका छन्।

सामुदायिक भवन निर्माणमा २ लाख थप सहयोगपछि २ तले भवन निर्माण हुँदैछ। टोलको बैठक, भेलालाई यो भवनले सहज हुनेछ। गैरापीपल ठकुरीबारीसम्म करीब ५ सय मिटर मोटरबाटो सुधार तथा कच्ची नाली निर्माणका लागि ५० हजार सहयोग भएको छ। बाटुलेचौर सारेम क्रि भन्ज्याङ मोटर बाटोमा टेवा पर्खाल निर्माण तथा पक्की नाली निर्माण र भल निकासका लागि काम भएको छ। स्वीकृत बजेट ३ लाख र जनसहभागितामा करीब २ किलोमिटर क्षेत्रमा काम भएबाट ५ सय घरधुरी लाभान्वित भएका छन्।

साविक मदनपोखरा-५ हाल तानसेन-८ स्थित वृन्दावन बस्तीस्तर मोटरबाटो स्वीकृत बजेट ६० हजारबाट ५ सय मिटर यो वर्ष निर्माण भएको छ। देउरालीमुनि ठाडोबाटोमा १ सय मिटर क्षेत्रमा नगरपालिकाको बजेट ३० हजार र स्वलगानी २० हजार समेतबाट सिंढी निर्माण कार्य सम्पन्न भएको छ । १ सय घरधुरीलाई हिड्न सहज भएको छ।

ऋतुवर्णमाथि ठाडो बाटो ३० मिटरक्षेत्रमा ३० हजार स्वीकृत बजेट र जनसहभागितामा सिंढी निर्माण भएको छ। चुच्चेबारी सिर्सिरे मोटरबाटो खण्डमा १ लाख स्वीकृत बजेटबाट १५ मिटर टेवा पर्खाल निर्माण सम्पन्न भएको छ। शारदा माध्यमिक विद्यालयदेखि सिर्सिरे मोटरबाटो सुधार कजवे, नाली, टेवा पर्खाल निर्माणका लागि स्वीकृत बजेट २ लाख र जनश्रमदान लगानी भएको छ। वडा कार्यालय  जान सहज भएको छ। यस्तै ४० हजार बजेटबाट शारदा मावि क्षेत्रमा टेवा पर्खाल निर्माण गरिएको छ। किसानका बारीमा टेक्टर लैजान सहज भएको छ।

वडाका दलित तथा अल्पसंख्यक १ सय ७० घर परिवारको निःशुल्क स्वास्थ्य बीमा गर्ने काम भएको छ। जेष्ठ नागरिक (७५ वर्ष माथिका) ७२ जनालाई न्यानो कपडा (ब्लाङ्केट) र झुल वितरण गरिएको छ। दलित वर्ग लक्षित कार्यक्रमबाट १ सय ८५ घर परिवारलाई आय आर्जनमा टेवा पुऱ्याउने उद्देश्यले उन्नत जातको टमाटरको बीउ वितरण गरिएको छ। अन्य बीउ दिइने छ। ५६ जना बालकक्षाका विद्यार्थीलाई कापी, कलम, फि्लप चार्टलगायत शैक्षिक सामग्री,

कोठामा कार्पेट लगायत ४ वटा विद्यालयलाई (७१ हजार ४ सय २९ रूपैयाँ बराबर) सहयोग गरिएको छ।

अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा ९ महिला समूहबीच हाजिरी जवाफ प्रतियोगिता आयोजना गर्दा ३० हजार खर्च भएको छ। ४१ हजार रूपैयाँ ५ टोलका महिला समूहलाई घुम्तीकोषका लागि बीउ पूँजी स्वरूप उपलब्ध गराइने छ। फरक क्षमता (अपाङ्गता) भएका नागरिक ९ घरलाई मौरीघार र गोला तथा ६ जनालाई जाली टोपी (माहुरी पालनका लागि) नि:शुल्क उपलब्ध गराइएको छ। कोकल देवी मन्दिर परिसरमा रेलिङ तथा सिंढी निर्माणको काममा ५ लाख खर्च भएको छ। बाँकी काम अर्को वर्षको बजेटबाट गरिने छ। भालेबासमा स्टिल पुलका लागि २ लाख सहयोग भएको छ। रमाइलो पार्क तथा ३३ कोटी पाल्पाली धाम जाने यात्रुलाई स्टिलपुल बनेपछि सहज भएको छ।

वडालाई प्राप्त ४५ लाख समेटेर जनसहभागितामा अधिकतम प्रतिफल प्राप्त हुने विकास निर्माणका योजना र मानवीय सहयोगका क्षेत्रमा हामी केन्द्रित भएका छौँ। सीमित साधन स्रोतलाई अधिकतम सदुपयोग गर्ने छौँ।

(वडा अध्यक्ष, तानसेन-८)

## तानसेन- ९ मा भएका केही गतिविधि



हरिसुमर रेग्मी

साविकमदनपोखरा गाउँविकास समितिअर्थात हालको तानसेन नगरपालिका वार्ड नं. ९ मा विकास निर्माणका गतिविधि कार्यान्वन भैरहेका छन्। यहाँभएका केही विकास निर्माणका गतिविधि यहाँ टिपोट गर्ने प्रयास भएको छ।

भूकम्पपीडित पूर्ण क्षति (रातो कार्ड) भएका १७ परिवारले पहिलो किस्ताबापतको ५० हजार रूपैयाँप्राप्त गरेका छन्। दोस्रो किस्ताका लागि प्रक्रिया अगाडि बढेको छ। तानसेन नगरपालिका वार्ड नं. ९ मदनपोखरा स्थित अम्लिहान देउराली डिलबहादुर मार्ग ७ मीटर चौडा पार्ने काम सम्पन्न भएको छ। करीब ३ किमी लम्बाइ रहेको उक्त सडक मार्ग चौडा पार्न वडा कार्यालयबाट ५ लाख रकम विनियोजन गरिएको थियो। उपभोक्ता समितिले विभिन्न निकायबाट करीब १० लाख संकलन गर्ने उपभोक्ता समितिका अध्यक्ष कमल दर्लामीले बताउनु भयो। यस्तै उक्त वार्डका सबैजसो सडक योजनाहरूको ७५ प्रतिशतभन्दा बढी काम सम्पन्न भएको छ।

तानसेन नगरपालिका वार्ड नं. ९ मदनपोखरामा रहेको ६ वटा आमा समूहमा आबद्ध मध्ये ४५ जनालाई २ दिने प्रपोजल लेखन तालिमदिइएको छ। माघ २५ र २६ गते भएको तालिमकालागि वडा कार्यालयबाट रु ५० हजार सहयोग गरिएको थियो।

तानसेन नगरपालिका- ९ मा फरक क्षमता (अपाङ्गता) भएका ५ जनालाई आय आर्जनका लागि मौरी गोलासहित घार उपलब्ध गराइएको छ। तानसेन नगरपालिका वार्ड नं. ९ स्थित अर्खलेबाट तिन्टी आँप नयाँ बस्तीका १२ घर परिवारलाई लिफ्टबाट पानी तानेर उपलब्ध गराइँदै छ। लिफ्टबाट तानिएको पानी टंकीमा संकलन गरेर वितरण व्यवस्था मिलाइने छ। उक्त योजनाका लागि प्राविधिकले ५ लाख लागत लाग्ने बताए पनि १ लाख ५० हजार रूपैयाँमात्र हालसम्म विनियोजन गरिएको थियो। तानसेन, अल्पसंख्यक, दलित र विपन्न परिवारका १ हजार नगरवासीलाई नगरपालिकाले स्वास्थ्य बीमा गरिदिने कार्यक्रम अर्न्तगत वडा नं. ९ मा ५७ जनाको स्वास्थ्य बीमा गरिएको छ।

तानसेन नगरपालिका-९, दमकडा पाल्पाले माघ २७गते समारोहबीच ८० वर्ष पार गरेकाउक्त वार्डका ६४ जेष्ठ नागरिकलाई सम्मान गरेको छ। सम्मान समितिका अध्यक्ष विष्णुप्रसाद बस्यालको अध्यक्षता, सदस्य देवराज अर्यालको सञ्चालनमा भएको कार्यक्रममा मूल पाहुना नगर प्रमुख अशोककुमार शाही, विशिष्ट पाहुना उपप्रमुख लक्ष्मी देवी पाठक र वडा अध्यक्ष हरिसुमर रेग्मीले दोसल्ला, प्रमाणपत्र र टीकाव्दारा जेष्ठ नागरिकको सम्मान गरियो। मूल पाहुना शाहीले जेष्ठ नागरिकका अनुभवबाट समाज समृद्ध हुन सक्ने बताउँदै उनीहरूलाई सम्मान साथ राख्नु पर्ने बताउनु भयो। विशिष्ट पाहुना नगर उपप्रमुख पाठकले जेष्ठ नागरिकको सम्मानको शुरूवात मनमोहन अधिकारी नेतृत्वको सरकारले गरेको स्मरण गर्दै आफूहरूले सधै कदर गर्ने बताउनु भयो। समारोहमा दमकडा माविका पूर्व प्रअ दुर्गाप्रसाद अर्याल र वडा सदस्य विनिता लुइँटेलले जेष्ठ नागरिकको सम्मान सबैतिर हुनुपर्छ भन्नु भयो। स्वागत सम्मान समितिका उपाध्यक्ष रामप्रसाद गैरेले गर्नु भयो।

दलित महिलाहरूलाई आय आर्जनमा टेवा पुगोस् भन्ने

उद्देश्यले तानसेन-९ मा समिति गठनसँगै घुम्तीकोष स्थापना गरिएको छ। न्यून ब्याजमा ६ महिनाका लागि घुम्ती कोषबाट बीउ पूँजी लिएर दलित महिलाले आय आर्जनका कार्यक्रम सञ्चालन गर्न सक्ने कोषका लागि बीउ पूँजीवापत समितिलाई ५० हजार रुपैयाँउ पलब्ध गराइएको छ। तानसेन नगरपालिका वडा नं-९ मदनपोखराको तीनपिप्लेदेखि बोखर अम्लिहान मोटर बाटो बिस्तार गर्ने कार्य भएको छ। वडास्तरीय सडक अन्तर्गत ७ मिटर चौडाईमा बिस्तार गरी बाटो खन्ने काम भएको हो। अम्लिहानदेखि तीनपिप्लेसम्म सडकको लम्बाई करिव ५ किलो मिटर रहेको छ। सडकबिस्तार गर्ने क्रममा कतिपय व्यक्तिको आँगन, गोठ, कटकुरो र बारीका रूख ढलेका छन्। बिस्तारको क्रममा सामान्य क्षति भएता पनि स्थानीय जनताहरू खुसी छन्।

तीनपिप्लेदेखि देउरालीसम्म मोटरबाटा विस्तारको काम सम्पन्न भएको छ। गएको पुष २८ देखि खन्ने काम सुरु भएको हो। तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीले निर्माणाधीन सडकको अवलोकन गरी सडक बिस्तारको अभियानले यस क्षेत्रको भविष्य राम्रो बन्ने बताउनुभयो। आगामी ५ वर्षभित्र अहिले बिस्तार गरिएका सडकहरूलाई ग्राभेल र पक्की अवस्थामा पुऱ्याउन नगर सरकारले पहल कदम लिने उहाँको भनाइ थियो। तानसेन-९ कै अम्लिहान डुम्रीखोला तिलाहार सडकको निर्माण कार्य पूरा भएको छ। यसै गरी दमकडा रसगाग्री मोटरबाटो बिस्तारको काम पनि भएको छ। नगरपालिकाले यस वर्ष सडक आधार वर्ष मानी विभिन्न सडकहरूलाई बिस्तार गरिरहेको छ।

तानसेन नगरपालिका-९ स्थित तिन्टीआँप प्राविमा रहेका दलित बालबालिकालाई पढाइमा सहयोग पुगोस् भनेर अक्षयकोष स्थापना गरिएको छ। परीक्षामा उत्कृष्ट अंक ल्याउने दलित छात्रछात्रालाई प्रोत्साहनका लागि छात्रवृत्ति दिने उद्देश्यले ५० हजारको कोष स्थापना गरिएको हो। प्राप्त ब्याजबाट बालबालिकालाई सहयोग गरिने छ। दलित बालबालिकाले पढाइमा ध्यानदिन सकुन भनेर प्रोत्साहन स्वरूप नगरपालिकाले कोष स्थापनामा सघाएको हो।

तानसेन नगरपालिका वार्ड नं. ९ मा क्रियाशील दर्ता भएका ४ वटा किसान समूहलाई प्रति समूह १-१ उन्नत बोका अनुदानमा उपलब्ध गराइएको छ। वडा अध्यक्ष हरिसुमर रेग्मीका अनुसार ती समूहहरूलाई समारोह बीच फागुन १९ गते नगर प्रमुख अशोककुमार शाहीबाट बोका हस्तान्तरण गर्ने कार्यक्रम सम्पन्न भएको थियो। समूहमा आबद्ध किसानलाई बीउका लागि उन्नत बोका निशुल्क उपलब्ध गराइने छ। तानसेन नगरपालिका वार्ड नं. ९ स्थित अर्खलेबाट तिन्टी आँप नयाँ बस्तीका १२ घर परिवारलाई लिफ्टबाट पानी तानेर उपलब्ध गराइँदै छ।

(वडा अध्यक्ष, तानसेन-९)

# तानसेन–१० बामे सर्दैछ



लोचनप्रसाद तिमिल्सिना

तानसेन नगरपालिका वडा नं. १० ले ४५ लाख बजेटबाट अधिकतम रूपमा वडावासीका समस्या सम्बोधन गर्ने प्रयास गरेको छ। सडक, सामाजिक सुरक्षा लगायतका क्षेत्रमा काम भएका छन्। वडाबासीसँग निरन्तर सम्पर्कमा रहेर यथासक्य सेवा गर्न हामी तल्लिन छौँ।

## केही कामको चर्चा

यो सामग्री तयार पार्दासम्म जेष्ठ नागरिक १ सय ४४ जना, जेष्ठ दलित नागरिक २७ जनालाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइएको छ। कमजोर आर्थिक अवस्था भएका दलित तथा अल्पसंख्यक ३ सय ५ जनाको उपचारमा पहुँचका लागि निशुल्क स्वास्थ्य बीमा गराइएको छ। एकल महिला १ सय ६ जना, पूर्ण अपाङ्गता भएका २ जना, आंसिक अपाङ्गता भएका १० जनालाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइएको छ। बाल पोषण भत्ता ७४ जनालाई उपलब्ध गराइएको छ।

वडा स्तरीय योजना अन्तर्गत वडा कार्यालयको अगाडि भैरबटारमा चापाकल गाडेर खानेपानीको व्यवस्था गरिएपछि टोलवासी र सेवाग्राहीलाई पनि पानी खान सहज भएको छ। पानी नहुँदा विगतमा शौचालय प्रयोगमा समेत समस्या थियो। खानेपानी धाराको लागि प्रभास लिफ्ट खानेपानी सिष्टम तेल्घामा १० हजार रूपैयाँ भुक्तानी गरिएको छ। संरक्षक नगर प्रमुख अशोककुमार शाही, अध्यक्ष लोचनप्रसाद तिमिल्सिना, उपाध्यक्ष बाबुराम रावल, सचिव रमानाथ कँडेल (स्वास्थ्य चौकी प्रमुख), सदस्यहरू भीमसेन बस्नेत, गीता बिष्ट, हरि पन्थी (वडासचिव) रहेको स्वास्थ्य चौकी व्यवस्थापन समिति गठन गरेर आवश्यक काम अघि बढाइएको छ।

तानसेन १० स्थित डुम्रे सुनडाँडा तेल्घा गुफाचौरसम्म स्वीकृत बजेट ५ लाख र जनसहभागिताबाट सडक विस्तार कार्य भएको छ। साविक तेल्घा गाविसका वडाहरू ४,५,६ र ७ का बासिन्दा प्रत्यक्ष तथा तेल्घा गाविस साविक वडा

नं. ३ का बासिन्दा अप्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। तानसेन १० सुनडाँडामा महिला सामुदायिक भवन जनसहभागिता र वडाको २ लाख बजेटमा निर्माण सम्पन्न भएको छ। समुदायको विभिन्न खालका बैठक बस्न उक्त भवनको निर्माणपछि सहज भएको छ। यस्तै तानसेन १०, आमडाँडास्थित बरडाँडा महिला सामुदायिक भवनको स्वीकृत बजेट ७५ हजार र जनसहभागितामा मर्मत सम्भार कार्य सम्पन्न भएको छ ।

तानसेन- १०, तेल्घा सपाङ्दी स्थित भलिवल खेल मैदान स्वीकृत बजेट २४ हजार ४ सय ७० रूपैयाँ र जनसहभागितामा निर्माण सम्पन्न भएको छ। खेल मैदान बनेपछि टोल स्तरीय खेल आयोजना गर्न सजिलो भएको छ। यस्तै तानसेन १० बेलगैरा रखलडाँडा सडक विस्तार अर्थात् पुरानो गोरेटोलाई सवारीयोग्य बनाउने काम भएको छ। जनसहभागिता र वडाको वजेट ४० हजारबाट करीब डेढ किलो मिटर उक्त सडक निर्माणपछि ५० घरधुरी लाभान्वित भएका छन् ।

दलित परिवारको स्वास्थ्य बीमाका लागि आवश्यक कायार्थ अध्यक्ष लोचनप्रसाद तिमिल्सिना, दलित महिला सदस्य बुद्धिसरा सुनार र वडासचिव हरिप्रसाद पन्थी रहेको सिफारिस समिति गठन गरेर काम सम्पन्न भइसकेको छ ।

अन्त्यमा आफ्नै अनुभूति- सबैको गुनासो वडा कार्यालयमा

नेपालको संविधानले व्यवस्था गरेको हक र अधिकारलाई सर्वसाधारणको घर आगनसम्म पुऱ्याउने उद्देश्य अनुरूप गत २०७४ सालमा स्थानीय तहको निर्वाचन सम्पन्न भयो। स्थानीय तहको निर्वाचन पछि २०७४ मंसिरमा प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भयो। अर्थात् संविधानत हुने सबै निर्वाचनहरू सम्पन्न भएका छन्। निर्वाचन त सकियो निर्वाचित जनप्रतिनिधिहरू जिम्मेवारी सम्हाल्नका खातिर आ-आफ्नो तहमा जानु स्वभाविक हो। केही नीति नियमहरू बनाउने क्रम पनि चलेको छ तर मतदाताहरूको भने एउटै आवाज छ- निर्वाचित जनप्रतिनिधिहरूले निर्वाचन अघि गरेका प्रतिबद्धता अब जति सक्यो चाडो पूरा गरून् ता कि आफ्ना न्यूनतम आवश्यकताहरू पूरा भएको व्यवहारमा नै अनुभूति गर्न पाइयोस् ।

मैले पनि स्थानीय तहको वडा अध्यक्षको जिम्मा लिने क्रममा वडा बासीसामु विभिन्न खाले प्रतिबद्धताहरू व्यक्त गरेँ। निर्वाचनमा बिजेता हुनेहरू हुन् वा उपबिजेता हुनेहरू हुन् उनीहरू सबैले गरेका प्रतिबद्धताहरूका बारेमा काम गरेर होस् वा आगामी सालका लागि भाका मागेर भएपनि चित्त बुझाउनु पर्ने हाम्रो बाध्यता छ। साधन र स्रोतको प्रयाप्त व्यवस्था भएमा स्थानीय तहका वडा अध्यक्ष र सदस्यहरूको सक्रियतामा सबैका प्रतिबद्धताहरू र जन आकाङ्क्षाहरू समयमा नै पूरा हुने थिए। यद्यपि सीमित साधन स्रोतका बाबजुद पनि जनप्रतिनिधिहरू मतदातासमक्ष गरेका बाचा अनुसार काम गर्न लागि परेका छौँ । (वडा अध्यक्ष, तानसेन-१०)

# यी हुन् तानसेन–११ का गतिविधि



दामोदर घिमिरे

तानसेन नगरपालिका पहाडी भेगमा अवस्थित भएकाले विकास निर्माणको कामका लागि पर्याप्त साधन श्रोतको अभावका कारण अपेक्षित प्रगति हुन सकेको छैन। यद्यपि हामीले नागरिकका समस्या सम्बोधन गर्नका लागि प्रयास गरेका छौँ। पहिलो वर्ष सडक वर्षको रूपमा काम गर्ने घोषणा अनुसार काम भएका छन् ।

तानसेन नगरपालिका-११ स्थित सम्मोबारी सिद्धबाबा पातीखरक मोटरबाटो सुधार तथा निर्माण कार्य सम्पन्न भएको छ। जनसहभागिता र नगरपालिकाको रू १ लाख ५० हजारमा करीब १ किलोमिटर लम्बाइको उक्त सडक निर्माण भएपछि १ सय २० घर परिवार लाभान्वितभएका छन्। तानसेन नगरपालिका वडा नं. ११ बन्दीपोखरास्थित थरीबारी टोल मोटर बाटो निर्माण सम्पन्न भएको छ। करीब ५ सय मिटर लम्बाइ रहेको उक्त सडकनिर्माणमा जनसहभागितासँगै नगरपालिकाको २० हजार खर्च भएको छ। उक्त सडकबाट ४० घर परिवार लाभान्वित हुनेछन् ।

तानसेन-११ स्थित स्वास्थ्य चौकीदेखि बुढीचौरसम्म करीब ६ सय मिटर सडक निर्माण सम्पन्न भएको छ। जनसहभागिता र नगरपालिकाको बजेट १ लाख ४० हजार लागतमा निर्मित उक्त सडकबाट करीव ४ सय घर परिवार लाभान्वित हुनेछन्। तानसेन नगरपालिका-११ स्थित गोड जोगेपानी काभ्रे कालीपोखरी मोटरबाटो निर्माण सम्पन्न भएको छ। नगरपालिकाको स्वीकृत बजेट १ लाख ६० हजार र जनसहभागितामा सम्पन्न १ किलोमिटर २ सय ५० मिटर लम्बाइको उक्त सडकबाट १ सय १० घर परिवार लाभान्वित भएका छन्। तानसेन नगरपालिका-११ स्थित खेतमुनि पूजेरीटोल बर्राबोट हुँदै अमराईसम्म करीब ४ सय मिटर सडक सुधार तथा थप निर्माण कार्य सम्पन्न भएको छ। नगरपालिकाको स्वीकृत बजेट १ लाख ५० हजार र

जनसहभागितामा निर्मित उक्त सडकबाट ५५ घर परिवार लाभान्वितभएका छन् ।

तानसेन नगरपालिका वडा नं. ११ को स्वीकृत ६ लाख बजेटबाट मियाँलपोखरीदेखि झियानपानीमा नयाँ प्रविधिबाट (लिफ्ट सिंचाइ) पानीतान्ने योजना सम्पन्न हुँदैछ। उक्त योजना यो समाचार तयार पार्दा सम्झौता प्रक्रियामा रहेको थियो। सिंचाइ योजनाबाट त्यस क्षेत्रका करीब १८ घरधुरी लाभान्वित हुने छन्।

चालु वर्ष २०७४/७५ को बजेटबाट तानसेन नगरपालिका वडा नं. ११ अन्तर्गत तीनलाँकुरी बाँझाहुँदै राजुबाससम्म करीब साढे दुई किलोमिटर लम्बाइ रहेको नयाँ सडक खन्ने काम सम्पन्नभएको छ। उक्त सडकबाट करीब ३ सय परिवार प्रत्यक्षलाभान्वितहुने देखिन्छ। तानसेन नगर पालिकाको बजेटबाट उक्त सडकका लागि रु १० लाख स्वीकृत भएको थियो। उक्त सडकमा सवारी चल्न सक्ने भएको छ। उक्त सडकको पाकुर बोटदेखि राजुबाससम्म नयाँ ट्रयाक खोलिएको हो। अब त्यो सडक हुँदै रिडी जान सहज हुन्छ।

तानसेन नगरपालिका वडा नं. ११ मा सेतीपोखरी सिस्ने बडहरबोट गुफाचौर धार्मिक सडक अर्न्तगत करीब ५ किलोमिटर सडक विस्तार सम्पन्न भएको छ। स्वीकृत बजेट रु १ करोडबाट पहिलेको सडकलाई सवारी योग्य बनाइएको हो। ५ सय बढी त्यस क्षेत्रमा बसोबास गर्ने नगरवासी त्यस योजनाबाट प्रत्यक्ष लाभान्वित हुने छन्। उक्त सडकबाट तानसेनका अन्य वडाहरु ५ र १० साथै तिनाउ गाउँपालिका अन्तर्गत मस्यामबासी समेत लाभान्वित हुनेछन्। तानसेन नगरपालिका-११ स्थित सामाकोट काभ्रे बाँझा चण्डीभञ्याङ पर्यटक पदमार्गका लागी ३ लाख बजेट स्वीकृत भएको छ। सम्झौता प्रक्रियामा रहेको उक्त योजनाबाट करीब ५ सय नगरवासी लाभान्वित हुने छन्।

तानसेन नगरपालिका-११ स्थित गार्गी माध्यमिक विद्यालय परिसरमा टेवा पर्खाल निर्माण कार्य सम्पन्न भएको छ। आव ०७४/७५ को ५ लाख बजेटबाट उक्त योजना सम्पन्न भएको हो।

तानसेन नगरपालिका-११, स्थित लाँकुरीडाँडा मौरीथान सेनपोखरी हुँदै भारकोटसम्म करीब ३ किलोमिटर लम्बाइ रहेको सडक सुधार तथा विस्तार कार्य सम्पन्न भएको छ। चालु वर्षको ५० हजार बजेटबाट उक्त कार्य सम्पन्न भएको र २ सय जनसंख्या लाभान्वित हुने छन्। तानसेन नगरपालिका-११ मा रहेको चण्डीका प्राथमिक विद्यालय भवनमा झ्यालढोका फेर्दै मर्मत तथा प्लाष्टर गर्ने काम सम्पन्न भएको छ। नगरपालिकाको स्वीकृत बजेट ६० हजारबाट उक्तकार्य भएको हो। त्यस विद्यालयमा करीब १ सय विद्यार्थी रहेका छन्।

तानसेन नगरपालिका-११ स्थित देउराली बिष्ट टोल राजुबास सडक खण्ड निर्माण सम्पन्नभएको छ। करीब ७ सय मिटर लम्बाइ रहेको उक्त सडकका लागि १ लाख रुपैयाँ स्वीकृत भएको थियो। स्थानीय बासिन्दाको समेत सहभागितामा उक्त सडक निर्माणपछि २ सय ५० बढी घरधूरी लाभान्वित भएका छन्। तानसेन नगरपालिका-११ स्थित बाझा नयाँ ठूलो कुलो बिस्तार योजनाको काम भैरहेको छ। चालु वर्षको रु १० लाख बजेट स्वीकृत भएको उक्त योजना सम्पन्न भएपछि करीब २ सय परिवार लाभान्वित हुने छन्। उक्त गाउँ कृषि पेशामा आधारित छ।

तानसेन नगरपालिका-११ मा बसोबास गरेका जेष्ठ नागरिक र पहेंलो कार्ड प्राप्त अपाङ्गत भएकालाई स्वास्थ्य बीमामा सघाउने काम भैरहेको छ। यसै कार्य अर्न्तगत यी पंक्ति तयार पार्दासम्मवडा नं. ११ मा ३८ जेष्ठ नागरिकका परिवार र २ अपाङ्गता (फरक क्षमता) भएका परिवारको परिचयपत्र बनाउने तथा स्वास्थ्य बीमा गरिदिने काम भएको छ। उक्त कार्यका लागि रु १ लाख स्वीकृत बजेट अन्तर्गत काम भैरहेको हो।

तानसेन नगरपालिका-११ अर्न्तगत सिस्ने भालुबन डुम्रे मोटरबाटोको भालुबन सडक खण्ड निर्माण सम्पन्न भएको छ। नगरपालिकाको स्वीकृत बजेट ४ लाख रहेको उक्त सडकको लम्बाइ करीब २ किलोमिटर सुधार तथा विस्तारपछि त्यस भेगका २ सय बढी घर परिवार लाभान्वितभएका छन्।


तानसेन नगरपालिका-११ ढुँगाखानी रानीकुवा खयरतुङ सुगापानी हुँदै तीनलाँकुरीसम्म करीब ६ किलोमिटर सडक सुधार तथा बिस्तार कार्य सम्पन्न भएको छ। ५ सय जनसंख्या लाभान्वित हुन सक्ने उक्त सडकको बजेट ६ लाख ५० हजार रहेको थियो।

तानसेन नगरपालिका-११ स्थित जुकिया, पुजेरीटोल गुदियाचौर मोटरबाटो सुधार तथाबिस्तार कार्य सम्पन्नभएको छ। ८ लाख ५० हजार स्वीकृत बजेट रहेको उक्त सडकको लम्बाइ ५ किलोमिटर रहेको छ। करीब ८ सय परिवारलाई प्रत्यक्ष लाभ पुग्न सक्ने उक्त सडक सवारीयोग्यबनाइएको छ।

तानसेन नगरपालिक-११, बन्दीपोखरामा बसोबास गर्ने दलित तथा अल्पसंख्यक समुदायका १ सय १७ परिवार को (यो समाचार तयार पार्दासम्म) निःशुल्क स्वास्थ्य बीमा गरिदिने काम भएको छ। स्वास्थ्य बीमाको लागि २ लाख ९२ हजार ५ सय रुपैयाँ वडा कार्यालय मार्फत भुक्तानी गरिएको छ। तानसेन नगरपालिकाले आव ०७४/७५ मा नगरपालिका भित्रका १ हजार दलित तथा अल्पसंख्यक परिवारको निशुल्क स्वास्थ्य बीमा गर्ने लक्ष्य अनुरुप वडामा उक्त काम भएको हो।

(वडा अध्यक्ष, तानसेन-११)

# विकास प्रयासमा तानसेन– १२ बौघापोखराथोक



देवेन्द्रबहादुर राना

साविक बौघापोखराथोक गाविस हाल तानसेन नगरपालिकाको वडा नं. १२ कायम भएको छ। वडालाई विनियोजन गरिएको ४५ लाख बजेटबाट अधिकतम रूपमा जनसरोकारका योजना सम्बोधन गर्ने प्रयास भएपनि अपेक्षा अनुसार योजना सम्पन्न गर्न नसकिएको अवस्था छ।

भएका केही गतिविधि

बतासेडाँडा लुहुङ जोर्ते मोटरबाटो (३ हजार ४ सय मिटर) नगरपालिकाको २० लाख, वडाको ८ लाख र उपभोक्ताको लागत सहभागिता २ लाख ९५ हजार ५ सय ५५ रूपैयाँ लगानीमा निर्माण सम्पन्न भएको छ। वडा नं. १२ र १३ का ६ सय १५ घरधुरी यो सडकबाट लाभान्वित भएका छन्। यस्तै मौवाडाँडा रिब्दी अवल मोटरबाटोका लागि वडाको वजेट ६ लाख र जनसहभागिता तर्फ ६३ हजार ३ सय ३३ बराबर लगानीमा निर्माण गरिएपछि १ सय ८० घरधुरी लाभान्वित भएका छन्। चण्डीभञ्ज्याङ भुतेधारा मोटरबाटो ४ सय ८० मिटर वडाको १ लाख र जनसहभागिता १२ हजारबाट निर्माण भएपछि १ सय ५ घरधुरीलाई आवागमन सुविस्ता भएको छ।

सार्वजनिक प्राथमिक विद्यालय परिसरमा टेवा पर्खाल निर्माण भएको छ। १३ मिटर टेवा पर्खालका लागि वडाबाट १ लाख र जनसहभागिता अन्तर्गत १० हजार ५ सय ५५ लगानी भएको थियो। त्यस विद्यालयमा गतवर्ष ३९ जना विद्यार्थी रहेका थिए।

लुम्बिनी माध्यमिक विद्यालयमा कम्प्यूटर शिक्षाका लागि वडा कार्यालयबाट ५० हजार सहयोग गरियो। त्यस विद्यालयमा २ सय ७६ विद्यार्थी अध्ययन गर्दछन्। नामीकुवा आधारभू विद्यालयमा भुइँमा बस्न सहज होस् भनेर वडा कार्यालयबाट कार्पेट खरिदका लागि ३० हजार सहयोग गरियो। लक्षित कार्यक्रमतर्फ अन्तर्राष्ट्रिय नारी दिवसमा कार्यक्रम आयोजना गरियो। उक्त कार्यक्रममा ३ सय ५ जनाको सहभागिता रहेको थियो। महिला लक्षित त्यस कार्यक्रमका लागि ५० हजार विनियोजन गरिएको थियो।

अपाङ्गता भएकाहरूको आय आर्जनमा सहयोग पुगोस् भनेर १० जनालाई १-१ वटा बाख्राको माउ वितरण गरियो। यसका लागि बजेट ५० हजार विनियोजन गरिएको थियो। दलित लक्षित कार्यक्रम अर्न्तगत ४० हजार बजेटबाट ५१ जनालाई पशु व्यवस्थापन सम्वन्धी २ दिनको तालिम आयोजना गरियो।

नामीकुवा लुहुङ वीरपोखरासम्म करीव ७ सय मिटर मोटरबाटो जनसहभागिता ६३ हजार ३ सय ३३ र वडाको ६ लाख लगानीमा निर्माण भएको छ। त्यसबाट २ सय ६५ घरधुरी लाभान्वित भएका छन्। कुहिरेभीर पिकनिक स्पोर्ट तथा रक गार्डेनका लागि वडाको १ लाख ५० हजार र जनसहभागिता ३ हजार ६ रूपैयाँमा काम सम्पन्न भएको छ। जसले गर्दा भ्रमण र वनभोजमा जाने पाहुना लाभान्वित भएका छन्।

नामीकुवा बुढोपधेरो सिंचाइ पोखरी वडाको वजेट ४५ हजार र जनसहभागिता ७ हजार लगानी गरेर निर्माण गरिएको छ। १५ घरधुरी यसबाट लाभान्वित भएका छन्। धारादी टंकी निर्माणका लागि वडाको २० हजार र जनसहभागिता तर्फ २ हजार १ सय ११ लगानी भएको छ। २५ घरधुरी लाभान्वित भएका छन्। ऐतिहासिक धार्मिक र तनपाँडे मन्दिर जाने पैदल बाटो नगरपालिकाको ५ लाख र जनसहभागिता ५२ हजार ७ सय ७७ लगानीबाट निर्माण गरिएको छ। भक्तजन, पर्यटक र स्थानीयलाई आवतजावतमा सहज भएको छ।

(वडा अध्यक्ष, तानसेन-१२)

❑ विद्यालय उमेर समूहका आफ्ना नानी बाबुलाई विद्यालय भर्ना गरौं।

# यी हुन् तानसेन–१३ का गतिविधि



टुकप्रसाद भट्टराई

तानसेन नगरपालिका १३ मा सिमल रूख चण्डीभन्ज्याङ् बौघागुम्हा छेर्लुङ् बाटोको गुम्हा छेर्लुङ् खण्ड करीब १ हजार ९ सय मिटर वडाको ५ लाख र नगरपालिकाको ३० लाख लागत तथा जनसहभागितामा काम भैरहेको छ।

बौघागुम्हादेखि केरवादी (साविक बौघागुम्हा गाविस ८ र ९) सम्म जोड्ने मोटर बाटो वडाको ५ लाख र जनसहभागिता समेतमा निर्माण सम्पन्न भएको छ। करीब २ किलोमिटर उक्त सडक निर्माणपछि त्यस भेगका नागरिकलाई आवागमनमा सहज भएको छ।

बौघागुम्हा (साविक वडा ५, ६ र ७) भैसीडाँडादेखि माझटोल हुँदै बौद्धबिहारसम्मको रिङरोड करीब डेढ किलोमिटर मोटर बाटो सुधार गर्ने काम सम्पन्न भएको छ। वडाको ७० हजार र जनसहभागितामा बाटो सुधार भएपछि ७० घरधुरीका जनता लाभान्वित भएका छन् ।

तानसेन-१३, गुम्हास्थित सर्वोदय मावि परिसरमा तारजाली लगाउनका लागि वडाबाट १ लाख सहयोग गरियो। तारजाली लगाएपछि विद्यालय परिसर शान्त र सुरक्षित राख्न सहयोग पुगेको छ। यस्तै तानसेन १३, छेर्लुङस्थित शारदा माविमा शौचालय मर्मतका लागि वडा कार्यालयबाट रू. १ लाख सहयोग गरियो। ठूलापोखरा बोटे गाउँस्थित राधाकृष्ण विद्यालयमा आवश्यक मर्मत कार्यका लागि वडाबाट ५० हजार सहयोग गरियो। उक्त विद्यालयमा बोटे बालबालिका पढ्छन्।

तानसेन-१३, साउरी गौँडा (साविक वडा नं. १) मा सामुदायिक भवन निर्माणका लागि वडाको सहयोग रू १ लाख बाट जग हाल्ने काम भएको छ। आगामी वर्ष निर्माण सम्पन्न गर्नका लागि बजेट विनियोजन गरिने छ। लक्षित वर्ग कार्यक्रम अर्न्तगत महिला सञ्जालका लागि १ लाख ५० हजार बालबालिकाका लागि ६० हजार, अपाङ्गता भएका नागरिकका लागि ५० हजार, दलित कार्यक्रमका लागि ५० हजार, आदिवासी जनजाति कार्यक्रमका लागि ७० हजार बजेट विनियोजन गरि कार्यक्रम अगाडि बढाइएको छ। यस्तै युवा लक्षित कार्यक्रमका लागि ५० हजार र जेष्ठ नागरिक सम्मानका लागि ७० हजार वजेट विनियोजन गरि कार्यक्रम गरिदैछ।

अल्पसंख्यक र दलित समुदायको लागि स्वास्थ्य उपचारमा पहुँच पुऱ्याउन यस वडाका दलित ७ परिवार र बोटे माझी ६५ घर परिवारको निशुल्क स्वास्थ्य बीमा नगरपालिकाको सहयोगमा गरिएको छ।

चिउदी भुल्के लिफ्ट खानेपानी योजनाका लागि वडाबाट ९ लाख बजेट विनियोजन गरिएको छ। उक्त योजना सम्पन्न भएपछि साविक वडा ४, ५, ६ र ७ का करीब १ सय ८० घरपरिवार खानेपानीका लागि लाभान्वित हुनेछन् ।

साविक वडा नं. ८ केरवादीस्थित सामुदायिक भवन मर्मतका लागि वडाबाट ६० हजार सहयोग गरियो। उक्त सहयोग अर्न्तगत ग्रिल र फलामको बार राख्ने काम सम्पन्न भएको छ।

जनशक्तिको कमि र सीमित साधन स्रोतका कारण जन अपेक्षा अनुसार काम गर्न सकिएको छैन। तानसेन-१३ स्थित सीमलरूख चण्डीभन्ज्याङ्ग गुम्हा हुँदै छेर्लुङ काली गण्डकी करिडोरमा जोडिने सडकमार्ग निर्माण सम्पन्न भएमा नगर पालिकाको समग्र विकास निर्माणका लागि आवश्यक सामग्री आपूर्ति गर्न सहज हुन्छ। यो वहुवर्षीय सडक हो। यसलाई द्रूतमार्गको रूपमा उपयोग गरिने सोच छ। यसर्थ सबैको ध्यान यसमा केन्द्रित हुन आवश्यक छ।

(वडा अध्यक्ष, तानसेन-१३)



तानसेन–१३मा तरकारी खेती सम्बन्धी तालिम

# तानसेन– १४ का गतिविधि



कमल राना

तानसेन नगरपालिकालाई समृद्ध तुल्याउन हामी सबै तल्लीन छौं। पहिलो वर्ष निर्वाचनमा केन्द्रित हुनु परेको र कतिपय अन्य कारणले पनि अपेक्षा बमोजिम काम भएका छैनन्। आगामी वर्ष हामी काममा केन्द्रित भएर लाग्ने छौँ। यी पंक्ति तयार पार्दासम्म भएका केही काम यस्ता छन्–

अशक्त, अपाङ्ग (फरक क्षमता भएका) र जेष्ठ नागरिकलाई आव ०७४/७५ को प्रथम चौमासिकदेखि सामाजिक सुरक्षा भत्ता बापतको रकम घरदैलोमा उपलब्ध गराएका छौँ। सामाजिक सुरक्षा भत्ता बापत ३ सय ५० जनालाई घरदैलोमा रकम उपलब्ध गराइएको छ।

स्याङ्जा, गुल्मी र पाल्पाको संगम रूरू क्षेत्र अर्थात् रिडीमा माघ १ देखि ५ गतेसम्म माघे संक्रान्ति मेलाका बेला तानसेन-१४ वडा कार्यालयले मेला ब्यवस्थापन सहयोग गरेका थियौँ। रूरू क्षेत्र विकास तथा व्यवस्थापन समिति मार्फत व्यापारिक टहरा निर्माण गरिएको र यस पटक करीब १८ लाख आम्दानी भएको मध्ये ११ लाख जति खर्च भएको छ।

चालु वर्षमा नगरपालिका भित्रका अल्पसंख्यक र दलित घर परिवारको निशुल्क स्वास्थ्य बीमा गर्ने तानसेन नगरपालिकाको लक्ष्य अनुसार यो समाचार तयार पार्दासम्म वार्ड नं. १४ मा ६९ घर परिवारको स्वास्थ्य बीमा गरिएको छ। आमा र बच्चाको स्वास्थ्यमा सकारात्मक प्रभाव परोस् साथै स्वस्थ बच्चा जन्मोस् भन्ने उद्देश्यले तानसेन-१४ अर्गलीले चालु वर्षको साउनदेखि स्वास्थ्य संस्थामा गर्भ परीक्षण गर्न आएका महिलाहरूलाई बाल पोषणयुक्त खानेकुरा वितरण  शुरू गरेको छ। यस्तो सुविधा ५ जनाभन्दा बढीले प्राप्त गरि सकेका छन् ।

हरेक वर्ष झै यस पटक पनि कार्तिके ठूलो एकादशीमा रिडीमा हृषिकेश भगवानको रथयात्रा आयोजना गरियो। तानसेन-१४ वडा कार्यालयको सहयोगमा यस पटक अर्गलीको टिपुरेसम्म रथयात्रा गरिएको थियो। पहिले रिडीमा मात्र रथयात्रा गरिन्थ्यो।

मातृ शिशु स्वास्थ्यमा सहयोग पुऱ्याउने उद्देश्यअनुरूप यस आर्थिक वर्षमा कुनै पनि स्वास्थ्य संस्थाबाट पहिलो र दोस्रो बच्चा जन्माउँदा सुत्करी सेवा लिने वडाका महिलाहरूलाई सुत्केरी स्याहार खर्च उपलब्ध गराइएको छ। फागुन १५ गतेसम्म तानसेन-१४ का ८ जनाले उक्त सुविधा प्राप्त गरे। भूकम्पका कारण घर पूर्ण क्षति भएका तानसेन-१४ अर्गलीका ७९ परिवारमध्ये ५९ परिवारले पहिलो किस्ता वापतको रु ५० हजार प्राप्त गरेका छन्। दोस्रो किस्ता र पहिलो किस्ता प्राप्त गर्न छुट हुनेहरूको लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ।

तानसेन-१४ अर्गलीका सडक वर्षातमा बिग्रेपछि नगरपालिकाको सहयोगमा मर्मत सम्पन्न भएको छ। करीब ७ किलोमिटर सडक मर्मत र सफा गर्दा १ लाख ५० हजार खर्च भएको छ।

(वडाअध्यक्ष, तानसेन-१४)




- ❑ विद्यालय, समुदाय र पारिवारमा बालमैत्री सिर्जना गरौं।
- ❑ विद्यालयलाई शान्तिक्षेत्र कायम गरौं।
- ❑ बालबालिकाको अधिकतम सिकाइको सुनिश्चितता गरौं।
- ❑ बाल बिबाहलाई निरूत्साहित गरौं।
- ❑ बालमैत्री स्थानीय शासनको अवलम्वन गरौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# तानसेन नगरपालिकाका अन्य गतिविधिहरु

## पशु विकास शाखाको काम



हरिप्रसाद कोइराला

तानसेन नगरपालिका पशु विकास शाखाको आर्थिक वर्ष २०७४/७५ का लागि कुल रु १२ लाख बराबरको बजेट तथा कार्यक्रम रहेको छ। यी पंक्ति लेखिरहदा विभिन्न कार्यक्रम सम्पन्न भएका छन्। पशु स्वास्थ्य नियमन कार्यक्रम अन्र्तगत मासु पसल तथा डेरी पसल अनुगमन २ पटक गरिएको छ। पशुजन्य उत्पादनको उपभोक्ता जागरण गोष्ठी तानसेन नगरपालिकाको हलमा सम्पन्न भयो। कार्यक्रममा मासु व्यवसायी, उपभोक्ता, डेरी उद्यमी, समूह, सहकारीलगायतका क्षेत्रबाट प्रतिनिधिमूलक रूपमा उपस्थिति रहेको थियो।

पशु स्वास्थ्य तथा परजीवी नियन्त्रण शिविर तानसेन-१३ बौघागुम्हामा सम्पन्न भयो। २ सय ४३ परिवाका ७ सय ३५ पशुहरूलाई सेवा पुर्‍याइएको थियो। तानसेन-११ बन्दीपोखरमा र तानसेन-१४ अर्गलीमा पशु व्यवस्थापन स्थलगत तालिम सम्पन्न भएको छ। बन्दीपोखरामा ३२ जना र अर्गलीमा २७ जना सहभागी थिए।

पशु आहारा सेवा अन्र्तगत हिउँदे घाँस (जै, भेच) को बीउ निशुल्क बितरण गरिएको छ। विभिन्न डेरी, पकेट क्षेत्रका पशुपालक ३५ कृषकहरूलाई बीउ उपलब्ध गराइएको थियो। नर्सरी व्यवस्थापन, डालेघाँस बिरूवा उत्पादन कार्यक्रमलाई निरन्तरता दिइएको छ। तानसेन-१ स्थित ध्रुवघाट नर्शरीबाट यो वर्ष २५ हजार विभिन्न डालेघाँसका बिरूवा उत्पादन गरिदैछ।

पशु उपचार सेवा निरन्तर उपलब्ध गराइएको छ। कृत्रिम गर्भाधान तथा नश्ल सुधार कार्यक्रम अन्र्तगत २ सय १५ पशुमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइएको छ। किसानहरूको समस्या समाधानसँगै पशुजन्य पदार्थको उत्पादन वृद्धिका लागि बजेटले सम्बोधन गर्ने प्रयास गरिएको छ।

(पशु चिकित्सक, पशु सेवा शाखा)

## तानसेन नगरपालिकाको सार्वजनिक सुनुवाइ

पाल्पा, फागुन ३० गते तानसेन नगरपालिकाको सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ। नगर प्रमुख अशोककुमार शाहीको अध्यक्षता, उपप्रमुख लक्ष्मीदेवी पाठकको स्वागत र पत्रकार महासंघ पाल्पाका तर्फबाट सभासद राजेन्द्र लिगलको सहजीकरणमा सार्वजनिक सुनुवाइ कार्यक्रम भएको हो।

कार्यक्रममा प्रमुख, उपप्रमुख, नगरपालिकाका प्रबक्ता दामोदर घिमिरे लगायत वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत जीवन ज्ञवाली लगायत नगरपालिकाका विभागीय प्रमुखहरु, नगरसभा सदस्यहरु, पत्रकार, प्रमुख जिल्ला अधिकारी बिष्णुप्रसाद ढकाललगायत कार्यालय प्रमुखहरु र नगर बासीको उपस्थिति थियो। आर्थिक वर्ष ०७४/७५ को ६ महिनामा भए गरेका कार्यक्रम र आयोजनाको बारेमा सार्वजनिक सुनुवाइ केन्द्रित थियो। नगरप्रमुख शाहीले सीमित साधन स्रोत बीच अधिकतम काम गर्ने सोच भएपनि अपेक्षित काम गर्न नसकिएको प्रष्ट पार्नु भयो। बजेट र सम्पन्न कार्य योजनाबारे नगरपालिकाका सूचना अधिकारी विष्णु पौडेलले संक्षेपमा जानकारी गराउनु भयो। नगरसभाबाट स्वीकृत ६९ करोड ११ लाख ३१ हजार ९ सय ३७ रूपैयाँ चालु आर्थिक वर्षको बजेट रहेको बताइयो। पूँजीगतमा २०.४९ प्रतिशत र विषयगतमा ७८ प्रतिशत प्रगति भएको जानकारी पौडेलले दिनु भयो। ४ सय ९० कुल योजनामध्ये २ सय २२ योजनाको सम्झौता भएको र २८ योजना सम्पन्न भएको बताइयो। २८ जना नगरवासीले खानेपानी, ढल, सडक, बसपार्क श्रीनगर र टुँडिखेल व्यवस्थापन, फोहर व्यवस्थापन, सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धी ध्यानाकर्षण गराए। पत्रकारहरूले तानसेन नगरवासीले अनुभूति गर्ने खालका काम गर्न सुझाव दिए।

फोहर व्यवस्थापनबारे जवाफ दिदै शाखा प्रमुख शंकर भण्डारीले १७ जनाले सरसफाइको जिम्मेवारी धानेको, दैनिक ८ हजार किलोग्राम नकुहिने र ७ हजार ५ सय किलोग्राम कुहिने फोहर संकलन हुने गरेको बताउनु भयो। नगरबासीले साथ दिएमा अझै प्रभावकारी ढंगले फोहर व्यवस्थापन गर्न सक्ने भण्डारीले जानकारी गराउनु भयो। नेपाल

पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष भरत शर्माले सुनुवाइमा उठेका समस्या सम्बोधन गरिनु पर्छ भन्नु भयो। प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद ढकालले बुटवल तानसेन सडक चारलेनको बनाउन, पाल्पा दरबार संग्रहालयलाई ५ नं. प्रदेशस्तरीय बनाउन र ऐतिहासिक तथा धार्मिक सम्पदा संरक्षण र उपयोगका योजना बनाएर काममा लाग्न सुझाव दिनु भयो। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय पाल्पाका प्रमुख केशवलाल शाक्यले खानेपानी र ढलको काम भैरहेको बताउनु भयो। प्रमुख प्रशासकीय अधिकृत जीवन ज्ञवालीले कर्मचारीलाई कामप्रति उत्साहित तथा प्रोत्साहित गराएर निर्धारित योजना समयमै सम्पन्न गर्ने गरी नगरपालिका अघि बढेको प्रष्ट पार्नु भयो। नगर प्रमुख शाहीले शुभेच्छा, सुझाव, शुभकामना र जिज्ञासाहरु सम्बोधन गर्दै भौतिक विकाससंगै मानवीय आवश्यकता र प्रवर्द्धनात्मक कार्यक्रमतर्फ भएका प्रगतिको चर्चा गर्नु भयो। शाहीले अल्पसंख्यक र दलित परिवारको लागि नगरपालिकाले निशुल्क स्वास्थ्य बीमा शुरु गरेको, मातृ शिशु रक्षा कार्यक्रम, व्यवहारिक पर्यटन गुरु योजना, फोहर व्यवस्थापनका लागि भए गरेका कार्यक्रमबारे उल्लेख गर्नु भयो। नगर प्रमुख शाहीले भन्नु भयो- "तपाईंहरु साथ दिनुहोस्, हामी तानसेनको मुहार फेर्ने काम गर्नेछौँ।

## तानसेनको खुल्ला क्षेत्रबारे छलफल

पाल्पा, तानसेन नगर क्षेत्रभित्र अवस्थित विभिन्न ९ वटा खुल्ला क्षेत्रका बारेमा चैत्र १४ गते छलफल तथा नक्सासहित प्रतिवेदन हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ।

तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीको अध्यक्षतामा भएको कार्यक्रममा मूलपाहुना प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद ढकाल हुनुहुन्थ्यो। ढकालले भूकम्प पछिको आपतकालीन अवस्थामा निजी वा सार्वजनिक जे भए पनि खुल्ला जमिन सुरक्षाखातिर प्रयोग गर्न सकिने बताउनु भयो। आइओएम (IOM) संस्थाकी पूजा श्रेष्ठले प्रतिवेदन प्रस्तुत गर्दै नगरप्रमुख शाहीलाई हस्तान्तरण गुर्नु भयो। नगरपालिकाका शाखा अधिकृत भरत आचार्यको सञ्चालन, आइओएमका नवीन कार्कीको स्वागतमा कार्यक्रम भएको थियो। कार्यक्रममा जिल्ला समन्वय समितिकी उपप्रमुख मीरा मरासिनी, जिल्ला समन्वय अधिकारी रामप्रसाद पाण्डे, सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख एवम् प्रतिनिधि, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्याल, सुरक्षा निकायका प्रतिनिधि, विपत व्यवस्थापन समितिका पदाधिकारी, जनप्रतिनिधि लगायतको उपस्थिति रहेको थियो।

## तानसेन नगरपालिकाको स्वास्थ्य अवस्था

स्वास्थ्य, शिक्षा र पर्यटनको लागि प्रसिद्ध मानिएको तानसेनमा मिसन अपस्पताल र लुम्बिनी मेडिकल कलेज प्रभाससमेत रहेका छन्। स्वास्थ्य शिक्षामा मेडिकल कलेज र गुणस्तरीय स्वास्थ्य सेवामा मिसन अस्पतालको नाम चर्चामा आउँछ। यी बाहेक यो सामग्री तयार पार्दासम्म तानसेनमा वडा नं. ४ मा १५ बेडको पाल्पा जिल्ला अस्पताल छ। वडा नं. ५ मा शहरी स्वास्थ्य केन्द्रमा ३ जना स्वास्थ्यकर्मीको दरबन्दी भएपनि १ पद रिक्त छ। वडा नं. ७ मा शहरी स्वास्थ्य केन्द्रमा ३ जना स्वास्थ्यकर्मीले सेवा प्रवाह गरेको अवस्था छ। वडा नं. ८ मा सामुदायिक स्वास्थ्य इकाईमा दरवन्दी ३ जनाको भएपनि २ जना स्वास्थ्यकर्मीले सेवा गरेका छन्। वडा नं. ९ स्थित मदनपोखरा स्वास्थ्य चौकीमा ५ जना स्वास्थ्यकर्मीले सेवा गरेका छन्।

वडा नं. १० को तेल्घा स्वास्थ्यचौकीमा ५ जना स्वास्थ्यकर्मीको दरवन्दी भएपनि २ जना अध्ययन बिदामा रहेको अवस्था छ। वडा नं. ११ को बन्दीपोखरा स्वास्थ्य चौकी, वडा नं. १२ को बौघा पोखराथोक स्वास्थ्य चौकी , वडा नं. १३ को बौघागुम्हा स्वास्थ्य चौकी र वडा नं. १४ को अर्गली स्वास्थ्य चौकीमा दरवन्दी अनुसार ५-५ जना सेवा पुऱ्याएको अवस्था छ। वडा नं. १३ मा सामुदायिक स्वास्थ्य इकाई स्थापनाको क्रममा रहेको छ।

महिला स्वास्थ्य स्वयम्सेविकातर्फ वडा नं. १ मा ४, २ मा ६, ३ मा ६, ४ मा २, ५ मा ९, ६ मा ४,७ मा ४, ८ मा ५, ९ मा ४, १० मा ९, ११ मा ९,१२ मा ९,१३ मा ९ र १४ मा ९ समेत ८९ जना क्रियाशील रहेका भेटिन्छन्। नेपाल सरकारको चालु आर्थिक वर्षको अनुदान ४ करोड ९३ लाख ६९ हजार बजेटबाट तलब, भत्ता लगायत सेवाका कामहरू भएको छ। सेवाग्राहीको सुझाव र नगरसभाको निर्णय शिरोधार्य गर्दै स्वास्थ्यकर्मी अगाडि बढ्नु पर्ने देखिन्छ। (नगर स्वास्थ्य संयोजक सिरबहादुर राना र उपसंयोजक शारदा भट्टराईको सहयोगमा)

हाम्रो पहिचानः
नगर सरसफाइ अभियान
अनुरोधक –तानसेन नगरपालिका

# जनप्रतिनिधिलाई कम्प्युटर तालिम

पाल्पा, तानसेन नगरपालिकाले कार्यपालिका सदस्यहरूको लागि कम्प्युटर तालिम आयोजना गरेको छ। फागुन २७ देखि चैत्र ३ सम्म चलेको तालिम आइटी जक्शनले सहजीकरण गरेको थियो।

समारोहबीच नगरप्रमुख अशोककुमार शाहीले तालिमको शुभारम्भ गर्नु भयो। शाहीले सीप भएपछि जनप्रतिनिधिलाई काम गर्न सहज हुने बताउनु भयो। उपप्रमुख लक्ष्मीदेवी पाठकले सीप सिक्न उमेर बाधक नहुने बताउनु भयो्। आइटी जक्शनका प्रबन्ध निर्देशक महेश शर्माले समय थोरै भए पनि आवश्यक सीप सिकाउन आफूले कोशिश गर्ने बताउनु भयो। शुभारम्भ समारोह सुनीता अधिकारीको सञ्चालनमा भएको थियो। तालिममा २१ जनाको सहभागिता थियो।

# प्राङ्गारिक कौसी खेतीका लागि सीप र सामग्री

पाल्पा, तानसेन नगरपालिकाले वडा नं. ३ र ६ का ३८ महिलालाई १ दिने प्राङ्गारिक कौसी खेती तालिमसहित आवश्यक सामग्री मल र तरकारी बीउ बितरण गरेको छ।

नगरपालिकाको कृषि विकाश शाखाकी अधिकृत निशा कँडेलको सञ्चालन, नगर उपप्रमुख लक्ष्मीदेवी पाठकको अध्यक्षता र शाखा अधिकृत भरत आचार्यको सञ्चालनमा चैत्र २७ गते सामग्री हस्तान्तरण कार्यक्रम सम्पन्न भयो।

नगर उपप्रमुख पाठकले कुहिने फोहरबाट प्राङ्गारिक मल घरमै बनाएर कौसीमा तरकारी तथा फूल खेती गरेर समयको सदुपयोगसँगै खर्च कटौती र नगर सफा राख्न सहयोग पुग्ने भएकाले यो कार्यक्रम गरिएको बताउनु भयो। वडा नं. ३ का वडा अध्यक्ष महेशलाल शाक्यले स्वस्थ र स्वच्छ तरकारी खान तालिमले सघाउने बताउनु भयो। वडा नं. ६ का वडा अध्यक्ष सागरमान महर्जनले ज्ञान, सीप व्यवहारमा उतार्दै घरमै उत्पादनका लागि सक्रिय हुन सहभागीलाई आग्रह गर्नु भयो। कृषि विकास अधिकृत निशा कँडेल, प्राविधिक सहायकद्वय कल्पना पोखरेल र कस्तुरी अस्लामीले तालिम सहजीकरण गर्नु भएको हो। सामग्रीमा प्राङ्गारिक मल १० केजी, हजारी १, गमला २, तरकारी रोप्ने बाकस १ र तरकारी बीउसमेत वितरण गरिएको थियो।

# नगरपालिकाको प्रोफाइल बन्दै

पाल्पा, तानसेन नगरपालिकाले नगरप्रोफाइल बनाउने कामलाई अगाडि बढाएको छ। यसै बीच COMMITTED को आयोजना तथा द एसिया फाउण्डेसनको सहयोगमा पुस २७ गते तानसेन नगरपालिकाको नगर प्रोफाइल निर्माण सम्वन्धी छलफल कार्यक्रम सम्पन्न भएको नगरपालिकाका सामाजिक शाखा अधिकृत भरत आचार्यले बताउनु भयो। यस अघि समेत प्रमुख, उपप्रमुख प्रशासकीय अधिकृत लगायतसँग त्यसबारे आयोजक संस्थाले छलफल गरेको नगरप्रमुख अशोककुमार शाहीले जानकारी गराउनु भयो ।

# कोरियामा तानसेन नगरबारे प्रस्तुति

पाल्पा, अर्गनाइजेशन फर इकोनोमिक कोपरेशन एण्ड डेभलपमेन्ट (OECD) को आयोजनामा दक्षिण कोरियाको सियोलमा च्याम्पियन मेयर्स मिटिङ तथा आवास, सवारी र जमिनमाथि भैरहेको विभेदीकरणको समाधान विषयक अर्न्तदेशीय छलफल कार्यक्रम सम्पन्न भएको छ। अक्टोबर १८,१९ र २० मा भएको कार्यक्रममा नेपाल अमेरिका, कोरिया, भीयतनाम, रसिया, इरान, म्यानमार, चीन, श्रीलंका, स्पेनलगायत विभिन्न देशका ५० नगर प्रमुखहरूको सहभागिता थियो। नेपालबाट तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाही र वडाअध्यक्ष वरूणकुमार रेग्मी कार्यक्रममा सहभागी हुनुहुन्थ्यो। तानसेनले प्रस्तुत गरेको सवाल प्रभावकारी रहेको र सहभागीहरूले तानसेनबारे सोधखोज गरेको नगरप्रमुख शाहीले बताउनु भयो ।




(दक्षिण कोरियाको सियोलमा च्याम्पियन मेयर्स मिटिङमा नगर प्रमुख अशोककुमार शाही लगायत)

# दुई प्रेस सल्लाहकारबीच कुराकानी

काठमाडौं, स्थानीय तहको निर्वाचन यता जनअपेक्षा अनुसार काम हुन नसक्नुका कारण र नगर तथा महानगरको अवस्थाबारे काठमाडौं महानगरपालिकाका प्रेस सल्लाहकार राजेन्द्र स्थापित र तानसेन नगरपालिकाका प्रेस सल्लाहकार गोविन्द भट्टराईबीच पुस २४ गते छलफल भएको थियो। यो वर्ष भएको २ पटकको चुनाव, आवश्यक ऐन कानूनको रिक्तता, जनप्रतिनिधि र कर्मचारीबीच आवश्यक समन्वय र सहयोगको कमी तथा नागरिकहरु बीच नै विकास निर्माणका सवालमा मतैक्यता नहुनुले चालु योजनाले गति लिन नसकेको स्थापितले प्रष्ट पार्नु भयो।



कामनपाका प्रेस सल्लाहकार राजेन्द्र स्थापित र तानपाका प्रेस सल्लाहकार गोविन्द भट्टराई बीच छलफल हुँदै।

तानसेनको वर्तमान अवस्थाबारे भट्टराईले अवगत गराउनु भयो। स्थापितले महानगरमा ११ विभाग, २७ महाशाखा र ७१ शाखा रहेको सहायकस्तर (पहिलो तह) देखि अधिकृत स्तर (आठौ तह) सम्म १ हजार ७ सय ५२ जना स्थायी, ९४ जना करार र २३ काजमा समेत १ हजार ८ सय ६९ कर्मचारी कार्यरत रहेको बताउनु भयो । स्थापित र भट्टराईबीच नगरलाई सवल, सक्षम र समृद्ध बनाउन कर्मचारी व्यवस्थापन, जनप्रतिनिधि र कर्मचारी बीच समन्वय र सहयोग तथा नागरिक सहभागिता आवश्यक रहने कुराकानी भएको थियो।

# कुहिने फोहरका लागि कम्पोष्टविन

पाल्पा, तानसेन नगरपालिकाले माघ १५ गते समारोहबीच ४ टोल विकास समितिलाई ६० कम्पोष्टविन उपलब्ध गराएको छ। नगरप्रमुख अशोककुमार शाहीले रोगको कारक तत्त्व फोहर हो भन्दै मेरो तानसेन मैले सफा गर्नुपर्छ भन्ने भावनाका साथ फोहर ब्यबस्थापनमा सबै नागरिक सहभागी भए मात्र तानसेनलाई सफा राख्न र आफू स्वस्थ हुन् सकिन्छ भन्नु भयो। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीबन ज्ञवालीले नगर सफा राख्ने दायित्व नगरबासीको समेत हो तसर्थ सित्तैमा पाइयो भनेर कम्पोष्टविन प्रयोगमा निस्क्रिय नबनौं भन्नु भयो। वार्ड नम्बर ३ का अध्यक्ष महेशलाल शाक्यले फोहर घरघरमै ब्यबस्थापन गर्न आग्रह गर्नु भयो।

नगरपालिकाका सामाजिक शाखा अधिकृत भरत आचार्यको सञ्चालनमा भएको कम्पोष्टविन वितरण कार्यक्रममा फोहर ब्यबस्थापन शाखाका प्रमुख शंकर भण्डारीले कुहिने फोहोर ब्यबस्थानका लागि कम्पोष्टविन वितरण गरिएको बताउदै प्राबिधिक सहयोग नगरपालिकाले गर्ने जानकारी गराउनु भयो। भण्डारीले कम्पोष्टविन वितरण गरिएका टोलमा कुहिने फोहोर ब्यबस्थापन अब आफैले गर्नुपर्ने बताउन भयो।

आदर्श टोल विकास संस्था, मेहलधारा टोल विकास संस्था, पुरानो पानीटंकी टोल विकास संस्था र बड्डिज्ञान टोल टोलविकास संस्थालाइ समेत गरेर ६० थान कम्पोष्टविन वितरण गरिएको हो। कार्यक्रममा टोल विकास संस्थाका सदस्य , जनप्रतिनिधि, पत्रकार र कर्मचारी लगायत उपस्थित थिए ।



फोहर ब्यबस्थापनका लागि कम्पोष्टविन वितरण गर्दै नगर प्रमुख अशोककुमार शाही

# तानसेनलाई पर्यटकीय शहर बनाउन छलफल

पाल्पा, 'एक शहर एक पहिचान' अन्तर्गत तानसेन नगरपालिकालाई कस्तो नगर बनाउने भन्नेबारे पुस १८ गते सरोकारवालाहरु बीच छलफल भएको छ। नगर प्रमुख अशोककुमार शाहीको अध्यक्षता, नगरपालिकाका सूचना अधिकृत विष्णु पौडेलको सञ्चालन र शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय पाल्पाका प्रमुख रमेश थपलियाको स्वागतमा कार्यक्रम भएको थियो। विषयगत प्रस्तुति डा.सञ्जय उप्रेतीले गर्दै पहिचानमा टेवा पुग्ने ५-७ करोडको योजना छनौट गर्नु पर्ने बताउनु भयो।

नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्यालले सेनकालीन तानसेनको पहिचान उजागर हुने गरी ऋषिकेशव क्षेत्र, श्रीनगर र प्रभास क्षेत्र समेटेर योजना बनाउनुपर्ने बताउनु भयो। तानसेन गुठी पाल्पाका अध्यक्ष राजेश्वर उदयले बुद्ध र गणेशको बिशाल मूर्ति, ध्यान केन्द्र र बौद्ध पुस्तकालय स्थापना गरिनु पर्ने कुरा राख्नु भयो। समाजसेवी तथा शिक्षाविद सोमनाथ अर्यालले मुकुन्दसेन, उजीर सिंह थापाको मूर्ति स्थापना गर्नुपर्ने बताउनु भयो। पत्रकार गोविन्द भट्टराईले वार्डस्तरबाट रायसुझाव संकलन गरेर कार्यक्रममा समेटिनु पर्ने बताउनु भयो। उद्योग बाणिज्य संघ पाल्पाका पूर्व महासचिव भीमसेन कार्कीले दरबार परिसर, सिल्खान, शीतलपाटी क्षेत्रमा टाइल छाप्ने, स्थानीय उत्पादन बेचबिखनका लागि कोशेलीघर सञ्चालन गर्नुपर्ने बताउनु भयो।

जनप्रतिनिधि मुक्तिराम जीसीले प्रभास क्षेत्रको संरक्षण गर्नुपर्ने बताउनु भयो। पर्यटनविद मनमोहन श्रेष्ठले सेनकालीन धरोहर संरक्षण गरौं भन्नु भयो। जनप्रतिनिधि टुक भट्टराईले रानीमहलसम्म केबुलकार सञ्चालनको माग गर्नु भयो। जनप्रतिनिधि महेशलाल शाक्यले श्रीनगरमा बिशाल बौद्ध मूर्ति स्थापना गरेर बौद्ध पर्यटन विकासलाई जोड दिनु पर्ने बताउनु भयो। उद्यमी प्रदीप उदयले तानसेन नगरक्षेत्रका पुराना संरक्षण गर्न सुझाव दिनु भयो। होम स्टे व्यवसायी धनिश्वर बस्यालले बुद्धसँग जोडेर संरचना बन्नु पर्छ भन्नु भयो। पाल्पा संग्रहालयका अध्यक्ष राजेन्द्र गोपाल सिंहले सबै मिलेर तानसेनको पहिचान कायम गरौं भन्नु भयो। बुद्धिजीवी आनन्द खनाल, साहित्यकार टंक पन्थलगायतले तानसेनको विकासका लागि नगर वासीको साथ र सहयोग चाहिने बताउनु भयो। नगरप्रमुख शाहीले बुद्ध, सेन वंश, माण्डब्य ऋषि, ऋषिकेशव, श्रीनगरको सौन्दर्यकरणलगायत सवालका योजनाबारे आवाज उठेको प्रष्ट पार्नु भयो।

# तानसेनमा ७ विधेयक पारित

पाल्पा, तानसेन नगरपालिकाको दोस्रो नगरसभाले सात वटा विधेयक पारित गरेको छ। चैत्र २८ र २९ गते चलेको सभाले सात वटा विधेयक पारित गरेको पत्रकार सम्मेलनमा जानकारी गराइएको हो। नगरसभाले विनियोजन ऐन २०७४ (संशोधित), आर्थिक कार्यविधि (नियमित तथा व्यवस्थित गर्न बनेको) ऐन, प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन, कृषि व्यवसाय प्रवर्द्धन ऐन, न्यायिक समितिले उजुर ीको कारबाही गर्दा अपनाउनु पर्ने कार्यविधि ऐन, तानसेन नगरपालिकाका पदाधिकारीहरूको आचारसंहिता र सहकारी ऐन सभाबाट पारित गरिएको पत्रकार सम्मेलनमा नगर प्रमुख अशोककुमार शाहीले बताउनु भयो।
(फोटो-१ दोस्रो नगर सभा)

शाहीका अनुसार पारित विधेयक तानसेन नगरपालिकाबाट जारी हुने राजपत्रमा प्रकाशित भएलगत्तै प्रारम्भ हुनेछ। गत भदौमा सम्पन्न भएको प्रथम सभाले पारित गरेको विनियोजन ऐन आंशिक संशोधन गरिएको छ। जसमा ऐनमा उल्लेखित चालु आर्थिक वर्षका लागि तय गरिएको योजना तथा कार्यक्रम संशोधन तथा थपघट भएका छन्। पहिलो सभाबाट ६९ करोड ११ लाख ३१ हजार ९ सय ४७ रूपैयाँ पारित गरिएको थियो।

दोस्रो सभाले घटाएर ६४ करोड, ६९ लाख ९७ हजार ७ सय ३४ रूपैयाँ पारित गरेको छ । दोस्रो नगर सभा र तानसेनको गतिविधिका विषयमा प्रस्तुति राखेका नगर प्रमुख शाहीले नगर भित्रका ९ सय ५८ घरधुरी दलित तथा पिछडा वर्गलाई निःशुल्क स्वास्थ्य बीमा गरिएको जानकारी दिनु भयो। नगरलाई सडक सञ्जालमा जोड्ने तयारी भैरहेको बताउदै श्रीनगर डाँडाको भ्यू टावर, तानसेन-७, बाघखोरको भारतीय दुतावासको सहयोगमा निर्माण भइरहेको कोल्डस्टोर, नारायणस्थान मन्दिर, ल्याण्डफिल साईट लगायतको अधुरा काम नीतिगत रूपमा प्रक्रियामा रहेको जानकारी गराउनु भयो।

पत्रकार सम्मेलनमा सहभागी पत्रकारहरूले नगर पालिकाको गविविधिहरु सुस्तगतिमा भएको, निर्माण भएका भौतिक पूर्वाधार कमसल र जोखिमपूर्ण रहेको गुनासो गरेका थिए। नगरप्रमुख शाहीले संक्रमणकालको समय र नीतिगत समस्याका कारण देखिने काम गर्न समस्या भएको जवाफ दिनु भया। उनले विस्तारै समस्याहरू सल्टाउँदै योजना तथा कार्यक्रमलाई तीब्रता दिने प्रष्ट पार्नु भयो। पत्रकार सम्मेलन नगरपालिकाका सामाजिक विकास अधिकृत भरत आचार्यको सञ्चालन तथा नगरप्रमुख अशोककुमार शाहीको अध्यक्षतामा चलेको हो।

## बाइपास सुचारू, टिप्पर गति नियन्त्रणबारे छलफल

पाल्पा, तानसेन होलाङ्दीदेखि ढुंगाखानीसम्मको करीब ६ किलोमिटर लम्बाइको बाइपास सडकखण्डको कच्ची भाग (३ किमी) लाई यथासीघ्र कालोपत्रे गरिनेबारे छलफल भएको थियो। जिल्ला प्रशासनलगायतका कार्यालयहरूबाट उपस्थित प्रतिनिधि, सुरक्षाकर्मी, जनप्रतिनिधिलगायतको उपस्थितिमा सम्पन्न बैठकमा छलफल भएको हो। बैठकले जिल्ला ट्राफिक प्रहरी कार्यालयसँग समन्वय गरेर टिप्परको तीब्र गति नियन्त्रणका लागि समय सूचक (टाइम कार्ड) विधि प्रयोग गर्ने निर्णय गरेको थियो। यस्तै सरोकारवालासँग छलफल गरेर वाइपास प्रयोगमा ल्याउने र पिच गर्न बाँकी सडकको काम सम्पन्न गराउन पहल गर्ने निर्णय गरेको थियो।

## तानसेनमा शुरु भयो नमूना बस्तीको कुरा

पाल्पा, तानसेन नगरपालिकाको वडा नं. ५ (साविक १२ र १३) मा निजी तथा सरकारी करीब ५ हजार रोपनी क्षेत्रफलमा अत्याधुनिक सुविधासहितको नमूना बस्ती (स्मार्ट सिटी) विकासका लागि भेला र समिति गठनको काम भएको छ।

तानसेन नगरपालिकाले विभिन्न दातृ निकायको हयोग समेत जुटाएर अगाडि बढाएको अवधारणा अनुसार योजना निर्माण र कार्यान्वयनका लागि भेलामा छलफल भएको थियो। नगरप्रमुख अशोककुमार शाहीले उक्त बृहत आयोजना स्थानीय जनसहभागिता समेतमा कार्यान्वयन गरिने बताउनु भयो ।

भेलाले नमूना बस्ती योजना सम्पादन समिति गठन गरेको छ। नेत्रप्रसाद पाण्डे संयोजक रहेको समितिमा सहसंयोजक बुद्धबहादुर रावल र मानबहादुर कार्की रहनु भएको छ। त्यस्तै सचिवमा कृष्ण कार्की र सदस्यहरूमा देबबहादुर रावल, कृष्ण रावल,  जनक विष्ट, अर्जुन कार्की, बिष्णुबहादुर कार्की, लक्ष्मण बोहरा, तुलबहादुर रावल, दिनेश खड्का र धनु घिमिरे रहनु भएको छ। भेलामा कन्सल्टेण्ट कोअर्डिनेटर मनोज गुप्ता लगायत स्थानीय बासिन्दाले आआफ्ना विचार प्रकट गर्नु भएको थियो। भेला वडाअध्यक्ष रामबहादुर रावलको अध्यक्षतामा भएको नगरसभा सदस्य विष्णु कार्कीले बताउनु भयो।

(थप अर्को अंकमा)



## कृषि शाखाको गतिविधि

-निशा कँडेल

तानसेन नगरपालिकाबाट आर्थिक वर्ष २०७४/७५ मा नगर स्तरीय प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत विभिन्न काम भएका छन्। आर्थिक क्षेत्रतर्फ कृषि विकास ( एक वडा एक उत्पादनको सम्भाव्यता अध्ययनसमेत) का लागि १० लाख विनियोजन गरिएको थियो। यस्तै घरेलु तथा कुटिर उद्योग, कृषि उपज प्रवर्द्धन तथा बजारीकरणका लागि ५ लाख विनियोजन गरिएको थियो। भौतिक पूर्वाधार क्षेत्रतर्फ प्लाष्टिक पोखरी निर्माणका लागि ५ लाख बजेट विनियोजन भएको थियो। यो सामग्री तयार पार्दासम्म कृषि विकास अन्तर्गत ५० प्रतिशत अनुदानमा मेटलविन वितरण, सूर्यमुखी बीउ बिवरण आदि काम भएको छ। बागवानी बिकास कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा सुन्तलाजात बिरूवा बितरण कार्यक्रम रहेको छ। तरकारीको बीउ किट वितरण सम्पन्न भएको छ। प्राङ्गारिक कौसी  खेती प्रविधि प्रदर्शन तथा महिलाहरूका लागि तालिम र प्रविधि हस्तान्तरण गर्ने काम भएको छ।

व्यवसायिक मौरीपालनकालागि किसानलाई ५० प्रतिशत अनुदानमा आवश्यक सामग्री वितरण मागको आधार मा भएको छ। यस्तै ५० प्रतिशत अनुदानमा प्लाष्टिक स्प्रेयर वितरण कार्यम छ । आकस्मिक बाली संरक्षण सेवा, माटो परीक्षण शिविर, एक वडा एक वस्तु सम्भाव्यता अध्ययन सुचारू छन्। स्थलगत घुम्ती तालिम, कार्यक्रम अनुगमन, सामग्री ढुवानी पनि कार्यक्रम मै पर्दछन्। कृषि उपज प्रवर्द्धन तथा बजारीकरणतर्फ ५० प्रतिशत अनुदानमा कृषि क्रेट वितरण, च्याउ सुकाउने सोलार ड्रायर वितरण, कृषि मेला प्रदर्शनी, कृषि सामग्री वितरण, घुम्ती तालिम, अदुवा सुकाउने ड्रायर वितरण लगायत मागमा आधारित कार्यक्रम रहेका छन्। यस्तै सिंचाइका लागि प्लाष्टिक पोखरी र सामुदायिक पोखरी निर्माण तथा प्लाष्टिक खरिदका लागि सहयोग कार्यक्रम रहेको छ।

कृषकहरू तथा सर्वसाधारण नागरिकहरूलाई कृषितर्फ उत्प्ररित गर्नु हाम्रो मुल उद्देश्य हो। यसै बीच असिना पानीका कारण पुगेको क्षति विवरण संकलन तथा राहतको लागि प्रदेश र संघीय सरकारसँग नगरपालिकाले अनुरोध गरेको छ। क्षति न्यूनीकरणतर्फ आफै पनि के सहयोग गर्न सकिन्छ? बाटो खोज्दैछौं। तरकारी बजारको लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र सरोकारवाला संघ संस्थासँग छलफलसँगै प्रक्रिया अगाडि बढेको छ ।

(कृषि विकास अधिकृत)

# तानसेनमा सडक, खानेपानी, पर्यटन र रोजगारीलाई प्राथमिकता

पाल्पा, तानसेन नगरपालिकाको प्रथम नगरसभा नगरपालिकाका प्रमुख अशोककुमार शाहीको अध्यक्षतामा सम्पन्न भएको छ। उपप्रमुख लक्ष्मीदेवी पाठकको स्वागत, नगरपालिकाका सामाजिक विकास अधिकृत भरत आचार्यको सञ्चालनमा भएको नीति तथा कार्यक्रम प्रस्तुत समारोहका मूल पाहुना पूर्व उद्योग मन्त्री एवम् सांसद सोम प्रसाद पाण्डेय हुनु हुन्थ्यो। पाण्डेयले तानसेनलाई शैक्षिक र पर्यटकीय नगरका रूपमा विकास गर्नुपर्ने र यसको ऐतिहासिक महत्व जोगाउँदै नगरवासीका अपेक्षा पूरा गर्न लाग्नु पर्नेमा जोड दिनु भयो। जिल्ला समन्वय समिति पाल्पाका प्रमुख दयाराज बस्यालले तानसेन-बुटवल सडक खण्ड अन्तर्गत सिद्धबाबा क्षेत्रको सडकको समस्या समाधान गरिनु पर्ने बताउनु भयो। समारोहमा जिल्ला विकास समितिका पूर्व सभापतिहरु झपेन्द्र जिसी र प्रेमनाथ बस्याललाई तानसेन नगरपालिकाको विकास सद्भावना दूत घोषणा गरियो। समारोहमा पूर्व सभासदहरू नारायणी शर्मा र यादवबहादुर रायमाझी, पाल्पाका सहायक प्रमुख जिल्ला अधिकारी ध्रुवबहादुर कुँवर, नेकपा (एमाले) का धनेन्द्रराज घिमिरे, नेकपा माओवादी केन्द्रका नवीन थापा, राप्रपाका डुलबहादुर कुँवर, नेकपा मालेका धनराज पौडेल, राजमोका बिशाल दर्लामी, सद्भावना दूतद्वय, नेताका उद्योग वाणिज्य संघ पाल्पाका अध्यक्ष मोहनप्रसाद श्रेष्ठ, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्याल, तानसेन खानेपानी उपभोक्ता समितिका अध्यक्ष चकोरमान शाक्य, त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाका सहायक क्याम्पस प्रमुख युवराज पौडेल, लुम्बिनी मेडिकल कलेजका अध्यक्ष गोपाल पोखरेल, युनाईटेड मिसन अस्पतालका निर्देशक डा. रचेल कारख, गैरसरकारी संस्था महासंघ पाल्पाका अध्यक्ष भेषराज तिमिल्सिना, नेपाल रेडक्रस सोसाइटी पाल्पाका सभापति बुद्धिप्रसाद शर्मा, वरिष्ठ पत्रकार मेघराज शर्मा लगायतले नीति तथा कार्यक्रम कार्यान्वयनमा सफलता मिलोस् भन्दै शुभकामना प्रकट गर्नु भयो। नगर प्रमुख शाहीले ६९ करोड ४१ लाख ३१ हजार ९ सय ४७ रूपैयाँ बराबरको बजेट प्रस्तुत गर्नु भयो। वजेटमा समावेश कार्यक्रमको मुख्य सार यस प्रकार छ–




नगरप्रमुख अशोककुमार शाही प्रथम नगरसभामा बजेट प्रस्तुत गर्दै

## कार्यक्रमहरु

## १. समृद्धिको मूल आधारः वातावरण मैत्री भौतिक पूर्वाधार

नगरवासीको चाहना समृद्ध तानसेनको भावनालाई मनन गर्दै सामाजिक न्यायसहितको आत्म निर्भर र दिगो विकासका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारको निर्माणलाई प्राथमिकतामा राखी तानसेनलाई आधुनिक पूर्वाधार सहितको सुविधासम्पन्न स्वच्छ, स्वस्थ र समृद्ध नगरको रूपमा विकास गरिनेछ।

### (क) सडक तथा यातायात

सडकहरूको योजनाबद्ध विकासका लागि क्षेत्रगत रूपमा बर्गीकरण गरिएको छ जसमा वृहत नगरस्तरीय सडक, अन्तर वडास्तरीय सडक, कृषि सडक, पर्यटन धार्मिक तथा सांस्कृतिक सडक र सडक मर्मत कोष गरी ५ वटा शीर्षकमा वर्गीकरण गरिएको छ।

सिद्धबाबा देखि तानसेन बजारसम्मको सडक यस नगरपालिकाको समृद्धिको महत्वपूर्ण आधार हो। जबसम्म यो मार्ग जोखिमरहित, फराकिलो र छोटो दूरीको सहज हुन सक्दैन तबसम्म तानसेनको विकासको ढोका बन्द रहने विषयलाई सम्बद्ध सबै सरोकारवाला व्यक्ति तथा निकायले मनन गर्नुपर्दछ। सडक तथा यातायात सम्बन्धमा देहायका कार्यक्रम प्रस्तुत गर्दछु।

० तानसेन वौघापोखराथोक वौघागुम्हा छेर्लुङ सडकलाई तानसेन समृद्धिको रणनैतिक सडकको रूपमा लिई वहुवर्षिय योजनाको रूपमा कार्यान्वयन गरिनेछ।

० सेतीपोखरी सिस्ने बडहरबोट हुँदै गुफाचौर जाने सडकले ता.न.पा को वडा नं. ५, ११ र १० लाई समेट्ने साथै पर्यटकीय तथा सांस्कृतिक क्षेत्रको रूपमा विकास गर्नका लागि उक्त सडकलाई कार्यान्वयन गरिनेछ।

० ह्वाइटलेक देखि हुलाक सम्मको .सडकको स्तरोन्नति गरिनेछ साथै नारायणस्थान देखि शीत्तलपाटी हुलाकसम्मको तेर्सो गल्ली क्षेत्रमा नमूनाको रूपमा आकर्षक ग्रेनाइट मार्वल विच्छाउने कार्यक्रम रहेको छ जसले मुख्य शहरको सौन्दर्य वृद्धि गर्ने विश्वास लिएको छु।

० नयाँपाटी मदनपोखरा दमकडा सडक, बतासेडाँडा साखाकुम, पालेपिपल हात्ती गौंडा,चुच्चेवारी सिरसिरे मदनपोखरा, कोकलछाप, तल्लो डुम्रे सडक जस्ता कृषि सडकहरूको क्रमशः स्तरो न्नति गरिने छ।

० घारेखोला उकाले पीपल हुदे रानीघाट जाने सडक, बाँसटारी डाँडापीपल चुच्चेवारी भञ्ज्याङ, सिरसिरे ठाटी, बाघखोर लामडाडा सडक, नर्सरी वन कार्यालय राउतडाँडा पीप्लेटोल, डीबारी काफलटारी सारीखोला सडक निर्माणमा बजेट विनियोजन गरिने छ।

० अमरनारायण फूलबारी परिसर (रेडक्रस) को निश्चित क्षेत्रमा सशुल्क मोटरसाइकल पार्किङ क्षेत्र तोक्ने र शहरी क्षेत्र भित्रका हाल चालु रहेका बिभिन्न सशुल्क पार्किङ क्षेत्रलाई अफ व्यवस्थित र यात्रु मैत्री बनाइने छ।

० वनदेवी क्षेत्रमा तत्काल वसपार्क निर्माण कार्य शुरू गरेर आगामी दिनमा व्यवस्थित र आधुनिक वसपार्क निर्माण गरिनेछ।

० यस नगरपालिकाको सिमानामा रहेको तिनाउ अम्लियाानमा पुल नभएको कारण वर्षेनी धनजनको क्षति भएकाले छिमेकी गाउँपालिका सँग सहकार्य गर्ने तथा केन्द्र तथा प्रदेश सरकारसँग अनुरोध गरि उक्त पुल निर्माणमा जोड दिईनेछ।

० गाङदीखोला पाँडेखर्क, भेडडाँडा धोवीधारा, अँधेरीखोला नयाँपाटी तेल्घा आदि स्थानहरूमा पुल कल्भर्ट कजवे निर्माण गरिनेछ।

### (ख) सिंचाइ

० साना तथा मफौला सिंचाइ कुलो अन्तर्गत बराङदी खोला छेर्लुङ कुलो, नयाँपाटी भालेबास कुलोको मर्मत सम्भार गरिनेछ।

० अर्गलीमा रहेका चार वटै राजकुलोहरूमा लिफ्टीङ गरी प्राप्त पानीको व्यवस्था तथा मर्मत सम्भार गरिनेछ।

० कुन्सरे पक्लुवा तेल्घाका सम्भावित क्षेत्रहरूमा भूमिगत सिंचाइका कार्यक्रम सञ्चालन गरिनेछ।

० बौघागुम्हा, बौघापोखराथोक, मदनपोखरा, अर्गलीको कुसेनी क्षेत्रमा प्लास्टिक तथा सामुदायिक पोखरी निर्माण गरी सिंचाइलाई अफ प्रभावकारी गरिनेछ।

० सम्मोबारी (बन्दिपोखरा) मा नयाँ प्रबिधि सिंचाइको नमूना परीक्षण गरिनेछ।

### (ग) खानेपानी

० तानसेन बजार क्षेत्रका जनतालाई खानेपानीको महशुलमा प्रत्यक्ष राहतको लागि उपभोक्ता समितिलाई एकमुष्ट महशुल राहत अनुदान प्रदान गरिनेछ।

० तानसेन नगरपालिका क्षेत्र भित्र खानेपानीको टंकी निर्माण, मूल संरक्षण, पाईपलाईन विस्तारको लागि बजेट विनियोजन गरिनेछ।

### (घ) सडक, बत्ती व्यवस्थापन तथा विद्युत बिस्तारीकरण

० नगरपालिकाका विद्युत लाइन विस्तार नभएका

वस्तीहरूमा क्रमशः विद्युत लाइन विस्तार गरिने छ।

○ नगरपालिकाका विभिन्न क्षेत्रमा विस्तार भएका विद्युत लाईनका पोलहरू जीर्ण भएकाले त्यस्को फेरवदलका लागि पोलहरू खरिद गरि आवश्यकता अनुसार जडान गरिनेछ।

○ सडक बत्ती व्यवस्थापनका लागि वडा कार्यालय मार्फत व्यवस्थित गर्ने व्यवस्था मिलाइनेछ।

### (ङ) सरसफाइ तथा ढल व्यवस्थापन

○ फोहरलाई मोहरको रूपमा परिणत गर्न तानसेनको फोहरमैला व्यवस्थापनको लागि नीजि क्षेत्रलाई आकर्षित गरिनेछ।

○ शिवपोखरीमा रहेको ल्याण्डफिल साइटलाई व्यवस्थित गरेर सञ्चालनमा ल्याईनेछ।

○ अन्य सम्भावित स्थानहरूमा ल्याण्डफिल साईट निर्माणको लागि यसै आ.व.मा अध्ययन गरिनेछ।

○ बसन्तपुर देखि तम्घास रोड हुँदै होलाङदी खोलासम्मको ढल, आले टोल कारागार ढल, नारायणस्थान, तिनधारा ढल व्यवस्थापनको लागि बजेट व्यवस्था गरिने छ।

○ बजार क्षेत्रमा खुल्ला बर्षायाममा बग्ने सबै भलहरु व्यवस्थापन गर्नको लागि एकमुष्ठ बजेट विनियोजन गरिने छ।

### (च) वातावरण तथा पर्यटन

○ गुफाचौरलाई धार्मिक पर्यटनको रूपमा विकास गर्न यसै आ.व. देखि कार्य थालनी गरिनेछ।

○ रणउजिरेश्वरी भगवती मन्दिर, हृषिकेश रूरू क्षेत्रको गुरू योजना तयार गरिने छ।

○ ऐतिहासिक तथा धार्मिक महत्वका मठ मन्दिर, गुम्बा, मस्जिद, चर्चहरूको संरक्षणमा सहयोग गरिनेछ।

○ बौघागुम्हामा मगर सांस्कृतिक संग्रहालय (कुडुले घर) निर्माण गरिनेछ।

○ रानीमहलको संरक्षण एवं सम्बर्द्धन गरी पर्यटकीय मुख्य आकर्षणको रूपमा प्रचार प्रसार गरि वौघागुम्हासम्म क्लिफ बाल्कोनीको सुरुवात गरिनेछ।

○ वनदेवी क्षेत्रमा बहुउद्देश्यीय बाल उद्यान निर्माणको लागि आवश्यक पूर्वाधार तयार गरिने छ।

○ माण्डव्य सरोबर र सूर्यकुण्ड विकासको लागि विशेष कार्यक्रम ल्याईनेछ।

### (छ) आर्थिक विकास

○ कृषि, पशु तथा कृषिजन्य उद्योग प्रवर्द्धनका लागि कार्यक्रम ल्याईने छ।

○ नगरक्षेत्र भित्रका युवाहरूको आय अर्जानको लागि ६०० जना युवालाई स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

### (ज) सामाजिक विकास

○ टोल विकास संस्था तथा आमा समूहहरूको संस्थागत क्षमता अभिबृद्धि गरिने छ।

○ खेलकुद विकासको लागि यसै बर्ष देखि मेयरकप फुटवल र क्रिकेट खेल प्रतियोगिता संचालन गरिने छ।

○ असक्त, अति बृद्धहरूका सामाजिक सुरक्षा भत्ता घरघरमा नै वितरण गर्ने व्यवस्था मिलाईने छ।

### (झ) सञ्चार तथा सुशासन

○ प्रदेश स्तरीय पत्रकारीता पुरस्कारको लागि अक्षयको षको स्थापना गरिनेछ।

○ स्थानीय सञ्चार सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

○ नगरपालिकाबाट प्रदान गरिने सेवाहरूलाई मापनीय, अनुमानयोग्य र गुणस्तरीय बनाईने छ।

○ कर्मचारीको कार्यसम्पादन करार गरी कार्य सम्पादनका आधारमा सुविधा उपलब्ध गराईने छ। योजना सञ्चालन गर्दा गठन हुने उपभोक्ता समितिमा निर्वाचित जनप्रतिनिधिहरूको सहभागितालाई पूर्णतया रोक लगाईने छ।

### (ञ) वित्तिय अनुशासन

○ प्रत्येक वडा तह तथा नगरस्तरमा अनुगमन समिति गठन गरिनेछ।

○ वहुवर्षीय भनि निर्णय भए बाहेकका सबै योजनाहरूको वजेट आ.व. को अन्तमा फ्रिज गरिनेछ।

○ दोश्रो चौमासीक अवधि भित्र ५० योजना कार्यान्वयन गर्ने गरि योजना सम्झौता गर्ने व्यवस्था गरिने छ। रू. १० लाख भन्दा माथि योजना माघ मसान्त सम्म र १० लाख सम्मका चैत्र मसान्तसम्म सवै योजनाहरूको सम्झौता गरिसक्नु पर्नेछ। वैशाख महिना भित्र नै सबै योजना सम्पन्न गर्ने वडालाई थप योजना प्रदान गरिने छ।

○ प्रत्येक योजना सञ्चालनको गुणस्तरीयतामा निर्वाचित जनप्रतिनिधिलाई जिम्मेवार बनाईने छ। समयमा नै गुणस्तरीय योजना सम्पन्न गर्ने दायीत्व सम्वन्धित स्थानको जनप्रतिनिधिको हुने विषयलाई महत्व दिईने छ।

○ अनुगमन समितिले प्राविधिकको रोहवरमा अनुगमन गरि सामाजिक परीक्षण पश्चात खर्च सार्वजनिकीरण गरि त्यसको लिखित कागजात पेश गरे पछि मात्रै योजनाको भुक्तानी दिईने छ। नगर सभाबाट पारित नीति तथा कार्यक्रम र वजेट भदौ २९ गते पत्रकार सम्मेलनमार्फत् सार्वजनिक गरिएको थियो। कार्यक्रम संयोजन तत्कालीन कार्यकारी अधिकृत पुष्कर भट्टराईले गर्नु भएको थियो।

◆

# जारी गरिएका केही प्रेस विज्ञप्तिहरू

तानसेन नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
तानसेन, पाल्पा जिल्ला
५ नम्बर प्रदेश, नेपाल

पत्र संख्या:- मितिः-
२०७४/०९/०७
चलानी नं.:-

**येशु ख्रीष्टको जन्मोत्सव तथा नयाँ वर्ष सन् २०१८ को शुभकामना !**

**प्रेस विज्ञप्ती**

क्रिश्चियन समुदायको महान पर्व अर्थात येशु ख्रीष्टको जन्मोत्सव तथा क्रिसमस पर्व र नयाँ वर्ष सन् २०१८ को अवसरमा सम्पूर्ण इसाई समुदायप्रति हार्दिक शुभकामना प्रकट गर्दछौं ।

नेपालको संविधानले नेपालमा बसोबास गर्दै आएका नेपालीले मान्ने सबै धर्म संस्कृतिलाई समआदर गरेको छ । नेपाली समाजमा विद्यमान धार्मिक सहिष्णुता नै हाम्रो सबल पक्ष हो । राष्ट्र निर्माणको अभियानमा सबै धर्म, संस्कृति मान्ने समुदायको अहम भूमिका रहन्छ । यसर्थ आआफ्नो कला, धर्म, संस्कृतिको जगेर्नामा लागौं, सहकार्य र सहयोगलाई जारी राखौं । अन्त्यमा पुनः सम्पूर्ण इसाई समुदायप्रति क्रिसमस र आउदै गरेको नयाँ वर्ष सन् २०१८ को उपलक्ष्यमा सुखशान्ति एवम् समृद्धिको लागि हार्दिक शुभकामना प्रकट गर्दछौं ।

**अशोककुमार शाही**
**प्रमुख,** एवम्
तानसेन नगरपालिका परिवार, पाल्पा

---

तानसेन नगरपालिका ☎ ०७५-५२०१०५, ५२०८९३ / ५२०१२५, ५२०५०५
**नगर कार्यपालिकाको कार्यालय**
तानसेन, पाल्पा जिल्ला
५ नम्बर प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं. : मिति..........................

२०७५बैशाख १७

**प्रेस विज्ञप्ति**

विश्व शान्तिका प्रवर्तक गौतम बुद्धको २६४२ औं जन्म दिवस, २६०७ औं बुद्धत्वज्ञान लाभ दिवस र २५६२ औं महापरिनिर्वाण दिवसको त्रिसंयोग बैशाख पूर्णिमाको अवसरमा शान्तिका पक्षधर सम्पूर्णमा हार्दिक शुभकामना प्रकट गर्दछौं ।

भर्खरै लुम्विनीमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन दश बुँदे लुम्विनी घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । "लुम्विनी नेपाल: भगवान बुद्धको जन्मस्थल तथा बौद्ध धर्म र विश्व शान्तिको उदगमस्थल" भन्ने नाराका साथ सम्पन्न अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनले लुम्विनीको समग्र विकासका लागि ठोस कार्ययोजनासहित अघि बढ्ने उदघोष गरेको छ । लुम्विनी घोषणापत्र अनुसार काम होस् साथै पाल्पा तानसेन लगायत सेरोफेरोको विकासमा समेत केन्द्र र प्रदेश सरकारको ध्यान पुगोस । तानसेनबासीले आवाज उठाऔं र विश्व शान्तिका लागि सबैले आआफ्नो ठाउँबाट सक्दो योगदान गरौं ।

हत्या हिंसाबाट टाढै रहौं, आआफ्ना गच्छेअनुसार पर्व मनाएर असल संस्कार र संस्कृतिको संरक्षण गर्न हामी सबै प्रतिवद्ध बनौं । अन्त्यमा, तानसेनवासी लगायत सम्पूर्ण नेपालीजनमा भातृत्व, सहिष्णुता तथा विश्व शान्तिका लागि पुन: हार्दिक शुभकामना प्रकट गर्दछौं ।

अशोककुमार शाही
प्रमुख एवम्
तानसेन नगर सरकार तथा तानसेन नगरपालिका परिवार, पाल्पा

---

तानसेन नगरपालिका ☎ ०७५-५२०१०५, ५२०८९३ / ५२०१२५, ५२०५०५
**नगर कार्यपालिकाको कार्यालय**
तानसेन, पाल्पा जिल्ला
५ नम्बर प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं. : मिति..........................

**१०८ औं अन्तर्राष्ट्रिय महिला दिवस**
**२४ फागुन २०७४ (८ मार्च २०१८)**
**शुभकामना !**

**प्रेस विज्ञप्ती**

**"आर्थिक सशक्तिकरण सहितको सामाजिक जागरण; ग्रामीण तथा सहरी महिलाको जीवनस्तर रुपान्तरण"** नारा सहित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा आज १०८ औं अन्तर्राष्ट्रिय महिला दिवस विविध कार्यक्रमसहित मनाइदैछ । महिला अधिकार र हरेक क्षेत्रमा महिला सहभागितालाई नेपालको संविधानले सुनिश्चित गरेको छ ।

नेपाली समाजमा महिलालाई सहयात्री, सहकर्मीको रुपमा स्वीकार्ने तथ्य क्रमश: व्यवहारमा समेत प्रतिविम्वित हुँदै गएको उदाहरण यो वर्ष सम्पन्न स्थानीय, प्रदेश र संघीय तहको निर्वाचन परिणामले समेत पुष्टि गरेको छ । आम नेपाली महिलालाई शिक्षित र सीपयुक्त बनाएर राष्ट्रनिर्माणमा सहभागी गराउने अभिभारा हामी सबैको हो । महिला अर्थात नारी सबल भए मात्र घर, परिवार, समुदाय र राष्ट्र समृद्ध बन्न सक्दछ यसर्थ नारी पुरुषबीचका विद्यमान सबैखाले असमानता चिर्दै अघि बढ्न सकौं । समावेशीपन, सहकार्य र सहयोगलाई जारी राखौं ।

अन्त्यमा पुन: सम्पूर्ण नेपाली महिलाहरुप्रति **१०८ औं अन्तर्राष्ट्रिय महिला दिवस** को उपलक्ष्यमा हार्दिक शुभकामना प्रकट गर्दछौं ।

**अशोककुमार शाही**
**प्रमुख,** एवम्
तानसेन नगरपालिका परिवार, पाल्पा

---

तानसेन नगरपालिका ☎ ०७५-५२०१०५, ५२०८९३ / ५२०१२५, ५२०५०५
**नगर कार्यपालिकाको कार्यालय**
तानसेन, पाल्पा जिल्ला
५ नम्बर प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं. : मिति..........................

हार्दिक समबेदना



जन्म : २०३९/०३/१५ निधन : २०७४/११/१०

**सुरेन्द्रप्रसाद पाण्डेय**

तानसेन नगरपालिका वडा नं.–९ मदनपोखरा, पाल्पा निवासी तानसेन नगरपालिकाका निर्वाचित नगरसभा सदस्य सुरेन्द्रप्रसाद पाण्डेयको उपचारका क्रममा मिति २०७४/११/१० मा असामयिक र अकल्पनीय निधन भएको खवरले तानसेन नगरपालिका परिवार स्तव्ध भएका छौं । नगरको विकास निर्माणमा सक्रिय तथा युवाहरुलाई सबलीकरण गर्ने सवालमा चासोपूर्वक क्रियाशील पाण्डेयको निधनले अपुरणीय क्षति भएको हामीले महशुश गरेका छौं । शोकको यस घडीमा दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दछौं ।

अशोककुमार शाही
प्रमुख एवम्
तानसेन नगरपालिका परिवार
तानसेन नगरकार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा

# पत्रपत्रिकामा तानसेन

